# पुरानो करारको खोज

डा. द्वारा तयार
गरिएको न्याण्डल मेकएल्वेन

shepherds
GLOBAL CLASSROOM

प्रतिलिपि अधिकार ©२०१६ सेफर्डस् ग्लोबल क्लासरूम
पहिलो संस्करण ।

सर्वाधिकार सुरक्षित सेफर्डस् ग्लोबल क्लासरूम (SGC) बाट लिखित अनुमति नलिई जाँचका पृष्ठहरूबाहेक यो पुस्तकको कुनै पनि भाग विद्धुतीय, यान्त्रिक, फोटोकपी, रेकर्डिङ्ग वा अन्य कुनै पनि प्रकारले- पुनःप्रकाशित गर्न वा प्रसारण गर्न पाइँदैन । हाम्रो SGC अङ्ग्रेजी पाठ्यक्रमको प्रत्येक खरिदले हामीलाई यो पाठ्यक्रम अनुवाद गर्न र संसारभरका ख्रीष्टियान अगुवाहरूलाई यो वितरण गर्न सक्षम बनाउँछ । SGC सँग सम्पर्क गर्न वा यो रोचक दर्शनका निम्ति अनुदान दिन यो वेबसाइटमा जानुहोस्:

सङ्केत नगरेसम्म, सबै नेपाली बाइबल पदहरू नेपाली पवित्र बाइबल, नेपाल बाइबल सोसाइटीबाट लिइएका हुन् । ESV" को रूपमा चिन्ह लगाइएका धर्मशास्त्र उद्धरणहरू ESV ® Bible (The Holy Bible, English Standard Version®), प्रतिलिपि अधिकार © २००१ क्रसवे द्वारा, गुड न्यूज पब्लिसर्सको प्रकाशन सेवकाइबाट लिइएका हुन् । अनुमति लिएर प्रयोग गरिएको सर्वाधिकार सुरक्षित

अवधारणा डिजाइनः ब्रेनडन हिल्लिगोस
आवरण डिजाइनः शएन मुइर

# विषयवस्तु


| | |
|---|---|
| **पाठ्यक्रमको संक्षिप्त विवरण** | ५ |
| १. पुरानो करारको परिचय | ९ |
| २. उत्पत्ति | १५ |
| ३. प्रस्थान- व्यवस्था | २५ |
| ४. यहोशू-रूथ | ४१ |
| ५. शमूएल- इतिहासका पुस्तकहरू | ५५ |
| ६. एज्रा-एस्तर | ७३ |
| ७. अय्यूब र भजनसंग्रह | ८७ |
| ८. हितोपदेश-श्रेष्ठगीत | १०३ |
| ९. यशैया | ११७ |
| १०. यर्मिया र विलाप | १२७ |
| ११. इजकिएल-दानिएल | १३९ |
| १२. होशे, योएल र आमोस | १५५ |
| १३. ओबदिया-सपन्याह | १६९ |
| १४. हाग्गै-मलाकी | १८७ |
| **सिफारिस गरिएका स्रोत-सामग्रीहरू** | १९९ |
| **गर्नुपर्ने कार्यहरूको अभिलेख** | २०७ |
| **उद्धृत धर्मशास्त्र** | २०९ |
| **सूची** | २१३ |

# पाठ्यक्रमको संक्षिप्त विवरण

यो पाठ्यक्रम पुरानो करारको सर्वेक्षण हो । प्रत्येक पाठमा धेरैवटा क्रियाकलापहरू सामेल छन्। तपाईंले कक्षा बाहिर कक्षा-कार्यहरू गर्ने समयको साथसाथै तपाईंले यस कक्षाका निम्ति ९०-१२० मिनेट छुट्ट्याउनुपर्छ ।

प्रायः पाठहरू यसरी सुरु हुँदछ **बाइबलका पुस्तक(हरू) पढने कार्य** जसलाई यस पाठमा अध्ययन गरिनेछ । यो पढने काम झुन्डमा अध्ययन गर्नुभन्दा अघिबाटै गरिनुपर्छ । यसो गर्दा विद्यार्थीहरूले अध्ययन गर्नुभन्दा अघि नै मुख्य विषय जान्दछन्। यदि त्यो पुस्तक लामो छ भने, जस्तै भजनसंग्रहको पुस्तक, तपाईंले त्यो पढने केही दिनको समय दिनुपर्छ ।

प्रत्येक पाठ **पद कण्ठ गर्ने कार्य सित सुरु हुँदछ** । यसमा अध्ययन गर्नुपर्ने पुस्तकहरूका मुख्य पदहरू हुन्छन् ।

यदि झुन्डमा अध्ययन गरिंदैछ भने, तपाईंहरू पालैपालो त्यो सामग्री पढ्न सक्नुहुन्छ । क्लासमा छलफल गर्नको लागि तपाईंहरू बीच-बीचमा रोकिनुपर्छ । क्लासका अगुवाको रूपमा तपाईंले त्यो छलफललाई अध्ययन गरिंदै गरेको विषयबाट भड्केर जान दिनुहुँदैन । प्रत्येक छलफलको समयलाई सीमित गर्नु उपयोगी हुन्छ ।

**छलफलका प्रश्नहरू** अनि **कक्षा। गर्नुपर्ने कार्यहरू** बुँदा-संकेतहरू देखाइएका छन् । कक्षा। सबै विद्यार्थीलाई छलफलमा सहभागी हुन लगाउने कोसिस गर्नुहोस् । यदि आवश्यक परे, तपाईं नाउँ काढेर विद्यार्थीहरूलाई बोलाउन सक्नुहुन्छ ।


धेरै वटा फुटनोटले **बाइबल पद** सन्दर्भलाई सङ्केत गर्छन् । विद्यार्थीहरूलाई ती पदहरू हेर्न लगाउनुहोस् र त्यो पढेर झुन्डलाई सुनाउन लगाउनुहोस् ।

प्रत्येक पाठमा एउटा **गर्नुपर्ने कार्य** सामेल छ झुन्डले प्रस्तुति दिनुपर्ने अवस्थामा अर्को कक्षा। निम्ति भेला हुँदा त्यसको सुरुमा समय दिनुहोस् ।

प्रत्येक पाठमा **जाँचका प्रश्नहरू** सामेल छन् । प्रत्येक कक्षा। अन्त्यमा, अगुवाले विद्यार्थीहरूको साथमा यी प्रश्नहरू दोहोऱ्याएर हेर्नुपर्छ । त्यसपछिको क्लासको समय यी प्रश्नहरूसहित छोटो जाँच लिंदै सुरु हुनुपर्छ । यो जाँच मौखिक वा लिखित रूपमा गर्न सकिन्छ ।

# पुरानो करारको संसारको मानचित्र[1]

पाठ्यक्रमको अवधिभरि यो मानचित्रको चर्चा गर्नुहोस्।




(१) एसिया माइनर
(२) सिरिया
(३) मेसोपोटामिया
(४) अश्शूर
(५) मादी
(६) कनान
(७) एलाम
(८) मिश्र
(९) अरबको मरुभूमि
(१०) फारस
(११) हारान (सहर)
(१२) निनवे (सहर)
(१३) दमस्कस (सहर)
(१४) यरूशलेम (सहर)
(१५) बेबिलोन (सहर)
(१६) ऊर (सहर)
(१७) भूमध्यसागर
(१८) कालो समुद्र
(१९) केस्पियन समुद्र
(२०) लाल समुद्र
(२१) फारसको खाडी

१ एनइडी र बाइबल जिओकोडिङ (CC BY 4.0) बाट ओपन डाटाको सहायताले एसजीसीद्वारा बनाइएको "पुरानो करारको संसारको मानचित्र", पब्लिक डोमेन (CC0) मा उपलब्ध छ। https://www.flickr.com/photos/sgc-library/52344014341।

# पुरानो नियमको समयरेखा

**४००० इ.पू. अगाडि**
आदम

**२४०० इ.पू.**
नोआ

**२००० इ.पू.**
अब्राहाम

**१४५० इ.पू.**
मोशा

**१००० इ.पू.**
दाऊद

**९५० इ.पू.**
सोलोमन

**७२२ इ.पू.**
इस्राएलको पतन (उत्तरी राज्य)

**५८६ इ.पू.**
यहूदाको पतन (दक्षिणी राज्य)

**५०० इ.पू.**
एज्रा

**४०० इ.पू.**
मलाकी

# पाठ १

# पुरानो करारको परिचय

## पाठका उद्देश्यहरू

१. प्रेरणाको सिद्धान्त लाई बुझ्नु ।

२. पुरानो करारको क्यानन् निर्माणलाई मार्गनिर्देशन गर्ने मानदण्डहरू पहिचान गर्नु ।

३. हामीले प्राप्त गरेकै रूपमा पुरानो करारको पाठलाई विश्वास गर्नु ।

४. ख्रीष्टियानको जीवनमा पुरानो करारको महत्त्वलाई स्वीकार गर्नु ।

## पाठको निम्ति तयारी

*भजनसंग्रह १९ पढ्नुहोस् ।*

*भजनसंग्रह १९:७-११ कण्ठ गर्नुहोस् ।*

## परिचय

» बितेको वर्ष तपाईंले पुरानो करारबाट कति पल्ट प्रचार गर्नुभयो? तपाईंको मण्डलीको सेवामा पुरानो करार कति महत्त्वपूर्ण छ?

ख्रीष्टियान ईश्वरशास्त्रले सम्पूर्ण धर्मशास्त्र पवित्र आत्मा प्रेरणाबाट भएको हो भनी शिक्षा दिँदछ । तापनि, व्यावहारिक रूपमा हामी धेरैचोटि परमेश्वरको वचनको ठुलो भागलाई बेवास्ता गर्दछौं । यदि हामी सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट आएको हो भनी साँच्चै विश्वास गर्छौं भने[२] हामीले नयाँ करारलाई जत्तिकै महत्त्व पुरानो करारलाई पनि दिनुपर्छ । हामीले पुरानो करारलाई परमेश्वरको वचनको रूपमा अध्ययन र प्रचार गर्नुपर्छ ।

पुरानो करार र २१औं शताब्दी बीच दूरत्व भएकोले आधुनिक पाठकहरूलाई पुरानो करार बुझ्नु कठिन पर्छ । यो पाठ्यक्रमको

२ २ तिमोथी ३:१६

उद्देश्य पुरानो करारको प्रत्येक पुस्तकको परिचय दिनु हो । यस्तो छोटो अध्ययनमा सम्पूर्ण पुरानो करारको विस्तृत रूपमा चर्चा गर्नु असम्भव छ, तापनि तपाईंले पृष्ठभूमिका जानकारी पाउनुहुनेछ, जसले तपाईंलाई यी पुस्तकहरू बुझ्न सहायता गर्नेछ, अनि तपाईं प्रत्येक पुस्तकको मुख्य विषयवस्तुको छोटो विवरण प्राप्त गर्नुहुन्छ । यस अध्ययनमा ध्यान दिईने दुईवटा क्षेत्रहरू छन् र ती हुन्, पुरानो करार कसरी नयाँ करारको सन्देशसित सम्बन्धित छ र पुरानो करार आजको मण्डलीसँग कसरी बोल्दछ भन्ने हो ।

यो सुरुको पाठमा हामी पृष्ठभूमिका विषयहरू अध्ययन गर्नेछौं, जसले पुरानो करारबारे हाम्रो ज्ञानलाई प्रभावित गर्दछ । हामी पुरानो करारसित सम्बन्धित तीनवटा प्रश्न हेर्नेछौं:

- कुन पुस्तकहरूलाई परमेश्वरको वचनको रूपमा स्वीकार गर्न सकिन्छ? *क्यानन ।*
- पुरानो करार मानव जातिलाई कसरी दिइयो? *आत्माको प्रेरणा ।*
- के यो हामीले प्राप्त गरेको बाइबल पाठ मूल पाण्डुलिपीहरूसँग ठिक मिलेको छ? *पाठको सम्बन्धमा इमानदारी ।*

## क्यानन्

धर्मशास्त्रको क्यानन् ख्रीष्टियानहरूका निम्ति एउटा महत्त्वपूर्ण विषय हो । पुरानो करारका पुस्तकहरू साँच्चै परमेश्वरका वचन हुन् भनी हामी कसरी जान्दछौं? क्याननको अवधारणाले यो प्रश्नको उत्तर दिन्छ, "कुन पुस्तकहरू परमेश्वरका मानिसहरूका निम्ति परमेश्वरको वचन हुन्?"

*क्यानन्* शब्द ग्रीकबाट आएको हो जसको अर्थ "नियम" वा "मानदण्ड" हो । पुरानो करारको क्यानन्मा ती पुस्तकहरू छन्, जुन यहूदी रब्बीहरूले ती लेखहरू साँच्चै परमेश्वरका वचन हुन् भनी निश्चित गर्न प्रयोग गर्ने मानदण्डअनुसारका थिए । यी विद्वानहरूले धर्मशास्त्र भनी दाबी गरिएका पुस्तकहरूका तीनवटा जाँच गरे । क्यानन्मा पुस्तकहरूले तीनैवटा मानदण्ड पूरा गरेको छ ।

१. **लेखक** । त्यो पुस्तक अगमवक्ताको वरदान पाएको व्यक्तिले लेखेका थिए । यी पुस्तकहरूले मानव लेखकहरूद्वारा बोलिएको परमेश्वरको सन्देश ल्याउँदछन् ।

२. **श्रोता** । यो पुस्तक सबै पुस्तालाई सम्बोधन गरिएको थियो । मानिसहरूको विशेष समूहका निम्ति चेताउनी ल्याउने साना अगमवक्ताहरूका पुस्तकहरूमा पनि सब समयका सबै मानिसहरूका निम्ति सन्देश छ ।

३. **सन्देश** । त्यस पुस्तकको सन्देश त्योभन्दा अघिका बाइबलीय प्रकाशसँग अमिल्दो थिएन ।

इ.पू. १६५ सम्म आइपुग्दा हिब्रू बाइबलको क्यानन् व्यापक रूपले स्वीकार गरिएको थियो, जुन बेला जुदास मक्काबियसले यहूदी धर्मशास्त्रको सूची बनाएका थिए । इ.पू. ९० मा जब रब्बीहरू क्याननको बारेमा छलफल गर्न जम्नियाको परिषदमा भेला भए, त्यसबेला तिनीहरूले करिब २०० वर्षभन्दा अघि स्वीकार गरिएको सूचीलाई पुष्टि गरे ।

सुरुसुरुको मण्डलीले पनि यो सूचीलाई स्वीकार गऱ्यो अनि चौथो शताब्दीसम्म आइपुग्दा ख्रीष्टियान मण्डलीहरूमा प्रयोग गरिने क्याननमा पुरानो करारका उनन्चालीस वटा पुस्तकहरू सामेल गरिएका थिए ।

रब्बीहरूले हिब्रू बाइबललाई तीनवटा खण्डमा बाँडेः

१. **व्यवस्था (तोरह)** त्यसमा मोशाका पाँच पुस्तक थिए ।

२. **अगमवक्ताहरू** लाई दुईवटा उपभागमा बाँडिएको थियो:

- अघिल्ला अगमवक्ताहरू- यहोशू, न्यायकर्ता, शमूएल र राजाहरू
- पछिल्ला अगमवक्ताहरू- यशैया, यर्मिया, इजकिएल र बाह्र जना[३]

३. **लेखहरू**मा यहूदी चाडहरूसित सम्बन्धित पुस्तकहरू अनि पहिलो दुईवटा वर्गमा नपर्ने पुस्तकहरू छन्:

- कवितात्मक पुस्तकहरू- भजनसंग्रह, हितोपदेश, अय्यूब
- पाँचवटा मुट्ठो (*मेगिल्लोथ)*- श्रेष्ठगीत, रूथ, विलाप, एस्तर र उपदेशक
- ऐतिहासिक पुस्तकहरू- दानिएल, एज्रा, नहेम्याह र इतिहासका पुस्तकहरू

ख्रीष्टियानहरूले पुरानो करारलाई पाँच भागमा विभाजन गरे:[४]

१. **पञ्चग्रन्थ** मोशाका पाँचवटा पुस्तकले बनेको छ ।
२. **ऐतिहासिक पुस्तकहरूहरूमा** यहोशूदेखि एस्तरसम्मका पुस्तकहरू छन् ।
३. **कविता र बुद्धि** का पुस्तकहरूमा अय्यूबदेखि श्रेष्ठगीतसम्म छ ।
४. **ठुला अगमवक्ताहरू**यशैयादेखि दानिएलसम्म हुन् ।
५. **साना अगमवक्ताहरू** पुरानो करारका अन्तिम बाह्र पुस्तकहरू हुन् ।

## आत्माद्वारा प्रेरित

पावलले सम्पुर्ण धर्मशास्त्र "परमेश्वरको प्रेरणा" द्वारा "आएको हो" भनी लेखेका छन् ।[५] यो पदले सम्पूर्ण धर्मशास्त्रको लेखक परमेश्वर नै हुनुहुन्छ भनी शिक्षा दिन्छ । परमेश्वरको प्रेरणाको सिद्धान्तको अर्थ परमेश्वरले उहाँका वचनहरू मानवीय लेखकहरूको हृदयमा हालिदिनुभयो, र उनीहरूले परमेश्वरले प्रेरित गर्नुभएको वचन लेखे भन्ने हो ।

परमेश्वरको प्रेरणा भन्ने कुरा एकजना चित्रकार वा रचनाकारले उत्कृष्ट चित्र वा सङ्गीत सृजना गर्दा प्राप्त गर्ने प्रेरणाभन्दा धेरै हो । बाइबलको प्रेरणा भन्नुको अर्थ परमेश्वरले मानवीय लेखकको शब्द र शैलीद्वारा उहाँका वचनहरू बोल्नुभयो भन्ने हो । लेखकहरूका विचारहरू मात्र आत्माद्वारा प्रेरित नभएर ती वचनहरू आफै पनि परमेश्वरका आत्माद्वारा प्रेरित थिए ।

परमेश्वरले विभिन्न प्रकारले र विभिन्न समयमा धर्मशास्त्रका वचनहरू आत्माद्वारा प्रेरित गर्नुभयो । कहिलेकहीं परमेश्वर सुन्न सकिने गरी बोल्नुभयो, धर्मशास्त्रमा लेख्नुपर्ने वचनहरू भन्नुभयो ।[६]परमेश्वर कहिलेकहीं सपनाहरू र दर्शनहरूद्वारा बोल्नुभयो ।[७]धेरैवटा अवस्था परमेश्वरले लेखकलाई कसरी आत्माद्वारा प्रेरित गर्नुभयो भनी बाइबलले हामीलाई बताउँदैन । बाइबलका लेखकहरूले पवित्र आत्माको प्रेरणाद्वारा "डोऱ्याइए" भनी पत्रुसले लेखे ।[८]धर्मशास्त्रका वचनहरू विश्वसनीय छन्, किनकि परमेश्वर स्वयम् विश्वसनीय हुनुहुन्छ ।

आत्माद्वारा प्रेरित भन्ने इभान्जेलिकल सिद्धान्तले परमेश्वर मानवीय लेखकको व्यक्तित्वद्वारा बोल्नुभयो, तर उनीहरूले बोलेका ती वचनहरू परमेश्वरकै वचन रहून् भनी उहाँले त्यो प्रक्रियालाई मार्गदर्शन गर्नुभयो भनी सिकाउँछ । बाइबल परमेश्वरको वचन भएकोले यो त्रुटिहीन (गल्तीरहित) र अचुक (असफल नहुने) छ । धर्मशास्त्रको मूल पाण्डुलिपीहरूमा प्रत्येक भनाइ

---

३ अङ्ग्रेजी बाइबलमा "बाह्र जनाको पुस्तक" बाह्र जना साना अगमवक्ताहरूका पुस्तकहरू मिलेर बनेको छ ।

४ पुरानो करारमा ख्रीष्टियानहरूले आत्माद्वारा प्रेरित तिनै पुस्तकहरूलाई यहूदीहरूको हिब्रू बाइबल मान्दछन् । हामी तिनलाई विभिन्न वर्गहरूमा बाँड्छौं मात्र ।

५ २ तिमोथी ३:१६

६ उदाहरणका निम्ति, लेवी १:१,

७ उदाहरणका निम्ति, दानिएल ७ र ८

८ २ पत्रुस १:२१

(सैद्धान्तिक र ऐतिहासिक दुवै)त्रुटिहीन छ।[९]

## मूलपाठको अखण्डता

केही शङ्कालु व्यक्तिहरू भन्छन्, कि यदि सुरुको धर्मशास्त्रका वचनहरू सत्य थिए भने पनि हामीले प्राप्त गरेका पाठमा हामी भरोसा गर्न सक्दैनौं। तिनीहरू भन्छन्, धर्मशास्त्रको प्रतिलिपि बनाउँदा गल्तीहरू गरिएका थिए। यी आलोचकहरू जोड दिँदै भन्छन्, कि यदि मूल पाठ आत्माद्वारा प्रेरित थियो भने पनि हामीसित भएको बाइबल सही छ भनी जान्ने कुनै उपाय छैन।

के हामी बाइबलको पाठको अखण्डतामा भरोसा गर्न सक्छौं? उत्तर हुन्छ, "सक्छौं!" यो सत्य हो, कि पुरानो करारका पुस्तकहरू हस्तलिखित स्वरूपमा हस्तान्तरण गरिएका थिए, अनि यो पनि सत्य हो कि हातले प्रतिलिपि बनाउँदा गल्तीहरू हुन सक्छन्। तापनि, यो परमेश्वरको वचन भएकोले प्रतिलिपि बनाउनेहरूले ठुलो होसियारीका साथ आफ्ना काम गरे।

सुरुमा पूजाहारीहरू बाइबल पाठका प्रतिलिपिहरू बनाउन जिम्मेवार थिए। इ.पू. ५०० बाट शास्त्रीहरूले पाठहरूको प्रतिलिपि बनाउन थाले। शास्त्रीहरू(यो उपाधिको अर्थ "गणक" हो)ले पाठको सठिकता जाँच्नका निम्ति तोरहका सम्पूर्ण अक्षरहरू गन्ती गर्ने गरेकाले उनीहरूलाई यो नाउँ दिइएको थियो। एक जना शास्त्रीले एउटै पनि अक्षर उसको स्मरणबाट लेख्न सक्दैनथ्यो, प्रत्येक अक्षरलाई पहिलेको प्रतिलिपिसित दाँज्नु पर्थ्यो। शास्त्रीहरूले धर्मशास्त्रलाई परमेश्वरको वचनको रूपमा सम्मान गरेकाले प्रतिलिपि बनाउने नियमहरू धेरै कडा थिए।

## मृत सागरका चर्मपत्रका मुट्ठाहरू

सन् १९४७ मा मृत सागर नजिकै प्राचीन चर्मपत्रका मुट्ठाहरू भेट्टाइयो।[१०] यसमा इ.पू. २५० र इ.पू. १३५ को बीचमा बनाइएका पुरानो करारका प्रतिलिपिहरू थिए। ती पछिबाट उपलब्ध प्रतिलिपिहरूभन्दा करिब १ हजार वर्ष पुरानो भएकाले मृत सागरमा पाइएका चर्मपत्रका मुट्ठाहरू भर्खरै बनाइएका प्रतिलिपिहरूको शुद्धता जाँच्नका निम्ति धेरै उपयोगी थिए। यी मुट्ठाहरूमा एस्तरको पुस्तकबाहेक पुरानो करारका प्रत्येक पुस्तक सामेल थियो।

मृत सागरको पछिल्ला मुट्ठाहरूसित तुलना गर्दा विद्वानहरूले असाधारण सठिकता पाए। उदाहरणका निम्ति, यशैयाको पुस्तकको मुट्ठो पछिल्लो प्रतिलिपिभन्दा १२०० वर्ष पुरानो हो। पन्चान्नब्बे प्रतिशतभन्दा धेरै पाठ पछिल्ला प्रतिलिपिहरूसित मिल्दोजुल्दो छ। थोरै भिन्नता मुख्य रूपले हिज्जे परिवर्तन र प्रतिलिपि बनाउनेहरूले छुटाएका कारण भएका छन्। सैद्धान्तिक मतभेद उत्पन्न गर्ने कुनै परिवर्तन भएका छैनन्।

## मृत सागरीय मुट्ठाहरूको यशैया ५३

यशैया ५३ ले पुरानो करारको पाठ सठिक भएको दर्शाउँछ। यशैया ५३ मा १६६ वटा हिब्रू शब्दहरू छन्। मृत सागरका मुट्ठाहरूमा सत्रवटा अक्षरहरू फरक छन्। यी हुन्:

- दशवटा अक्षर हिज्जेका भिन्नताहरू हुन्- ती शब्दहरू जसको १२०० वर्षमा हिज्जे परिवर्तन भए।
- चारवटा शैलीका भिन्नताहरू- पाठलाई व्यक्त गर्ने भिन्नै तरिका
- तीनवटा अक्षरहरूको एउटा शब्द ("ज्योति"), पद ११ को अर्थ स्पष्ट पार्न थपिएको हो: "उसको प्राणको वेदनापछि

९ यस विषयमा अझ बढी जान्नका निम्ति यस पाठको सन्दर्भग्रन्थ भागमा लेखिएको पुस्तक*म विश्वास गर्छु* हेर्नुहोस्। यसबाहेक, सेफर्ड्स् ग्लोबल क्लासरूम पाठ्यक्रममा आत्माको प्रेरणासम्बन्धी एउटा पाठ सामेल गरिएको छ*ख्रीष्टियान विश्वासहरू*

१० गेरी के. ब्रान्टले,"मृत सागरका मुट्ठाहरू र बाइबलीय अखण्डता" यहाँ पाइन्छ https://web.archive.org/web/20110318092513/http://www.apologeticspress.org/article/357।

उसले जीवनको (ज्योति) देख्नेछ र सन्तुष्ट हुनेछ"[११]

त्यो परिवर्तनद्वारा कुनै बाइबलीय शिक्षा प्रभावित हुँदैन। परमेश्वरले आफ्ना मानिसहरूका निम्ति उहाँको वचन सुरक्षित राख्न १२०० वर्षसम्म प्रतिलिपि बनाउन मार्गदर्शन गर्नुभयो।

## निष्कर्षः पुरानो करार र ख्रीष्टियान

हो, पुरानो करार बुझ्न कठिन हुन सक्छः

- पुरानो करारले हाम्रो संसारको भन्दा धेरै फरक संस्कृतिहरूको चित्रण गर्दछ।
- पुरानो करारले लामो समयको विवरण दिँदछ (कम्तीमा १००० वर्ष)।
- पुरानो करारले चार मुख्य साम्राज्यहरू सामेल गर्दछ (मिश्र, अश्शूर, बेबिलोन, फारस)।
- पुरानो करारमा ३००० भन्दा बढी स्थान र मानिसहरूको नाउँ सामेल छ।

**"पुरानो र नयाँ करारहरू एउटै पुत्रको गवाही दिने र एउटै आत्माद्वारा प्रेरित भएको एउटै परमेश्वरको पुस्तक हो।"**

**जेफ्री ब्रोमिली बाट व्याख्या गरिएको**

पुरानो करार कठिन हुन सक्छ, तर यो मानिसहरूका निम्ति परमेश्वरको वचन हो। येशूले पुरानो करारबाट प्रचार गर्नुभयो। उहाँमाथि शङ्का गर्नेहरूलाई स्मरण गराउँदै धर्मशास्त्रले "मेरो विषयमा गवाही दिन्छ" भन्दै उहाँले पुरानो करारको उल्लेख गर्नुभयो।

सुरुसुरुको मण्डलीले पुरानो करारलाई परमेश्वरको वचनको रूपमा हेरे। व्यवस्थाको पुस्तकको वचन नयाँ करारमा असी पटक उद्धृत गरिएको छ। सुरुसुरुको मण्डलीले येशु. ख्रीष्टको जीवन र सेवकाइ पुरानो करारको परिपूर्ति थियो भनी शिक्षा दिए।

पुरानो करार आज पनि हामीसित बोलिरहन्छः

- पुरानो करारबाट हामी परमेश्वरको पराक्रम र पवित्रताको बारेमा जान्दछौं।
- पुरानो करारबाट हामी मानिसको पाप र उसलाई एक उद्धारकर्ताको खाँचो छ भनी जान्दछौं।
- पुरानो करारबाट हामी परमेश्वरले उहाँको विशेष सम्पत्तिको रूपमा अलग गरिएका पवित्र मानिसहरू बनाउनुहुने उहाँको योजनाको बारेमा जान्दछौं।

पुरानो करार सब समयका परमेश्वरका मानिसहरूका निम्ति परमेश्वरको वचन हो

### पाठ १ गर्नुपर्ने कार्य

यो पाठमा जाँच दिनुहोस् जसमा कण्ठ गर्न लगाइएको बाइबल पदहरू पनि सामेल छन्।

---

११ यशैया ५३:११, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

## पाठ १ जाँच

१. बाइबलको सन्दर्भमा *क्यानन्* शब्दको अर्थ के हो?

२. पुरानो करारको क्यानन् स्थापित गर्न प्रयोग गरिएका तीनवटा मानदण्डहरू लेख्नुहोस्।

३. हिब्रू बाइबलका तीनवटा भागहरू लेख्नुहोस्।

४. ख्रीष्टियान पुरानो करारका पाँचवटा भागहरू लेख्नुहोस्।

५. *ईश्वरीय प्रेरणा* को अर्थ के हो?

६. *त्रुटिहीन* र *अचूक* शब्दहरूको अर्थ के-के हुन्?

७. मृत सागरका मुट्ठाहरूले कसरी पुरानो करारको मूलपाठको अखण्डता दर्शाउँछ?

८. पुरानो करार आज कुन तीन प्रकारले हामीसित बोल्दछ त्यो लेख्नुहोस्।

९. स्मरणबाट भजनसंग्रह १९:७-११ लेख्नुहोस्।

# पाठ २

# उत्पत्ति

### पाठका उद्देश्यहरू

१. उत्पत्तिका मुख्य विषयवस्तुहरूका रूपरेखा लेख्न सक्ने हुनु ।

२. ख्रीष्टियान ईश्वरशास्त्रका निम्ति सृष्टिको सिद्धान्तको महत्त्वलाई स्वीकार गर्नु ।

३. मुक्तिको इतिहासमा अब्राहामसँग गरिएको करारको भूमिकालाई बुझ्नु ।

४. उत्पत्तिका प्रमुख पात्रहरूलाई चिन्नु ।

५. उत्पत्तिको सन्देशलाई आजको संसारको खाँचोहरूसित जोड्नु ।

## यो पाठका निम्ति तयारी

*उत्पत्तिको पुस्तक पढनुहोस् ।*

*कण्ठ गर्नुहोस् उत्पत्ति ३:१५ उत्पत्ति ३:१५; १२:३ ।*

## पञ्चग्रन्थ

बाइबलका प्रथम पाँचवटा पुस्तकलाई *पञ्चग्रन्थ* भनिन्छ ।[१२] हिब्रू बाइबलमा यी पुस्तकहरूलाई *तोरह व्यवस्था* भनिन्छ, जुन "शिक्षा दिनु" भन्ने शब्दको अर्थबाट आएको हो ।

पञ्चग्रन्थ बाइबलको जग हो । यसले बाँकी धर्मशास्त्र बाइबलको ऐतिहासिक ढाँचा प्रदान गर्दछ ।

- उत्पत्ति १-११ मा, परमेश्वरले सिद्ध संसार सृष्टि गर्नुहुन्छ र मानिसको पापप्रति अनुग्रह र दण्ड दुवैद्वारा प्रतिक्रिया गर्नुहुन्छ ।
- उत्पत्ति १२-५० मा परमेश्वरले अब्राहाम, इसहाक र याकूबलाई त्यस मसीहको वंशको रूपमा चुन्नुहुन्छ, जसद्वारा उहाँले सबै जातिहरूलाई उद्धार गर्नुहुन्छ ।

---

१२ ग्रीकबाट: *पेन्टे* भनेको पाँच र *टुकोस* भनेको मुट्ठो हो । पञ्चग्रन्थको अर्थ "पाँचवटा मुट्ठा" वा "पाँचवटा पुस्तक" हो ।

- प्रस्थानको पुस्तकमा, परमेश्वरले इस्राएललाई मिश्रदेखि बाहिर निकाल्नुहुन्छ र आफ्ना मानिसहरूसित सम्बन्ध स्थापित गर्नुहुन्छ।
- लेवीको पुस्तकमा पवित्र परमेश्वरले इस्राएललाई पवित्र मानिसहरू भएर कसरी जिउने सो सिकाउनुहुन्छ।
- गन्तीको पुस्तकमा, परमेश्वरले उहाँका मानिसहरू अनाज्ञाकारी भए पनि तिनीहरूलाई उहाँको विश्वासयोग्यता देखाउनुहुन्छ।
- व्यवस्थाको पुस्तकमा, परमेश्वरले आफ्ना मानिसहरूलाई प्रतिज्ञाको देशमा जिउनका निम्ति तयार पार्नुहुन्छ।

| | विषयवस्तु | परमेश्वर ... हुनुहुन्छ। | येशू ... हुनुहुन्छ। | इस्राएल ... हो। |
|---|---|---|---|---|
| **उत्पत्ति** | आदिमा | सार्वभौम सृष्टिकर्ता | दोस्रो आदम | चुनिएको |
| **प्रस्थान** | उद्धार र सम्बन्ध | ईश्वरीय योद्धा | निस्तार-चाडको थुमा | उद्धार गरिएको |
| **लेवी** | पवित्रता | पवित्र पवित्र पार्नुहुने व्यक्ति | सिद्ध बलिदान | अलग गरिएको |
| **गन्ती** | अनाज्ञाकारिताका परिणामहरू | धर्मी पालनकर्ता | काँसाको सर्प (गन्ती २१:४-९, यूहन्ना ३:१४ | अनाज्ञाकारी |
| **व्यवस्था** | नवीकरण | प्रेमिलो परमप्रभु | आउने अगमवक्ता (व्यवस्था १८:१५-१९; प्रेरित ७:३७ | तयार भएको |

पञ्चग्रन्थमा, हामी त्यो विषयवस्तु पाउँछौं जुन पुरानो करारभरि भेट्टाउन सकिन्छ।

१. **सृष्टिमा परमेश्वको सार्वभौमिकता।** मिश्रमाथि आएको विपत्तिहरू र छुटकारामा इस्राएललाई मरुभूमिको बाटो भएर लैजाँदा, परमेश्वरले आफ्नो सृष्टिमाथि उहाँको अधिकार देखाउनुहुन्छ। इस्राएलको इतिहास त्यो मञ्च बन्छ जहाँ परमेश्वरको सार्वभौमिकता देखाइएको छ।

२. **मानिसको पापी अवस्था। मानिसको विद्रोहले सारा सृष्टिमा प्रभाव पार्दछ। जलप्रलय,** बाबेल, मरुभूमिमा इस्राएलको अनाज्ञाकारिता सबैले मानिसको पापमय अवस्था फैलिंदै गएको देखाउँछ। तापनि, उत्पत्ति ३:१५ मा सुरु गर्दै परमेश्वरले मानिसको पतनका परिणामहरू उल्टाउन काम गर्नुहुन्छ।

३. **परमेश्वरले बनाउनुभएको मुक्तिको योजना। परमेश्वरले अब्राहामसित गर्नुभएको करार,** इसहाकको जन्म, इस्राएललाई मिश्रबाट गरिएको उद्धार, व्यवस्था दिइएको, प्रतिज्ञाको देशमा प्रवेश गरेको- यी सबै मानिसको मुक्तिका निम्ति परमेश्वरले गर्नुभएका प्रबन्ध हुन्। प्रस्थानमा, निस्तार-चाड परमेश्वरले गर्नुहुने उद्धारको कार्यको अन्तिम चिन्ह बन्छ।

४. **पवित्रता। परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ,** उहाँले पापलाई नदेखेको जस्तो गर्न सक्नुहुन्न। पञ्चग्रन्थले परमेश्वरले उहाँको उपस्थितिमा जिउन सक्ने पवित्र मानिसहरू कसरी सृष्टि गर्नुभयो भन्ने कुरा देखाउँछ। पवित्रता मानिसको भलोपनको परिणाम होइन, यो परमेश्वरको अनुग्रहपूर्ण काम हो, जसले आफ्ना मानिसहरूलाई पापी मानिसहरूबाट

परिवर्तन गरेर पवित्र मानिसहरू बनाउँछ । हामी पवित्र परमेश्वरसितको निरन्तर सम्बन्धद्वारा *मात्र* पवित्र छौं ।

## पञ्चग्रन्थका लेखक

अठारौं शताब्दीसम्म पञ्चग्रन्थका लेखकको बारेमा चर्चा थोरै मात्र गरिन्थ्यो वा एउटै पनि चर्चा गरिंदैनथ्यो । सबै ख्रीष्टियानहरूले मोशा नै यसका लेखक हुन् भनी धर्मशास्त्रले दिएको गवाही स्वीकार गरेका छन् । आधुनिक समालोचना सुरु भएपछि आज धेरै जना विद्वानहरू मोशा यसका लेखक भएको कुरालाई इन्कार गर्दछन् ।

तापनि, धर्मशास्त्र त्रुटिहीन छ भनी स्वीकार गर्ने इभान्जेलिकलहरूका निम्ति धर्मशास्त्रले दिएको गवाही स्पष्ट छ । पञ्चग्रन्थ आफैले पनि मोशा यसको लेखक हुन् भनी चिनाउँछ, नयाँ करारका लेखकहरूले मोशा यसका लेखक हुन् भनी भन्दछन्, येशूले पनि मोशालाई यसका लेखकको रूपमा उल्लेख गर्नुभयो । यसकारण, हामी मोशाले सम्भवतः पन्ध्रौं शताब्दीमा पञ्चग्रन्थ रचेका थिए भनी स्वीकार गर्दछौं । यस विषयमा विस्तृत अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई यस अध्यायका निम्ति सिफारिस गरिएका सामग्रीहरूले सहायता गर्न सक्छ ।

प्राचीन संसारमा लेखकको स्वभावलाई बुझ्नु महत्त्वपूर्ण छ । यदि तपाईं आज एउटा पुस्तक लेख्नुहुन्छ भने त्यत्तिमै सकिन्छ, तपाईंले त्यो प्रकाशित गरेपछि कसैले पनि त्यसमा परिवर्तन गर्दैन । आजको लेखकले जसरी लेख्छ त्यस्तै प्रकारले हामी मोशालाई पञ्चग्रन्थका लेखक मान्छौं भने हामीमा धेरैवटा प्रश्नहरू हुनेछन् । उदाहरणका निम्तिः

- व्यवस्था ३४ ले मोशाको मृत्यु र गडाइको बारेमा बताउँछ ।
- गन्ती १२:३ ले मोशालाई संसारकै सबैभन्दा विनम्र व्यक्ति भन्दछ । एक जना विद्यार्थीले प्रश्न गऱ्यो,"यदि कुनै व्यक्तिले आफैलाई संसारकै सबैभन्दा विनम्र व्यक्ति भन्छ भने के ऊ साँच्चै विनम्र हुन्छ?"
- उत्पत्ति ११:२८ ले कल्दीहरूको ऊरको उल्लेख गर्दछ । कल्दीहरूले मोशाको मृत्यु भएको करिब ७०० वर्ष पछिसम्म त्यो क्षेत्रमा शासन गरेका थिएनन् ।

यदि हामीले प्राचीन कालको लेखकको स्वभावलाई बुझ्यौं भने यी प्रत्येक उदाहरणहरू स्पष्ट हुँदछ । मोशालाई पञ्चग्रन्थका लेखकको रूपमा मानिलिनुको अर्थ मोशाले पवित्र आत्माको प्रेरणामा यी पाँचवटा पुस्तकका मुख्य विषयवस्तु लेखे भन्ने हो । पछि आएका लेखक (सायद यहोशू)लाई पवित्र आत्माले त्यसमा मोशाको मृत्यु र गडाइको विवरण थप्न प्रेरित गर्नुभयो । पछिबाट पवित्र आत्माको अगुवाइमा शास्त्रीहरूले मोशालाई संसारकै सबैभन्दा विनम्र व्यक्तिको रूपमा पहिचान गरे । पवित्र आत्माको अगुवाइमा एक जना शास्त्रीले कल्दीहरू भन्ने शब्द थपे, पाठकहरूले कल्दीहरूको ऊर अनि अर्को ऊर नाउँको सहरबीच भिन्नता छुट्ट्याउन सकून् भनेर त्यसो गरेको थियो ।

त्यस्तो परिवर्तनले मोशा पञ्चग्रन्थका लेखक हुन् भन्ने कुरामा शङ्का उत्पन्न गर्दैन । बरु, तिनीहरूले हामीलाई आत्माको प्रेरणाको प्रक्रियालाई अझ स्पष्टसित बुझ्न सहायता गर्दछन् ।

## उत्पत्ति

## विषयवस्तुः आदिमा

उत्पत्ति सुरुवातहरूको पुस्तक हो । उत्पत्तिले संसारको सुरुवातको वर्णन गर्दछ (उत्पत्ति १-११), त्यसपछि यहूदीहरूको सुरुवात र मुक्तिको इतिहास छ, (उत्पत्ति १२-५०) ।

आधुनिक समयका आलोचकहरूले यी अध्यायहरूको ऐतिहासिक सत्यतालाई इन्कार गर्दछन् । तापनि, यी अध्यायहरू

धर्मशास्त्रको बाँकी भागका निम्ति जग हुन। ती अध्यायहरूले संसारमा परमेश्वरको सार्वभौमिकता र पापी मानिसका निम्ति उहाँले प्रबन्ध गर्नुभएको उहाँको अनुग्रह दर्शाउँछ।

## उत्पत्तिको सामान्य सर्वेक्षण

### प्राचीन इतिहास: उत्पत्ति १-११

उत्पत्ति १-११लाई धेरैचोटि प्राचीन इतिहास भन्ने गरिन्छ। यी अध्यायहरूले २ हजारभन्दा धेरै वर्षका घटनाहरूको वर्णन गर्दछन्। उत्पत्ति १-११ले चारवटा मुख्य घटनाहरूको वर्णन गर्दछ:

- **सृष्टि** ले संसारमाथि परमेश्वरको सार्वभौम शक्ति देखाउँछ। व्यवस्था दिने उहाँको अधिकार ब्रह्माण्डका सृष्टिकर्ताको रूपमा उहाँको सार्वभौमिकतामा आधारित छ।

- **पतन** ले मानिसको पापमय अवस्था र उसलाई मुक्तिको खाँचो भएको देखाउँछ। धर्मशास्त्रको बाँकी भागले पतनका परिणामहरूका निम्ति परमेश्वरको अनुग्रहपूर्ण समाधान देखाउँदछ।

- **जलप्रलय** ले परमेश्वरको पवित्रता र न्याय देखाउँछ। पापले परमेश्वरको दण्ड ल्याउँदैन भन्ने शैतानको झुटो कुरामा हामीले कहिल्यै पनि विश्वास गर्नुहुँदैन। जलप्रलयले "जुन प्राणीले पाप गर्छ त्यही मर्छ" भन्ने सिद्धान्त प्रस्तुत गर्दछ।[१३]

- **बाबेलको धरहरा** ले मानिसले निरन्तर विद्रोह र अहङ्कार गरेको दर्शाउँछ। अदनको बगैंचामा शैतानले "तिमीहरू परमेश्वरजस्तै हुनेछौ" भन्ने प्रतिज्ञा गर्दै हव्वालाई परीक्षा गऱ्यो।[१४] बाबेलमा मानिसले "आफ्नो नाउँ राख्ने" कोसिस गऱ्यो।[१५] यी दुवै घटनामा मानिसले अहङ्कारसाथ व्यवहार गर्दछ, दुवै घटनामा दुवै घटनामा परमेश्वरको भूमिका मानिस आफैले निभाउने कोसिस गर्छ र दुवै घटनामा मानिसको अहङ्कारले परमेश्वरको दण्ड ल्याउँछ।, दुवै घटनामा मानिसको अहङ्कारले परमेश्वरको दण्ड ल्याउँदछ।

उत्पत्ति १ ले संसारको सृष्टि *इलोहिम,* ब्रह्माण्डका सर्वशक्तिमान् परमेश्वरद्वारा भएको देखाउँछ। उत्पत्ति २ ले बगैंचामा मानिसलाई सृष्टि गरिएको र आदम अनि *यहोवा,* करार बाँध्नु हुने परमेश्वर बीचको सम्बन्धको बारेमा बताउँछ।

उत्पत्ति १-२ ले मानिसको मूल्य छ, किनकि हामी परमेश्वरको स्वरूपमा सृष्टि गरेका छौं भन्ने देखाउँछ।[१६]दाऊदले गाए:

> जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएको जून र ताराहरूमाथि विचार गर्छु, मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ।[१७]

उत्पत्ति १-३ ले मानिसले परमेश्वरको विरुद्ध विद्रोह गरेको देखाउँछ। परमेश्वरले सृष्टि गर्नुभएका सबै असल थोकहरूले

१३ इजकिएल १८:२०

१४ उत्पत्ति ३:५

१५ उत्पत्ति ११:४

१६ परमेश्वरको स्वरूप भनिने सिद्धान्तको महत्त्व उत्पत्तिको विवरणलाई प्राचीन निकट पूर्वको सृष्टिसम्बन्धी पौराणिक कथासित तुलना गर्दा बुझ्न सकिन्छ। बेबिलोनी *अत्रहसिस* शिलापाटीमा देवताहरूका निम्ति खाडलहरू खन्न माटोले मानिसको आकृति बनाइन्थ्यो। ती देवताहरू काम गर्न चाहँदैनथे, यसैले मानिसहरूलाई दासहरू बनाइयो। *अत्रहसिस* मा देवताहरू ईर्ष्यालु र अइमानदार छन्, *अत्रहसिस* मानव जातिको कुनै मूल्य छैन। यसको विपरीत, उत्पत्तिको पुस्तकले परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो, परमेश्वर जस्तो पवित्र हुनुहुन्छ र हामी पनि पवित्र हुनुपर्छ भनी भन्दछ।

१७ भजनसंग्रह ८:३-५

घेरिएको सुन्दर बगैंचामा परमेश्वरसित घनिष्ठ सम्बन्धको आनन्द लिँदालिँदै आदम र हव्वा परमेश्वरको विरोधी बने अनि सर्पको कुरा सुने । मानिसले विद्रोह गरे पनि यी अध्यायहरूले मुक्तिदाता पठाउने परमेश्वरको अनुग्रहपूर्ण प्रतिज्ञा देखाउँछन् ।[१८]

अन्त्यमा, उत्पत्ति १-११ मा मानिसको विद्रोह बढदै गएकोले जलप्रलय आएको छ । जलप्रलयपछि मानिसले बाबेलमा फेरि विद्रोह गऱ्यो । यो विद्रोहको परिणामस्वरूप भाषाहरू खलबल भए र जाति-जातिहरू छरपष्ट भए । यी कथाहरूले अब्राहामसित गरिएको करारद्वारा प्रदान गरिएको छुटकारा आवश्यक भएको देखाउँछ ।

## पितापुर्खाहरूको इतिहासः उत्पत्ति १२-५०

उत्पत्ति १-११ ले २ हजार वर्षभन्दा बढी समयका घटनाहरूको वर्णन गर्दछ र  र यिनीहरूले चार वटा घटनाहरूलाई सारमा बताउँछ। उत्पत्ति १२-५० पितापुर्खाहरूको कथा हो । यी अध्यायहरूले करिब ३०० वर्षको अवधिमा चार व्यक्तिहरूका जीवनको वर्णन गर्दछन् ।

- अब्राहाम (उत्पत्ति ११-२५)
- इसहाक (उत्पत्ति २५-२६)
- याकूब (उत्पत्ति २७-३६)
- योसेफ (उत्पत्ति ३७-५०)

उत्पत्ति १-११ ले संसार सुरु भएको कथा बताउँदछ । उत्पत्ति १२-५० ले हिब्रू मानिसहरूका सुरुवातसुरुवातको कथा बताउँदछ। कथा बताउँदछ । उत्पत्तिको पुस्तकले संसारको सृष्टिबाट ध्यानलाई सीमित बनाउन "फलानोका पुस्ताहरू यी हुन्" भन्ने सूत्र प्रयोग गर्दछ ("आकाश र पृथ्वीको सृष्टिको वृतान्त यही हो")[१९], मानिसको सृष्टिका निम्ति ("आदमको पुस्ताहरूको विवरण यही हो") [२०], नोआ, शेम, तेरह, अब्राहाम, इसहाक र अन्त्यमा याकूबद्वारा ("याकूबको वृतान्त यही हो")[२१]

अब्राहामसित गरिएको करार मुक्तिको इतिहासको मुख्य कुरा हो । यो करार तीनवटा घटनाहरूमा प्रकट गरिएको छः

- उत्पत्ति १२:१-३, परमेश्वरले अब्राहामको सन्तानबाट एउटा ठुलो जाति बनाउने प्रतिज्ञा गर्नुभयो । उहाँले इस्राएललाई आशिष दिनेहरूलाई आशिष दिनुहुनेथियो र इस्राएललाई सराप्नेहरूलाई सराप दिनुहुनेथियो । परमेश्वरले अब्राहामको सन्तानलाई सबै जातिहरूका निम्ति आशिष् बनाउने प्रतिज्ञा गर्नुभयो । इस्राएल चुनिनु सबै मानिसहरूका निम्ति आशिषको वाहक बन्ने मानिसहरू चुनिनुथियो ।

- उत्पत्ति १५ मुक्तिको इतिहासमा एउटा महत्त्वपूर्ण अध्याय हो । अरू प्राचीन निकटपूर्वका करारहरूमा कमजोर पक्षलाई रगतको शपथमुनि राखिन्थ्यो, जसले बलियो पक्षप्रति बफादार रहनुपर्ने माग गर्दथ्यो । उत्पत्ति १५, परमेश्वरले सदासर्वदा अब्राहामप्रति बफादार रहने प्रतिज्ञा गर्दै आफैलाई शपथको मुनि राख्नुहुन्छ ।

- उत्पत्ति १७ ले खतनाको चिन्ह दिँदछ, जसद्वारा अब्राहाम र तिनको सन्तानले करारप्रति आफ्नो विश्वासको प्रदर्शन गर्नेछन् । नयाँ करारमा झैं पुरानो करारमा मुक्ति कामद्वारा होइन विश्वासद्वारा पाइन्थ्यो । खतना आफै मुक्तिको आधार कहिल्यै पनि थिएन, खतना करारका प्रतिज्ञाहरूमा विश्वासको चिन्ह थियो ।[२२]

---

१८ धर्मशास्त्रीहरू उत्पत्ति ३:१५ लाई "प्रोटो-इभान्जेलियम," सुसमाचारको पहिलो प्रतिज्ञा भन्दछन् । मानिसको पापको जवाफमा परमेश्वरले छुटकाराको प्रतिज्ञा गर्नुभयो, उहाँले हामीलाई हाम्रो पापमा छाड्नुभएन ।

१९ उत्पत्ति २:४

२० उत्पत्ति ५:१

२१ उत्पत्ति ३७:२

२२ रोमी ४:९-१२

मसीहको वंशसम्बन्धी परमेश्वरको प्रबन्धको कथा निम्न प्रकार अगाडि बढदछः

- इसहाकको अचम्मको जन्म ।
- परमेश्वरले अब्राहामलाई इसहाकको बलि चढाउन लगाएर तिनको जाँच गर्नुभयो ।
- इसहाकको सट्टामा अर्को प्राणीको प्रबन्ध ।
- याकूबको चरित्रमा दोषहरू भए पनि परमेश्वरले याकूबको परिवारलाई आशिष् दिनुभयो ।

उत्पत्ति ३७-५० मसीहको वंश(अब्राहाम-इसहाक-याकूब-यहूदा) देखि अगि बढेर योसेफमा केन्द्रित हुन्छ । योसेफलाई पटक-पटक ख्रीष्टको नमुनाको रूपमा देखिएको छ । योसेफ र येशु. दुवैलाई उहाँहरूका परिवारले इन्कार गरे, दुवै जना बेचिए, दुवैले अरूका निम्ति आफैलाई बलि चढाए, र दुवैले आफ्नो हानि गर्नेहरूलाई क्षमा गरे । योसेफले येशूको मानवीय चरित्रको एउटा सुन्दर पुरानो करारको उदाहरण प्रस्तुत गर्दछन् ।

उत्पत्तिको पुस्तकको अन्त्यमा योसेफ विशेष हुनुको एउटा कारण यो हो कि तिनको कथाले अनिकालका वर्षहरूमा परमेश्वरले मसीहको वंशलाई कसरी ईश्वरीय प्रबन्धद्वारा बचाएर राख्नुभयो भनी देखाउँछ । योसेफको कथाले इस्राएलको सन्तान कसरी मिश्रमा आए भनेर देखाउँदै प्रस्थानको पुस्तकमा पुऱ्याउँछ । उत्पत्तिको पुस्तक इस्राएलले मिश्रमा निगाह पाएको कुरामा समाप्त हुँदछ । इस्राएलले मिश्रमा अत्याचार अनुभव गरेको ४०० वर्षपछि प्रस्थानको पुस्तक सुरु हुँदछ ।

## उत्पत्तिको पुस्तकमा महत्त्वपूर्ण विषयवस्तुहरू

### चुनाउ

चुनाउको विषय पुरानो करारको मुख्य विषय हो । अब्राहाम सबै जातिका निम्ति परमेश्वरको आशिषको वाहक बन्न चुनिएका थिए । त्यसरी नै, इसहाक, याकूब तिनीहरूका आफ्नै काम गर्न होइन, तर परमेश्वरका प्रतिज्ञाहरूको वाहक हुन चुनिएका थिए । पितापुर्खाहरू मसीहको वंशको सदस्यको रूपमा चुनिएका थिए । त्यो चुनाउ व्यक्तिगत मुक्तिका निम्ति होइन, तर सेवा गर्नका निम्ति थियो ।

करारमा व्यक्तिगत सहभागिता परमेश्वरका प्रतिज्ञाहरू माथिको विश्वासमा निर्भर थियो । हामी यो ऐतिहासिक पुस्तकहरूमा हेर्नेछौं । राहाब चुनिएको इस्राएल जातिको सदस्य थिइन्, तर उनले विश्वासमा आज्ञाकारी भएकोले परमेश्वरको प्रतिज्ञा प्राप्त थिइन् । आकानको विषयमा यो ठिक उल्टो भएको थियो, तिनी चुनिएको जातिको सदस्य भए पनि तिनको अनाज्ञाकारिता र विश्वासको कमीको कारण तिनले परमेश्वरका प्रतिज्ञाहरू प्राप्त गरेनन् ।

| पुरानो करारमा चुनाउको सिद्धान्त | |
|---|---|
| इस्राएल सबै जातिहरूका निम्ति | चुनिएको हो |
| इस्राएल सेवा गर्नका निम्ति | चुनिएको हो |
| व्यक्तिहरूको चुनाउ | परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गरेर मात्र हुन्छ |

### करार

परमेश्वरले नोआसित करार बाँध्नुभयो, (उत्पत्ति ९) । त्यसपछि उहाँले अब्राहामसित करार बाँध्नुभयो उत्पत्ति १२, १५,१७ करारको इतिहासको अर्को चरण सीनै पर्वतमा हुनेछ, जुन बेला परमेश्वरले मोशा(सित करार बाँध्नुहुनेछ प्रस्थान १९) । २ शमूएल ७ मा परमेश्वरले दाऊदसित आफ्नो करार स्थापित गर्नुहुनेछ । यी सबै बुँदाले येशु. ख्रीष्ट को बलिदानको मृत्युद्वारा स्थापित गरिएको नयाँ करारलाई औंल्याउँछ (लूका २२:२०) ।

प्रत्येक करार अघिल्लो करारको जगमाथि निर्माण हुँदछ । पहिलेको करारको स्थान नलिएर प्रत्येक करारले नयाँ जानकारीहरू थप्दछ । यसले मत्ती ५:१७ को येशूका वचनहरूको व्याख्या गर्दछ,"व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ । म ती रद्द गर्न होइनँ, तर पूरा गर्न आएँ ।" नयाँ करारले पुरानो करारको स्थान लिँदैन, तर यो पुरानो करारकै जगमाथि निर्माण हुँदछ ।

## नयाँ करारमा उत्पत्तिको पुस्तक

नयाँ करारको इतिहास उत्पत्ति ३:१५ को प्रतिज्ञाबाट विकास हुँदछ । येशूले परमेश्वरको उद्धारकर्ताको प्रतिज्ञा पूरा गर्नुहुन्छ, जसले शैतानलाई पराजित गर्नुहुन्छ । उत्पत्ति ३ को सराप प्रकाशको पुस्तकमा उल्टाइएको छ, उत्पत्ति ३ को प्रतिज्ञा ख्रीष्टको आगमनमा पूरा भएको छ ।

येशु. नयाँ करारमा दोस्रो आदमको रूपमा देखिनुहुन्छ जसले पहिलो आदमको असफलतालाई उल्टाउनुहुन्छ ।[२३] उहाँ प्रतिज्ञा गरिएको आदमका सन्तान हुनुहुन्छ, जसद्वारा पृथ्वीका सबै जातिले आशिष् पाउनेछन् ।[२४]

## सृष्टिलाई नजिकबाट हेर्नु

» बाइबलको सन्देश बुझ्नलाई सृष्टिको सिद्धान्त कसरी महत्त्वपूर्ण छ? यदि उत्पत्ति १-२ वास्तविक इतिहास नभएर काल्पनिक हो भने के त्यसले कुनै फरक पार्छ?

सन् १९९८ मा, मैले एक सीमित पहुँच भएको देशमा पास्टरहरूको एउटा क्लासमा शिक्षा दिएँ । त्यो देशको सरकारले ख्रीष्टियान पत्र-पत्रिकाहरू छाप्न रोक लगाएको छ । तापनि सन् १९९८ मा सरकारले बाल-बालिकाहरूको बाइबल कथा पुस्तक छाप्ने अनुमति दियो ।

त्यस पुस्तकको एक प्रति नदेखेसम्म म यो खबरले आनन्दित भएँ । त्यो छाप्नुभन्दा अघि सरकारले प्रत्येक पृष्ठको निम्ति मञ्जुरी लिनुपर्नेछ भनी जोड् दिइरहेको थियो । पहिलो पृष्ठमा परमेश्वरले आदम र हव्वालाई अदनबाट धपाउनुभएको देखाइएको थियो । दोस्रो चित्रले जलप्रलय आउँदा बाल-बालिकाहरू चिच्च्याइरहेका देखाएको थियो । तेस्रो चित्रमा आदमले आफ्नो छोरामाथि हतियार उठाइरहेको देखाइएको थियो ।

सरकारले प्रकाशकलाई सृष्टि र पतनका कथाहरू हटाउन कर लगायो । सृष्टि र पतनविनाको बाइबलले परमेश्वरको विकृत तस्बिर प्रस्तुत गर्दछ । त्यो बाइबल पढ्ने बाल-बालिकाले क्रोधी ईश्वरलाई देख्छन् जसले बाल-बालिकाहरूलाई डुबाउँछन् र बुबाहरूलाई तिनीहरूका सन्तानको हत्या गर्न कर लाउँछन् । यो बाइबल कथा पुस्तकमा सृष्टिको त्यो आधारभूत कथा थिएन जसले यो संसारमाथि किन परमेश्वरको अधिकार छ भनी देखाउँछ ।

ख्रीष्टियान विश्वासका निम्ति सृष्टिको विवरण आवश्यक छ । सायद यही कारणले गर्दा धेरै जना शङ्कालु व्यक्तिहरू उत्पत्तिको

२३ रोमी ५:१२-२१

२४ उत्पत्ति १२:१-३, गलाती ३:१५-२२

विवरणको सत्यतालाई इन्कार गर्दै ख्रीष्टियानहरूमाथि आक्रमण गर्छन् । दुःखको कुरा, धेरै जना ख्रीष्टियान लेखकहरूले समेत उत्पत्तिको विवरण विश्वास गर्न नसकिने छ भनी दाबी गर्छन् । तिनीहरू भन्छन्, उत्पत्ति १-२ एउटा दन्त्य कथा हो, इतिहास होइन । तापनि, बाँकी धर्मशास्त्रले उत्पत्तिको विवरण साँचो भएको गवाही दिँदछ ।

समस्या यो छ, कि धेरै जना ख्रीष्टियानहरू त्यो सांसारिक मानसिकताको कैदी बनेका छन्, जसले बाइबल विज्ञानसँग मेल खाँदैन भन्ने गर्छन् । उनीहरूले ती नास्तिक वैज्ञानिकहरूका तर्कलाई स्वीकार गरेका छन्, जसले धर्मशास्त्रमा विश्वास गर्न सकिँदैन भनी जोड दिन्छन् । तापनि, इतिहासभरि महानतम् वैज्ञानिक धारणा हुनेहरू समर्पित ख्रीष्टियानहरू रहेका छन् ।[२५] वैज्ञानिक सत्यता बाइबलीय सत्यतासित बाझ्दैन, विज्ञान र धर्मशास्त्र दुवैले परमेश्वरलाई सृष्टिकर्ताको रूपमा औंल्याउँछन् । ठिकसँग बुझियो भने उत्पत्ति १-२ सृष्टिको ऐतिहासिक विवरण हो । ठिकसँग बुझियो भने विज्ञानले परमेश्वरको सृष्टिका चमत्कारहरूका निम्ति झ्याल खोल्दछ ।

उत्पत्ति १-२ ले सिकाउँछः

- परमेश्वरले शून्यबाट संसार सृष्टि गर्नुभयो(**प्राचीन काल्पनिक कथा-** जसले अरू देवताहरूले संसार बनाउनुभयो भनी सिकाउँछ, अनि **आधुनिक काल्पनिक कथा-** जसले संसार संयोगले अस्तित्वमा आएको हो भनी सिकाउँछ, यी दुवैलाई खण्डन गर्दछ) ।
- त्यहाँ एक मात्र सार्वभौम परमेश्वर हुनुहुन्छ (यसले धेरैवटा ईश्वर छन् भन्ने प्राचीन संसारको धारणालाई खण्डन गर्दछ) ।
- मानिस परमेश्वरको स्वरूपमा सृष्टि भएको छ (यसले विकासवादलाई खण्डन गर्दछ, जसले भन्छ, हामी समय र संयोगले गर्दा अस्तित्वमा आएका हौं) ।

कुनै पनि विश्वासीले उत्पत्ति १-२ का आवश्यक शिक्षाहरूलाई इन्कार गर्नुहुँदैन । आदिमा, सार्वभौम परमेश्वरले शून्यबाट हाम्रो संसार सृष्टि गर्नुभयो । आदिमा, परमेश्वरले मानव जातिलाई उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । सृष्टि गर्ने काम सकेपछि परमेश्वरले त्यसलाई अति असल देख्नुभयो । धर्मशास्त्र व्याख्या गर्ने विवरणको विषयमा ख्रीष्टियानहरूमा मत भिन्नता हुन सक्छ, तापनि धर्मशास्त्रको सत्यताको विषयमा तिनीहरूमा मतभेद हुनुहुँदैन ।

## निष्कर्षः उत्पत्तिको पुस्तक आज बोल्दछ

उत्पत्ति एक्काइसौं शताब्दीका निम्ति एउटा महत्त्वपूर्ण पुस्तक हो । यसले समकालीन मण्डलीहरूले सामना गरेका समस्याहरूको बारेमा बताउँछ ।

परमेश्वरले हामीलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुभएकोले, **मानव जीवन बहुमूल्य छ** । भ्रूणहत्या र इच्छा मृत्यु जस्ता समकालीन सामाजिक समस्याहरू उत्पत्ति १ र २ को प्राचीन गवाहीद्वारा सम्बोधन गरिएको छ । यदि हामी परमेश्वरको

२५ महान् वैज्ञानिकहरू, जो समर्पित ख्रीष्टियानहरू थिए, ती हुन्:
निकोलस कोपर्निकस (जसले सूर्य ब्रह्माण्डको केन्द्रमा छ भनी पत्ता लगाए),
ग्यालिलियो (उनलाई आधुनिक विज्ञानका पिता मानिन्छ),
जोहन्नेस केपलर(जसले ग्रहहरूका गतिविधिहरू वर्णन गरे),
सर आइजक न्युटन (जसले गुरुत्वाकर्षणको नियम स्पष्ट रूपमा बताए),
रोबर्ट बोयल (उनलाई पहिलो आधुनिक औषधिविद् मानिन्छ),
रेने डेस्कार्टेस (वैज्ञानिक क्रान्तिका प्रमुख विचारक),
माइकल फराडे (एक महत्त्वपूर्ण औषधिविद्)
लोइस पास्चर (जसले निर्जीवीकरणको आविष्कार गरे अनि रेबिज र पशुहरूमा हुने खटिराहरूको खोप बनाए),
म्याक्स प्लाङ्क (जसले क्वान्टम यन्त्रहरू बनाए) ।

स्वरूपमा सृष्टि गरिएका छौं भने सबै मानव जीवन पवित्र छ र यसको सुरक्षा गर्नुपर्छ।

मानिसलाई पृथ्वीको भण्डारेपन दिइएकोले हामी आफ्नो संसारको **देखरेख गर्न जिम्मेवार छौं।** अन्य प्रकारको जीवनभन्दा मानव जीवन धेरै महत्त्वपूर्ण छ भन्ने बुझेर ख्रीष्टियानहरूले पृथ्वीका सबै कुराहरूलाई परमेश्वरको असल सृष्टिको रूपमा महत्त्व दिनुपर्छ।

अब्राहामसित गरिएको करारको कारण मण्डलीसित सुसमाचार प्रचार **गर्ने र चेलाहरू बनाउने अधिकार छ**। येशुले मण्डलीलाई जाति-जातिहरूका माझमा इस्राएलको कार्य पूरा गर्ने आदेश दिनुभयो।[२६] पुरानो करारमा इस्राएल आफ्नो कार्य पूरा गर्न असफल बनेको थियो, आज हामी आफ्नो कार्य पूरा गर्न असफल हुनुहुँदैन।

## पाठ २ गर्नुपर्ने कार्यहरू

गर्नुपर्ने तलका कार्यहरूसहित यो पाठबारे तपाईंको बुझाइ प्रदर्शन गर्नुहोस्।

**१.** तलका गर्नुपर्ने कार्यहरूमध्ये **एउटा** चुन्नुहोस्।

विकल्प १: झुन्डमा गर्नुपर्ने कार्य

तपाईंको झुन्डको प्रत्येक सदस्यलाई उत्पत्ति १-११ का चारवटा महान् घटनामध्ये एउटा दिनुहोस्। तपाईंको प्रत्येक झुन्डले छोटो सांराश तयार गर्नेछ, जसमा निम्न कुरा हुनेछन्:

- त्यो बाइबल कथाको सारांश
- त्यो घटना बाइबलको इतिहासमा कसरी महत्त्वपूर्ण छ
- त्यो घटनाले हामीलाई के शिक्षा दिन्छ

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्य।

एउटा चुन्नुहोस्:

- एउटा प्रवचनको वा उत्पत्ति १-११ का चारवटा महान् घटनामध्ये एउटाको १-२ पृष्ठ सम्मको पूरा रूपरेखा लेख्नुहोस्। तपाईंको प्रवचनले बाइबल इतिहासमा त्यो घटना किन महत्त्वपूर्ण थियो र त्यो घटनाले आज हामीलाई के सिकाउँछ भन्ने कुरा देखाउनु पर्छ।

- एउटा प्रवचनको वा उत्पत्ति १२-५० का चार जना महान् पात्रहरूमध्ये एकको १-२ पृष्ठ सम्मको पूरा रूपरेखा लेख्नुहोस्। तपाईंको प्रवचनले त्यस पात्रले आजका विश्वासीहरूका निम्ति कसरी एउटा सकारात्मक वा नकारात्मक नमुना देखाउँछ सो स्पष्ट पार्नुपर्छ।

**२.** यो पाठमा एउटा जाँच लिनुहोस् त्यो जाँचमा कण्ठ गर्नुपर्ने बाइबल पद पनि सामेल हुन्छ।

---

२६ मत्ती २८:१८-२०

## पाठ २ जाँच

१. हिब्रू शब्द *तोरह* को अर्थ के हो?

२. पञ्चग्रन्थको प्रत्येक पुस्तकमा येशूलाई कसरी प्रस्तुत गरिएको छ?

३. पञ्चग्रन्थमा प्रस्तुत गरिएको पुरानो करारका चारवटा विषयवस्तुहरू लेख्नुहोस्।

४. उत्पत्तिको विषयवस्तु के हो?

५. उत्पत्तिका दुईवटा मुख्य भागहरू लेख्नुहोस्।

६. उत्पत्ति १-११ का चारवटा महान् घटनाहरू लेख्नुहोस्।

७. उत्पत्ति १२-५० का चारजना महान् पात्रहरूको नाउँ लेख्नुहोस्।

८. प्रत्येक वाक्यमा अब्राहामसित गरिएको करारका तीनवटा कुराको सारांश लेख्नुहोस्।

९. उत्पत्तिको पुस्तकले सृष्टिको बारेमा सिकाउने चारवटा कुरा लेख्नुहोस्।

१०. उत्पत्तिको पुस्तक समकालीन मण्डलीसित कुन तीन प्रकारले बोल्दछ सो लोख्नुहोस्।

११. स्मरणबाट लेख्नुहोस् उत्पत्ति ३:१५ उत्पत्ति ३:१५; १२:३

# पाठ ३

# प्रस्थान-व्यवस्था

### पाठका उद्देश्यहरू

१. प्रस्थान-व्यवस्थाको मुख्य विषयवस्तु लेख्न सक्ने बन्नु ।

२. प्रस्थान-व्यवस्थाको मुख्य विषय जान्नु ।

३. प्रस्थान-व्यवस्थाको चारवटा मुख्य घटनाहरू चिन्नु ।

४. व्यवस्था र ख्रीष्टियान बीचको सम्बन्ध बुझ्नु ।

५. पञ्चग्रन्थको सन्देशलाई आजको संसारका खाँचोहरूसित जोड्नु ।

## यो पाठका निम्ति तयारी

*प्रस्थान, लेवी, गन्ती र व्यवस्था पढ्नुहोस् ।*

*कण्ठ गर्नुहोस्, प्रस्थान ३:१४, लेवी २०:७-८, व्यवस्था ६:४-५ ।*

## परिचय

प्रस्थानदेखि व्यवस्थासम्मका पुस्तकहरूले इस्राएल राष्ट्र(जाति)को सुरुदेखिका घटनाहरूको वर्णन गर्दछ । यी पुस्तकहरूले इस्राएललाई मिश्रबाट छुटकारा दिइएको, सीनै पर्वतमा व्यवस्था दिइएको, उजाड-स्थानमा वर्षौंसम्म भौंतारिहिँडेका, अनि प्रतिज्ञाको देशमा प्रवेश गर्न तयारी गरेका कथाहरू बताउँछन् ।

उत्पत्ति, प्रस्थानदेखि व्यवस्थासम्मका पुस्तकहरू मोशाले रचेका थिए । प्रस्थानको पुस्तक इस्राएल मिश्रमा ४०० वर्ष बसिसकेपछि सुरु हुँदछ । यसको लेखन मितिबारे केही असहमति भए पनि मिश्रबाट प्रस्थान भएको सम्भावित मिति इ.पू. १४४६ हो ।[२७] इस्राएलले इ.पू. करिब १४०५ तिर कनानभित्र प्रवेश गर्न तयारी गरिरहँदा व्यवस्था पुस्तक समाप्त हुन्छ ।

---

२७ इभान्जेलिकलहरूले प्रस्थानको पुस्तकको दुईवटा सम्भावित मिति भएको मान्छन् । १राजा ६:१ र न्यायकर्ता ११:२६ को आधारमा अति सम्भावित मिति इ.पू. १४४६ हो । पुरातात्विक मिति र १राजा ६:१ को चिन्हको समझको आधारमा केही इभान्जेलिकलहरू त्यो मिति इ.पू. करिब १२७५ हो भनी समर्थन गर्छन् । तापनि, सोझो रूपमा १ राजा र न्यायकर्ताका पुस्तकहरू पढ्दा सम्भावित मिति इ.पू. १४४६

# प्रस्थान

## विषयवस्तु: छुटकारा र सम्बन्ध

प्रस्थानले दुईवटा मुख्य विषयवस्तुको वर्णन गर्दछ। प्रस्थान १-१५ परमेश्वरले इस्राएललाई मिश्रबाट छुटकारा दिनुभएको कुरा बताउँछ। निस्तार-चाड यो छुटकाराको सम्झना गर्दछ। इस्राएलको इतिहासभरि निस्तार-चाड वर्षैपिच्छे पालना गरिन्छ, जुन बेला परमेश्वरले इस्राएललाई दासत्वबाट छुटकारा दिनुभएको सम्झना गरिनेछ।

प्रस्थान १६-४० ले इस्राएलसित परमेश्वरको अनुग्रहपूर्ण सम्बन्धको बारेमा बताउँछ। सीनै पर्वतमा व्यवस्था दिइएको घटना यो सम्बन्ध स्थापनाको एउटा मुख्य क्षण हो।

| प्रस्थान | | |
|---|---|---|
| अध्याय १-१५ | मिश्रबाट छुटकारा | निस्तार-चाड |
| अध्याय १६-४० | यहोवासँगको सम्बन्ध | दश आज्ञा |

## प्रस्थानको सामान्य सर्वेक्षण

### छुटकारा प्रस्थान १-१५

प्रस्थानको पुस्तक इस्राएलले मिश्रमा दुःख भोगेको घटनाहरूबाट सुरु हुँदछ। फारोले योसेफको परिवारलाई स्वागत गरेपछि ४०० वर्ष बितिसकेको थियो, अनि अब याकूबको सन्तानलाई मिश्रमा एउटा खतराको रूपमा हेर्न थालिएको थियो। परमेश्वरले आफ्ना मानिसहरको पुकारा सुन्नुभयो र मोशालाई एक उद्धारकको रूपमा खडा गर्नुभयो।

चारवटा घटनाले इस्राएलले मिश्रबाट छुटकारा पाएको चित्रण गर्दछ।

- **मोशाको अचम्मको जन्म र बोलावट** परमेश्वरले दिनुभएको उहाँका मानिसहरूको पुकाराको जवाफ थियो।
- **दशवटा विपत्तिहरूले** परमेश्वरको सार्वभौमिकता दर्शाउँछन्। ती दशवटा विपत्ति परमेश्वरको शक्तिको प्रदर्शन मात्र नभएर त्यो मिश्रका झुटा देवताहरूमाथि सिधा आक्रमण थियो। मिश्रीहरूले नील नदीलाई जीवनको स्रोतको रूपमा हेर्थे, परमेश्वरले त्यसको पानी रगतमा परिणत गरिदिनुभयो। मिश्रीहरूकी एउटी देवी भ्यागुता थियो, परमेश्वरले भ्यागुताहरूको विपत्ति पठाउनुभयो। मिश्री परिवारमा जेठो सन्तान देवताहरूका निम्ति हुन्थ्यो, परमेश्वरले ती जेठो सन्तानहरू खोस्नुभयो। ती विपत्तिहरूले मिश्र र इस्राएल दुवैलाई यहोवा सबै मानिसहरूमाथि सार्वभौम हुनुहुन्छ भनी देखाए।
- **निस्तार-चाडले** परमेश्वरको चुनिएका मानिसहरूको रूपमा इस्राएलको स्थानको सुरुवात गर्दछ। यो चाँड सधैंका निम्ति परमेश्वरले गर्नुभएको मुक्तिको कार्यको एउटा सम्झना बन्यो।
- **लाल-समुद्र तरेका घटनाले** उहाँका मानिसहरूलाई छुटकारा दिन सक्ने परमेश्वरको शक्ति प्रकट गऱ्यो।

---

हो भन्ने संकेत पाइन्छ।

## सम्बन्धः प्रस्थान १६-४०

परमेश्वरले आफ्ना मानिसहरूसित घनिष्ठ सम्बन्ध निर्माण गर्न इस्राएललाई छुटकारा दिनुभयो। प्रस्थान १६-४० का घटनाहरू सीनै पर्वतमा घटेका हुन्। त्यहाँ परमेश्वरले आफ्ना मानिसहरूलाई भेट्नुभयो र तिनीहरूलाई आफ्नो अमूल्य सम्पत्तिको रूपमा छाप लगाउनुभयो।[२८]

दुईवटा चिन्हले यहोवा र इस्राएल बीचको सम्बन्ध सुरु गर्‍योः


१. ***दश* आज्ञा दिनुले सम्बन्धनात्मक करारको ढाँचा प्रदान गर्‍यो।** अब्राहामसित गरिएको करारको खतनाजस्तै व्यवस्था पालनाद्वारा मुक्ति कमाउन सकिंदैनथ्यो। त्यसको साटो, व्यवस्था पालना यहोवासित सम्बन्धको परिणाम थियो।


२. ***पवित्रस्थान* परेमश्वरका मानिसहरूको बीचमा उहाँको दृश्य उपस्थितिको चिन्ह थियो।** छाउनीको बीचमा रहेको पवित्रस्थानले यहोवाका मानिसहरूलाई उहाँ तिनीहरूका बीचमा हुनुहन्छ भनी निरन्तर सम्झना गराउँथ्यो।

पवित्रस्थानले इस्राएललाई पवित्रताको विषयमा सिकायो। इस्राएलीहरू पवित्रस्थानतिर बढ्दा तिनीहरू अशुद्ध स्थान (छाउनीबाहिर) देखि शुद्ध स्थान (छाउनीभित्र) हुँदै पवित्रस्थानमा बढिरहेका छन् भनी जान्दथे, जुन पवित्र थियो र परमेश्वर र पूजाहारीहरूका निम्ति अलग गरिएको थियो। महापवित्र स्थान परमेश्वरको बासस्थानको देख्न सकिने चिन्ह थियो। यसले परमेश्वरको पवित्रता र पवित्र मानिसहरूबाट उहाँले आशा राख्नुभएका कुराहरू दर्शाउँथ्यो।

घ= अशुद्ध
ग= शुद्ध
ख= पवित्र
क= अति पवित्र

५= छाउनीदेखि बाहिर
४= छाउनीभित्र
३= पवित्रस्थानको वरिपरि लेवीहरू
२= पवित्रस्थानभित्र पूजाहारीहरू
१= महापवित्रस्थान




## नयाँ करारमा प्रस्थान

नयाँ करारमा, येशु. निस्तार-चाँडको निष्खोट थुमा हुनुहुन्छ।[२९]उहाँले निस्तार-चाड र पवित्रस्थानको प्रतिज्ञा पूरा गर्नुहुन्छ। यूहन्नाले संसारमा येशूको सेवकाइको वर्णन गर्न पवित्रस्थानका निम्ति ग्रीक शब्द प्रयोग गर्दै लेख्छन्,"अनि वचन देहधारी हुनुभयो, र...हाम्रो बीचमा बास(पवित्रस्थानमा) गर्नुभयो।"[३०]पवित्रस्थानले परमेश्वरका मानिसहरूको बीचमा उहाँको उपस्थितिको प्रतिनिधित्व गरेझैं येशु. सारा मानिसहरूका माझमा परमेश्वरको उपस्थिति हुनुहुन्थ्यो।

---

२८ प्रस्थान १९:५, *इङ्लिस स्टेन्डर्ड भर्सन*

२९ १कोरिन्थी ५:७

३० यूहन्ना १:१४ *वास गर्नुभयो* शब्दको वास्तविक अर्थ "पवित्रस्थानमा बास गर्नुभयो" हो।

## लेवीको पुस्तक

| पुस्तक | यसले परमेश्वरको बारेमा के सिकाउँछ | चिन्ह |
|---|---|---|
| प्रस्थान | परमेश्वर उपस्थित हुनुहुन्छ। | पवित्रस्थान |
| लेवीको पुस्तक | परमेश्वर पवित्र हुनुहुन्छ। | बलिदानहरू |

## विषयवस्तुः पवित्रता

खेदको कुरा, लेवीको पुस्तकलाई धेरै जना ख्रीष्टियानहरूले बेवास्ता गर्छन्। लेवीको पुस्तकले हामीले नजानेका अभ्यासहरूको वर्णन गरेजस्तो लागे पनि यो पुस्तकले महत्त्वपूर्ण सन्देश दिँदछः पवित्र परमेश्वरले पवित्र मानिसहरू चाहनुहुन्छ। लेवीको पुस्तकले यो प्रश्नको जवाफ दिन्छ,"परमेश्वरका मानिसहरू पवित्र परमेश्वरको उपस्थितिमा कसरी जिउनुपर्छ?" लेवीको पुस्तकको विषयवस्तु पवित्रता हो।

पञ्चग्रन्थमा लेवीको पुस्तकको स्थानको महत्त्व बुझ्नु जरूरी छ। परमेश्वरले इस्राएललाई अघिबाटै मिश्रबाट छुटकारा दिनुभएको र तिनीहरूलाई आफूकहाँ बोलाउनुभएको थियो। बलिहरू र व्यवस्था परमेश्वरको कृपा पाउने उपायको रूपमा दिइएका थिएनन्। बरू, पवित्रताका नियमहरूका बलिहरू र व्यवस्थाले पवित्र परमेश्वरको उपस्थितिमा जिउने ढाँचा प्रदान गर्दछ।

लेवीको पुस्तक पढ्दा लेवी २०:७-८ को सन्तुलनलाई बुझ्नुपर्छ। "आफैलाई अर्पण गरेर पवित्र होओ। किनभने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। तिमीहरूले मेरा विधिहरू पालन गर। तिमीहरूलाई पवित्र तुल्याउने परमप्रभु म नै हुँ।"[३१] हामीलाई आफैलाई शुद्ध बनाउने र पवित्र हुने आज्ञा दिइएको छ। तर, हामीले कहिल्यै भुल्नुहुँदैन कि उहाँ हामीलाई पवित्र तुल्याउनुहुने परमप्रभु हुनुहुन्छ। परमेश्वर, जसले प्रस्थानको पुस्तकमा आफ्नो अनुग्रहद्वारा इस्राएललाई छुटकारा दिनुभयो, जसले लेवीको पुस्तकमा इस्राएललाई पवित्र पार्नुभयो। परमेश्वर, जसले हामीलाई आफूकहाँ बोलाउनुहुन्छ, उहाँ हामीलाई पवित्र तुल्याउनुहुने परमेश्वर हुनुहुन्छ।

## लेवीको पुस्तकको सामान्य सर्वेक्षण

### बलिका नियमहरू(लेवी १-७)

बेलोर युनिभर्सिटीका प्रोफेसर राल्फ हुडले एकचोटि विद्यार्थीहरूको एउटा झुन्डलाई दुईवटा दृश्यको तुलना गर्न लगाएः पापको सिद्धान्त अन्धविश्वासी काल्पनिक कुरा भन्ने एक जना आधुनिक विद्वान् र एउटा दुर्गम गाउँको वेदीमा कुखुराको बलि चढाउने मूर्तिपूजक केटो। प्रोफेसरे वुडले सोधे,"कुन व्यक्ति सत्यबाट टाढा छ?" विद्यार्थीहरूले बुझिहाले कि त्यो मूर्तिपूजक केटो असभ्य भए पनि उसले त्यस आधुनिक विद्वानले नबुझेको केही कुरा जानेको छ, त्यो होः पापका निम्ति बलि चढाउनुपर्छ। पापीहरूलाई प्रायश्चित गर्ने एउटा साधन (उपाय) चाहिन्छ। त्यस मूर्तिपूजक केटोले गलत तरिकाले क्षमा प्राप्त गर्न खोजे पनि एउटा मूर्तिपूजकले पनि पापको निम्ति प्रायश्चित गर्नुपर्छ भनी बुझेको हुन्छ।[३२]

धर्मशास्त्रभरि नै बलिको आवश्यकता भएको देखिन्छः

- उत्पत्ति ३:२१ मा परमेश्वरले आदम र हव्वाका निम्ति पशुको छालाबाट वस्त्र बनाइदिनुभयो।

३१ लेवी २०:७-८ *इङ्लिस स्टेन्डर्ड भर्सन*

३२ जिल काराटिनीको शब्दमा,"परमेश्वरको थुमा" असीमताको टुक्रामा। २३ अप्रेल, २०१२

- उत्पत्ति ४ मा कयिनको अयोग्य बलि अस्वीकार गरियो ।
- उत्पत्ति २२:१४ मा, अब्राहामले बलि चढाएको ठाउँको नाउँ,"यहोवा यिरे" राखे, जसको अर्थ "परमप्रभुले जुटाउनुहुनेछ" हो ।
- लेवीको पुस्तकमा बलि चढाउने व्यवस्था स्पष्ट पारियो ।
- हिब्रू ९ र १० मा, येशूलाई एकैपल्टमा धेरैका पाप उठाउनुहुने बलिको रूपमा देखिन्छ ।

लेवी १-७ ले बलिका नियमहरू प्रस्तुत गर्दछन् । यी बलिहरूले इस्राएलीहरूलाई पवित्र परमेश्वरको नजिक कसरी जानुपर्छ भनी बुझ्न सिकाए ।

- **होमबलि** (लेवी १) पुरानो करारको मुख्य बलि थियो । पशुलाई मार्नु अघि, आराधकले आफ्नो हात त्यस पशुमाथि राख्थ्यो, त्यसले मृत्युदण्ड पाउन योग्य पापी म आफै हो भनी दर्शाउँथ्यो ।[33]त्यसपछि त्यो पशुलाई वेदीमा पूर्ण रूपमा जलाइन्थ्यो ।
- **अन्नबलि** (लेवी २) भेटीको बलि थियो, जुन होमबलि वा मेलबलिको साथमा चढाइन्थ्यो ।
- **मेलबलि** (लेवी ३) चढाइँदा आराधक र परमेश्वरबीच संगति गरिन्थ्यो । यसले परमेश्वर र इस्राएलबीचको करारको सम्बन्धलाई पक्का गर्थ्यो । यो आराधक, पूजाहारी र परमेश्वर बीच भेटी (वा बलि) बाँड्ने कुरा मात्र थियो ।[34]
- **पापबलि** (लेवी ४:१-५:१३) अनजानमा व्यवस्था भङ्ग वा व्यवस्थाले माग गरेको कुरा गर्न नसक्दा त्यसका निम्ति प्रायश्चित गर्नलाई दिइएको थियो । पापले मानिसलाई अशुद्ध बनाउँथ्यो, यो बलिले तिनीहरूलाई फेरि शुद्ध बनाउँथ्यो ।
- **अपराध** वा **दोष बलि** (लेवी ५:१४-६:७) पनि व्यवस्था भङ्गसित सम्बन्धित छ । यो बलि प्रायः पापबलिजस्तै छ, तर यो अझ गम्भीर रूपले व्यवस्था भङ्ग गरिने कुरासित सम्बन्धित छ, विशेष गरी जग्गा-जमिनको क्षतिपूर्ति र पुनर्प्राप्ति गर्ने सम्बन्धी व्यवस्थाहरू ।

पछिबाट इस्राएलले बलिहरूलाई विधिहरू जस्तो माने पनि बलि चढाउने व्यवस्था साँचो पश्चात्ताप गरेको प्रतिनिधित्व गर्नलाई थियो । "अटेरीसाथ गरिएको पाप" (जानाजानी आज्ञा उल्लङ्घन गर्दै गरिएका पापहरू) यी बलिहरूद्वारा ढाकिँदैन थिए ।[35] साँचो पश्चात्तापी हृदयबाट उचित बलि चढाउनुपर्थ्यो ।

## पूजाहारीपदको स्थापना (लेवी ८-१०)

परमेश्वर पवित्र हुनुहुन्छ, सबै आराधना उहाँले भन्नुभएजस्तै प्रकारले गरिनुपर्छ । प्रस्थान ३२ले यहोवा र मिश्रको सुनको बाछोको आराधना एकसाथ मिसाएर गर्दा उत्पन्न हुने परिणाम देखाउँछ ।[36] लेवी १०ले अनुचित तरिकाले परमेश्वरको आराधना गर्नेहरूमाथि आउने परमेश्वरको दण्ड देखाउँछ । पवित्र परमेश्वर उहाँले भन्नुभएअनुसार नै हामी उहाँको नजिक

---

३३ लेवी १:४-५

३४ जुन भाग परमेश्वरको हो (बोसे भाग-सर्वोत्तम भाग) त्यो आगोमा जलाइन्थ्यो । बाँकी आराधक र पूजाहारीले खान्थे ।

३५ गन्ती १५:३०-३१ अनुसार, अटेरीसाथ गरिएको पापको निम्ति कुनै बलि हुँदैनथ्यो । त्यसको सट्टामा पापीलाई हटाउनुपर्थ्यो । भजनसंग्रह ५१मा, दाऊद आफूले जानाजानी र उद्देश्यसहित गरेका उरियाहको हत्या पापबलिले ढाकिँदैन भनी जान्दछन् । त्यसको सट्टामा तिनले आफैलाई परमेश्वरको दयामा छोडिदिन्छन्,"किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न ।" परमेश्वरका निम्ति चूर्ण आत्मा नै बलि हो, "हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न ।"

३६ हेर्नुहोस्, प्रस्थान ३२:४ ("हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्") अनिप्रस्थान ३२:५ ("भोलि **परमप्रभुका निम्ति एउटा चाड हुनेछ"**) ।

जाऔं भन्ने चाहनुहुन्छ ।

### शुद्ध र अशुद्ध हुने नियमहरू (लेवी ११-१६)

इस्राएल ४०० वर्षसम्म मूर्तिपूजकहरूद्वारा घेरिएर मिश्रमा बसेको थियो, जुन मानिसहरूलाई पवित्रताको कुनै ज्ञान थिएन । जब परमेश्वरले इस्राएललाई पवित्र हुन बोलाउनुभयो, त्यो बेला तिनीहरूले आफ्नो वरिपरिका जातिहरूका पापबाट आफैलाई अलग गर्न सिक्नु परेको थियो । यसले इस्राएललाई जाति-जातिहरूको अघि परमेश्वरको पवित्र चरित्रको प्रतिनिधित्व गर्ने मौका दियो ।

पवित्रता र शुद्धताको अर्थमा एउटा वस्तुको शिक्षा दिन परमेश्वरले शुद्ध र अशुद्ध सम्बन्धी नियमहरू प्रयोग गर्नुभयो । प्रतिदिनका कुराहरू (भोजन, बच्चा जन्मने, छालाको रोग, अनि शरीरबाट बाहिर निस्कने कुराहरू) प्रयोग गर्दै परमेश्वरले सबै जीवन उहाँको अधीनमा छ भनी देखाउनुभयो ।

शुद्ध र अशुद्ध बीचका केही भिन्नताहरू आजको पाठकले स्पष्ट बुझ्न सक्दैन । यसको एउटा सबैभन्दा सम्भावित व्याख्या यो हो कि एक व्यक्तिले एउटा शुद्ध पशुलाई जुन वर्गमा देख्ने आशा गर्छ त्यो उचित हुन्छ । उदाहरणका निम्ति, पखेटा र कत्लाहरू भएको पानीमा बस्ने प्राणी अशुद्ध हुन्थ्यो, धेरैवटा खुट्टा भएका उड्ने कीराहरू अशुद्ध हुन्थे ।[३७] वर्गीकरण गर्नुका कारणहरू सधैं स्पष्ट नभए पनि त्यसमा रहेको मुख्य सन्देश स्पष्ट छः परमेश्वरका मानिसहरूले शुद्ध र अशुद्ध थोकहरू बीचको भिन्नता जान्नुपर्छ ।

### पवित्रताका नियमहरू परमेश्वरको साथमा हिंड्नु (लेवी १७-२७)

लेवीको अन्तिम खण्ड बलिका विधिहरू, पूजाहारीपन र विधिवत् शुद्धताको कुरा छोडेर पवित्र जीवन जिउनुमा केन्द्रित छ । पवित्रताका नियमहरूमा इस्राएल जीवनको हरेक क्षेत्रमा पवित्रता बढाउन बोलाइएको छः सामाजिक सम्बन्धहरू, परिवार, यौनक्रिया, पवित्र दिनहरू र गरिबहरूसित गरिने व्यवहार पवित्र बन्ने बोलावट परमेश्वरको पवित्रतामा आधारित छ । "तिमीहरू पवित्र होओ, किनभने म परमप्रभु तिमीहरूका परमेश्वर पवित्र छु ।"[३८] यी अध्यायहरूमा "म परमप्रभु हुँ" वा "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ" भन्ने कुरा सत्चालीस पटक सम्झाइएको छ । परमेश्वरका मानिसहरूको पवित्रता परमेश्वरको पवित्रताको दर्पण (ऐना) हो ।

## नयाँ करारमा लेवीको पुस्तक

लेवीका धेरैवटा विशेष कुराहरू अब ख्रीष्ट आउनुभएपछि प्रयोगमा छैनन्, उहाँले व्यवस्था पूरा गर्नुभयो ।[३९]तापनि, लेवीको पुस्तकमा सिकाइएको पवित्रताका सिद्धान्तहरू अहिले पनि प्रभावित छन् । यी नियमहरूले परमेश्वरको पवित्रता प्रकट गर्दछ, त्यो पवित्रता जुन ख्रीष्टद्वारा सबै विश्वासीका निम्ति उपलब्ध छ ।[४०]

---

३७ पानीमा बस्ने प्राणीमा पखेटा वा कत्लाहरू हुन सक्ने आशा गर्न सकिन्थ्यो । एउटा कीराका धेरैवटा खुट्टा घस्रनका निम्ति हुन्थ्यो, उड्नका निम्ति होइन । यसरी, ती प्राणीहरूमा यस्ता विशेषताहरू थिए जुन त्यस वर्गका निम्ति आशा राखिएको मानदण्ड अनुरूप थिएन ।

३८ लेवी १९:२ त्यही विचार लेवी २०:७, २६, २१:८मा पनि दोहोऱ्याइएको छ । नयाँ करारमा यो १ पत्रुस १: १५-१६ मा दोहोऱ्याइएको छ अनि त्यही विचार मत्ती ५:४८ मा पनि पाइन्छ

३९ १ कोरिन्थी ९:२१,गलाती ६:२

४० मत्ती ५:४८

## व्यवस्थालाई नजिकबाट हेर्नु

» यदि हामी अनुग्रहद्वारा बचाइएका छौं भने, नयाँ करारका विश्वासीहरूको रूपमा हाम्रो जीवनमा व्यवस्थाले कुन व्यावहारिक भूमिका खेल्दछ।

आजको मण्डलीमा प्रायः व्यवस्थाको गलत प्रयोग गरिन्छ। धेरै जनाले व्यवस्था पुरानो र ख्रीष्टियानहरूका निम्ति पूर्ण रूपले अर्थपूर्ण छ भन्ने सम्झन्छन्। तिनीहरूले व्यवस्था पालन गरेर परमेश्वरको कृपा पाउन खोज्ने पावलको चेताउनी उद्धृत गर्छन्,[४१]तर यस्तो अरू भनाइलाई चाहिँ बेवास्ता गर्छन्,"कसैले उचित रूपले पालन गऱ्यो भने व्यवस्था असल छ।"[४२]पुरानो नियमको व्यवस्थासम्बन्धी हाम्रो अध्ययनमा यी दुवै भनाइमाथि विचार गरिनेछ, किनकि "सम्पूर्ण पवित्र-शास्त्र...सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ।"[४३]

अरूले व्यवस्था पालना गर्नुलाई परमेश्वरको कृपा पाउने साधन मान्छन्। तिनीहरू आफूले व्यवस्थाका प्रत्येक कुरा पालन गरेकोमा गर्व गर्छन्। उनीहरू विश्वास गर्छन्, यसो गर्दा परमेश्वरको कृपा पाइन्छ, यस्तो विचार त्यस्तै गल्ती हो जुन गल्ती यहूदी धर्मकाहरूले गरेका थिए।

एक ख्रीष्टियानले व्यवस्थालाई कसरी हेर्नुपर्छ? धेरै जना ख्रीष्टियानले पुरानो करारको व्यवस्थालाई तीन भागमा बाँडेर जवाफ दिन्छन्। तिनीहरू भन्छन्, **नैतिक व्यवस्था** (जस्तै दश आज्ञा) आज पनि लागू हुन्छ। तिनीहरू भन्छन्, **नागरिक नियम** (विशेष गरी एक जातिको रूपमा इस्राएलका निम्ति नियमहरू) अनि **धार्मिक नियमहरू** (बलिदान, पूजाहारीपन, र धार्मिक शुद्धता) अहिले लागू हुँदैनन्।

यो एक सामान्य विभाजन भए पनि प्रत्येक वर्गमा कुन नियमहरू उपयुक्त हुन्छन् भनेर निश्चित गर्न हामीलाई कठिनाइ हुन्छ। लेवी १९पढ्नुहोस्, प्रत्येक नियमलाई तीन वर्गमध्ये एउटामा राख्नुहोस्। तपाईंले यो अति अवास्तविक पाउनुहुनेछ। (लेवी १९:९-१० को शिला-बाला टिप्ने नियम इस्राएली जातिसित मात्र सम्बन्धित नागरिक नियम हो कि त्यो सबै समाजमा गरिबको वास्ता गर्नुपर्छ भन्ने नैतिक आदेश हो? लेवी १९:३६ को न्यायीक सन्तुलनहरू नागरिक कानुन हुन्, तर तिनले इमानदारीताको नैतिक सिद्धान्त पनि प्रकट गर्दछन्।

लेवी १९मा कहीं पनि मोशाले नागरिक, धार्मिक र नैतिक नियमहरूको कुनै भिन्नता संकेत गर्दैनन्। यसरी कुनै भिन्नता नबनाइएकोले, र परमेश्वरको वचन अनन्त भएकोले व्यवस्थालाई परमेश्वरको चरित्र(गुण)को रूपमा पढनु नै राम्रो हुन्छ, जसले सबै समयको परमेश्वरका मानिसहरूलाई डोऱ्याउँछ।

व्यवस्थालाई यसरी हेर्दा हामी प्रश्न गर्छौं: "यो व्यवस्थाले परमेश्वरको पवित्र चरित्र र उहाँले माग गर्नुभएका पवित्र मानिसहरूको विषयमा के प्रकट गर्दछ?" तब हामी व्यवस्थालाई **ख्रीष्टको आगमनद्वारा** पढछौं र त्यो आज हाम्रो जीवनका परिस्थितिहरूमा लागू गर्दछौं।

## व्यवस्थाप्रति कस्तो दृष्टिकोण राख्नुपर्छ

१. पुरानो करारको व्यवस्था पढनु।
२. त्यसमा सिकाइएका शिक्षा (सिद्धान्त) वा प्रकट गरिएको परमेश्वरको चरित्रको कुरा पत्ता लाउनु।
३. ख्रीष्टको आगमनद्वारा लागू गर्नुपर्ने कुरामा गरिएका परिवर्तनहरू खोज्नु।
४. आधुनिक अभ्यास (चलन)हरू निश्चित गर्नु।

---

४१ उदाहरणका निम्ति, गलाती २:१६-२१

४२ १ तिमोथी १:८

४३ २ तिमोथी ३:१६

यो नमुना लागू गर्न (लेवी १९:९,१० को शिला-बाला बटुल्ने व्यवस्थाको उदाहरण लिनुहोस्।

१. प्राचीन व्यवस्थाले भन्छः "तिमीहरूले आफ्नो दाखबारीको फल निखारीकन नटिप्नू, अनि दाखबारीमा झरेका फलहरू नबटुल्नू। तीचाहिं गरिब र परदेशीहरूका निम्ति छोडिदेओ।"

२. त्यो व्यवस्था परमेश्वरको चरित्रमा आधारित छः "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" परमेश्वरले गरिबहरूलाई वास्ता गर्नुहुन्छ, खाँचोमा परेकाहरूलाई उहाँले प्रेम गर्नुहुन्छ।[४४]

३. येशूले आफ्नो सम्पूर्ण सेवकाइको सुरुदेखि अन्त्यसम्म खाँचोमा परेकाहरूप्रतिको उहाँको वास्ताको नुमना देखाउनुभयो। येशूले यो व्यवस्था बदल्नु भएन, बरु, दैनिक सेवकाइमा यो सिद्धान्त प्रकट गर्नुभयो।

४. कृषि समाजमा आधुनिक अभ्यास इस्राएलको अभ्याससित धेरै मिल्दो हुन सक्छ- फसलको कटनी गर्दा खाँचोमा परेकाहरूका निम्ति खानेकुरा छोडिदिने। औद्योगिक समाजमा आधुनिक अभ्यासमा गरिबहरूलाई पैसा वा व्यावहारिक सहायता दिने कुरा सामेल भएको हुन सक्छ। प्रयोग फरक-फरक हुन सक्छ, तर त्यो सिद्धान्त हरेक समाजमा लागू भइरहेको हुन्छ। परमेश्वरले जसरी गरिबहरूलाई प्रेम र वास्ता गर्नुहुन्छ त्यसरी नै परमेश्वरका मानिसहरूले पनि गरिबहरूलाई प्रेम र वास्ता गर्नुपर्छ। यो कुरा१यूहन्ना ३:१७-१८ र याकूब २:१४-१६ मा दोहोऱ्याएर भनिएको छ। यो प्राचीन नागरिक व्यवस्थाको सिद्धान्त आज पनि लागू हुन्छ।

लेवी १९ले सबै पवित्रताको नियम कसरी व्याख्या गर्न सकिन्छ भनि त्यसको एउटा नमुना दिन्छ। यसले परमेश्वरका मानिसहरूलाई जीवनका सबै क्षेत्रमा पवित्र हुने आह्वान गर्दछ। लेवी १९ का केही कुराहरू दश आज्ञाका झलक हुन्, केही बलिका नियमहरूमा आधारित छन्, केही शुद्धता र अशुद्धताका विचारहरूमा आधारित छन्, केही आफ्नो छिमेकीप्रतिको प्रेममा आधारित छन्, ती **सबै**ले हामी हाम्रा परमप्रभु परमेश्वरजस्तो पवित्र हुनुपर्ने हाम्रो कर्तव्य प्रकट गर्दछ।

## गन्ती

## विषयवस्तु अनाज्ञाकारिताका परिणामहरू

गन्तीको पुस्तकको अङ्ग्रेजी नाउँ दुईवटा जनगणनाबाट आएको हो, जुन त्यस पुस्तकका हिस्सा थिए, एउटा सुरुमा र अर्को पुस्तकको अन्त्यमा। यसको हिब्रू शीर्षक ("मरुभूमिमा")ले इस्राएलले सीनै पर्वत छोडेपछि चालीस वर्षसम्म मरुभूमिमा घुमिर्हिंडेको वर्णन गर्दछ। गन्तीको पुस्तकले परमेश्वरको आज्ञापालन नगर्दा आउने डरलाग्दो परिणाम देखाउँछ। इस्राएलको अनाज्ञाकारिताको फलस्वरूप चालीस वर्ष मरुभूमिमा घुमिर्हिंड्दा एउटा सम्पूर्ण पुस्ता मरेर गयो।

पञ्चग्रन्थका अरू पुस्तकहरूजस्तो गन्तीको पुस्तकले स्पष्ट साहित्यिक ढाँचा पछ्याउँदैन। यो पुस्तक कालक्रमअनुसार छ, तर अरू कुनै प्रभावकारी ढाँचा छैन। त्यसको साटो, यो विभिन्न सामग्रीहरूसहितको यात्राको विवरणजस्तो छः विवरण, कविता, अगमवाणी, आशिषहरू, व्यवस्था र दुई पटकको जनगणना।

गन्तीको पुस्तकमा विभिन्न प्रकारका सामग्रीहरू भए पनि यसको मुख्य उद्देश्य स्पष्ट छः इस्राएलको अनाज्ञाकारिताका परिणामहरू देखाउनु र इस्राएलप्रति परमेश्वरको निरन्तर विश्वासयोग्यता देखाउनु। "हामी अविश्वासी छौं भने, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकि उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न।"[४५]

---

४४ यो सिद्धान्त पाउन हामीले धेरै पल्ट प्रश्न गर्नुपर्छ, "परमेश्वरले किन यो आज्ञा दिनुभयो?" उदाहरणका निम्ति, परमेश्वरले ऋणदातालाई ऋणीको जाँतो ढुङ्गा लिन मनाइ गर्नुहुन्छ (व्यवस्था २४:६)। किन? त्यसो गर्दा मानिसको जीविका कमाउने साधन खोसिन्छ। विशेष आज्ञा दिइनुको कारण बुझ्दा सिकाइएको सामान्य सिद्धान्त भेट्टाउन हामीलाई सहायता गर्दछ।

४५ २ तिमोथी २,:१३, *इङ्लिसग्लिश स्ट्याण्डर्ड भर्सन*

## गन्तीको पुस्तकको सामान्य सर्वेक्षण

### इस्राएल सीनैमा (गन्ती १:१-१०:१०)

गन्तीको पुस्तक मानिसहरूले सीनै पर्वत छोडेर प्रतिज्ञाको देशतर्फ जाने तयारी गरिरहेका बेला तिनीहरूको जनगणना लिएकोबाट सुरु हुँदछ। यसमा जनगणनापछि छाउनीहरू मिलाउने, इस्राएलले व्यवस्था पालन गर्नुपर्ने, हिंड्नका निम्ति तयारी गर्नुपर्ने निर्देशनहरू छ।

### मरुभूमिमा इस्राएल (गन्ती १०:११-२१:३५)

गन्तीको पुस्तकको बीचको भागले मरुभूमिमा घुमिहिँडेका वर्षहरूको वर्णन गर्दछ, जुन कादेशमा तिनीहरूका अनाज्ञाकारिताको परिणाम थियो। प्रतिज्ञाको देशमा प्रवेश गर्न असफल हुनुभन्दा अघि तबेरामा[४६] तिनीहरूले गरेका गनगनमा, किब्रोथ-हत्तावा[४७] मा मन्नको विषयमा तिनीहरूले गरेका गनगनमा अनि मोशाको नेतृत्वको[४८] विरुद्ध हारून र मिरियमले गरेका विद्रोहमा तिनीहरूको विश्वासको कमी देखिन्छ।

भेद लिनेहरूले कनानबारे आफ्नो रिपोर्ट दिएपछि मानिसहरूले विजय दिने परमेश्वरको प्रतिज्ञामा विश्वास गर्न इन्कार गरे। दण्डस्वरूप परमेश्वरले अविश्वासी जासुसहरूलाई महामारीले मार्नुभयो अनि कालेब र यहोशूबाहेक बीस वर्षभन्दा देखिमाथिका कोही पनि प्रतिज्ञाको देशमा प्रवेश गर्न पाएनन्।

यस खण्डको बाँकी भागमा बलिसम्बन्धी व्यवस्था, विद्रोही कोरह, दातान र अबीराममाथि दण्ड, हारूनको पूजाहारी वंशको पुष्टिकरण र पवित्रस्थान र अशुद्धतासित सम्बन्धित व्यवस्थाहरूको क्रम छ। केही विद्वानहरूले यो क्रमलाई उद्देश्यहीन मान्छन्, यो भागले इस्राएलप्रति परमेश्वरको अनुग्रह देखाउँछ। दण्डको सन्देशपछि बलिसम्बन्धी व्यवस्थाको नवीकरणको साथमा, परमेश्वरले आफ्ना मानिसहरूलाई त्याग्नुभएको छैन भनी देखाउनुहुन्छ। जसरी सीनैको व्यवस्थाले उहाँका मानिसहरूप्रति परमेश्वरको अनुग्रहपूर्ण वास्ता देखाउँछ, गन्तीको पुस्तकको व्यवस्थाले इस्राएल अनाज्ञाकारी भए पनि परमेश्वरले त्यसलाई वास्ता गर्नुहुन्छ भनी देखाउँछ। त्यही प्रकारले हारूनको पूजाहारी वंशको पुष्टिकरणले र पवित्रस्थानसित सम्बन्धित व्यवस्थाले इस्राएलका निम्ति पवित्रस्थानको र पूजाहारी पदको अझै महत्त्व रहेको देखाउँछ। परमेश्वरले इस्राएललाई भुल्नुभएको छैन, उहाँ आफ्ना मानिसहरूको माझमा बास गरिरहनुहुनेछ।

अध्याय २१ मा विद्रोहको कारण मानिसहरू अग्निमय सर्पहरूले सताइए।[४९] मानिसहरूले गरेका पश्चात्तापको जवाफमा परमेश्वरले मोशालाई एउटा खामोमा काँसाको सर्प झुन्ड्याउन लगाउनुभयो। त्यो सर्पलाई हेर्दा सर्पले डसेकाहरू बाँच्नेथिए। यूहन्नाको पुस्तकमा येशूले यसलाई विश्वासद्वारा उहाँलाई हेर्ने सबैका निम्ति बचाउने कार्यको नमुनाको रूपमा औंल्याउनुभयो।[५०]

### इस्राएल मोआबको मैदानमा (गन्ती २२:१-४; ६:१३)

गन्तीको पुस्तकको अन्तिम भागले इस्राएल दोस्रोचोटि कनान प्रवेश गर्न तयार भएको देखाउँछ। यी अध्यायहरू यो पुस्तक सुरु भएको करिब चालीस वर्ष पछिका हुन्। अनाज्ञाकारिताको कारण एघार दिनको यात्रालाई चालीस वर्ष लाग्यो।[५१]

---

४६ गन्ती ११:१-३

४७ गन्ती ११:४-३५

४८ गन्ती १२:१-१६

४९ गन्ती २१:४-९ "अग्निमय सर्पहरू" ले सायद विषालु सर्पहरूलाई बुझाउँछ।

५० यूहन्ना ३:१४-१६

५१ व्यवस्था १:२-३

बीचका वर्षहरूमा अविश्वासी इस्राएलीहरूको सम्पूर्ण पुस्ता मरेर गयो। गन्ती १५-२१ मा भएका कुनै पनि मृत्यु शत्रुको आक्रमणबाट भएको थिएन। अविश्वासी पुस्ताको मृत्यु परमेश्वरको दण्डको परिणाम थियो, इस्राएलका शत्रुहरूको सामर्थ्यको परिणाम थिएन।[५२]

इस्राएलले मोआबको देशमा पर्खेर बस्दा मोआबी शासक बालाकले इस्राएलमाथि सरापको घोषणा गर्न बालामलाई भाडामा बोलाए। परमेश्वरले बालामको सरापलाई मानिसहरूका निम्ति आशिषमा परिणत गरिदिनुभयो। बालामको आशिषमा पुरानो करारको मसीहसम्बन्धी एउटा महान् अगमवाणीहरू सामेल छन्। इस्राएल अनाज्ञाकारी भए पनि परमेश्वरले आफ्नो जातिलाई निरन्तर संरक्षण गर्नुभयो।

परमेश्वरले इस्राएललाई रक्षा गर्नुभएको यो कथाको लगत्तै दण्ड दिइएको अर्को कथा छ। इस्राएल मोआबका देवताहरूतिर लाग्यो, त्यसैले महामारीद्वारा दण्ड पायो, जुन बेला २४ हजार इस्राएली मरे।[५३] फेरि, अनाज्ञाकारिताका परिणामहरू स्पष्ट छन्।

त्यसपछि दोस्रो जनगणना हुन्छ, मोआबको मैदान छोड्ने तयारी हुन्छ, बलिसम्बन्धी व्यवस्थाको समीक्षा गरिन्छ, र देशको विभाजनको बारेमा निर्देशनहरू दिइन्छ। परमेश्वरले आफ्ना मानिसहरूलाई भुल्नुभएन।

| पुरानो पुस्ता (गन्ती १-१४) | नयाँ पुस्ता (गन्ती २१-३६) |
|---|---|
| पहिलो जनगणनाः ६,०३,५५० लडाकूहरू (गन्ती १) | दोस्रो जनगणनाः ६,०१,७३० लडाकूहरू (गन्ती २६) |
| सीनैदेखि कादेशसम्मको यात्रा | कादेशदेखि मोआबसम्मको यात्रा |
| पवित्रकरण सम्बन्धी नियमहरू(गन्ती ४-९) | भेटीहरू र भाकलसम्बन्धी नियमहरू (गन्ती २८-३०) |

## नयाँ करारमा गन्तीको पुस्तक

पावलले कोरिन्थीहरूका निम्ति चेताउनीको रूपमा मोआबमा इस्राएलले गरेको पाप, तिनीहरूले अगुवालाई इन्कार गरेका, र तिनीहरूका गनगन उल्लेख गर्छन्। नयाँ करारका विश्वासीहरू त्यसरी नै असफल बन्ने खतरामा थिए। पावलले चेताउनी दिए,"यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होसियार रहोस्, नत्रता त्यो लड्नेछ।" यस्तो चेताउनी दिँदै पावलले आफ्ना पाठकहरूलाई उत्साह दिन्छन्: "मानिसलाई आइपर्ने परीक्षबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाका साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ- यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"[५४]

हिब्रूको पुस्तकमा, लेखकले ख्रीष्टियानहरूलाई त्यो अविश्वासको विरुद्ध चेताउनी दिन्छन्, जसको कारण इस्राएलीहरू कनानमा प्रवेश गर्न पाएका थिएनन्। इस्राएलीहरूले आफ्ना हृदय कठोर पारेका कारण तिनीहरूलाई प्रतिज्ञाको देशमा पस्नबाट रोकियो। त्यसरी नै, अविश्वास गर्ने दुष्ट हृदय भएका हिब्रूका पाठकहरू सुसमाचारद्वारा प्रतिज्ञा गरिएको शबाथको

५२ त्यसरी नै यहोशूको पुस्तकमा भएका मृत्युहरू आकानको पापले गर्दा भएका थिए, ऐ सहरको सामर्थ्यको कारणले होइन।

५३ गन्ती २५:१-९

५४ १ कोरिन्थी १०:१-१३

विश्राममा प्रवेश गर्नेछैनन्।[५५]

## व्यवस्था

## विषयवस्तु: नवीकरण

व्यवस्थाको पुस्तक पुरानो करारको एउटा सबैभन्दा महत्त्वपूर्ण पुस्तक हो। यो पञ्चग्रन्थको पराकाष्ठा र ऐतिहासिक पुस्तकहरूका जग हो। पुरानो करारको बाँकी भागमा अगमवक्ताहरूले व्यवस्थामा सिकाइएका सिद्धान्तहरू अनुसार इस्राएललाई नाप्दछन्।व्यवस्था नाउँको अर्थ "दोस्रो व्यवस्था" हो। दोस्रो व्यवस्था नयाँ होइन, तर नयाँ पुस्ताका निम्ति करारको नवीकरण हो। इस्राएल मरुभूमिमा अविश्वासी भए पनि परमेश्वरले आफ्ना मानिसहरूलाई भुल्नुभएको छैन। व्यवस्थाको पुस्तकले अब्राहाम र मोशाका करारहरू अझै पनि प्रभावी छन् भनी देखाउँछ।

**व्यवस्था र पुरानो नियम**




## व्यवस्थाको पुस्तकको सामान्य सर्वेक्षण

व्यवस्थाको पुस्तकमा मोशाका तीनवटा वाणीहरू छन्। यी वाणीहरूले इस्राएलको विगतको इतिहास हेर्दछ अनि परमेश्वरका मानिसहरूका रूपमा तिनीहरूको भविष्यतिर हेर्दछ।

### वाणी १- ऐतिहासिक परमेश्वरले के गर्नुभएको छ(व्यवस्था १-४)

तिनको पहिलो वाणीमा, मोशाले इस्राएलको इतिहास समीक्षा गर्छन्। यो एउटा ऐतिहासिक समीक्षा मात्र होइन, यो इतिहासको एक ईश्वरशास्त्र हो। मोशाले इस्राएलको इतिहासको समीक्षा गरेर करार पालन गर्नुको महत्त्व देखाउँछन्। तिनले इस्राएलको अनाज्ञाकारिताका प्रतिफलहरू देखाउँछन्, जुन बेला तिनीहरूले कनानमा प्रवेश गर्न इन्कार गरेका थिए। त्यसपछि तिनले इस्राएल परमेश्वरका आज्ञाहरूप्रति आज्ञाकारी हुँदा परमेश्वरको सुरक्षा रहेको देखाउँछन्। मोशाले उदाहरणको रूपमा आफैलाई औंल्याउँछन्, जो उसको अनाज्ञाकारिताको कारण कनानबाट बाहिर राखिएका थिए। इस्राएलले करार भुल्नुहुँदैन।[५६]

पहिलो वाणीले पछिको पुरानो करारका इतिहासका निम्ति महत्त्वपूर्ण धर्मशास्त्रीय जग बसाल्दछ।[५७]बाँकी पुरानो करारको इतिहासले यो सिद्धान्त प्रकट गर्दछ। जब इस्राएल आज्ञाकारी भयो परमेश्वरले त्यसलाई आशिष् दिनुभयो, जब त्यो मूर्तिपूजातिर लाग्यो, परमेश्वरले त्यसलाई निर्वासनमा पठाउनुभयो।

---

५५ हिब्रू ३:७-४:१३

५६ व्यवस्था ४:९,२३

५७ बाइबल विद्वानहरू यस सिद्धान्तलाई "व्यवस्था विवरणको ईश्वरशास्त्र" वा "दण्डको ईश्वरशास्त्र" भन्ने गर्छन्। यो ऐतिहासिक पुस्तकहरू, अगमवाणीमय पुस्तकहरूको जग हो, र यो गलाती ६:६-७ मा दोहोर्‍याएर भनिएको छ।

## वाणी २- कानुनी: परमेश्वरले गर्नुभएको माग (व्यवस्था ५-२६)

व्यवस्थाको पुस्तकको मुख्य कुरा करार दोहोऱ्याइनु हो । व्यवस्था ५-११, मोशाले व्यवस्थाका सामान्य सर्तहरू दोहोऱ्याउँछन्, व्यवस्था १२-२६ मा मोशाले व्यवस्थालाई इस्राएली समाजको विशेष अवस्थाहरूमा प्रयोग गर्छन्। यी अध्यायहरूले त्यो करार कनानमा इस्राएलीहरूको जीवनमा कसरी लागू हुन्छ सो देखाउँछ ।[५८]

मोशाले गरेको व्यवस्थाको समीक्षा दश आज्ञाको समीक्षासहित सुरु हुँदछ । त्यस करारको जगमा रहेको रहेको दुईवटा सिद्धान्त परमेश्वरको भय अनि परमेश्वरको प्रेम हुन् ।

व्यवस्था ५:२९ मा परमेश्वरले भन्नुभयो, "मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरूका हृदय भए त हुनेथियो, यसैले कि तिनीहरू र तिनीहरूका सन्तानको भलो सधैंभरि होस्!" परमेश्वरप्रतिको उचित भयले इस्राएललाई सुरक्षा गर्नेछ ।

व्यवस्था ६:४,५ मा मुख्य करार छः "हे इस्राएल सुनः परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहन्छः तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्ना सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर ।"[५९]येशूले पहिलो र सबैभन्दा महान् आज्ञामा यसलाई औंल्याउनुभएको छ ।[६०]

यी दुईवटा सिद्धान्त, परमेश्वरको भय र परमेश्वरको निम्ति प्रेम परस्पर विरोधी होइनन् । भय र प्रेम, यी दुवै सम्बन्धका शब्दहरू हुन् । पुरानो करारमा परमेश्वरको भय मान्नुको अर्थ उहाँसित उचित सम्बन्धमा जिउनु भन्ने हुन्थ्यो । परमेश्वरको भय दासको जस्तो लुरुक्क पर्ने डर होइन, यो परमेश्वर को हुनुहुन्छ भन्ने उचित समझ र उहाँ प्रतिको हाम्रो प्रतिक्रिया हो । भय र प्रेम दुवै सकारात्मक शब्दहरू हुन् ।

यो भाषणको बाँकी भागले दुईवटा सिद्धान्त निर्माण गर्दछ र तिनलाई दैनिक जीवनमा लागू गर्दछ । दश आज्ञा अनि कनानको जीवनमा व्यवस्था लागू हुने कुरा दोहोऱ्याएर मोशाले दैनिक जीवनमा कसरी परमेश्वरको भय र परमेश्वरको निम्ति प्रेम प्रकट गरिन्छ त्यो देखाउँछन् । व्यवस्था नियमहरूको सूची मात्रभन्दा बढी थियो, यो प्रेमको सम्बन्धमा जिउनका निम्ति एउटा साधन थियो ।

## भाषण ३- अगमवाणीमयः परमेश्वरले के गर्नुहुनेछ(व्यवस्था २७-३१)

भविष्यतिर हेर्नु, मोशाको अन्तिम भाषणले इस्राएललाई नेतृत्व यहोशूमा सार्न तयार पार्दछ अनि इस्राएललाई करारप्रति विश्वासयोग्य रहने चुनौती दिन्छ ।

व्यवस्था २७-२८मा इस्राएल कनानमा प्रवेश गरेपछि गर्नुपर्ने करार नवीकरण समारोहका निम्ति निर्देशनहरू छन् । त्यो समारोहमा, इस्राएलले शकेममा एउटा वेदी बनाउनुपर्छ, त्यो एबाल डाँडा र गीरीज्जीम डाँडा बीचको सहर थियो । ती कुलहरू दुईवटा समूहमा विभाजित हुनेछन्, आधा कुल एउटा डाँडामा र अर्को डाँडामा अर्को । लेवीहरूले करारका चेताउनीहरू घरीघरी दोहोऱ्याएर भन्थे, अनि मानिसहरू करारका आशिषहरू र सरापहरू भन्दै जवाफ दिन्थे । त्यो समारोह यहोशू

---

५८ एउटा उदाहरण व्यवस्था २२:८ हो । "नयाँ घर बनाउँदा छतमा चारैतिर बार लगाओ, र त्यस कोही बाटो लोट्यो भने मृत्युको दोष तिमीहरूको घरलाई लाग्नेछैन ।" प्रस्थान वा लेवीको पुस्तकमा यो नियम सामेल गरिएको छैन । घर निर्माणसँग सम्बन्धित नियमहरू मरुभूमिमा बस्ने मानिसहरूका निम्ति आवश्यक थिएन । ती नियमहरू कनानमा स्थापित सहरहरूको नयाँ वातावरणमा मात्र लागू हुन्थ्यो । यो प्रयोग नयाँ हो, तर सिद्धान्तचाहिं नयाँ होइन । व्यवस्था २२:८ ले पहिलेबाटै भनिएको सिद्धान्त लागू गर्छ, "आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर ।" (लेवी १९:१८ यो प्रस्थान२०:१३ सित सम्बन्धित छ,"तैंले हत्या नगर्नू"(*इङ्लिस स्ट्यान्डर्ड भर्सन* हत्या नगर्नुभन्दा आज्ञा पूरा गर्नु ठुलो कुरा हो, यो अरू मानव प्राणीको सक्रिय सुरक्षा हो- जुन सिद्धान्त येशूले मत्ती ५:२१-२४ मा दोहोऱ्याउनुभएको छ ।

५९ व्यवस्था ६:४-५ लाई *शेमा भनिन्छ ।*

६० मत्ती २२:३८

८:३०-३५ मा आयोजना गरिएको थियो। यो नयाँ पुस्तालाई करारका कर्तव्यहरू सम्झाउने नाटकीय तरिका थियो।

व्यवस्था २९-३० मा मोशाको अन्तिम सन्देश छ। इस्राएललाई विगतमा परमेश्वरको विश्वासयोग्यता स्मरण गराएपछि मोशाले इस्राएल अरू देवताहरूतिर लाग्ने र निर्वासनमा लगिने भविष्यवाणी गर्दछ। तापनि, तिनले तिनीहरूलाई फर्काएर ल्याउने परमेश्वरको दयाको भविष्यवाणी पनि गर्दछन्। मोशाले विकल्प दिँदै समाप्त गर्छन्: "आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राकेको छु। अब जीवन नै रोज, यसैले कि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक।"[६१]

व्यवस्था ३१मा, मोशाले यहोशूलाई आफ्नो उत्तराधिकारी नियुक्त गर्दछ र प्रत्येक सात वर्षमा हुने पवित्रस्थानको चाँडमा व्यवस्था पढेर सुनाउने प्रबन्ध गर्दछ। यसले प्रत्येक पुस्तालाई व्यवस्थाका प्रबन्धहरू स्मरण गराउँछ।

### परिशिष्टहरू(व्यवस्था ३२-३४)

परमेश्वरको निर्देशनमा मोशाले इस्राएललाई करारको सम्झना गर्न सहायता गर्ने प्रबन्ध गरे। मोशाले इस्राएललाई एउटा स्तुति-गान सिकाए, त्यसमा करारको सार थियो। यो स्तुति-गानले इस्राएलप्रति परमेश्वरको विश्वासयोग्यताको समीक्षा गर्दछ, भविष्यमा इस्राएलले विद्रोह गर्ने र निर्वासनमा जाने भविष्यवाणी गर्दछ र परमेश्वरले क्षमा गर्नहुने र पुनर्स्थापित गर्नुहुने प्रतिज्ञा गर्दछ। व्यवस्था ३२ को स्तुति-गान करारको प्रबन्धहरूको अर्को सम्झनाको निम्ति हो।

व्यवस्था ३३ मा मोशाले प्रत्येक कुललाई दिएका आशिष् छ। जसरी कुलपिताले आफ्नो सन्तानलाई आशिष् दिन्छ, त्यसरी नै मोशाले प्रत्येक कुलमाथि आशिषको घोषणा गर्दछन्।[६२]

व्यवस्था ३४ मृत्युको सूचना हो जुन यहोशूले लेखेका हुन सक्छ। मोशाले मेरीबामा गरेका पापको कारण तिनलाई प्रतिज्ञाको देशमा प्रवेश गर्न दिइएन।[६३] तापनि, परमेश्वरले मोशालाई नेबो डाँडाबाट त्यो देश हेर्ने अनुमति दिनुभयो। परमेश्वरले मोशालाई मोआबमा गाड्नुभयो, र यहोशू इस्राएलीहरूका अगुवा बने।

## पछिको पुरानो करारमा व्यवस्था

व्यवस्थाको पुस्तकको करारले पछिबाट इस्राएलको विरुद्धमा आउने अगमवाणीय विषयको आधार प्रदान गर्दछ। इस्राएलका अगमवक्ताहरू परमेश्वरप्रति इस्राएलको अविश्वासयोग्यता देखाउँदा व्यवस्थाको पुस्तकलाई औंल्याउँछन्। व्यवस्थाको पुस्तकको ढाँचाले त्यो नमुना पछ्याउँछ, जुन मोशाको समयको राजनीतिक करारहरू वा लेखहरूमा सामान्य रूपमा पाइन्थ्यो। मिश्रबाट आउँदा इस्राएलीहरू यो ढाँचासित परिचित थिए र त्यसले तिनीहरूलाई परमेश्वरसित तिनीहरूको करारको गम्भीरतालाई बुझ्न सहायता गर्दथ्यो।

खेदको कुरा, इस्राएलले चाँडै आफ्ना प्रतिज्ञाहरू भुल्यो र करार भङ्ग गर्‍यो। न्यायकर्ताका पुस्तकसम्म आइपुग्दा इस्राएलले पहिलेबाटै करार त्याग्न थालिसकेको थियो। न्यायकर्ता, राजाहरू र अगमवक्ताका पुस्तकहरूले इस्राएलीहरू व्यवस्थाको पुस्तकमा प्रस्तुत गरिएका करारप्रति विश्वासयोग्य रहन चुकेको कुरा देखाउँछ।

---

६१ व्यवस्था ३०:१९

६२ याकूबले कुलहरूलाई त्यसरी नै आशिष दिएका कुराका निम्ति हेर्नुहोस्, उत्पत्ति ४९।

६३ गन्ती २०

| इस्राएलसित परमेश्वरको करार | |
|---|---|
| **प्राचीन निकट पूर्वका सन्धिहरू** | **इस्राएलसित परमेश्वरको करार** |
| त्यो सन्धिको परिचय गराउने प्रस्तावना | व्यवस्था १:१-५ |
| दुई पक्ष बीचको सम्बन्धको समीक्षा गर्ने ऐतिहासिक प्रस्तवना | व्यवस्था १:६-४:४९ |
| करारका सर्तहरू | व्यवस्था ५:१-२६:१९ |
| करार भङ्ग गर्दा वा पालन गर्दा आउने सरापहरू र आशिषहरू | व्यवस्था २७:१-२८:६८ |
| समय-समयमा व्यवस्था पढ्ने प्रबन्ध | व्यवस्था ३१:९-२९ |
| करारका साक्षीहरूका सूची | व्यवस्था ३२:१-४७ |

## नयाँ करारमा व्यवस्थाको पुस्तक

नयाँ करारको पुस्तकमा व्यवस्थाको पुस्तकको वचन असी पटकभन्दा बढी उद्धृत गरिएको छ, यो पुरानो करारका पुस्तकहरूमध्ये बारम्बार उद्धृत गरिएको पुस्तक हो। व्यवस्थाको पुस्तकले परमेश्वरले मोशाजस्तै अगमवक्ता खडा गर्नुहुनेछ भनी प्रतिज्ञा गऱ्यो, यो प्रतिज्ञा येशूको सांसारिक सेवकाइमा पूरा भयो।[६४]येशूले उजाड्-स्थानमा शैतानको परीक्षमा धेरैचोटि व्यवस्थाको पुस्तकबाट उद्धृत गर्नुभयो।[६५]

## निष्कर्ष: पञ्चग्रन्थ आज बोल्दछ।

धेरैवटा मण्डलीले पञ्चग्रन्थका धेरै भागलाई बेवास्ता गर्दछ। सृष्टि र जलप्रलयका कथाहरू सृष्टि र विकासवादको विषयमा छलफलका निम्ति बाल-बालिकाहरूका पाठ र खण्डका निम्ति आधार हुन्। दश आज्ञा सन्डे स्कुलमा कण्ठ गरिन्छ। तापनि, धेरै जना ख्रीष्टियानले प्रस्थानदेखि व्यवस्थासम्मका धेरैवटा खण्डहरूलाई बेवास्ता गर्दछन्। यो खेदको कुरा हो, किनकि यी पुस्तकहरू[एक्काइसौं]शताब्दीका ख्रीष्टियानहरूका निम्ति महत्त्वपूर्ण छन्।

प्रस्थानको पुस्तकले मानव जातिलाई छुटकारा दिने र सम्बन्ध निर्माण गर्ने परमेश्वरको योजनाको नुमना देखाउँछ। सही प्रकारले बुझ्दा, व्यवस्थाले उहाँका मानिसहरूसित सम्बन्ध स्थापना गर्ने र त्यसलाई थामेर राख्ने परमेश्वरको चाहना प्रकट गर्दछ। इस्राएललाई जस्तै हामीलाई परमेश्वर भन्नुहुन्छः "नडराओ, किनकि परमेश्वर तिमीहरूलाई जाँच्नलाई, र उहाँको भय तिमीहरूका सामु रहोस्, र तिमीहरूले पाप नगर भनेर आउनुभएको छ।"[६६] परमेश्वरसित सही सम्बन्ध भन्नुको अर्थ हामीले कुनै कुराको डर मान्नु पर्दैन भन्ने हो।

लेवीहरूको पुस्तकले पवित्रताको नमुना दिन्छ। यसले पवित्र परमेश्वरले पवित्र मानिसहरू चाहनुहुन्छ भन्ने देखाउँछ। बलिको व्यवस्था लागू नभए पनि पवित्रताका सिद्धान्तहरू परमेश्वरसित सही सम्बन्ध जिउनका निम्ति अहिले पनि आवश्यक छन्।

गन्तीको पुस्तकले मण्डलीलाई अनाज्ञाकारी नहुने चेताउनी दिन्छ। पुरानो करारमा, परमेश्वरका मानिसहरूलाई तिनीहरूका

६४ व्यवस्था १८:१४-२२, व्यवस्था ३४:१०-१२, यूहन्ना ६:१४

६५ व्यवस्था ६:१३,१६, ८:३, मत्ती ४:१-१०

६६ प्रस्थान २०:२०

अनाज्ञाकारिताका निम्ति दण्ड दिइएको थियो । आज, यदि हामी परमेश्वरका मानिसहरू अनाज्ञाकारी भयौं भने दण्ड पाउनेछौं ।

व्यवस्थाको पुस्तकले बदि्लंदा परिस्थितिहरूमा व्यवस्थाका सिद्धान्तहरू लागू गर्ने नमुना प्रस्तुत गर्दछ । व्यवस्थाको पुस्तकमा मोशाले इस्राएललाई प्रतिज्ञाको देशमा आफ्नो जीवनमा व्यवस्थाका सिद्धान्तहरू कसरी लागू गर्नुपर्छ त्यो सिकाए । हामी जिएका परिस्थितिहरू परिवर्तन हुन्छन्, परमेश्वरको व्यवस्थाका सिद्धान्तहरू परिवर्तन हुँदैनन । व्यवस्थाको पुस्तकको कथाले हामीलाई नयाँ परिस्थितिहरूमा बाइबलीय सिद्धान्तहरू कसरी प्रयोग गर्नुपर्छ सो सिकाउँछ ।

## पाठ ३ गर्नुपर्ने कार्यहरू

तलका गर्नुपर्ने कार्यहरूसहित यो पाठको बारेमा तपाईंको ज्ञान देखाउनुहोस्:

**१.** तलका कार्यहरूमध्ये**एउटा** चुन्नुहोस्:

विकल्प १: झुन्डमा गर्नुपर्ने कार्य

"व्यवस्थालाई नजिकबाट हेर्नु" पढेपछिलेवी १९अध्ययन गर्नुहोस । यस अध्यायको प्रत्येक आज्ञाका निम्ति सिकाइएको सिद्धान्त निश्चित गर्नुहोस्, त्यसपछि आजको संसारमा यो सिद्धान्त कसरी प्रयोग गर्न सकिन्छ सोबारे छलफल गर्नुहोस । तपाईंको झुन्डको प्रत्येक सदस्यले एउटा छोटो लेख लेख्नुपर्छ, त्यसमालेवी १९को कम्तिमा एउटा समकालिन प्रयोग देखाउनुहोस ।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्य ।

"व्यवस्थालाई नजिकबाट हेर्नु" पढेपछिलेवी १९अध्ययन गर्नुहोस । १-२ पन्नाको लेख लेख्नुहोस्, त्यसमा यस अध्यायको प्रत्येक आज्ञा लेख्नुहोस्, यसमा सिकाइएको सिद्धान्त निश्चित गर्नुहोस्, अनि त्यो सिद्धान्त आजको संसारमा कसरी लागू गर्न सकिन्छ त्यो देखाउनुहोस ।

**२.** यो पाठमा जाँच लिनुहोस । यो जाँचमा कण्ठ गर्न दिइएको बाइबल पद पनि सामेल हुनेछ ।

## पाठ ३ जाँच

**१.** इस्राएल मिश्रबाट प्रस्थान गरेको सबैभन्दा सम्भावित मिति कुन हुन सक्छ?

**२.** प्रत्येक पुस्तकको विषयवस्तु लेख्नुहोस्।

**३.** प्रस्थानको पुस्तकका मुख्य भागहरू लेख्नुहोस्।

**४.** इस्राएललाई मिश्रबाट छुटकारा दिइएको चित्रण गर्ने चारवटा घटना लेख्नुहोस्।

**५.** यहोवा र इस्राएलबीच सम्बन्ध स्थापना सुरु गर्ने प्रस्थानको पुस्तकका दुईवटा मुख्य घटना लेख्नुहोस्।

**६.** लेवीको पुस्तकमा पाइने प्रत्येक भेटीहरू पहिचान गर्नुहोस्।

- ....................: भेटी दान जसमा अर्को भेटी पनि हुन्छ
- ....................: पुरानो करारको मुख्य भेटी
- ....................: क्षतिपूर्ति आवश्यक पर्ने उल्लङ्घनहरूको सम्बोधन
- ....................: अनजानमा व्यवस्था उल्लङ्घन हुँदा गर्नुपर्ने प्रायश्चितहरू
- ....................: आराधक र परमेश्वरबीच सङ्गतिको आनन्द

**७.** लेवी १७-२७को....................ले इस्राएललाई दैनिक जीवनमा पवित्रताको उदाहरण दिने प्रकारले कसरी जिउनुपर्छ भनी सिकायो।

**८.** आज पुरानो करारको व्यवस्था प्रयोग गर्ने चारवटा चरण लेख्नुहोस्।

**९.** गन्तीको पुस्तकको तीन मुख्य भागहरू लेख्नुहोस्।

**१०.** व्यवस्थाको पुस्तकमा पाइने मोशाका तीनवटा वाणीहरू हुन्,...

**११.** स्मरणबाट प्रस्थान ३:१४, लेवी २०:७-८, रव्यवस्था ६:४-५ लेख्नुहोस्।

## पाठ ४

# यहोशूदेखि रूथ

### पाठका उद्देश्यहरू

१. यहोशू, न्यायकर्ता र रूथको मुख्य विषयवस्तुहरू लेख्न सक्ने हुनु ।

२. विजयका चारवटा मुख्य घटना र न्यायकर्ताहरूको कालको बारेमा जान्नु ।

३. नेतृत्व हस्तान्तरणका निम्ति तयारीको महत्त्व पहिचान गर्नु ।

४. यहोशूको पुस्तकमा यहोवा(वा पवित्र)को युद्धको विषयलाई बुझ्नु ।

५. यहोशू, न्यायकर्ता र रूथको सन्देशको आजको संसारका खाँचोहरूसँग सम्बन्ध देखाउनु ।

## पाठका निम्ति तयारी

*यहोशू, न्यायकर्ता र रूथका पुस्तकहरू पढ्नुहोस् ।*

*कण्ठ गर्नुहोस्, यहोशू १:८-९ ।*

## परिचय

| ऐतिहासिक पुस्तकहरू | | |
|---|---|---|
| ईश्वर-तन्त्र | यहोशू-रूथ | इ.पू. १४०५-१०४३ |
| राजतन्त्र | शमूएल- इतिहासका पुस्तकहरू | इ.पू. १०४३-५८६ |
| निर्वासनबाट फिर्ती | एज्रा-एस्तर | इ.पू. ५३६-४२० |

अङ्ग्रेजी बाइबलमा यहोशूदेखि स्तरसम्मका पुस्तकहरूलाई "ऐतिहासिक पुस्तकहरू" भनिन्छ । ती पुस्तकहरूले कनानको विजयदेखि इ.पू. ५८६ मा यरूशलेमको मन्दिर नष्ट पारिएको हुँदै इ.पू. ५३६ को सुरुमा फर्केको इस्राएलको इतिहासको जानकारी दिन्छन् ।

हिब्रू बाइबलमा, यी अधिकांश पुस्तकहरू (यहोशू, न्यायकर्ता, शमूएल र राजाहरू)लाई "अघिल्ला अगमवक्ताहरू" भनिन्छ। अगमवक्ताले मानिसहरूकहाँ परमेश्वरको सन्देश ल्याउँदछ। ऐतिहासिक पुस्तकहरू इस्राएलको विषयमा चाखलाग्दा कथाहरू मात्र नभएर त्योभन्दा बढी हो, तिनले परमेश्वरका मानिसहरूलाई परमेश्वरका सन्देश घोषणा गर्दछन्।

यहोशू र न्यायकर्ताको पुस्तकमा परमेश्वरले विश्वासीहरूलाई इनाम दिनुहुनेछ र अविश्वासीहरूलाई दण्ड दिनुहुनेछ भनी शिक्षा दिनुहुन्छ। राजाहरूको पुस्तकमा परमेश्वरले त्यो निर्वासन इस्राएलको विद्रोहको नतिजा थियो भनी देखाउनुहुन्छ। एज्रा र नहेम्याहको पुस्तकमा, परमेश्वरले इस्राएललाई उहाँले तिनीहरूलाई भुल्नुभएको छैन भनी आश्वासन दिनुहुन्छ। ऐतिहासिक पुस्तकहरूले उहाँका मानिसहरूप्रति परमेश्वरको विश्वासयोग्यता, इस्राएलप्रति उहाँको अनन्त दया देखाउँछ।

यी पुस्तकहरू उद्देश्यसहितको इतिहास हो। ती पुस्तकहरूले इस्राएलको करारको इतिहासमा परमेश्वरको काम देखाउँछ। यसकारण, यी पुस्तकहरू आजका ख्रीष्टियान पाठकहरूका निम्ति मूल्यवान् छन्, ती पुस्तकले मानिसको इतिहासमा उहाँको उद्देश्य पूरा गर्न परमेश्वरले कसरी काम गर्नुहुन्छ सो देखाउँछ।

पहिलो तीनवटा ऐतिहासिक पुस्तकले राजतन्त्र(परमेश्वरद्वारा शासित) इस्राएलको सुरुको इतिहास उल्लेख गर्दछ। परमेश्वरको प्रतिनिधिको रूपमा मोशा र यहोशूको साथमा यस प्रकारको प्रशासन सफल थियो। खेदको कुरा, न्यायकर्ताहरूको समयमा इस्राएलको अविश्वासयोग्यताले सामाजिक समस्याहरू उत्पन्न गर्‍यो। जाति(राष्ट्र)लाई एकतामा राख्न राजतन्त्र(राजाहरूद्वारा शासित) आवश्यक बन्यो।

## यहोशू

### विषयवस्तुः कनानमाथि विजय

इस्राएललाई दासत्वबाट छुटकारा दिनु उहाँका मानिसहरूका निम्ति परमेश्वरको योजनाको सुरुवात थियो, कनानमाथि अधीनता गर्नु परमेश्वरले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा भएको अर्को चरण थियो। यहोशूको पुस्तकमा, ईश्वरीय लडाकूले उहाँका मानिसहरूलाई प्रतिज्ञाको विश्राममा ल्याउँदछ। यहोशूको पुस्तकले प्रस्थानले सुरु गरेको कथालाई अगाडि बढाउँछ र गन्तीको पुस्तकमा इस्राएलको अनाज्ञाकारिताको कारण विलम्ब भयो।

यहोशूको पुस्तकले इस्राएल परमेश्वरप्रति विश्वासी रहँदा परमेश्वर तिनीहरूप्रति विश्वासयोग्य रहनुभएको देखाउँछ। परमेश्वरप्रति विश्वासयोग्य रहँदा उहाँको आशिष् ल्याउँछ, यो व्यवस्थाको पुस्तकमा सिकाइएको सिद्धान्त हो। यो कुरा यरीहोमा र यहोशू १०मा राजाहरूको गठबन्धनको विरुद्ध भएको युद्धमा दर्शाइएको छ। परमेश्वरको आज्ञा उल्लङ्घनले उहाँको दण्ड ल्याउँछ, यो कुरा ऐ सहरमा देखाइयो। यस प्रकारले यहोशूको पुस्तकले इस्राएलको पछिको इतिहासको पूर्वझलक दिँदछ।

### लेखक र मिति

यहोशूको पुस्तकका घटनाहरू इ.पू. १४०५-१३८० को अवधिमा भएका हुन्। यस कालमा कनान नामका लागि मात्र मिश्रको अधीनमा थियो, तर मिश्रको प्रत्यक्ष शासन त्यत्ति थिएन। फलस्वरूप, कनानीहरूले इस्राएलको आक्रमणको विरुद्ध संगठित फौज प्रस्तुत गर्न सकेन।

यहोशूको पुस्तक सम्भवतः यस पुस्तकमा उल्लेखित घटनाहरूभन्दा पछि लेखिएको हो। यहोशू २४:२६ ले यस पुस्तकका लेखक यहोशू नै भएको संकेत दिँदछ। व्यवस्थाको पुस्तकमा झैं यसमा पनि लेखकको मृत्युको विवरण दिन पदहरू थपिएका थिए।[६७]

---

६७ यहोशू २४:२९-३१

# यहोशूको पुस्तकको सामान्य सर्वेक्षण

## कनानमाथि विजयः यहोशू १-१२

### (यहोशू १-५)पार गरेर देशभित्र पसेका

यहोशूको पुस्तक मोशाको मृत्युपछि परमेश्वर यहोशूकहाँ देखापर्नुभएको बाटघटना सुरु हुँदछ। परमेश्वरले उहाँ मोशाको साथमा रहनुभए जस्तो यहोशूको साथमा रहने प्रतिज्ञा गर्नुभयो।

विजयको निम्ति तयारी गर्दै यहोशूले दुई जना जासुसलाई त्यो देश, विशेष गरी यरीहोको भेद लिन पठाए। ती जासुसहरूलाई राहाबले रक्षा गरी, जो त्यस सहरकी वेश्या थिई। राहाबले जासुसहरूसँग इस्राएलले त्यो सहरमाथि विजय पाउँदा उसलाई रक्षा गरिओस् भनी बिन्ती गरिन्। उसले इस्राएलका परमेश्वरमा आफूले विश्वास गरेकी साक्षी दिइन्। अनुग्रहबाट विश्वासद्वारा मुक्ति पाउने पुरानो करारको मुक्तिको उदाहरणमा यस अन्यजाति वेश्याले इस्राएललाई दिइएका प्रतिज्ञाहरू प्राप्त गरिन् अनि मसीहको वंशको सदस्य बनिन्।[६८]

इस्राएललाई दक्षिणतिरबाट (सिधा बाटो) कनानमा प्रवेश गर्न नलगाएर परमेश्वरले यहोशूलाई ती कुलहरूलाई यर्दन नदीबाट भएर जान लगाउनुभयो। मोशाको नेतृत्वमा लाल-समुद्र तरेझैं यो आश्चर्यकर्मले यहोशू परमेश्वरका मानिसहरूका निम्ति उहाँद्वारा चुनिएका अगुवा हुन् भनी पुष्टि गर्‍यो।[६९]

यर्दन तरेपछि यहोशूले दुईवटा करारका सम्झनाहरू फेरि स्थापित गरे। पहिलो, वर्षौंसम्म भौंतारिएको बेला इस्राएलले खतनाको विधिलाई बेवास्ता गरेको थियो, पुरुषहरूको खतना गरियो। दोस्रो, प्रतिज्ञाको देशमा पहिलोचोटि निस्तार-चाड पालन गरियो।

### देश कब्जा गरेको(यहोशू ६-१२)

कनानको विजयले इस्राएल परमेश्वरप्रति विश्वासयोग्य भएको देखाउँछ, परमेश्वरले तिनीहरूलाई आफ्ना शत्रुहरूमाथि विजय दिनुभयो। यरीहोको वरिपरि हिँड्नू भन्ने परमेश्वरको आज्ञा पालन गरेर इस्राएलले ठुलो विजय प्राप्त गर्‍यो। तापनि, कानको पापको कारण इस्राएल धेरै सानो सहर ऐ-को विरुद्धमा पराजित भयो। आकानलाई दण्ड दिइएपछि परमेश्वरले इस्राएललाई ऐ-माथि, त्यसपछि बेथेलमाथि विजय दिनुभयो।

गिबोनीहरूको कथाले अगुवाहरूलाई चेताउनी दिने काम गर्दछ। परमेश्वरको योजना यहोशूले कनानका सबै मानिसलाई पराजित गरोस् भन्ने थियो। कनानको एउटा सहर, गिबोनका अगुवाहरूले यहोशूलाई धोका दिए, तिनीहरूले आफूहरू टाढाबाट आएका बहाना बनाए। यहोशूले परमेश्वरको निर्देशन नखोजी गिबोनीहरूसित सन्धि गरे।[७०]त्यो मूर्ख निर्णयको परिणामले इस्राएलका निम्ति सयौं वर्षपछि दाऊदको शासनसम्म दुःख दियो।[७१]

त्यो सन्धिको तात्कालिक परिणामस्वरूप दक्षिणबाट कनानी राजाहरूले गिबोनमाथि आक्रमण गरे। त्यो सन्धिको कारण इस्राएल गिबोनलाई बचाउन अगि आयो। परमेश्वर इस्राएलको पक्षमा लड्नुभयो, अनि त्यो दिन सूर्य आकाशमा अडियो, परमेश्वरले इस्राएलका शत्रुहरूमाथि ठुला-ठुला असिना झारिदिनुभयो। यहोशू १०को सुरुदेखि अन्त्यसम्म उहाँका मानिसहरूको पक्षमा परमेश्वरको शक्तिको विषय घरीघरी दोहोरिन्छ।

---

६८ मत्ती १:५

६९ यहोशू ३-४, प्रस्थान १४-१५ सँग तुलना गर्नुहोस्। विशेष गरी हेर्नुहोस्, यहोशू ४:१४

७० यहोशू ९:१-२७

७१ २ शमूएल २१:१-१४

- "परमप्रभुले तिनीहरूलाई युद्धमा पराजित गर्नुभयो ।"
- "परमप्रभुले ठुला-ठुलालाई खसालिदिनुभयो ।"
- "परमप्रभुले एमोरीहरूलाई इस्राएलीहरूको हातमा सुम्पिदिनुभयो ।"
- "परमप्रभु इस्राएलको पक्षमा लड्नुभयो ।"

कनानीहरूमाथिको विजय परमेश्वरको शक्तिद्वारा प्राप्त भएको थियो, इस्राएलको सामर्थ्यद्वारा होइन ।

यहोशू ११ ले उत्तरी कनानमाथि भएको विजयको वर्णन गर्दछ । यहोशू १२को अन्त्यमा, करिब सात वर्षको विजयपछि इस्राएलले कनानको धेरैजसो भाग कब्जा गर्दछ ।

## कनानमा बसोबासः यहोशू १३-२४

### देशको भागबण्डा(यहोशू १३-२१)

अब इस्राएलले त्यो देशलाई प्रभावकारी रूपमा नियन्त्रण गरेको थियो, तापनि त्यहाँका रैथानेहरूद्वारा बेला-बेला विरोध हुन्थ्यो । प्रत्येक कुलहरूलाई विजय पूरा गर्ने जिम्मेवारी दिइएको थियो । खेदको कुरा, न्यायकर्ताहरूको पुस्तकले देखाउँछ, ती कुलहरूले यो कार्य पूरा गरेनन् ।

यहोशू १४-१९ ले कुलहरूको बीचमा देशको जमिन भागबण्डा गरिएको वर्णन गर्दछ । इस्राएलको इतिहासमा छवटा शरण-नगरहरू र अठचालीस वटा सहर लेवीहरूका निम्ति छुट्ट्याइनु खास महत्त्वको कुरा थियो । शरण-नगरहरूले संयोगवश कसैको हत्या गर्ने व्यक्तिलाई सुरक्षा प्रदान गर्थ्यो ।[७२] भागेर शरण-नगर जाने व्यक्तिले मारिएको व्यक्तिको परिवारले लिन सक्ने अन्यायपूर्ण बदलाबाट सुरक्षा पाउँथ्यो । त्यसको साथसाथै त्यो हत्यारा प्रधान पूजाहारीको मृत्यु नहुञ्जेल त्यो नगरमा बस्न पर्ने तथ्यले मोशाको व्यवस्थामा मानव जीवनको ठुलो मूल्य भएको देखाउँछ, यहाँसम्म कि संयोगवश भएको मृत्युलाई पनि गम्भीरतासाथ लिइन्थ्यो ।

लेवीहरूले सम्पत्तिको रूपमा तिनीहरूका आफ्नै जग्गा-जमिन पाएनन् । बरु, त्यो कुल देशभरि फैलियो, यसरी तिनीहरू सारा इस्राएललाई आत्मिक मार्गदर्शन गर्दै मानिसहरूका बीचमा बसे ।

### त्यो देशमा परमेश्वरको सेवा गरेको(यहोशू २२-२४)

यो भाग त्यस जातिको एकताको उदाहरणको कथासहित सुरु हुँदछ । इस्राएल स्वतन्त्र कुलाहरूको सङ्घ थिएन, तिनीहरू एकमात्र परमेश्वरको सेवा गर्ने एउटा जाति थिए । यहोशू २३ र २४ ले यहोशू २३ र २४ ले इस्राएलीहरूलाई दिइएको यहोशूको अन्तिम चुनौती प्रस्तुत गर्दछ । व्यवस्थाको पुस्तकमा मोशाको अन्तिम भाषणको दृश्यमा जस्तै यहोशूले करार नवीकरणको समारोहमा इस्राएलीहरूलाई परमेश्वरप्रति तिनीहरूका प्रतिबद्धता पक्का गर्ने आह्वान गर्छन् । यो पुस्तक ११० वर्षमा यहोशूको मृत्यु भएको घटनासितै समाप्त हुँदछ ।

» मण्डलीको अगुवाको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा नेतृत्व सार्न तपाईंले आफ्नो मण्डलीलाई कसरी तयार पार्नुहुन्छ? यसरी नेतृत्व सार्ने कामको व्यावहारिक चरणहरू बारे छलफल गर्नुहोस् ।

व्यवस्थाको पुस्तकको अन्त्यमा, मोशाले यहोशूमाथि हात राख्छन्, जुन नेतृत्व सारेको चिन्ह थियो । यहोशूको पुस्तकको अन्त्यमा यहोशूले अर्को अगुवालाई नेतृत्व सारेको कुनै स्पष्ट संकेत छैन । बरु, न्यायकर्तामा आउने समस्याहरूलाई सङ्केत गर्दै एउटा वाक्यांशमा यहोशूले लेख्छन्, "यहोशूको जीवनभरि र यहोशू मरेपछि बाँचेका र परमप्रभुले इस्राएलका निम्ति गर्नुभएका सबै

७२ गन्ती ३५:९-१५

कार्यको विषय थाहा पाएका धर्म-गुरुहरूका जीवनभरि पनि इस्राएलीहरूले परमप्रभुकै सेवा गरे।"[७३]न्यायकर्ताको पुस्तकको सुरुवातले देखाउँछ कि यहोशूका पुस्तकका मूल्य-मान्यताहरू अर्को पुस्तामा सारिएन।

| व्यवस्थाको पुस्तक | यहोशू |
|---|---|
| करारको नवीकरणसित समाप्त हुँदछ(२९-३२) | करारको नवीकरणसित समाप्त हुँदछ(२३-२४) |
| महान् अगुवा मोशाको मृत्युसित समाप्त हुँदछ | महान् अगुवा यहोशूको मृत्युसित समाप्त हुँदछ |
| नेतृत्व सार्नका निम्ति प्रबन्धहरू | नेतृत्व सार्ने कुनै प्रबन्धहरू छैन |

## यहोवाको युद्धलाई नजिकबाट हेर्नु

यहोवाको युद्ध, वा पवित्र युद्ध व्यवस्था २०मा संचालित। यस अध्यायले हामीलाई इस्राएलका निम्ति युद्ध संचालन गर्ने मार्गनिर्देशन दिन्छ।

हालैका वर्षहरूमा दुईवटा कुराले कनानीहरूलाई नाश गर्नुपर्ने परमेश्वरका आज्ञाहरूबारे नयाँ छलफल सुरु गरेको छ। पहिलो, शङ्का गर्नेहरू यो आज्ञालाई औंल्याउँदै यहोवा रक्तपिपासु ईश्वर हुन्, जसको निन्दा गरिनुपर्छ, आराधना गर्नुहुँदैन भन्छन्। दोस्रो, इस्लाम धर्मको *जिहाद*, ठुल्ठुला क्षति, रुवान्डा र बोसनियाजस्ता ठाउँहरूमा भएका नरसंहारहरूले ख्रीष्टियानहरूमा यस्तो प्रश्न उत्पन्न गराउँछ, "के *जिहाद* यहोशूको पुस्तकमा आज्ञा गरिएझैं एउटा पवित्र युद्ध हो?" के पुरानो करारको इस्राएल अल्लाहको नाउँमा आज गरिने अत्याचार जत्तिकै दोषी थियो?

छोटो सर्वेक्षणमा यो प्रश्नको उत्तर दिन नसकिए पनि यहोशूको पुस्तक पढ्दा केही सिद्धान्तहरूको बारेमा विचार गर्नुपर्छ।[७४]

१. **यहोवाको युद्धले परमेश्वरको न्याय झल्काउँछ**। कनानीहरू (अरू सबै मानिसहरूजस्तै) पापी थिए, जो परमेश्वरको दण्डमा परेका थिए। बहस गर्नुपर्ने अचम्मको विषय परमेश्वरले कनानीहरूलाई नाश पार्नुभयो भन्ने होइन, तर उहाँले बाँकी मानव जातिलाई बचाउनु भयो भन्ने हो।[७५] सारा मानव जाति परमेश्वरको दण्ड पाउने योग्यको छ।

   राहाबले इस्राएलीहरूलाई दिएकी गवाहीले देखाउँछ, कि कनानीहरूले परमेश्वरको शक्तिको बारेमा सुनेका थिए।[७६] तापनि, राहाबलाई छोडेर अरू कुनै पनि कनानीले पश्चात्ताप गरेर परमेश्वरतिर फर्केनन्। राहाब (र पछिको पुस्ता, निनवे)लाई बचाउने परमेश्वरको इच्छाले यो संकेत गर्दछ कि कनानीहरूको पश्चात्तापले परमेश्वरको दया ल्याएको हुन सक्छ।

२. **यहोवाको युद्धले पृथ्वीमाथि परमेश्वरको सार्वभौमिकता देखाउँछ।** त्यो प्रतिज्ञाको देश (सारा पृथ्वीजस्तै) परमेश्वरको हो। परमेश्वरले कनानीहरूबाट त्यो देश खोस्नुभएन, त्यो देश परमेश्वरकै थियो, र उहाँले जसलाई चाहनुहुन्छ त्यसलाई

---

७३ यहोशू २४:३१, *इङ्लिस स्ट्यान्डर्ड भर्सन*

७४ यस विवादको विषयमा अधिक जानकारीका निम्ति पढनुहोस्:
स्टेनली गुन्ड्राइ, *तिनीहरूलाई कुनै दया नदेखाउनुः परमेश्वर अनि कनानीहरूको नरसंहारमाथि चारवटा विचार*, (ग्रान्ड ऱ्यापिड्स्: जोन्डर्भन, २००३)
पल कोपन, *के परमेश्वर एक नैतिक दैत्य हुनुहुन्छ? पुरानो करारका परमेश्वरलाई बुझ्नु*, (एडाः बेकर बुक्स, २०११)

७५ डेनिएल गार्ड स्टेनली गुन्ड्राइमा, *तिनीहरूलाई कुनै दया नदेखाउनुहोस्: परमेश्वर र कनानीहरूको नरसंहारमा चारवटा विचार*(ग्रान्ड ऱ्यापिड्स्: जोन्डर्भन, २००३), १४०

७६ यहोशू २:९-११

दिन सक्नुहुन्थ्यो । प्राचीन निकट पूर्वमा सबै युद्दलाई पवित्र युद्ध, देवताहरू बीचको युद्धको रूपमा हेरिन्थ्यो ।[७७]मिश्रका विपत्तिहरूमा यहोवाले आफैलाई मिश्रका देवताहरूभन्दा महान् प्रमाणित गर्नुभयो, कनानी सहरहरूको विनाशमा यहोवाले आफैलाई कनानीहरूका देवताहरूभन्दा महान् प्रमाणित गर्नुभयो । इस्राएलका कनानीहरू विरुद्धको युद्ध कनानीहरूका देवताहरूको विरुद्ध युद्ध थियो । इस्राएलको विजयले सारा संसारमा परमेश्वरको सार्वभौमिकता छ भन्ने देखायो ।

३. **यहोवाको युद्धले परमेश्वरको पवित्रता झल्काउँछ** । पवित्र परमेश्वरले आफ्ना मानिसहरूलाई कनानीहरूको मूर्तिपूजाको भ्रष्टताबाट बचाउन खोज्नुभयो । यस विषयको गम्भीरता न्यायकर्ताको पुस्तकमा देखिन्छ, इस्राएल चाँडै बचेका कनानीहरूका देवताहरूतर्फ आकर्षित भयो । कनानीहरूलाई पूर्ण रूपमा नाश पार्दा मात्र इस्राएल धर्मत्यागबाट बच्न सक्थ्यो । यहोशूको पवित्र युद्धले इस्राएल र जाति-जातिलाई परमेश्वरको पवित्र स्वभावको शिक्षा दियो ।

४. **यहोवाको युद्धले परमेश्वरको प्रेम झल्काउँछ** । उत्पत्ति ३:१५ देखि बाँकी पुरानो करारभरि परमेश्वरको उद्देश्य अब्राहामको वंशद्वारा मसीहलाई पठाउने रहेको छ । अब्राहाम र तिनका सन्तान अरू जातिहरूलाई आशिष् दिनका निम्ति आशिषित छन् । यो उद्देश्य प्राप्त गर्न, परमेश्वरले इस्राएली जातिलाई कनानीहरूको मूर्तिपूजाको भ्रष्टताबाट रक्षा गर्नैपर्छ । अति कठिन देखिए पनि कनानीहरूको विनाशले सबै मानिसहरूका निम्ति परमेश्वरको प्रेमिलो उद्देश्य झल्काउँदछ ।

इतिहासमा यहोवाको युद्ध एउटा खास समयमा भयो जुन आधुनिक समयका ख्रीष्टियानहरूका लागि उदाहरणार्थ होइन । यो धर्मको नाममा गरिने आधुनिक अत्याचारका निम्ति सुरक्षा होइन । मोसाको व्यवस्थाले प्रतिज्ञाको देशबाहिर लडेको युद्ध र त्यो देशभित्र लडेको युद्ध बीच भिन्नता देखायो, अहिले कोही पनि त्यो स्थानमा छैन जुन स्थानमा इस्राएल कनानमाथि विजय प्राप्त गरेको बेला थियो ।[७८] जसरी हामीले "व्यवस्थालाई नजिकबाट हेर्नु"मा देख्यौं, हामीले यहोशूको पुस्तकलाई ख्रीष्टको आगमनको दृष्टिले हेर्नुपर्छ ।

अन्त्यमा, शङ्का गर्नेहरूको जवाफमा हामीले यो कुरामा ध्यान दिनुपर्छ कि यो जातीय सफाइ थिएन, त्यो मूर्तिपूजा विरुद्ध धार्मिक युद्ध थियो । परमेश्वरको सम्बन्धमा कुनै अनिश्चयता छैन, एक व्यक्ति कि त विश्वास गरेर परमेश्वरतिर फर्कन्छ वा विद्रोह गर्दै परमेश्वरलाई इन्कार गर्छ । परमेश्वरलाई इन्कार गर्नेहरू (पुरानो र नयाँ करार दुवैमा)ले उहाँको अन्तिम दण्डको सामना गर्दछ ।

पछिको इतिहासमा इस्राएल मूर्तिपूजातिर फर्क्यो । त्यसको जवाफमा परमेश्वरले आफ्नै मानिसहरूको विरुद्ध युद्ध घोषणा गर्नुभयो ।[७९]कनानीहरू विरुद्धको लडाइँ भयानक थियो, तापनि, त्यो नरसंहार थिएन । हामीलाई असहज पार्ने भए पनि यहोशूले लडेका युद्ध पवित्र, धर्मी र प्रेमिलो परमेश्वरको युद्धको झलक थियो, जसले पापलाई क्षमा गर्नुहुन्न ।

## न्यायकर्ता

## विषयवस्तुः इस्राएलमा धर्मत्याग

न्यायकर्ताको पुस्तक कनानको विजयमा कुलहरूले सहकार्य गरेकोबाट सुरु हुँदछ, त्यो पुस्तक बेन्यामीन कुलका सदस्यहरूले

७७ प्राचीन अश्शूरको बचेको एउटा चित्रकलाले अश्शूरका राजा र अश्शूरीहरूका देवता असूर, दुवैले अश्शूरको शत्रुको विरुद्धमा युद्ध गर्न धनु उठाएको देखाएको छ, अश्शूरी राजाको विजयलाई अशूरको विजयको रूपमा हेरिएको छ । साथै, १ शमूएल ५:२ पनि हेर्नुहोस्, जहाँ पलिश्तीहरूले इस्राएलमाथिको तिनीहरूका विजयलाई यहोवामाथि दगोनको विजय भनेका छन् ।

७८ व्यवस्था २०:१०-१८

७९ हेर्नुहोस्, व्यवस्था २८:२५, विलाप २:५, आमोस ९:७-८

डरलाग्दो अपराध गरेकोले कुलहरू गृह युद्धमा फसेका कुरामा समाप्त हुँदछ । न्यायकर्ताको पुस्तक मानिसहरूले परमेश्वरको सेवा गरेकाबाट सुरु हुँदछ, त्यो पुस्तकको अन्त्य धार्मिक विश्वास-त्याग र सामाजिक अस्तव्यस्ततामा हुँदछ ।

इस्राएलको पतनको कारण न्यायकर्ता २:६-११ मा सारांशमा बताइएको छ । यहोशूको पुस्तकमा वर्णित महान् विजयहरूपछि, र यहोशूको पुस्तकको अन्त्यमा करार नवीकरण गरेपछि न्यायकर्ताको पुस्तकले इस्राएलले चाँडै धर्मत्याग गरेको कुरा देखाउँछ । इस्राएलले सातचोटि परमप्रभुको दृष्टिमा खराब काम गऱ्यो ।[८०]

त्यस दुःखद पतनको कारण के थियो? न्यायकर्ताको पुस्तकले दुईवटा भनाइद्वारा यो प्रश्नको जवाफ दिन्छ ।[८१] पहिलो, इस्राएलमा कुनै राजा थिएन । न्यायकर्ताको पुस्तक सायद राजतन्त्रको सुरुका दिनहरूमा लेखिएको थियो र यसले राष्ट्रलाई एकबद्ध राख्न एक जना राजाको आवश्यकता भएको देखाउँछ । दोस्रो, हरेक मानिसले आफ्नो दृष्टिमा जे ठिक लाग्यो त्यही गर्दथ्यो । त्यो जाति इमानदारी भई परमेश्वरको आज्ञापालन गर्दै एकबद्ध हुनुको साटो प्रत्येक व्यक्ति आफ्नै बाटोमा हिँड्न थाल्यो ।

न्यायकर्ताको पुस्तकको उद्देश्य इस्राएलको धर्मत्यागका परिणामहरू देखाउनु हो । न्यायकर्ताको पुस्तकले इस्राएलको पापको कारण परमेश्वरले इस्राएललाई शत्रुहरूको हातमा बेचिदिनुभएको कुरा बारम्बार देखाउँछ । व्यवस्था २७-२८ का सरापहरू न्यायकर्ताको पुस्तकमा पूरा भएका छन् ।

## लेखक र मिति

न्यायकर्ताको पुस्तकका घटनाहरू इ.पू. करिब १३८०-१०५० का हुन् । यो पुस्तकले यसका लेखक चिनाएको छैन, तापनि यहूदी परम्पराले शमूएललाई यसका लेखक मान्दछ । यो सम्भवत: दाऊदले यरूशलेमलाई यबुसीहरूबाट कब्जा गर्नुभन्दा पहिले, राजतन्त्रको सुरुका दिनहरूमा लेखिएको थियो ।[८२]

## न्यायकर्ता भनेको को हो?

*न्यायकर्ता* आज हामीले सोचेको जस्तो कानुनी अधिकारी थिएन । न त न्यायकर्ता राजनीतिक अधिकारी वा पूजाहारीजस्तो धार्मिक अधिकारी नै थिए । न्यायकर्ताहरू परमेश्वरले उहाँका मानिसहरूलाई उद्धार गर्नका निम्ति दिनुभएका सैनिक अगुवाहरू थिए । न्यायकर्ताहरूले एक-एक कुलमाथि शासन गर्थे, सम्पूर्ण जाति (देश) माथि होइन । न्यायकर्ताहरूका शासन सायद परस्पर व्याप्त थियो, एक जना न्यायकर्ताले एउटा कुल वा कुलहरूको समूहमा शासन गर्थ्यो भने अर्को न्यायकर्ताले अर्को कुल वा कुलहरूको समूहमा शासन गर्थ्यो ।

## न्यायकर्ताको पुस्तकको सामान्य सर्वेक्षण

### इस्राएलको धर्मत्यागका मूल कारणहरू (न्यायकर्ता १:१-३:६)

न्यायकर्ताहरूको समयमा इस्राएलका कुलहरूले पहाडी क्षेत्र नियन्त्रण गरेको थियो भने कनानीहरूले समुद्र तटीय क्षेत्र नियन्त्रण गरेका थिए, इस्राएल यहोशूको नेतृत्वमा सुरु भएको विजय पूरा गर्न असफल बन्यो । न्यायकर्ताको पुस्तकले त्यो विजय अधुरो हुनुका दुईवटा कारण दिन्छ । न्यायकर्ता १:१९ ले मानवीय कारण देखाउँछ, यहूदाले बेंसीका बासिन्दाहरूलाई धपाउन सकेनन्, किनकि उनीहरूसित फलामका रथहरू थिए । मानवीय दृष्टिकोणबाट हेर्दा कनानीहरू यहूदाभन्दा धेरै शक्तिशाली थियो ।

---

८० न्यायकर्ता २:११, ३:७, १२, ४:१, ६:१, १०:६, १३:१


८१ न्यायकर्ता १७:६, १९:१,२१:२५

८२ न्यायकर्ता १:२१

तापनि, हामीमा प्रश्न उठ्छ, "के परमेश्वर कनानीहरूका रथहरूभन्दा शक्तिशाली हुनुहुन्न र?" न्यायकर्ता २ ले अधुरो विजयको एउटा गहन कारण प्रकट गर्दछ। विजयको दिनमा पनि इस्राएल पूर्णरूपले परमेश्वरको आज्ञापालन गर्न असफल भयो। परमेश्वरले तिनीहरूका अनाज्ञाकारिताका निम्ति दण्ड दिँदै केही बासिन्दाहरूलाई तिनीहरूका बगलका काँढा हुन र इस्राएलको जाँच गर्न त्यही रहन दिनुभयो।[८३]

## धर्मत्यागको चक्र र उद्धार, (न्यायकर्ता ३:७-१६:३१)

यी अध्यायहरूले धर्मत्याग र उद्धारको छवटा चक्रको वर्णन गर्दछ, यो नमुना न्यायकर्ता २ मा र त्यसपछि न्यायकर्ताहरूको जीवनमा देखाइएको छ छ पल्टः[८४]




- जे परमप्रभुको दृष्टिमा खराब थियो, इस्राएलीहरूले त्यही गर्न लागे।
- परमप्रभुले तिनीहरूका शत्रुहरूका हातमा बेचिदिनुभयो।
- तिनीहरू धेरै दुःखी बने र परमेश्वरलाई पुकारे।
- परमप्रभुले एक जना न्यायकर्ता खडा गर्नुभयो र तिनीहरूलाई शत्रुहरूका हातबाट उद्धार गर्नुभयो।

न्यायकर्ताको पुस्तकले न्यायकर्ताहरूको गुणस्तरमा निरन्तर पतन हुँदै गएको देखाउँछ। पहिलो न्यायकर्ता ओत्निएलको विषयमा कुनै नकारात्मक कुरा भनिएको छैन। परमप्रभुका आत्मा तिनीमाथि आउनुभयो र तिनी इस्राएललाई उद्धार गर्न परमेश्वरद्वारा प्रयोग गरिए।[८५] तापनि, पछि आउने न्यायकर्ताहरू ओत्निएलको जस्तो वर्णनमा पुग्न असफल बने।

एहूदले छल गरेर विजय प्राप्त गरे।[८६]दबोरा विश्वासयोग्य अगुवा थिइन्, तर तिनको स्तुति-गीतले एउटा जाति दुईवटा गुटमा बाँडिएको कुरा प्रकट गर्दछ।[८७]

गिदोन परमेश्वरमा विश्वास गर्न सुस्त थिए, परमेश्वरको बोलावट पक्का गर्न तिनलाई तीनवटा आश्चर्यकर्म चाहियो। पछिबाट तिनले इस्राएललाई झुटो आराधनातिर डोऱ्याए।[८८]

यिप्ता पहिलेका न्यायकर्ताहरू जस्ता थिएनन्, तिनलाई परमेश्वरले खडा गर्नुभएको कुनै संकेत छैन। बरु, मानिसहरूले तिनलाई गिलादतिर डोऱ्याउनका निम्ति चुने। यिप्ताले परमेश्वरलाई सौदाबाजी गर्न सकिने एक देवताजस्तो ठान्छन् र परमेश्वरको कृपा पाउन एउटा मूर्ख शपथ खान्छन्।[८९]

अन्तिम न्यायकर्ता शिमशोन परमेश्वरको आदर्श अगुवाका एउटा छाँया मात्र हुन्। तिनले नाजिरी भाकल भङ्ग गर्छन् र कनानीहरूसित अनैतिक संगत गरेको दोषी हुन्छन्। आखिरमा, शिमशोन तिनको जीवनकालमा भन्दा धेरै तिनको मृत्युमा सफल बन्छन्।[९०]

---

८३ न्यायकर्ता २:१-३,२०-२३, ३:१-४

८४ न्यायकर्ता २:११-१८

८५ न्यायकर्ता ३:९-११

८६ न्यायकर्ता ३:१२-३०

८७ न्यायकर्ता ४-५

८८ न्यायकर्ता ६-८, विशेष गरी ८:२२-२७

८९ न्यायकर्ता ११, १-४०

९० न्यायकर्ता १३-१६

परमेश्वरले आफ्ना मानिसहरूलाई उद्धार गर्न न्यायकर्ताहरूलाई प्रयोग गर्नुभयो । तापनि, न्यायकर्ताको पुस्तकको सर्वेक्षणले त्यो जाति आत्मिक धर्मत्याग, नैतिक पतन र सामाजिक अस्तव्यस्ततामा निरन्तर पतन हुँदै गएको देखाउँछ ।

### इस्राएल समाजको पतन (न्यायकर्ता १७-२१)

न्यायकर्ताको पुस्तक दुईवटा कथाबाट समाप्त हुँदछ, जसले इस्राएली समाज पतन भएको देखाउँछ । दान कुलले मीकाका मूर्तिहरू र तिनका पूजाहारी लगेका कुराले धार्मिक जीवन खराब अवस्थामा पुगेको देखाउँछ ।[९१] इस्राएल अब मूर्तिपूजाको दोषी बन्छ, जसले कनानीहरूमाथि परमेश्वरको दण्ड ल्यायो । किन त्यस्तो आत्मिक पतन भयो? "त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठिक लाग्थ्यो त्यही गर्थ्यो ।"[९२]

लेवीकी उपपत्नीको बलात्कार र हत्या गरिएको डरलाग्दो कथा सदोम र गमोराको कथाजस्तै छ । इस्राएल त्यस्तै यौन-पाप र हिंसाको दोषी भयो, जुन कनानीहरूले गरेका थिए । बेन्यामीनीहरूको अपराधको प्रतिक्रिया स्वरूप इस्राएलमा गृह-युद्ध सुरु भयो । किन त्यहाँ त्यस्तो नैतिक र सामाजिक पतन भयो? "त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठिक लाग्थ्यो त्यही गर्थ्यो ।"[९३]

### रूथ

## विषयवस्तुः धर्मत्यागको युगमा विश्वासयोग्यता

दुईवटा वाक्यांशले रूथको पुस्तक पुरानो करारको इतिहासमा महत्त्वपूर्ण भएको देखाउँछन् । पहिलो, रूथको कथा न्यायकर्ताहरूले शासन गरेका समयमा घटेको हो ।[९४]धर्मत्यागको समयमा पनि त्यहाँ एउटी जवान स्त्री थिई जो परमेश्वरप्रति विश्वासयोग्य रहिन् भनी यसले देखाउँछ । अचम्मको कुरा, सदगुणको यो नमुना एउटी मोआबी स्त्री थिइन् । न्यायकर्ताको पुस्तकको अन्त्यमा इस्राएलका मानिसहरू पतन हुँदै लथालिङ भइरहेको बेला एउटी मोआबी स्त्री यहोवाप्रति विश्वासयोग्य रहिन् ।

दोस्रो, बोअज र रूथले एउटो छोरो जन्माए: "अनि उनीहरूले त्यसको नाउँ ओबेद राखे । तिनी नै यिशैका बाबु र दाऊदका बाजे थिए ।"[९५]दाऊदका बराजूको रूपमा रूथ इस्राएलको राष्ट्रिय इतिहासमा महत्त्वपूर्ण छिन् ।

## रूथः चारवटा अभिनयमा एउटा नाटक

### अभिनय १: नाओमी र रूथ बेथलेहेम फर्कन्छन् (रूथ १)

रूथको पुस्तकले छोटो कथाको रूप लिन्छ, जहाँ पात्रहरू र घटनाहरूलाई छोटो परिच्छेदमा स्थापित गरिएका छन् । यो न्यायकर्ताहरूका समयको घटना हो । स्थानहरू बेथलेहेम र मोआब हुन् । मुख्य पात्रहरू साधारण इस्राएलीहरू र मोआबीहरू हुन् ।

एलीमेलेक र तिनको परिवार यहूदामा परेको अनिकालबाट बच्न मोआबतिर लागे । तिनीहरू त्यहाँ दश वर्ष बसे, त्यस अवधिमा एलीमेलेकका छोराहरूले मोआबी स्त्रीहरूलाई विवाह गरे । ती तीन जना पुरुष मोआबमा मरे अनि नाओमीले एकलै बेथलेहेम फर्कने तयारी गर्छिन् ।

---

९१ न्यायकर्ता १७-१८

९२ न्यायकर्ता १७:६

९३ न्यायकर्ता २१:२५

९४ रूथ १:१

९५ रूथ ४:१७

दुई मध्ये एउटी विधवा ओर्पा मोआबमा नै बसिन्। अर्की विधवा रूथले आफ्नी सासूको साथमा बेथलेहेम फर्कने जिद्द गरिन्। समर्पणको अनन्त भनाइमा रूथले नाओमीसँग जिउने र मर्ने अनि इस्राएलका परमेश्वरको आराधना गर्ने प्रतिज्ञा गर्छिन्।

ती दुई महिला बेथलेहेम फर्कन्छन्, तर नाओमीले यति धेरै दुःख पाएकी हुन्छिन् कि तिनले त्यस सहरका मानिसहरूलाई तिनलाई नाओमी ("मिठो") नभनेर मारा("तीतो") भन्नु भन्छिन्।

### अभिनय २: रूथ र बोअज बीच भेटघाट(रूथ २)

शिला-बाला बटुल्ने नियमको कारण[९६] रूथले नाओमी र आफ्नै निम्ति भोजन बटुल्न सकिन्। तिनी बोअजको खेतमा पुग्छिन्, जो तिनका मृत ससुरा एलीमेलेकको एक धनी नातेदार थिए।

जब बोअजले रूथलाई आफ्नो खेतमा काम गर्दै गरेकी देखे तब उनले तिनको सुरक्षा र तिनलाई अतिरिक्त जौं दिने प्रबन्ध मिलाए। बोअज र रूथको भेटघाट संयोगले भएको जस्तो देखिए पनि नाओमीले त्यसमा परमेश्वरको हात रहेको छ भन्ने बुझिन्।[९७]तिनले रूथलाई जौं र गहूँ कटनीको समयमा बोअजको खेतमा नै रहनू भने।

### अभिनय ३: रूथको पुस्तकको उद्देश्य बोअजसित विवाह(रूथ ३)

एलीमेलेकको नजिकको नातेदार बोअज छुटकारा गराउने नजिकको नातेदारको स्थानमा खडा हुन्छन्, त्यसरी विधवालाई विवाह गर्ने पुरानो करारको परम्परा पूरा गर्छन्।[९८]इस्राएलमा, विजयपछि तिनीहरूलाई दिइएको जमिन परिवारमा नै रहनुपर्थ्यो। यदि कठिनाइमा परेकोले कुनै परिवारलाई जग्गा-जमिन बेच्नु पर्‍यो भने छुटकारा दिने नातेदार त्यो जमिन छुटाउन र त्यसको असली परिवारलाई दिन जिम्मेवार हुन्थ्यो। बोअजले त्यो कर्तव्य पूरा गर्लान् भन्ने आशा गर्दै नाओमीले एउटा योजना बनाइन्, जसद्वारा रूथले बोअजसित विवाहको प्रस्ताव राखिन्।

बोअजको खलामा विधिअनुसारको व्यवहार गर्दै रूथले बोअजको अगि विवाहको प्रस्ताव राखिन्। तिनले खुसीसाथ रूथको प्रस्ताव मन्जुर गरे, तापनि त्यहाँ तिनीभन्दा नजिकको अर्को नातेदार भएको कुरा तिनले स्वीकार गरे। त्यस नातेदारलाई नाओमीको सम्पत्ति छुटाउने एउटा मौका दिइनै पर्थ्यो।

### अभिनय ४: बोअजले छुटकारा गराउने नातेदारको भूमिका खेल्छन् (रूथ ४)

भोलि बिहान बोअज सहरको मूल ढोकामा जान्छन्, जहाँ व्यापार लेनदेन हुन्थ्यो। छुटकारा दिने त्यो नातेदार त्यहाँबाट भएर जाँदा बोअजले उसलाई एलीमेलेकको नामको जमिन किन्ने मौका आएको कुरा बताउँछन्। त्यस अनाम व्यक्ति त्यो जमिन छुटाउन चाहन्छन्। तापनि, त्यसरी छुटाउने कार्यको भागको रूपमा रूथलाई बिहे पनि गर्नुपर्छ भनी बोअजले भन्दा त्यस नातेदारले आफ्नो पैतृक सम्पत्ति गुम्ने डरले बिहे गर्न मानेनन्। यदि उसले रूथलाई बिहे गरे भने, तिनीहरूबाट जन्मेका सन्तानले रूथका पतिको नाम र सम्पत्ति अगाडि बढाउनेछन्। यसो गर्दा उसको आफ्नै सम्पत्ति भाग लाउनुपर्थ्यो र उसका छोराछोरीको सम्पत्तिमा प्रभाव पार्थ्यो। आफ्नो सम्पत्ति बचाउन त्यस नातेदारले त्यो मौकालाई अस्वीकार गर्दछ।

यसो हुँदा बोअज र रूथको विवाह हुन सक्ने बाटो सफा हुन्छ। परमेश्वरले तिनीहरूलाई एउटा छोरा दिनुहुन्छ, अनि पुस्तकको अन्त्यमा नाओमी मुख्य पात्र बन्छिन्। तिनले आफ्ना दुई छोरा गुमाएकी थिइन्, अब तिनले रूथ र बोअजको छोरालाई आफ्नो अङ्गालोमा लिन्छिन्।

---

९६ लेवी १९:९, २३:२२

९७ रूथ २:२०

९८ विधवालाई विवाहमा पहिलो पतिको नाम र सम्पत्ति कायम राख्न मृतकको विधवालाई नजिकको नातेदारले विवाह गर्दथ्यो। रूथ ४:६ को अनाम नातेदार रूथलाई विवाह गर्न चाहँदैनन्, किनकि त्यसो गर्दा उसको आफ्नो सम्पत्तिमा पनि हानि पुग्दथ्यो।

एस्तरको पुस्तकजस्तै, कठिन परिस्थितिमा विश्वासयोग्य महिलालाई प्रस्तुत गर्ने अर्को छोटो कथा, रूथको पुस्तकले एउटा संयोगजस्तो देखिने कुरामा परमेश्वरको सार्वभौमिकता भएको देखाउँदछ । रूथ दाऊदकी बराजू बन्छिन्, अनि अन्त्यमा येशु. ख्रीष्टकी पुर्खा बन्छिन् ।

## निष्कर्ष

## नयाँ करारमा यहोशू-रूथ

नयाँ करारमा ग्रीक नाउँ येशु., हिब्रू नाउँ यहोशूको अर्को रूप हो । यहोशूले परमेश्वरका मानिसहरूलाई मिश्रबाट डोहोऱ्याएर कनानमा ल्याए, येशूले परमेश्वरका मानिसहरूलाई दासत्वबाट शबाथको विश्राममा लैजानुहुन्छ ।[९९]

इस्राएलको समाज पतन भए पनि हिब्रू ११ मा केही न्यायकर्ताहरूलाई विश्वासको उदाहरणको रूपमा देखिन्छ । गिदोन, बाराक, यिप्ता र शिमशोनलाई समेत परमेश्वरमाथिको तिनीहरूका विश्वासका निम्ति सम्मान गरिएको छ । यी मानिसहरू सधैं आफ्नो पूर्ण क्षमता नजिएका भए पनि परमेश्वरले आफ्ना उद्देश्यहरू पूरा गर्न तिनीहरूद्वारा काम गर्नुभयो ।

रूथ येशूको वंशावलीमा उल्लेख गरिएका चार जना स्त्रीमध्ये एक हुन् ।[१००]यस मोआबी स्त्रीको विश्वासयोग्यताको कारण तिनले मसीहको वंशावलीमा स्थान पाउँछिन् । रूथ र मरियमको कथामा धेरै मिल्दाजुल्दा कुराहरू छन् । दुवै जना बेथलेहेममा बालक जन्ममा संलग्न छन् । दुवै स्त्रीको इज्जत थोरै मात्र थियो (एउटी मोआबी र अर्की अविवाहित स्त्री जो गर्भवती बनिन्), जो परमेश्वरप्रति विश्वासयोग्य थिए । दुवैले यो देखाउँछन् कि परमेश्वरले उहाँप्रति विश्वासयोग्य रहनेहरूलाई आशिष् दिनुहुन्छ ।

यी पुस्तकहरूले व्यवस्थाको पुस्तकमा प्रस्तुत गरिएको छर्ने र कटनी गर्ने सिद्धान्त देखाउँछन् । यहोशू र रूथको पुस्तकले तिनीहरूमाथि परमेश्वरको आशिष् हुने देखाउँछ, जो विश्वासयोग्य हुन्छन् । न्यायकर्ताको पुस्तकले अनाज्ञाकारीहरूमाथि परमेश्वरको दण्ड आउने देखाउँछ ।

## यहोशू-रूथको पुस्तकहरू आज पनि बोल्दछन् ।

इस्लाम र ख्रीष्टियान मतको बीचको झगडाद्वारा अस्तव्यस्त भएका देशहरूमा पवित्र युद्धको समस्या मण्डलीले अझै सामना गर्दछ । ती देशका ख्रीष्टियानहरू "यहोवाको युद्धलाई नजिकबाट हेर्नु" पुस्तकमा बताइएका सिद्धान्तहरूलाई आजका झगडाहरूको प्रकाशमा ध्यान लाएर अध्ययन गर्नुपर्छ ।

यहोशू, रूथ र न्यायकर्ताहरूको समयका मानिसहरूले सामना गरेका विश्वासयोग्यता र अविश्वासयोग्यताका समस्याहरू आजका ख्रीष्टियानहरूले व्यापक मात्रामा सामना गर्दछन् । आज, जब हामी ईश्वरतन्त्रमा जिइरहेका छैनौं, यो समयमा परमेश्वरको जवाफ पुरानो करारमा जस्तो प्रायः तुरुन्तै र क्षणिक रूपमा देख्न सकिने हुँदैन । तापनि यसको अर्थ अविश्वासयोग्यताका निम्ति दण्ड दिइँदैन र विश्वासयोग्यताका निम्ति इनाम छैन भन्ने होइन । यहोशू र रूथका नमुनाहरू साथै शिमशोनका नकारात्मक उदाहरणले हामीलाई यो सम्झाउँछ कि परमेश्वरले निरन्तर उहाँप्रति विश्वासयोग्य मानिसहरू खोज्नुहुन्छ ।

---

९९ हिब्रू ४:१-११

१०० मत्ती १:५

## पाठ ४ गर्नुपर्ने कार्य

तलका कार्यहरूसहित यस पाठबारे तपाईंको ज्ञान देखाउनुहोस्:

**१.** तलका गर्नुपर्ने कार्यहरूमध्ये **एउटा** चुन्नुहोस्:

विकल्प १: झुन्डले गर्नुपर्ने कार्य

एक जना सदस्यलाई तलका प्रत्येक न्यायकर्ताहरूको अध्ययन गर्न लाउनुहोस्: गिदोन, दबोरा, यिप्ता र शिमशोन। प्रत्येक न्यायकर्ताको सामर्थ्य र दुर्बलतामाथि छलफल गर्नुहोस्।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्य

न्यायकर्ताहरूमध्ये कुनै एकको जीवनमाथि एउटा प्रवचन लेख्नुहोस्। परमेश्वरले आफ्नो उद्देश्य पूरा गर्न कसरी न्यायकर्ताहरूद्वारा काम गर्नुभयो सो देखाउनुहोस्।

**२.** यो पाठको जाँच लिनुहोस्। त्यो जाँचमा कण्ठ गर्नुपर्ने बाइबल पदहरू पनि हुन्छन्।

## पाठ ४ जाँच

१. हिब्रू बाइबलमा ऐतिहासिक पुस्तकहरू कुन-कुन हुन्?

२. *ईश्वरतन्त्र*लाई परिभाषित गर्नुहोस्।

३. प्रत्येक पुस्तकको विषयवस्तु लेख्नुहोस्।

४. यहोशूको पुस्तकका दुईवटा मुख्य भागहरू लेख्नुहोस्।

५. यहोशूको पुस्तकको मुख्य उद्देश्य के हो?

६. शरण-नगरहरूको उद्देश्य के थियो?

७. यहोशूको पुस्तकमा यहोवाको युद्धको बारेमा अध्ययन गर्दा ध्यान दिनुपर्ने चारवटा सिद्धान्तहरू लेख्नुहोस्।

८. न्यायकर्ताको पुस्तकको मुख्य उद्देश्य के हो?

९. न्यायकर्ताको पुस्तकमा धर्मत्याग र उद्धारको चक्रका चारवटा चरणहरू कुन-कुन हुन्?

१०. *विधवा विवाह*लाई परिभाषित गर्नुहोस्।

११. यहोशू १:८-९ स्मरणबाट लेख्नुहोस्।

# पाठ ५

# शमूएल- इतिहासका पुस्तकहरू

### पाठका उद्देश्यहरू

१. शमूएल, राजाहरू र इतिहासका पुस्तकहरूको मुख्य विषयवस्तुको रूपरेखा लेख्न सक्ने हुनु ।

२. इस्राएलको इतिहासको सबैभन्दा महत्त्वपूर्ण राजाहरूलाई चिन्नु ।

३. राजाहरू र इतिहासका पुस्तकहरू बीचको समदर्शी सम्बन्धलाई चिन्नु ।

४. इस्राएलको इतिहासमा व्यवस्थाविवरणको धर्मशास्त्र पूरा भएको बुझ्नु ।

५. इतिहासका पुस्तकहरूमा पाइने आशाको सन्देशको महत्त्व बुझ्नु ।

६. शमूएल, राजाहरू र इतिहासका पुस्तकहरूको सन्देशको आजको संसारसँग सम्बन्ध देखाउनु ।

## यो पाठका निम्ति तयारी

*१ र २ शमूएल, १ र २ राजा अनि १ र २ इतिहासका पुस्तकहरू पढ्नुहोस् ।*

*कण्ठ गर्नुहोस् १ राजा ९:४-७ र २ इतिहास ७:१३-१४ ।*

## परिचय

शमूएल र राजाहरूका पुस्तकहरूले इस्राएलको राजतन्त्रको इतिहास वर्णन गर्दछ । १ शमूएलले राजतन्त्रको सुरुवात, शाऊलको राजपदबारे बताउँछ । २ शमूएलले दाऊदको शासनको इतिहासको वर्णन गर्दछ । १ र २ राजामा दुष्ट राजाहरूले इस्राएल र यहूदालाई धर्मत्यागको बाटोमा डोऱ्याए । जवाफमा, व्यवस्था २७-२८ मा प्रतिज्ञा गरिएका दण्डहरू त्यस जातिमाथि खन्याइए । २ राजाको अन्त्यतिर पुग्दा उत्तरी राज्य नाश पारिएको छ र यहूदा बेबिलोनको निर्वासनमा हुन्छ ।

इतिहासका पुस्तकहरूले त्यही समयको इतिहासलाई भिन्नै दृष्टिकोणबाट हेर्दछ । निर्वासनबाट फर्केपछि लेखिएको इतिहासका पुस्तकहरूले इस्राएलको इतिहासलाई मुक्तिको इतिहासको दृष्टिकोणबाट हेर्दछ अनि उहाँका मानिसहरूप्रति परमेश्वरको उद्देश्य निरन्तर अगि बढेको देख्दछ । इतिहासका पुस्तकहरूले परमेश्वरका मानिसहरूलाई भविष्यको निम्ति आशा छ भनी आश्वासन् दिन्छन् । परमेश्वरले आफ्ना मानिसहरूसित गर्नुभएको उहाँको करार भुल्नुभएको छैन ।

» के इस्राएलले परमेश्वरसित राजाको माग गर्नु गलत थियो? तपाईंको छलफलमा १ शमूएल ८:६-२२ र व्यवस्था १७:१४-२० दुवै माथि विचार गर्नुहोस्।

# १ शमूएल

## विषयवस्तुः इस्राएलको राजतन्त्रको सुरुवात

१ शमूएलले इस्राएलको अन्तिम न्यायकर्ता शमूएल हुँदै इस्राएलका प्रथम राजा शाऊलको वर्णन गर्दछ। इ.पू. ११००-१०११ को अवधिलाई समेट्दै १ शमूएलले रातजन्त्रका सुरुका दिनहरूको वर्णन गर्दछ। ईश्वरतन्त्रमा जसरी परमेश्वर न्यायकर्ताहरू र अगमवक्ताहरूद्वारा सिधै बोल्नुहुन्थ्यो, अब त्यस्तो नभएर इस्राएललाई एक जना राजाले शासन गर्ने भए। अगमवाणी रूपमा मोशाले इस्राएलले खोज्नुपर्ने राजाको नमुनाको वर्णन गरेका थिए। तापनि, धेरै समय नबित्दै शाऊल र तिनका उत्तराधिकारीहरू राजाका लागि परमेश्वरको योजनाबाट धेरै टाढा थिए। १ शमूएलले प्रथम राजाको प्रतिज्ञा साथसाथै परमेश्वरको अभिषिक्त जनको रूपमा तिनको क्षमता प्राप्त गर्न नराम्ररी असफल भएको देखाउँछ।

## १ शमूएलको सामान्य सर्वेक्षण

### राजतन्त्रमा सरेको(१ शमूएल १-१५)

न्यायकर्ताहरूको शासनबाट राजतन्त्रमा सरेको शमूएलको कथाबाट सुरु हुँदछ। शमूएल ईश्वरभक्त आमा हन्नाहका छोरा थिए, जसलाई जन्मैबाट नाजिरी भाकल गरी परमेश्वरमा अर्पण गरिएको थियो।[१०१]बालक हुँदै तिनलाई मन्दिरमा पूजाहारी एलीको अधीनमा बसेर सेवा गर्नका निम्ति लगिन्छ।

यसरी सर्ने कार्यका दृश्यहरूमा निम्न कुराहरू छन्:

#### शमूएललाई परमेश्वरको बोलावट अनि एली र तिनका परिवारमाथि दण्ड (१ शमूएल १-३)

१ शमूएल १-७ ले न्यायकर्ताहरूको समयमा सुरु भएको पतन निरन्तर जारी रहेको देखाउँछ। पूजाहारीहरू पनि भ्रष्ट थिए, किनकि एलीका छोराहरूले यौन अनैतिकता र बलिहरूको दुरुपयोग गरेर तिनीहरूका कार्यलाई अपवित्र पारेका थिए।[१०२] फलस्वरूप, परमेश्वरले शमूएलद्वारा दण्डको सन्देश दिनुहुन्छ।

#### पलिश्तीहरूले सन्दूक कब्जा गर्छन्, (१ शमूएल ४-७)

इस्राएलले करारको दुरुपयोग गरेको कुरा तिनीहरूले करारको सन्दूकसित गरेका व्यवहारमा देखिन्छ। जब पलिश्तीहरूले आक्रमण गरे इस्राएलीहरूले करारको सन्दूक युद्धको मैदानमा ल्याए, तिनीहरूको विश्वास त्यो ईश्वरीय वस्तुले तिनीहरूलाई शत्रुहरूबाट बचाउनेछ भन्ने थियो। तापनि, इस्राएलको धर्मत्यागको कारण परमेश्वरले ती मानिसहरूलाई रक्षा गर्न छाड्नुभयो। त्यो सन्दूक पलिश्तीहरूले कब्जा गरेर सात महिनासम्म आफ्नो साथमा राखे। त्यो सन्दूकले पलिश्तीहरूमाथि रुढी ल्यायो, तिनीहरूले त्यो बेथ-शेमेशमा फर्काए।

---

१०१ १ शमूएल १:१०-११, गन्ती ६:१-२१

१०२ १ शमूएल २:१२-२५

## शाऊल राजाको रूपमा चुनिएका (१ शमूएल ८-१२)

आफ्नो वृद्ध उमेरमा शमूएलले आफ्ना छोराहरूलाई इस्राएलमाथि न्यायकर्ताहरू नियुक्त गरे। खेदको कुरा, एलीका छोराहरूजस्तै शमूएलका छोराहरू पनि अविश्वासयोग्य थिए। त्यसको प्रतिक्रियामा, इस्राएलका धर्म-गुरुहरूले शमूएललाई एक जनालाई अभिषेक गर्न लगाए। परमप्रभु तिनीहरूका परमेश्वरले चुन्नुहुने[१०३] राजासम्बन्धी मोशाको अघिल्लो भविष्यवाणी र शमूएललाई "तिनीहरूले तँलाई इन्कार गरेका होइनन्। मैले तिनीहरूमाथि शासन गर्नुहुँदैन भनी तिनीहरूले मलाई नै इन्कार गरेका हुन्" भन्ने परमेश्वरको भनाइको बीचमा तनावपूर्ण स्थिति छ।[१०४]

यहाँ मुख्य कुरा धर्म-गुरुहरूको आग्रहको अभिप्राय हो जस्तो देखिन्छ। "**अरू जातिहरूजस्तै** हामीमाथि शासन गर्नलाई एउटा राजा नियुक्त गरिदिनुहोस्।"[१०५]मोशाले त्यो दिन अघिबाटै देखे, जुन बेला एक जना राजा परमेश्वरको योजनाको हिस्सा हुनेछ, इस्राएलको अभिप्राय यो थियो कि तिनीहरू अरू जातिहरूजस्तै हुन चाहन्थे। दुःखको कुरा, इस्राएलका राजाले त्यो जातिलाई तिनीहरूका छिमेकीहरूको बाटोमा ओह्रालो हिँडाउनेछन्, इस्राएल साँच्चै मूर्तिपूजा र अन्यायमा अरू सबै जातिहरूजस्तै हुनेछ।

## शाऊलको शुरूवाती शासन (१ शमूएल १३-१५)

सुरुमा, शाऊल एक आदर्श राजाजस्तो देखिए। तिनले आफ्नो छनौट हुँदा, नम्रता देखाए, र पलिश्तीहरूको विरुद्धमा सैनिक सफलता पाए। तापनि तीनवटा घटनाले शाऊलको हृदयमा गढेर बसेको समस्या प्रकट गऱ्यो।

- तिनले पूजाहारीको भूमिका आफै निभाए। जब त्यसको विरोध गरियो, तब तिनले शमूएललाई दोष्याए।[१०६]
- शाऊलले सोचविचार नगरी शपथ खाए, जसको कारण झन्डै जोनाथनको मृत्यु भयो।[१०७]
- शाऊलले अमालेकीहरूलाई पूर्ण रूपमा नाश पार्नू भन्ने परमेश्वरको आज्ञा उल्लङ्घन गरे। जब शमूएलले विरोध गरे, शाऊलले मानिसहरूलाई दोष्याए।[१०८]

यी प्रत्येक घटनाले शाऊल मोशाले व्यवस्थाको पुस्तकमा वर्णन गरेझैं राजा बन्न नसकेका देखाउँछ। फलस्वरूप, शमूएलले परमेश्वरबाट दण्डको सन्देश ल्याउँछन्। "तपाईंले परमप्रभुको वचनलाई त्याग्नुभयो, र तपाईंलाई पनि परमप्रभुले इस्राएलका राजाको पददेखि त्याग्नुभएको छ।"[१०९]

## **शाऊलको पतन र दाऊदको उदय(१ शमूएल १६-३१)**

१ शमूएलको पहिलो आधा भागले ईश्वरतन्त्रबाट राजतन्त्रमा सरेको वर्णन गर्दछ, दोस्रो आधा भागले राजाको पद शाऊलबाट दाऊदमा सरेको वर्णन गर्दछ।

## दाऊदको परिचय (१ शमूएल १६-१७)

तीनवटा कथाले दाऊदको परिचय दिँदछ। पहिलो, दाऊदको अभिषेकले राजाको हृदयको महत्त्वमा जोड दिँदछ। शाऊल

---

१०३ व्यवस्था १७:१५

१०४ १ शमूएल ८:७

१०५ १ शमूएल ८:५

१०६ १ शमूएल १३:८-१४

१०७ १ शमूएल १४:२४-४६

१०८ १ शमूएल १५

१०९ १ शमूएल १५:२३

जनताबाट चुनिएको राजा देखियो भने दाऊद चाहिँ परमेश्वरबाट चुनिएको राजा जस्तो देखियो।[११०]

दोस्रो कथाले शाऊल र दाऊदको सम्बन्धको परिचय दिँदछ। परमेश्वरले शाऊललाई राजाको रूपमा इन्कार गर्नुभयो, एउटा दुष्टात्माले शाऊललाई दुःख दिन थाल्यो। एक कुशल संगीतकारको रूपमा चिनिएकाले दाऊद शाऊललाई संगीत सुनाउन र तिनको आत्मालाई शान्त बनाउनका निम्ति चुनिए।[१११]

तेस्रो कथाले पलिश्ती दैत्य, गोल्यतमाथि दाऊदको विजयबारे बताउँछ। शाऊलको बढ्दो अहङ्कार र आत्मनिर्भरताको पृष्ठभूमिमा यो कथाले परमेश्वरमाथि दाऊदको विनम्र भरोसा देखाउँछ।[११२]

### शाऊल र दाऊदको बीचमा द्वन्द (१ शमूएल १८-२७)

गोल्यतलाई मारेपछि मानिसहरूले दाऊदको प्रशंसा गरेका देखेर शाऊल यो प्रत्यक्ष प्रतिद्वन्द्वीसित झन-झन् बढी ईर्ष्यालु बने। इन्कार गरिएका राजा शाऊल र परमेश्वरद्वारा चुनिएका राजा दाऊदबीचको द्वन्दको कथामा चारवटा मुख्य दृश्यहरू छन्:

- दाऊद र जोनाथन बीचको बढ्दो मित्रता(१ शमूएल १८)
- दाऊदको हत्या गर्ने शाऊलका कोसिसहरू(१ शमूएल १९-२०)
- दाऊद शाऊलको हातदेखि उम्कन्छन् र परमप्रभुका अभिषिक्त जनको हानि गर्न इन्कार गर्छन् (१ शमूएल २१-२६)
- पलिश्तीहरूको बीचमा दाऊदको अस्थायी बसोबास(१ शमूएल २७)

### शाऊल र तिनका छोराहरूको मृत्यु (१ शमूएल २८-३१)

शाऊलको पतनमा अन्तिम चरण तिनले पलिश्तीहरू विरुद्ध लडाइँको तयारी गर्दा तन्त्रमन्त्र गर्ने एन्दोरकी स्त्रीकहाँ जानु थियो। अब तिनी तन्त्रमन्त्रमा सामेल भए, जुन कुरा एकपल्ट तिनले नाश पार्न खोजेका थिए।[११३] शमूएल देखा पर्छन् र दण्ड आउने सन्देश दिन्छन्, पलिश्तीहरूले इस्राएललाई पराजित गर्नेछन्, अनि शाऊल र तिनका छोराहरू त्यो लडाइँमा मर्नेछन्। अगमवाणी गरिएझैं शाऊल र तिनका छोराहरू भोलिपल्टको युद्धमा मारिए, अनि २ शमूएलको पुस्तक दाऊदको सिंहासनमा बसेका वर्णनबाट सुरु हुँदछ।

# २ शमूएल

## विषयवस्तुः राजा दाऊदको शासन

तीस वर्षको उमेरमा दाऊद राजा बने। २ शमूएलको पुस्तकले शाऊलको मृत्युदेखि दाऊदको मृत्यसम्मको इ.पू. १०११-९७१ का घटनाहरू वर्णन गर्दछ। यो पुस्तकले राजाको रूपमा दाऊदका शुरूवाती सफलताहरूको वर्णन गर्दछ। यसले दाऊदले बतशेबासित व्यभिचार गरेपछिका परिणाम उल्लेख गर्दछ।

---

११० १ शमूएल ९:१-२, १६:७

१११ १ शमूएल १६:१४-२३

११२ १ शमूएल १७

११३ १ शमूएल २८:८-१०

# २ शमूएलको सामान्य सर्वेक्षण

## दाऊद शक्तिशाली बनेका (२ शमूएल १-४)

२ शमूएलको पुस्तक शाऊलको मृत्युप्रति दाऊदको प्रतिक्रियाबाट सुरु हुँदछ । शत्रुको मृत्युमा रमाउनुको साटो दाऊदले शाऊलको मृत्युमा विलाप गरे अनि शाऊलको हत्या गर्ने अमालेकीहरूलाई दण्ड दिए । दाऊद सबैभन्दा पहिले यहूदाका राजा अभिषेक भएका थिए, शाऊलका छोरा ईश्बोशेतलाई इस्राएलका राजाको रूपमा मुकुट पहिराइयो । २ शमूएल ३:१ ले भन्छ,"शाऊल र दाऊदका घरानाहरूका बीचमा युद्ध धेरै दिनसम्म चलिरह्यो ।" सात वर्षपछि ईश्बोशेतको हत्या तिनकै दुईजना सेनापतिले गरे, अनि दाऊदलाई सारा इस्राएलका राजाको रूपमा मुकुट पहिराइयो ।

## दाऊदको सफलताका वर्षहरू (२ शमूएल ५-१०)

दाऊदको शासनका सुरुसुरुका वर्षहरू सफल थिए । सैनिक दृष्टिकोणले दाऊदले इस्राएलका सिमानाहरू सुरक्षित राखे । राजनीतिक रूपले गृह युद्धपछि तिनले देशलाई एकतामा राखे । राजधानी दक्षिणी सहर हेब्रोनबाट धेरै मध्यसहर यरूशलेममा सारेर तिनले राजनीतिक तनाउ सहज बनाउन सके ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, यी वर्षहरूमा दाऊदले आत्मिक सफलता पाए । २ शमूएल ७ पुरानो करारको इतिहासको एउटा महत्त्वपूर्ण अध्याय हो । परमेश्वरले दाऊदसित गर्नुभएको करार अब्राहाम र मोशासँग गर्नुभएका करारहरूमा निर्माण हुँदछ । दाऊदसँग गरिएको करारमा पाँचवटा प्रतिज्ञाहरू छन्:

- परमेश्वरले इस्राएलका निम्ति सुरक्षित बासस्थान प्रबन्ध गर्नुहुनेछ(२ शमूएल ७:१०-११) ।
- परमेश्वरले दाऊदका छोरालाई मन्दिर निर्माण गर्न खडा गर्नुहुनेछ (२ शमूएल ७:१२-१३) ।
- परमेश्वरले दाऊदका राज्य सदासर्वदाका निम्ति स्थापित गर्नुहुनेछ (२ शमूएल ७:१३) ।
- परमेश्वरले दाऊदका सन्तानसित पिता-पुत्रको सम्बन्ध स्थापित गर्नुहुनेछ (२ शमूएल ७:१४) ।
- परमेश्वरले कृपा दाऊदको वंशबाट हट्नेछैन(२ शमूएल ७:१४-१५) ।

इस्राएलको इतिहास बुझ्नका लागि यो करार महत्त्वपूर्ण छ । १ र २ राजाहरूमा रहेको एउटा मुख्य प्रश्न यो हो,"अहिले किन दाऊद वंशीय राजा सिंहासनमा छैन?" इस्राएललाई, परमेश्वरले दाऊदसित गर्नुभएको करार भुल्नुभएको जस्तो लाग्यो । १ र २ राजाका पुस्तकहरूले यो प्रश्नको जवाफ दिन्छन् ।

दाऊदसित गरिएको करार नयाँ करारको इतिहासका निम्ति पनि महत्त्वपूर्ण छ । सुसमाचारका पुस्तकहरूले दाऊदसित गरिएको करार येशु. ख्रीष्टको आगमनमा पूर्ण रूपमा पूरा भएको देखाउँदछन् ।[११४]

## दाऊदको पाप र त्यसको परिणाम (२ शमूएल ११-२४)

२ शमूएल ११ ले त्यो दुःखद घटना उल्लेख गर्दछ जसले दाऊदको शासनलाई भ्रष्ट बनायो । दाऊदले उरियाहको हत्या गराएर बतशेबासित आफ्नो व्यभिचारको सम्बन्ध लुकाउन खोजे । २ शमूएलको बाँकी भागले दाऊदमाथि परमेश्वरको दण्ड आएको देखाउँछ । २ शमूएल ७:१५ मा परमेश्वरले यस्तो प्रतिज्ञा गर्नुभयो,"म मेरो प्रेम (दया) त्यसदेखि कहिल्यै हटाउनेछैनँ," यो आशिष् करारको सम्बन्धको भाग हो । २ शमूएल १२:१० मा परमेश्वर यस्तो प्रतिज्ञा गर्नुहुन्छ,"तेरो घरानाले तरवारबाट कहिल्यै विश्राम पाउनेछैन," यो दण्ड पनि करारको सम्बन्धको भाग हो । परमेश्वरसितको करारले परमेश्वरप्रतिको जिम्मेवारी पनि ल्याउँदछ ।

---

११४ मत्ती १:१

## पाप र विश्वासीलाई नजिकबाट हेर्नु

दाऊद र बतशेबाको कथा पुरानो करार इतिहासको एउटा कालो धब्बा हो । आफ्ना छोराछोरीलाई जानीजानी पाप नगरिकन जिउन परमेश्वरले बोलाउनुभयो भनी विश्वास गर्नेहरूका लागि यो कक्षा कठिन छ । हुन ता हामी विश्वासीले पाप गर्नु आवश्यक छ भनी विश्वास गर्दैनौं, तापनि दाऊदको कथाले परमेश्वरका छोराछोरीहरू पतन हुन सक्छन् भनी देखाउँछ । यो कथाले विश्वासीहरूलाई मूल्यवान् पाठ सिकाउँछ, एक जना विश्वासीले जानाजानी पाप गरिहाल्यो भने उसले के गर्नुपर्छ भन्ने कुरा यसले देखाउँछ ।

### १. हामीले आफ्नो पाप मानिलिनुपर्छ ।

जब शमूएलले शाऊलको पापको विरोध गरे तब तिनले बहाना बनाउने कोसिस गरे ("किनकि तपाईं आउनुभएन") ।[११५]जब नातानले दाऊदलाई तिनको पापको विरोध गरे, दाऊदले तुरुन्तै स्वीकार गरे, "मैले परमप्रभुको विरुद्धमा पाप गरेको छु ।"[११६]यसले परमेश्वको हृदयले रुचाएको व्यक्ति दाऊद र परमेश्वरद्वारा इन्कार गरिएको व्यक्ति शाऊल बीचको भिन्नता देखाउँछ ।

चाहे व्यभिचारजस्तो ठुलो पाप होस् वा निन्दाचर्चा जस्तो सानो पाप- हामीले आफ्नो पाप स्वीकार नगरेसम्म हामी परमेश्वरको क्षमा पाउन सक्दैनौं । शाऊलझैं कहिलेकहीं हामी पनि पापको निम्ति बहाना बनाउने वा त्यसलाई "गल्ती" वा "कमजोरी" भन्दै इन्कार गर्ने परीक्षामा पर्छौं । तापनि जब हामीले पाप गरेका छौं भनी परमेश्वरले प्रकट गर्नुहुन्छ तब हामीले आफ्नो पाप स्वीकार गर्नुपर्छ र उहाँबाट क्षमा पाउन खोज्नुपर्छ ।

### २. हामीले पापको गम्भीरतालाई बुझ्नुपर्छ ।

जब शमूएलले पूजाहारीले चढाउने बलि चढाएकोमा शाऊलको विरोध गरे तब शाऊलले आफैलाई सही ठहराउने कोसिस गरे । तिनले भने,"मलाई कर लाग्यो यसैले मैले होमबलि चढाएँ ।"[११७]

जब नातानले दाऊदको विरोध गरे, तब दाऊदले आफ्नो पापको गम्भीरता कार्यमा मात्र सीमित नभएको थाहा पाए । तिनको पाप गम्भीर थियो, किनकि तिनले उहाँको विरुद्धमा पाप गरेका थिए । "तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु । यसैकारण बोल्नुहुँदा तपाईं ठिक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ ।"[११८]

जब हामी आफ्नो पाप परमेश्वरको विरुद्ध अपराध हो भनी थाहा पाउँछौं, तब त्यहाँ कुनै सानो पाप हुँदैन भनी हामी बुझ्छौं । त्यसैकारण परमेश्वरले भन्नुभयो,"त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ ।"[११९] हामीले आफ्नो पापको गम्भीरतालाई बुझ्नुपर्छ, पाप मृत्युको योग्य छ ।

### ३. हामी परमेश्वरबाट क्षमा पाउँछौं भनी हामीले विश्वास गर्नुपर्छ ।

दाऊदले प्रार्थना गरे,"हिसपले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु । मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु ।" अघिबाटै सोचेर गरिएको, अर्थात् तिनले गरेको जस्तो पापको निम्ति बलिदान चढाउने कुनै व्यवस्था छैन भनी दाऊदले जान्दथे ।[१२०]तापनि,

---

११५ १ शमूएल १३:११

११६ २ शमूएल १२:१३

११७ १ शमूएल १३:१२

११८ भजन ५१:२-४

११९ इजकिएल १८:२०

१२० गन्ती १५:३०

तिनले आफैलाई परमेश्वरको कृपामा छोडेः "किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढाउनेथिएँ। होमबलिमा तपाईं खुसी हुनुहुन्न। तोडिएको आत्मा नै परमेश्वरका निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।"[१२१] दाऊदले दयालु परमेश्वरले तिनको पाप क्षमा गर्नुहुनेछ भनी विश्वाससहित पश्चात्ताप गरे।

नयाँ करारमा यूहन्नाले लेखे,"मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशु. ख्रीष्ट।"[१२२]ख्रीष्टियानहरू भएकोले हामी पापमा पतन हुनुहुँदैन, हामी पापमा पतन हुनुहुँदैन, तर यदि हामीले पाप गऱ्यौं भने यूहन्नाले हाम्रो एक जना अधिवक्ता हुनुहुन्छ भन्ने असल खबर दिन्छन्।

भजनसंग्रह ३२, भजनसंग्रह ५१ को लगत्तैपछि लेखिएको हुन सक्छ। भजनसंग्रह ५१मा दाऊदले आफ्नो पाप स्वीकार गरे। भजनसंग्रह ३२ मा तिनी परमेश्वरको क्षमादानमा आनन्दित बने। "मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें, र मेरो अधर्म मैले लुकाइनँ। मैले भनें, म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु।"[१२३]

**४. हामीले आफ्नो पापको दीर्घकालिन मूल्य बुझ्नुपर्छ।**

दाऊदले पश्चात्ताप गरेका कारण परमेश्वरले तिनको पाप क्षमा गरिदिनुभयो। तापनि, दाऊदको बाँकी शासन त्यो रात बतशेबासित तिनले गरेका कार्यद्वारा प्रभावित भयो। दाऊदको छोरा अमनोनले तामारलाई बलात्कार गऱ्यो, जो अमनोनकी झट्केली बहिनी थिई। दाऊदले मन पराएका छोरा अब्शालोमले सत्ता पल्टाउने कोसिस गऱ्यो। बेन्यामीनी शेबाले त्यो विद्रोहको नेतृत्व गऱ्यो। दाऊद मृत्यु-शैय्यामा हुँदा तिनका छोराहरू सिंहासनका निम्ति आपसमा लडे। दाऊदको घरानाबाट तरवारले कहिल्यै विश्राम लिएन। येशूको वंशावलीले पनि दाऊदको पापको सम्झना गराउँछ। "दाऊद सोलोमनका पिता थिए। तिनकी आमा उरियाहकी पत्नी थिइन्।"[१२४] दाऊदको कथाले पापले डरलाग्दा परिणामहरू ल्याउँछ भनी स्मरण गराउँछ।

हामीले पापलाई कहिल्यै पनि हलुकासाथ लिनुहुँदैन। पावलले चेताउनी दिए,"धोखामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्तछ त्यसैको कटनी पनि गर्नेछ। जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ।"[१२५] पापको गम्भीरता र पापको मूल्यको ज्ञानले हामीलाई परीक्षाको घडीमा दह्रो भई खडा हुन सहायता गर्दछ।

## १ र २ राजाका पुस्तकहरू

## विषयवस्तुः इस्राएलका राजाहरूको असफलता

२ शमूएल ७मा परमेश्वरले इस्राएलका निम्ति सुरक्षित बासस्थानको, यरूशलेममा एउटा मन्दिरको र दाऊदको सन्तान इस्राएलको सिंहासनमा सदैव बस्ने प्रतिज्ञा गर्नुहुन्छ। १ र २ राजा निर्वासनको दृष्टिकोणबाट लेखिएका हुन्। यी पुस्तकहरू लेखिंदा इस्राएल निर्वासनमा थियो, मन्दिर भत्काइएको थियो, अनि सिंहासनमा दाऊद वंशको राजा थिएन।

राजाहरूका पुस्तकहरूले "किन?" भन्ने प्रश्नको जवाफ दिन्छ। ती प्रतिज्ञाहरू किन पूरा भएका छैनन्? के परमेश्वरले आफ्ना प्रतिज्ञाहरू भुल्नुभएको छ? के बेबिलोनी देवता मरोदक इस्राएलका परमेश्वर यहोवाभन्दा अझ बढी शक्तिशाली हुनुहुन्छ? राजाहरूका पुस्तकले इस्राएल करारप्रति सत्य रहन नसकेको कुरा औंल्याउँदै यी प्रश्नहरूको उत्तर दिन्छन्।

---

१२१ भजन ५१:७,१६,१७

१२२ १ यूहन्ना २:१

१२३ भजन ३२:५

१२४ मत्ती १:६

१२५ गलाती ६:७-८

व्यवस्थाको पुस्तकको धार्मिक शिक्षाको भाषा प्रयोग गर्दै राजाहरूको पुस्तकले इस्राएलले त्यसका पापको निम्ति उचित दण्ड कटनी गरिरहेको देखाउँछन्। यी पुस्तकहरू ऐतिहासिक हुन्, तर ती इतिहासभन्दा बढी हुन्, तिनले इस्राएलको इतिहास किन त्यस्तो हुनआयो त्यो बताउँछ। यसैकारण हिब्रू बाइबलले यी पुस्तकहरूलाई अघिल्ला अगमवक्ताहरूको रूपमा वर्गीकरण गर्दछ। यी पुस्तकहरूले परमप्रभुबाट अगमवाणीमय वचन ल्याउँछः "यसैकारण मैले आफ्ना मानिसहरूमाथि दण्ड ल्याएको छु।"

| किन? | |
|---|---|
| **२ शमूएलको प्रतिज्ञा** | **२ राजाहरूको वास्तविक कुराहरू** |
| सधैंका निम्ति बासस्थान | बेबिलोनमा निर्वासन |
| यरूशलेममा मन्दिर | मन्दिर नाश पारिएको छ |
| सिंहासन सधैंका निम्ति स्थापित गरियो | यरूशलेममा कुनै राजा थिएन |

## लेखक र मिति

हिब्रू बाइबलमा, १ र २ राजाहरूका पुस्तकहरू एउटै छन्। हिब्रू परम्पराले यर्मिया यसका लेखक हुन् भनी पहिचान गर्दछ। तापनि, १ र २ राजाहरूका पुस्तकहरूको कुनै पनि कुराले लेखक चिनाउँदैन। धेरै जना विद्वानहरू यो पुस्तक अज्ञात व्यक्तिले लेखेका मान्छन्।

२ राजाहरूका अन्तिम घटना इ.पू. ५६१ मा घटेको हो। राजाहरूको पुस्तकले कोरेसको इ.पू. ५३९ को उर्दी उल्लेख गर्दैन। राजाहरूका पुस्तक यी दुई मितिहरूको बीचमा लेखिएको मानिलिन सकिन्छ।

## १ र २ राजाहरूको ढाँचा

### सोलोमनको नेतृत्वमा इस्राएलमा एकता भएको(१ राजा १-११)

यी अध्यायहरूले इ.पू. ९७१-९३१ का वर्षहरूलाई समेट्छन्। ती अध्यायहरूले सोलोमनको शासनकालको गौरवको वर्णन गर्दछः तिनको बुद्धि, तिनको सम्पत्ति, र मन्दिरमा परमेश्वरको आशिष। ती अध्यायहरूले पछिका वर्षहरूमा सोलोमनले धर्मत्याग गरेको वर्णन गर्दछ।

### विभाजित राज्य(१ राजा १२–२ राजा १७)

यी अध्यायहरूले इ.पू. ९३१-७२२ का वर्षहरू अर्थात् सोलोमनको मृत्युदेखि अश्शूरद्वारा उत्तरी राज्य विनाश गरिएको समयसम्मलाई समेट्छन्। रहबामको मूर्ख कार्यले गर्दा सोलोमनको मृत्युपछि त्यो राष्ट्र दुई भागमा विभाजन भयो। दश कुल यारोबामको पछि लागे, यहूदा र बेन्यामीन मात्र रहबाम र दाऊदको वंशप्रति बफादार रहे। राजाहरूका पुस्तकहरूले दुवै वटा राज्यको पालैपालो वर्णन गर्दछ, उत्तरी राज्यको द्रूत रूपमा धर्मत्याग भएको र यहूदा विस्तारै पतन हुँदै गएको वर्णन गर्दछ।

| उत्तरी राज्य इस्राएल | दक्षिणी राज्य यहूदा |
|---|---|
| १९ जना राजाहरू | १९ जना राजाहरू, एउटी रानी |
| सबै राजाहरू दुष्ट थिए | ८ जना असल राजाले जागृतिको समय ल्याउँछन्। |
| राजधानी शकेम, त्यसपछि तिर्सा अनि फेरि सामरिया | राजधानी यरूशलेम हो |
| बेथेल र दानमा आराधना गरे। | यरूशलेममा आराधना गरे, दाऊदको सहर |
| इ.पू. ७२२ मा अश्शूरद्वारा नाश पारियो। | इ.पू. ५८६ मा बेबिलोनद्वारा निर्वासनमा लगियो। |
| त्यो राज्य गुम्यो | इ.पू. ५३६ मा निर्वासनबाट फिर्ता आयो |

## उत्तरी राज्यको पतनपछि यहूदा(२ राजा १८-२५)

यी अध्यायहरूले इ.पू. ७२२-५६१ का वर्षहरू अर्थात् उत्तरी राज्यको विनाशदेखि यहोयाकीन बेबिलोनको कैदबाट छुटेको घटनासम्मलाई समेट्छन्। थोरै असल राजाहरूको शासनकालमा जागृतिको काल आएकोले यहूदा उत्तरी राज्यको पतनपछि पनि करिब एक सय वर्षभन्दा धेरैसम्म बाँच्यो। तापनि, मनश्शेको दुष्ट शासनमा परमेश्वरले यहूदामाथि दण्डको घोषणा गर्नुभयो।[१२६] योशियाहको शासनकालमा जागृतिको अन्तिम समय थियो, तर इ.पू. ५८६ मा बेबिलोनले यरूशलेमलाई जित्यो, मन्दिर नष्ट पार्‍यो र मानिसहरूलाई निर्वासनमा लग्यो।

२ राजाहरूको पुस्तक गदल्याहको अधीनमा यहूदाको इतिहाससहित समाप्त हुँदछ, जो बेबिलोनमा राज्यपाल नियुक्त भएका थिए। यो बेबिलोनका राजाले यहोयाकीनलाई कैदबाट छुटकारा दिएका विवरणसहित समाप्त हुँदछ। यो घटना इ.पू. ५६१ मा घटेको हो, अनि राजाहरूका पुस्तकको सुरुका पाठकहरूलाई यसले दाऊदका सन्तानमाथि परमेश्वरले नजर राख्नुभएको छ भनी स्मरण गराउँथ्यो। परमेश्वरले दाऊदलाई दिनुभएको आफ्नो प्रतिज्ञा भुल्नुभएको थिएन।

१२६ २ राजा २१

## महत्त्वपूर्ण मितिहरू, राजाहरू र घटनाहरू[१२७]

| इस्राएलको उत्तरी राज्य | | यहूदाको दक्षिणी राज्य | |
|---|---|---|---|
| ९३१-९१० इ.पू. | यारोबाम प्रथमले इस्राएललाई मूर्तिपूजामा डोऱ्याउँछ | ९३१-९१३ इ.पू. | रहबामले इस्राएलको विभाजन गराए |
| ८८५-८७४ इ.पू. | ओम्रीले राजधानीलाई सामरियामा सार्छन् | ९११-८७० इ.पू. | आसा एक ईश्वरभक्त राजा हो |
| ८७४-८५३ इ.पू. | आहाब र ईजेबेल | ८७२-८४८ इ.पू. | यहोशापात, एक असल राजा, तर आहाबसँग गठबन्धन गर्छन् |
| ८७५-८४८ इ.पू. | एलियाको सेवकाइ | | |
| ७६०-७५० इ.पू. | आमोसको सेवकाइ | ७९२-७४० इ.पू. | उज्जियाहलाई पूजाहारीले गर्ने कार्यहरूको कानुन उल्लङ्घन गरेको कारण कुष्ठ रोग लाग्छ |
| ७५३-७१५ इ.पू. | होशेको सेवकाइ | | |
| ७३२-७२२ इ.पू. | होशे - उत्तरी राज्यको अन्तिम राजा | ७१६-६८७ इ.पू. | हिजकियाह |
| ७२२ इ.पू. | अश्शूरद्वारा उत्तरी राज्यको विनाश | ७४०-६८१ इ.पू. | यशैयाको सेवकाइ |
| | | ६४१-६०९ इ.पू. | योशियाह - यहूदाका अन्तिम ईश्वरभक्त राजा |
| | | ६२७-५८६ इ.पू. | यर्मियाको सेवकाई |
| | | ६०९-५९८ इ.पू. | यहोयाकिमको शासन, जसले यर्मियाको चेतावनीलाई अस्वीकार गऱ्यो |
| | | ५९७-५८६ इ.पू. | सिदकियाह - यहूदाका अन्तिम राजा |
| | | ५८६ इ.पू. | यरूशलेमको विनाश |

१२७ मितिहरू अनुमानित हुन्। ई.आर थिएलमा आधारित, *हिब्रू राजाहरूका रहस्यमय संख्याहरू*, (ग्रान्ड र्‍यापिड्सः जोन्डरभन, १९८३).

# १ र २ राजाहरूमा महत्त्वपूर्ण विषयवस्तुहरू

## राजाहरू

१ र २ राजाहरूको पुस्तकले इस्राएलका शासकहरूलाई हेर्ने तरिका इतिहासका सामान्य पुस्तकहरू भन्दा समान र फरक दुवै छ। अन्य ऐतिहासिक स्रोतहरू जस्तै, १ र २ राजाहरूको पुस्तकले आधारभूत जीवनीको जानकारी प्रस्तुत गर्दछः सिंहासनमा बसालिदाखेरी राजाको उमेर, पारिवारिक पृष्ठभूमि, उनको शासनको अवधि, दफनको स्थान, उत्तराधिकारी, र राजाको बारेमा जानकारीको स्रोत।

अन्य ऐतिहासिक स्रोतहरूको विपरीत, राजाहरूको पुस्तकको प्राथमिक चासो भनेको राजाको परमेश्वरप्रतिको वफादारीको मूल्याङ्कन हो। प्रत्येक राजाको लागि, लेखकले यो भन्दछन्, "र तिनी आफ्ना पिताका सबै पापहरूमा हिँडे, जुन तिनले तिनको अगाडि गरेका थिएः र तिनको हृदय तिनका पिता दाऊदको हृदय जस्तै परमप्रभु उहाँका परमेश्वरसँग सिद्ध थिएन"[१२८]वा उनको "हृदय उनको जीवनका सम्पूर्ण दिनहरूभरि परमप्रभुसँग सिद्ध थियो।"[१२९]

प्रत्येक राजाको मूल्याङ्कन मुख्यतया उसको राजनीतिक वा सैन्य सफलतामा होइन, परमेश्वरप्रतिको वफादारीताको आधारमा गरिन्थ्यो। उदाहरणका लागि, धर्मनिरपेक्ष इतिहासमा, ओम्री सबैभन्दा प्रसिद्ध इस्राएली राजाहरूमध्ये एक हुन्। अहिले, लौवर संग्रहालयमा राखिएको मेशा स्टेलेले, ओम्रीको सैन्य विजयहरूको बारेमा बताउँछ। ओम्रीको मृत्युको लामो समय पछि, अश्शूरी स्रोतहरूले इस्राएललाई "ओम्रीको भूमि" भनेर उल्लेख गरे। ओम्री एक प्रसिद्ध राजा थिए, तर १ राजाहरूमा, ओम्रीको बारेमा केवल छ वटा पदहरू मात्रै समर्पित छन्। बाइबलीय लेखकलाई, "ओम्रीले परमप्रभुको दृष्टिमा खराब काम गरे, र उनले आफू अघिका सबै राजाहरू भन्दा खराब काम गरे।"[१३०] बाइबलीय लेखकको लागि, उनको शासनको कुनै पनि राजनीतिक महत्त्वको तुलनामा ओम्रीको पाप धेरै बढी थियो। राजाका पुस्तकहरू करारको इतिहास हुन्; यसले इस्राएलको इतिहासलाई त्यसको करारप्रतिको विश्वासयोग्यतासँगको सम्बन्धको बारेमा दर्शाउँदछ।

## अगमवक्ताहरू

इस्राएलको पतनको चित्रको भागको रूपमा, १ र २ राजाहरूका पुस्तकले अगमवक्ताहरूको भूमिकामा महत्वपूर्ण ध्यान दिन्छन्। ओम्रीलाई राजाहरूको पुस्तकमा लगभग बेवास्ता गरिएको छ भने उनको छोरा आहाबको शासनको कुरालाई विस्तृत रूपमा दर्शाइएको छ।

यसको निम्ति त्यहाँ दुईवटा कारणहरू छन्। एउटा कारण यो हो कि आहाबको दुष्ट शासनले उत्तरी राज्यको विनाशलाई निम्त्यायो।[१३१] दोस्रो कारण आहाबसँग एलियाको विवाद हो। एलिया र आहाब बीचको द्वन्द्वले इस्राएललाई त्यसको पापको चेतावनी दिने परमेश्वरको विश्वासयोग्यतालाई देखाउँछ। कर्मेल डाँडामा भएको टकरावले इस्राएललाई आफ्नो विश्वास-पतनको सामना गर्ने स्थितिमा ल्यायो। एलियाद्वारा घोषित खडेरीले इस्राएललाई उसको विश्वास-पतनको मूल्य थाहा गर्ने बनायो।[१३२]

अगमवक्ताहरूले आफ्ना मानिसहरू प्रति परमेश्वरको विश्वासयोग्यताको बारेमा देखाउँछन्। उत्तरमा एलिया र एलीशा, र

---

१२८ १ राजाहरू १५:३

१२९ १ राजाहरू १५: १४

१३० १ राजाहरू १६:२५

१३१ १ राजाहरू १६: ३३

१३२ १ राजाहरू १७। प्रस्थानको पाठमा, हामीले विपत्तिहरूद्वारा मिश्रका झूटा देवताहरूमाथि आक्रमण भएको देख्यौं। एलियाको समयको खडेरी बालमाथिको आक्रमण जस्तै हो। बाल इजेबेलले इस्राएललाई परिचय गराएको फोनिकेको प्रजनन देवता थियो। बाललाई "वर्षा र गर्जनको देवता" भनिन्थ्यो। एलियाले संसारको सृष्टिकर्ता यहोवा नै प्रकृतिमाथि अधिकार गर्ने एक मात्र हुनुहुन्छ भनी घोषणा गरे।

यहूदामा यशैया र तिनका समकालीनहरू मार्फत, परमेश्वरले बारम्बार इस्राएललाई तिनको पापको चेतावनी दिनुभयो। दुःखको कुरा, परमेश्वरको इमानादारीताको बाबजुद पनि इस्राएल विद्रोहमा लागिरह्यो।

### व्यवस्था: विवरणीय ईश्वरशास्त्र

एलिया र आहाब बीचको द्वन्द्वले इस्राएललाई चेतावनी दिनको लागि परमेश्वरको विश्वासयोग्यतालाई मात्र होइन, तर पश्चात्ताप गर्न इस्राएलको अट्टेरी इन्कारलाई पनि देखाउँछ। निर्वासनको परिप्रेक्ष्यमा, राजाहरूको पुस्तकको लेखकले देखाउँछन् कि यहूदा र इस्राएलले परमेश्वरको धार्मिक न्याय भोगे।

यस खण्डको सुरूमा सोधिएका प्रश्नहरूको जवाफमा, राजाहरूका पुस्तकको लेखकले जवाफ दिए, "होइन, मरोदक यहोवाभन्दा शक्तिशाली छैन। होइन, परमेश्वरले आफ्ना करारका प्रतिज्ञाहरू बिर्सनुभएको छैन। यहूदा र इस्राएलले करारप्रति अविश्वासको परिणाम भोगिरहेका छन्। करारले विश्वासयोग्यहरूलाई आशिष् र अविश्वासयोग्यहरूलाई दण्ड दिने प्रतिज्ञा गऱ्यो। परमेश्वरले आफूले प्रतिज्ञा गर्नुभए बमोजिम गरिरहनु भएको छ।" [१३३]

व्यवस्था र राजाका पुस्तकहरू बीचको सम्बन्ध धेरै विशिष्ट उदाहरणहरूमा देखिन्छ।

- व्यवस्थाले इस्राएललाई "परमप्रभु तिमीहरूका परमेश्वरले रोज्नुभएको ठाउँमा" आराधना गर्न आज्ञा दियो। यारोबामले दान र बेथेलमा नयाँ आराधना स्थलहरू स्थापना गरे। [१३४]
- व्यवस्थाले इस्राएलको लागि परमेश्वरले चाहानुभएको राजा कस्तो किसिमको हो भनी देखायो। राजाहरूको पुस्तकले देखाउँछन् कि कसरी इस्राएलका राजाहरू परमेश्वरको राजाको स्तरहरू पूरा गर्न चुके। [१३५]
- व्यवस्थाले साँचो अगमवक्ता कस्तो हुनुपर्छ भन्ने परीक्षा प्रदान गऱ्यो। एलिया र एलीशाको सेवाले यस परीक्षाको वैधता प्रदर्शन गऱ्यो। [१३६]
- इस्राएलले करार तोडेको अवस्थामा व्यवस्थाले विशेष श्रापहरूको भविष्यवाणी गरेको थियो। यी दुखद विवरणहरू राजाहरूको पुस्तकमा पूरा हुन्छन्। [१३७]

## १ र २ इतिहास

### मुख्य विषयवस्तुः आशाको एक सन्देश

१ र २ राजाहरूको पुस्तकहरू लेखिएको एक शताब्दी भन्दा बढी पछि १ र २ इतिहासका पुस्तकहरू लेखिएका थिए। इतिहासको पुस्तकले इस्राएलको इतिहासमा एक कठिन क्षणलाई समेट्छ। कोरेसले मानिसहरूलाई फर्कन अनुमति दिए - तर यरूशलेममा भन्दा धेरै यहूदीहरू बेबिलोनमा नै बसे। मन्दिर पुनर्निर्माण गरिएको थियो - तर यो सोलोमनको मन्दिर भन्दा सानो र कम प्रभावशाली थियो। त्यहाँ दाऊद जस्तो कुनै राजा सिंहासनमा छैन। मसीह देखा पर्नु भएको छैन। इतिहासहरूको पुस्तक ती मानिसहरूलाई लेखिएको हो जसलाई जान्न आवश्यक छ कि "परमेश्वरले हामीलाई बिर्सनुभएको छैन। हामी अझै पनि परमेश्वरकै मानिसहरू हौं। त्यहाँ आशा छ।"

---

१३३ हेर्नुहोस्, २ राजाहरू १७:७-२३

१३४ व्यवस्था १२:५; १ राजाहरू १२:२६-३०

१३५ व्यवस्था १७:१४-२०

१३६ व्यवस्था १८:२१-२२

१३७ व्यवस्था २८

पुरातन परम्पराले एज्रालाई इतिहासको लेखकको रूपमा श्रेय दिन्छ । यो आंशिक रूपमा हो किनभने २ इतिहासका अन्तिम दुई पदहरू एज्राका पहिलो दुई पदहरू जस्तै दोहोऱ्याइएको छ । इतिहासको पुस्तक आफैंले लेखकको पहिचान गर्दैन । यस कारणले गर्दा, लेखकलाई सामान्यतया "इतिहासकार" भनिन्छ ।

हिब्रू बाइबलमा, इतिहासको पुस्तक क्याननको अन्तिम पुस्तक हो । यो उपयुक्त छ किनभने इतिहासको सम्भावित मिति ४५० र ४०० इ.पू. को बीचमा लेखिएको अन्तिम पुरानो नियमका पुस्तकहरू मध्ये एक हो । यो इतिहासको उद्देश्यको कारणले पनि उपयुक्त पुस्तक हो । इतिहासको पुस्तक मुख्य रूपमा एक ऐतिहासिक पुस्तक होइन, यद्यपि इतिहासमा इतिहासको पुस्तकहरूका घटनाहरू सत्य छन । यसको मुख्य उद्देश्य भनेको इस्राएलको इतिहासलाई नयाँ शिशाको लेन्सबाट हेर्दै आशाको सन्देश ल्याउनु हो । इतिहासको पुस्तकले इस्राएललाई परमेश्वरका प्रतिज्ञाहरू, येशु ख्रीष्टको आगमनमा पूरा हुने प्रतिज्ञाहरूको भविष्यको पूर्तिलाई हेर्छ ।

## इतिहासको पुस्तक र राजाहरूको पुस्तक

इतिहासको पुस्तक र राजाहरूको पुस्तक बीचको सम्बन्ध तीन साररूपी सुसमाचारहरू बीचको सम्बन्ध जस्तै छ; तिनीहरूले समान सामग्रीलाई विपरित दृष्टिकोणबाट हेर्छन । इतिहासको पुस्तकले शमूएल र राजाहरूको पुस्तकले जस्तै इतिहासको सर्वेक्षण गर्दछ । तरपनि, यसले यी घटनालाई एउटा नयाँ दृष्टिकोणबाट हेर्छ । राजाहरूको पुस्तकले सोध्छ, "किन करारका प्रतिज्ञाहरू पूरा भएनन् ?" इतिहासको पुस्तकले सोध्छ, "के त्यहाँ भविष्यको लागि आशा छ ? के परमेश्वरले आफ्ना मानिसहरूको लागि कुनै उद्देश्य राख्नुभएको छ ?"

इतिहासकारको उद्देश्य उनको सामग्रीको चयनमा देखिन्छ । उनले इस्राएलको बारेमा पूर्ण इतिहास दिएका छैनन । बरू, उनले आफ्ना उद्देश्यहरू पूरा गर्न इस्राएलको इतिहासमा परमेश्वरले कसरी काम गर्नुभएको छ भनी देखाउने सामग्री छनोट गर्छन । लेखकले इस्राएलको इतिहासको कालो समयलाई अस्वीकार गर्न खोजिरहेका छैनन्; उनका पाठकहरूले ती अन्धकारका समयहरू राम्ररी बुझेका थिए । यद्यपि, इतिहासको उद्देश्य परमेश्वरको न्यायको व्याख्या गर्नु होइन; इतिहासको उद्देश्य निराशामा परेका मानिसहरूलाई आशा दिनु हो । कोरेसको घोषणाको साथ अन्त्य गरेर, इतिहासको पुस्तक आशाको सन्देशको साथ समाप्त हुन्छ; परमेश्वरले अझै पनि आफ्ना मानिसहरूको रक्षा गरिरहनु भएको छ ।

| शमूएलको पुस्तक/राजाहरूको पुस्तक | इतिहासको पुस्तकहरू |
|---|---|
| परमेश्वरले किन आफ्ना मानिसहरूको न्याय गर्नुभयो ? | के त्यहाँ परमेश्वरका जनहरूको निम्ति भविष्य छ ? |
| शाऊलको शासनको कथा समावेश गर्छ | शाऊलको मृत्यु मात्र समावेश गर्छ |
| दुवै राज्यहरूको इतिहास | यहूदाको इतिहास |
| अगमवक्ताहरूलाई जोड दिइएको | पूजाहारी र मन्दिरलाई जोड दिइएको |
| "के राजाहरू दाऊदको बाटोमा हिँडे त ?" | "के राजा मन्दिरको आराधना प्रति विश्वासयोग्य थिए ?" |
| परमेश्वरको धार्मिक न्याय | परमेश्वरको अनन्त कृपा |

## इतिहासको पुस्तकको संक्षिप्त विवरण

### वंशावली (१ इतिहास १-९)

वंशावली ? दिक्क लाग्दो ! हो, यी अध्यायहरू दिक्क लाग्दो हुन सक्छ, तर तिनीहरू महत्त्वपूर्ण छन् । किन ? तिनीहरूले परमेश्वरका जनहरूलाई सम्झाउँछन् कि उहाँले तिनीहरूलाई बिर्सनुभएको छैन ।

इ.पू.५ औँशताब्दीमा, इस्राएलको कुलहरूको वंशावली अर्थहीन लाग्थ्यो । उत्तरी राज्यका दश कुलहरू अश्शूरद्वारा नष्ट भएका थिए र तिनीहरूले कहिल्यै आफ्नो पहिचान पुनः प्राप्त गर्न सकेनन् । यहूदाका मानिसहरू मिश्र, बेबिलोन र फारसभरि छरिएर रहेका थिए ।

**नयाँ ख्रीष्टियनहरूको लागि सल्लाह: आफ्नो बाइबल पढाइ १ इतिहास १-९ बाट सुरु नगर्नुहोस्!**

**पुराना ख्रीष्टियनहरूको लागि सल्लाह: १ इतिहास १-९! लाई बेवास्ता नगर्नुहोस् ।**

यस अवस्थामा, वंशावलीहरूले महत्त्वपूर्ण सन्देश बोकेका थिए: "परमेश्वरले हामीलाई बिर्सनु भएको छैन ।" हामी उहाँका चुनिएका मानिसहरू हौं । हामीलाई अझै थाहा छ हामी को हौं; हामी हाम्रो वंशावली आदमदेखि पहिल्याउन सक्छौं । यद्यपि उत्तरी राज्य गायब भएको छ, इतिहासकार यहूदालाई सम्झउन चाहन्छन् कि परमेश्वरले "सबै इस्राएललाई" चुन्नुभयो र तिनीहरूलाई बिर्सनु भएको छैन । [१३८]

एउटा अंशले वंशावलीहरू इतिहासकारको उद्देश्यसँग कसरी मेल खान्छ भनेर देखाउनेछ । हिब्रूमा, याबेस नाम दुखाइको शब्दसँग मिल्दोजुल्दो छ ।" याबेस कुनै महान् विरासत नभएका मानिस थिए, तर उनले "इस्राएलका परमेश्वरलाई पुकारा गरे ... । अनि परमेश्वरले उनलाई जे मागे त्यो दिनुभयो ।"[१३९] याबेसको प्रार्थना परमेश्वरबाट मागेका कुराहरू प्राप्त गर्नको लागि जादुई मन्त्र जस्तो होइन । याबेसको प्रार्थना एउटा स्मरण हो कि परमेश्वरले उहाँलाई पुकार्नेहरूलाई तिनीहरूसँग कुनै व्यक्तिगत वा पारिवारिक लाभ नभए पनि सुन्नुहुन्छ । याबेसको कथाले इतिहासका प्रारम्भिक पाठकहरूलाई परमेश्वरलाई पुकार्न प्रोत्साहित गऱ्यो; अँध्यारो दिनहरूमा पनि उहाँले तिनीहरूको पुकार सुन्नुहुन्थ्यो ।

### दाऊदको शासन (१ इतिहास १०-२९)

शाऊललाई वंशावलीमा समावेश गरिएको छ, तर शाऊलको बारेमा मात्र विस्तृत जानकारी दिएको कुरा चाहिँ उनको मृत्यु हो । शाऊलको शासन इतिहासकारको लागि कम चासोको विषय बनेको छ । शाऊल प्रति इतिहासकारको चासोलाई संक्षेपमा राखिएको छ, "त्यसैले शाऊलले परमप्रभुको विरुद्धमा गरेको उनको अपराधको कारण मरे ... त्यसैले उहाँले शाऊललाई मार्नुभयो, र राज्य यिशैका छोरा दाऊदलाई फर्काइदिनु भयो ।" [१४०]

इतिहासकारको ध्यान दाऊद र तिनको राजकीय वंशमा केन्द्रित छ । इतिहासको पुस्तकले दाऊद र तिनका शक्तिशाली मानिसहरूको बारेमा बताउँछ । यसले बेथशेबासँग दाऊदको पापको बारेमा बताउँदैन । इतिहासको पुस्तकका पाठकहरूलाई दाऊदको पापको कथा पहिले नै थाहा थियो; यो इतिहासको पुस्तकको उद्देश्यको लागि महत्त्वपूर्ण थिएन ।

चाखलाग्दो कुरा के छ भने, बतशेबाको कथा इतिहासको पुस्तकमा समावेश गरिएको छैन, तर दाऊदको पाप मानिसहरूको

१३८ "सबै इस्राएल" वाक्यांश इतिहासको पुस्तकमा ४२ पटक प्रयोग गरिएको छ । यसले तितरबितर भएको राष्ट्रको लागि पनि परमेश्वरको निरन्तरको उद्देश्यलाई मान्यता दिन्छ । उत्तरी राज्यको विनाशको बावजुद पनि परमेश्वरको छुटकाराको उद्देश्य पूरा हुनेछ ।

१३९ १ इतिहास ४:१०

१४० १ इतिहास १०:१३-१४

जनगणना गर्दाखेरि उल्लेख गरिएको छ । किन ? इतिहासकारको लागि मन्दिरको विषयमा यो कथालाई जोड दिन महत्त्वपूर्ण बनेको छ । आफ्नो पश्चात्तापमा, दाऊद बलिदानको लागि वेदी बनाउन ओर्नानको खला किने । यो मन्दिरको स्थल बन्यो ।[१४१]

मन्दिर इतिहासको पुस्तकको लागि महत्त्वपूर्ण छ । १ इतिहास २१ मा दाऊद जनगणनाको कथालाई पछ्याउँदै, इतिहासको पुस्तकले मन्दिर निर्माणको लागि दाऊद योजना र लेवीहरू, पुजारीहरू, संगीतकारहरू, द्वारपालहरू र मन्दिरको कोषाध्यक्षहरूको संगठनको बारेमा बताउँछन् । इतिहासकारले निरुत्साहित मानिसहरूलाई मन्दिर उनीहरूको पहिचानको केन्द्रबिन्दु हो भनेर सम्झाउँछन्; उनले मन्दिरको उपासनामा विश्वासयोग्यतालाई प्रोत्साहन दिन यसलाई लेख्छन् ।

## सोलोमनको शासन (२ इतिहास १-९)

सोलोमनको शासन इतिहासकारको लागि मन्दिरको स्थापनाको कारण महत्त्वपूर्ण छ । इतिहासले सोलोमनको धर्मत्यागलाई मेटेको छ, तर मन्दिरको भवन, सजावट र अर्पणमा छवटा अध्यायहरू समर्पित गर्दछ । इतिहासको पुस्तकले मन्दिरको समर्पणमा परमेश्वरको प्रतिक्रिया देखाउँछः "स्वर्गबाट आगो आयो, र होमबलि र बलिदानहरू भस्म पार्‍यो । अनि परमप्रभुको महिमाले घर भरियो । र पूजाहारीहरू परमप्रभुको घरमा पस्न सकेनन्, किनभने परमप्रभुको महिमाले परमप्रभुको घर भरिएको थियो ।"[१४२]

यस अध्यायमा पछिबाट, परमेश्वरले सोलोमनलाई प्रतिज्ञा गर्नुहुन्छ कि "यदि मैले पानी नपर्नलाई आकाश बन्द गरें भने, वा मैले सलहहरूलाई भूमि सखाप पार्ने आज्ञा दिएँ, वा मेरा मानिसहरूमा रूढी पठाइदिएँ भने; यदि मेरा मानिसहरू, जसलाई मेरो नाउँले बोलाइन्छ, तिनीहरूले आफैलाई विनम्र बनाउँछन्, र प्रार्थना गर्छन्, र मेरो मुहार खोज्छन्, र तिनीहरूका दुष्ट मार्गहरूबाट फर्कनेछन् भने, तब म स्वर्गबाट सुन्नेछु, र तिनीहरूको पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई निको पार्नेछु । "[१४३]

यो प्रतिज्ञा निर्वासन पछि इस्राएलको लागि महत्वपूर्ण छ । यसले तिनीहरूलाई परमेश्वरले आफ्ना जनहरूलाई त्याग्नुभएको छैन भनी विश्वास दिलाउँछ । करारका प्रतिज्ञाहरू पूरा भएनन्, तर यदि इस्राएलले परमेश्वरलाई पुकार्यो भने, उहाँले स्वर्गबाट सुन्नुहुन्छ र तिनीहरूको देशलाई निको पार्नुहुनेछ । यो मलाकीको सन्देशसँग मिल्दोजुल्दो छ, इतिहासको पुस्तक जस्तै एकै समयमा लेखिएको छ । पापको लागि साँचो पश्चात्ताप र परमेश्वरका आज्ञाहरूप्रति विश्वासयोग्य भएर फर्केका निर्वासीतहरूलाई परमेश्वरको आशिष् मिल्नेछ ।

## यहूदाको राज्य (२ इतिहास १०-३६)

राजाहरूले इस्राएलको विभाजनपछि उत्तरी राज्य र यहूदा दुवैलाई पछ्याउँछन्; दुवै राज्यहरूले परमेश्वरको न्यायको प्रभाव देखाउँछन् । इतिहासकार, तथापि, उनी आशाको सन्देशमा चासो दिन्छन्; केवल यहूदाले मात्र भविष्यको लागि परमेश्वरको प्रतिज्ञा देखाउँछ । इस्राएलको विभाजनपछि, इतिहासको पुस्तकले यहूदाको इतिहासलाई मात्र देखाउँछ ।

फेरि यस खण्डमा, इतिहासकारले आफ्नो अभिप्राय अनुसार आफ्नो छनोटलाई भौतिक कुराहरू तर्फ निर्देशित गर्छन् । राजाहरूको पुस्तकमा, हिजकियाहको आत्मिक सुधारहरू एउटै पदमा वणर्न गरिएको छ ।[१४४] इतिहासको पुस्तकमा, तीन अध्यायहरू हिजकियाहका सुधारहरूको विवरणमा समर्पित छन् ।[१४५] इतिहासको पुस्तकले मन्दिरप्रति हिजकियाहको भक्ति र परमेश्वरप्रतिको उनको विश्वासयोग्यतालाई जोड दिन्छ ।

इतिहासको पुस्तक र राजाहरूको पुस्तक बीचको अर्को रोचक भिन्नता मनश्शेको कथामा देखिन्छ । राजाहरूको पुस्तकले

१४१ १ इतिहास २१:१८-२८; २ इतिहास ३:१

१४२ २ इतिहास ७ :२-३

१४३ २ इतिहास ७ :१३-१४

१४४ २ राजाहरू १८: ४

१४५ २ इतिहास २९-३१

मनश्शेलाई यहूदाका राजाहरूमध्ये सबैभन्दा खराब राजाको रूपमा देखाउँछ, जसको पापले निर्वासनलाई अपरिहार्य बनायो ।[१४६] इतिहासको पुस्तकले हामीलाई यो बताउँछ कि उनी कैदमा हुँदा मनश्शेले पश्चात्ताप गरे । मनश्शे बेबिलोनबाट मुक्त गरिए पछि यरूशलेम फर्किए । उनले मन्दिरमा रहेका मूर्तिहरूलाई हटाए ।[१४७]

राजाहरूको पुस्तकको लेखकको लागि, मनश्शेको शासनको मुख्य सन्देश भनेको पापले परमेश्वरको न्याय ल्याउँछ । इतिहासको पुस्तका लेखकका लागि, मनश्शेको शासनको प्राथमिक सन्देश भनेको पश्चात्तापले परमेश्वरको क्षमा ल्याउँछ । दुवै सन्देशहरू इस्राएलको इतिहास बुझ्न महत्त्वपूर्ण छन् । इतिहासको पुस्तकहरू राजाहरूको पुस्तकको पुनरावृत्ति भन्दा बढी हो; यो राजाहरूको पुस्तकको सहगमन हो । यसले उहाँका मानिसहरूको लागि परमेश्वरको वचनको अर्को पक्षलाई देखाउँदछ ।

## निष्कर्ष

## नयाँ करारमा शमूएलको पुस्तक-राजाहरूको पुस्तक

दाउदसँगको करारले येशु मसीहको सेवकाइको लागि ऐतिहासिक आधार प्रदान गर्दछ । दाउदसँगको करारमा, परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि दाऊद जस्तै राजा इस्राएलको सिंहासनमा बस्नेछ । तैपनि २ राजाको पुस्तकको अन्त्यमा, सिंहासनमा त्यहाँ कुनै पनि राजा छैन । इस्राएलमा फारसीहरू, ग्रीकहरू र रोमीहरूले शासन गरेपछि यो अवस्था जारी छ ।

दाउदसँगको करारमा, परमेश्वरले आफ्नो मन्दिरमा वास गर्ने प्रतिज्ञा गर्नुभयो । तैपनि २ राजाको अन्त्यमा, त्यहाँ मन्दिर छैन । मन्दिर पुननिर्माण भएपनि, पहिलो मन्दिरको जस्तो भव्यता र सौन्दर्यता त्यसमा थिएन ।

सुसमाचारका लेखकहरूले देखाउँछन् कि येशु नै दाऊदलाई गरिएका प्रतिज्ञाहरूको पूर्णता हुनुहुन्छ । उहाँ नै एकमात्र व्यक्ति हुनुहुन्छ जो दाऊदको सिंहासनमा बस्न आउनुभएको छ । आफ्नो पार्थिव सेवकाईको दौडानमा उहाँलाई अस्वीकार गरिएको थियो, उहाँ सदाको लागि शासन गर्न फर्केर आउनुहुनेछ । मन्दिरमा परमेश्वरको महिमा प्रकट गर्ने उहाँ नै हुनुहुन्छ ।

दाऊदलाई गरिएको प्रतिज्ञा बिर्सिएन । इस्राएल अविश्वासी भए तापनि परमेश्वर आफ्ना प्रतिज्ञाहरूप्रति विश्वासयोग्य रहनुभयो । इतिहासको पुस्तकमा देखाइएको आशा येशु मसीहको आगमनमा पूरा हुन्छ ।

## शमूएल-इतिहास आज बोल्छन्

बीसौं शताब्दीमा, "ख्रीष्टियन पुनर्संरचनावाद" नामक आन्दोलनले इस्राएललाई शासित गर्ने पुरानो नियमको कानुन आधुनिक राजनीतिक संरचनाको नमुना हुनुपर्छ भनी तर्क गऱ्यो । कम नाटकीय रूपमा, धेरै ख्रीष्टियनहरूले राजनीतिक क्षेत्रलाई आत्मिक पुनरुत्थानको लागि एक साधनको रूपमा देखेका छन् ।

ख्रीष्टियनहरूलाई नागरिक सरकारमा संलग्न हुने अधिकार भएता पनि, हामी ईश्वरतन्त्रमा बस्दैनौं । न त ख्रीष्टले सुझाव दिनुभयो कि हामीले गर्नुपर्छ । यसको सट्टामा, इस्राएललाई गरिएका प्रतिहरू प्रतिज्ञाहरू मण्डलीको सेवकाई मार्फत पूरा हुन्छन् । पुरानो करार, परमेश्वरले इस्राएलको प्रत्यक्ष प्रभावबाट सबै राष्ट्रहरूलाई आशिष् दिनुभयो । पेन्तिकोसको दिन देखि, मण्डली मार्फत सुसमाचार फैलाएर परमेश्वरले सबै राष्ट्रहरूलाई आशिष् दिनुभएको छ ।

पुरानो करारका ऐतिहासिक पुस्तकहरूले ख्रीष्टियन राजनैतिक संरचनाको स्थापनाको लागि नमुना प्रदान गर्दैन तर आफ्ना मानिसहरूलाई जोगाउन र आउँदै गर्नुभएको मसीहको प्रतिज्ञामा परमेश्वरको विश्वासयोग्यताको प्रमाण दिन्छ ।

१४६ २ राजाहरू २१:११-१५

१४७ २ इतिहास ३३:१०-२०

## पठ ५ गर्नुपर्ने कार्यहरू

**१.** निम्न गर्नुपर्ने कार्यहरू मध्ये **एकलाई** छान्नुहोस्:

विकल्प १: समूहमा गर्नुपर्ने कार्यहरू

प्रत्येक सदस्यलाई यहूदाको महत्त्वपूर्ण राजा अध्ययन गर्न नियुक्त गर्नुहोस्। तपाईंले एउटा पानामा राजाको शासनको सारांश लेख्नुहोस्। परमेश्वरप्रति राजाको विश्वासयोग्यताको मूल्याङ्कन गर्नुहोस् र त्यसपछि उनको शासनले यहूदालाई राम्रो वा नराम्रो प्रभाव पारेको देखाउनुहोस्। निम्न राजाहरूबाट छान्नुहोसः रहबाम, यहोशापात, हिजकियाह, मनश्शे, योशियाह वा सिदकियाह।

विकल्प २: व्यक्तिगत गर्नुपर्ने कार्यहरू

एउटा चुन्नुहोस्:

- १-२ पृष्ठ (४५०-८०० शब्द) निबन्ध लेख्नुहोस् जसमा तपाईंले यहूदाका निम्न दुई राजाहरूलाई तुलना गर्नुहुन्छ। परमेश्वरप्रति राजाहरूको विश्वासयोग्यताको मूल्याङ्कन गर्नुहोस् र तिनीहरूको शासनले यहूदालाई राम्रो वा नराम्रो हुनुमा कसरी प्रभाव पारेको थियो भनी देखाउनुहोस्। निम्न राजाहरूबाट छान्नुहोसः रहबाम, यहोशापात, हिजकियाह, मनश्शे, योशियाह वा सिदकियाह।
- इतिहासमा आधारित परमेश्वरको विश्वासयोग्यतामा प्रवचनको लागि विस्तृत रूपरेखा लेख्नुहोस्। इतिहासका उदाहरणहरू प्रयोग गर्नुहोस् जसले उहाँका जनहरूप्रति परमेश्वरको विश्वासयोग्यता देखाउँछ।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। तोकिएको पवित्रशास्त्र स्मरणको लागि परीक्षामा समावेश हुनेछ।

## पाठ ५ परीक्षा

१. प्रत्येक पुस्तकको लागि विषयवस्तु सूचीबद्ध गर्नुहोस ।

- १ शमूएलः________________________________
- २ शमूएलः________________________________
- १ र २ राजाहरूः ________________________________
- १ र २ इतिहासहरूः________________________________

२. शाऊलको शासनकालको सुरुका तीनवटा घटनाहरूको सूची बनाउनुहोस् जसले परमेश्वरले चाहेको राजा हुन असफल भएको देखाउँछ ।

३. दाऊदसँगको करारका पाँचवटा प्रतिज्ञाहरूको सूची बनाउनुहोस ।

४. दाऊदको पापबाट चारवटा सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस् जसले पापमा फसेका विश्वासीलाई निर्देशन दिन्छ ।

५. १ र २ राजाहरूको पुस्तकले कुन बर्षलाई समाविष्ट गर्छ ?

६. इस्राएलको विभाजन पछि, कुन कुलहरू दाउद राजा जस्तै वफादार रहे ?

७. १ र २ राजाहरूको पुस्तकमा राजाहरूलाई कसरी मूल्याङ्कन गरिन्छ ?

८. यहूदाका राजाहरूको सन्दर्भमा इतिहास र राजाहरूको पुस्तकको विषय वस्तुको भिन्नता पार्नुहोस ।

९. इतिहासका लागि सोलोमनको शासन किन महत्त्वपूर्ण छ ?

१०. मनश्शेको सन्दर्भमा इतिहास र राजाहरूको विषयवस्तुको भिन्नतालाई तुलना गर्नुहोस ।

११. आफूले कण्ठ गरेको १ राजा ९:४-७ र २ इतिहास ७ :१३-१४ लाई लेख्नुहोस ।

# पाठ ६

# एज्रा-एस्तर

## पाठको उद्देश्य

१. एज्रा, नहेम्याह र एस्तरको प्राथमिक विषयवस्तुहरू मुख्य सारांश गर्न सक्षम हुनु ।

२. एज्रा, नहेम्याह र एस्तर बीचको कालक्रमिक सम्बन्धलाई चिन्नु ।

३. पुनःस्थापना अवधिका प्रमुख घटनाहरू जान्नु ।

४. नहेम्याहको जीवनबाट नेतृत्वका सिद्धान्तहरू बुझ्नु ।

५. एस्तरको पुस्तकमा परमेश्वरको प्रबन्धको कदर गर्नु ।

६. एज्रा, नहेम्याह र एस्तरको सन्देशलाई आजको संसारमा मिलाउनु ।

## यस पाठको लागि तयारी

*एज्रा, नहेम्याह र एस्तरको पुस्तकलाई पढ्नुहोस् ।*

*नहेम्याह २:१७ र एस्तर ४:१४ लाई कण्ठ गर्नुहोस् ।*

## पुनःस्थापनाको पुस्तकहरू

पछिल्ला तीन ऐतिहासिक पुस्तकहरू यहूदीहरूलाई यरूशलेममा फर्किने अनुमतिको कोरेसको आदेशपछिका समयका हुन् ।[१४८] तिनीहरूले यरूशलेममा निर्वासितहरूको फिर्ता, मन्दिरको पुनर्निर्माण र यरूशलेमका पर्खालहरू, र सहरको पुनः स्थापनामा निर्वासितहरूलाई फर्कने कठिनाइहरू पत्ता लगाउँछन् । यी पुस्तकहरू दुई कारणले करारको इतिहासमा महत्त्वपूर्ण छन् ।

- एज्रा र नहेम्याहले आफ्नो आत्मिक र राष्ट्रिय पहिचान कायम राख्न परमेश्वरका जनहरूले सामना गर्ने चुनौतीहरू देखाउँछन् । मन्दिरको पुनर्निर्माण र एज्राको पुनःसुधारले इस्राएलको आत्मिक पहिचानलाई पुनःस्थापित गर्छ । नहेम्याहमा पर्खालहरूको पुनर्निर्माण र इस्राएलको राष्ट्रिय पहिचानलाई पुनःस्थापित गर्ने कुरा महत्वपूर्ण कदम हो ।

१४८ २ इतिहास ३६:२२-२३; एज्रा १ :१-४

- यी पुस्तकहरूले निर्वासन पछिका वर्षहरूमा उहाँका जनहरूका लागि परमेश्वरको प्रबन्धनात्मक हेरचाहलाई देखाउँदछ। एज्रा र नहेम्याहले फर्केकाहरूको लागि परमेश्वरको हेरचाह देखाउँछन्; एस्तरले पर्सियामा रहेका मानिसहरूको लागि परमेश्वरको हेरचाह देखाउँछन्।

| पुनः स्थापना पुस्तकहरूमा घटनाहरूको समयरेखा | |
|---|---|
| **मिति** | **घटना** |
| ५३८ इ.पू. | पहिलो फिर्ती - येरूबाबेलको नेतृत्वमा (एज्रा १-४) |
| ५१६ इ.पू. | मन्दिरको पूणर्ता (एज्रा ५-६) |
| ४८३-४७३ इ.पू. | परमेश्वरले फारसका यहूदीहरूलाई बचाउनुहुन्छ (एस्तर) |
| ४५८ इ.पू. | दोस्रो फिर्ती - एज्राको नेतृत्वमा (एज्रा ७-१२) |
| ४४४ इ.पू. | नहेम्याहले यरूशलेमको पर्खाल पुनर्निर्माण गर्छन् |

## एज्रा-नहेम्याहको एकता

हिब्रू बाइबलमा, एज्रा र नहेम्याह एउटै पुस्तक हुन्। तिनीहरू चौथो शताब्दीसम्म ख्रीष्टियन बाइबलहरूमा विभाजित थिएनन्। यी पुस्तकहरूका धेरै कुराहरू एउटै छन्:

- तिनीहरू एउटै ऐतिहासिक समायोजनलाई मापन गर्छन्।
- फारसको अर्तासास्त पहिलोको अधीनमा यरूशलेम फर्कने कुरासँग दुवै सम्बन्धित छन्।
- दुवैमा यहूदी मानिसहरूको सूची समावेश छ।
- नहेम्याह ७-१२ ले एज्रा र नहेम्याह दुवैका सुधारहरूको सारांश दिन्छ।

| पुनःस्थापना अवधिमा फारसी शासकहरू | |
|---|---|
| कोरेस ५५९-५३० | यरूबाबेलको फिर्ती (एज्रा १-२) |
| क्याम्बिसेस ५३०-५२२ इ.पू. | |
| स्मेरडिस ५२२ इ.पू. | |
| दारा ५२२-४८६ इ.पू. | मन्दिरको निर्माणमा सहयोग गरिएको (एज्रा ३-६) |
| जारसेज पहिलो -अहासूरस ४८६-४६५ इ.पू. | एस्तर |
| अर्तासास्त पहिलो ४६५-४२३ इ.पू. | एज्रा र नहेम्याह (एज्रा ७ -नहेम्याह १२) |

## एज्रा

*मुख्य विषयवस्तु: निर्वासनदेखि फिर्ती*
*मितिः ५३८-४५८ इ.पू.*

| एज्रा निर्वासनबाट फिर्ता | | |
|---|---|---|
| **अध्यायहरू** | **अगुवा** | **वर्ष** |
| एज्रा १-६ | यरुबाबेल | ५३८ इ.पू. |
| एज्रा ७-१० | एज्रा | ४५८ इ.पू. |

एज्राको पुस्तकले दुई पटकको फिर्तिहरूलाई पत्ता लगाउँछ। यसले मन्दिरको पुनर्निर्माणका साथै फर्केकाहरूले सामना गरेका चुनौतीहरूलाई देखाउँदछ।

परम्परागत रूपमा, एज्रालाई एज्रा-परम्परागत रूपमा, एज्रालाई एज्रा तथा नहेम्याहको लेखकको रूपमा र साथै, १ र २ इतिहासको पुस्तकहरूका सम्भावित लेखकको रूपमा पनि मान्यता दिइयो। २ इतिहासको अन्त्यमा र एज्राको सुरुमा कोरेसको आदेशको पुनरावृत्तिले यी पुस्तकहरूको एकता देखाउँछ।

एज्रा लेवी थिए, हारूनका सन्तान।[१४९] उनले कैदमा रहेका आफ्ना सँगी यहूदीहरूको सेवा गरे र त्यसपछि ४५८ इ.पू.मा यरूशलेममा एउटा समूहको नेतृत्व गरे। ४४४ इ.पू. मा नहेम्याह फर्कंदा उनी आत्मिक अगुवाको रूपमा सेवा गर्दै थिए। सँगै, तिनीहरूले आत्मिक, नैतिक र नियमाधीनहरूको पुनः सुधारको नेतृत्व गरे। मानिसहरूलाई परमेश्वरको वचनमा फर्काउन एज्रा विशेष रूपमा महत्वपूर्ण थिए।

## एज्रा पुस्तकको संरचना

### यरूबाबेलको फिर्ति (एज्रा १ -६)

#### फर्काइ (एज्रा १-२)

बेबिलोन कब्जा गरेपछि, कोरेसले यहूदीहरूलाई यरूशलेम फर्कने अनुमति दिए। ऐतिहासिक रूपमा, यो फारसी शासकहरूको नीति अनुरूप छ। फारसी शासकहरूले प्रायः पराजित राष्ट्रहरूलाई आफ्नो मातृभूमिमा रहन अनुमति दिए। परमेश्वरले आफ्ना मानिसहरूको लागि आफ्नो सार्वभौम उद्देश्य पूरा गर्न मूर्तिपूजक शासक मार्फत काम गर्नुभयो। यही धारणा नयाँ करारमा देखिन्छ जब परमेश्वरले सीजर अगस्टस मार्फत योसेफ र मरियमलाई फिर्ती सहरमा मसीहको जन्मको लागि बेथलेहेममा ल्याउन काम गर्नुहुन्छ।

| विजयी राष्ट्रहरूप्रति साम्राज्यहरूको नीति | | |
|---|---|---|
| **अश्शूर** | विभिन्न देशका बन्धकहरूलाई मिसाएर विजयी जनताको राष्ट्रिय पहिचानलाई नष्ट गऱ्यो। | इस्राएलको उत्तरी राज्यलाई नष्ट गऱ्यो। |
| **बेबिलोन** | विजयी राष्ट्रहरूलाई बेबिलोनमा लगियो, तर तिनीहरूलाई निर्वासनमा आफ्नो पहिचान कायम राख्न अनुमति दिइयो। | यहूदा परास्त भयो। |
| **फारस** | विजयी राष्ट्रहरूलाई आफ्नो मातृभूमिमा बस्न अनुमति दियो। | यहूदालाई यरूशलेम फर्कन अनुमति दिइयो। |

१४९ एज्रा ७: १-५

एज्राको पुस्तक यरूबाबेलको नेतृत्वमा भएको फिर्तीबाट सुरु हुन्छ,, जसमा ४९,६९७ फर्केकाहरूको जनगणना समावेश गरिएको छ। यरूबाबेल, दाऊद वंशको सदस्यलाई, फारसीहरूले नेतृत्वको स्थितिमा राखेका थिए र फर्केका निर्वासितहरूका लागि आशाको एक प्रतीक थिए।

### कामः मन्दिरको पुनर्निर्माण (एज्रा ३-६)

यरूशलेममा आइपुगेपछि मानिसहरूले मन्दिरमा काम गर्न थाले (५३६ इ.पू.; एज्रा ३)। तिनीहरूले अराधनालाई पुनः स्थापना गरे र मन्दिरको जग बसाले। यद्यपि, यरूशलेम नजिकै बस्ने सामरीहरूले पुनर्निर्माणको विरोध गरे र काम रोक्न सक्षम भए (एज्रा ४)।[१५०]

त्यहाँ एज्रा ४ र ५ बीच करिब १५ वर्षको अन्तर छ। एज्रा ४ लगभग ५३४ इ.पू.मा समाप्त हुन्छ जब सामरीहरूको विरोधले मन्दिरको काम रोकियो। एज्रा ५ अध्याय ५२० इ.पू. कामको पुनः थालनी मन्दिरका अगमवक्ताहरू, हाग्गै र जकरियाको प्रोत्साहनसँगै सुरुवात हुन्छ। मन्दिरको निर्माण ५१६ इ.पू.मा पूरा भएको थियो; एज्रा ६ ले मन्दिरको समर्पणको उत्सवको विवरण दिन्छ।

## एज्राको फिर्ती (एज्रा ७-१०)

### फर्काइ (एज्रा ७-८)

यरूबाबेल फर्केको ८० वर्षपछि, एज्राले १,७५८ जनालाई यरूशलेम फर्काए। "एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र त्यसलाई पालन गर्न र इस्राएलमा उहाँका विधि र नियमहरू सिकाउन आफ्नो हृदय लगाए।"[१५१] उनले परमेश्वरका जनहरूमाझ आत्मिक जागरणको नेतृत्व गरे।

### कामः सामाजिक सुधार (एज्रा ९-१०)

फर्केकाहरूको पहिलो समूहको चुनौती मन्दिरको पुनर्निर्माण थियो।एज्राले फरक चुनौती: यहूदी र छिमेकी मानिसहरू बीचको अन्तरविवाहको सामना गरे। यो अन्तरजातीय विवाहको मुद्दा थिएन; यो एक धार्मिक मुद्दा थियो। न्यायकर्ताहरू र सोलोमनको जीवनमा, हामी देख्छौं कि कसरी अविश्वासीहरूसँग विवाहले इस्राएललाई धार्मिक धर्मत्यागतिर डोऱ्यायो। दुई कारणका लागि, यो पुनः स्थापना समुदायको लागि एक विशेष समस्या थियोः

- यरूशलेम अविश्वासीहरूले घेरिएको थियो। मूर्तिपूजा एक निरन्तर परीक्षा थियो।
- फारस एक समन्वयात्मक साम्राज्य थियो।[१५२] कोरेसलाई यहूदीहरूलाई आफ्नो मातृभूमिमा फर्कन अनुमति दिन सजिलो बनाउने दर्शन, र एउटै समयमा, धेरै धार्मिक विश्वासहरू स्वीकार गर्न सजिलो बनाउने दर्शन उनमा थियो। फारसीहरू कुनै एक धार्मिक प्रणालीप्रति प्रतिबद्ध थिएनन्। यसको सट्टा, फारसीहरूले धेरै विश्वासहरूलाई

---

१५० एज्राले कालक्रमिक रूपमा सबै कुरा पहिलाउँदैन। एज्रा ४ :६-२३ कोरेसको समयबाट पचास वर्षपछि अहासूरसको अधीनमा सामरीहरूको विरोधमा परिवर्तन भयो। सम्पूर्ण अध्याय पुनर्निर्माणको लागि सामरीहरूको विरोधपूर्ण विषयवस्तुद्वारा एकीकृत छ। यसले यो विरोध अस्थायी द्वन्द्व भन्दा बढी थियो भन्ने देखाउँछ। एज्रा ४ को संरचना यसप्रकार छः

क. एज्रा ४:१-५ - कोरेसको (५३६ इ.पू.)अधीनमा मन्दिरको पुनर्निर्माणमा विरोध

ख. एज्रा ४:६-२३ - पछिको समयमा पर्खालहरू पुनर्निर्माणको विरोध (सायद ४५८ इ.पू. मा एज्राको फिर्ती पछि)

क. एज्रा ४:२४ - कोरेस (५३६ इ.पू.) अधीनमा मन्दिरको पुनर्निर्माणको विरोध

१५१ एज्रा ७:१०, *इङलिस स्ट्यान्डड भर्जन*।

१५२ समन्वयात्मक भनेको विभिन्न धार्मिक विश्वासहरूलाई एउटै प्रणालीमा मिलाउनु हो।

मिश्रित गरे। यस्तो वातावरणमा, यहूदीहरूले सजिलैसँग परमेश्वरका मानिसहरूको रूपमा आफ्नो पहिचानलाई बिर्सन सक्थे।

यसकारण, एज्राले तुरुन्तै मिश्रित विवाहको मुद्दाको सामना गरे। उनको पश्चातापको प्रार्थनाले यस मुद्दाको गम्भीरता देखाएको छ र मानिसहरूलाई समस्याको सामना गर्न इच्छुकतामा ल्याएको छ। एज्रा १० ले मिश्रित विवाह भङ्ग गर्ने एज्राको योजनाको साथ पुस्तकको अन्त्य गर्छ।

## नहेम्याह

*मुख्य विषयवस्तुः पर्खालहरूको पुनः निर्माण*
*मितिः ४४५-४३२ इ.पू.*

दानिएल जस्तै, नहेम्याह एक यहूदी निर्वासित थिए जो फारसी साम्राज्यमा उच्च स्थानमा पुगे। उनलाई मद्य पियाउने कामको स्थान सुम्पिएको थियो। राजाको जीवनको जोखिमको कारण, पियाउनेले विषबाट जोगाउन जिम्मेवार थियो। यसको अतिरिक्त, राजाकहाँ उनको निरन्तर पहुँचको कारण, मद्य पियाउनले अक्सर राजनीतिक निणर्यहरूमा ठूलो प्रभाव पार्थ्यो।

४४५ ई.पू मा, नहेम्याह यरूशलेम फर्के र र अर्को बीस वर्षको समय धेरै जसो यरूशलेममा बिताए। एज्रा एक लेवी थिए जसले आत्मिक नवीकरणमा नेतृत्व गरे। नहेम्याह एक जनप्रिय अगुवा थिए जसले शहरको पर्खालहरूको पुनर्निर्माणमा नेतृत्व गरे। दुवैजना परमेश्वरको आह्वान र परमेश्वरका मानिसहरूप्रति समर्पित थिए। मलाकीको अगमवाणीय सेवकाइ यरूशलेममा नहेम्याहको वर्षहरूलाई ढाकेको हुनसक्छ; मलाकीको पुस्तकले नहेम्याहको अन्तिम भागमा सम्बोधन गरिएका दुष्टताहरूलाई सम्बोधन गर्दछ।

» नहेम्याहको प्रार्थना नहेम्याह १:४-११; ४:४-५; र १३:२९ मा पढ्नुहोस्। उनको सेवकाइमा प्रार्थनाको महत्व र तपाईंको सेवकाईमा प्रार्थनाको भूमिकाबारे छलफल गर्नुहोस्। के नहेम्याहको सेवकाईमा जस्तै तपाईंको सेवकाईमा प्रार्थना महत्वपूर्ण छ ?

## नहेम्याहको संरचना

### पर्खालको पूनर्निर्माण (नहेम्याह १-६)

एज्राले मन्दिरको पुनर्निर्माणको अभिलेख राख्दछन्, यो परियोजना ५१६ ई.पू मा सम्पन्न भएको थियो। यद्यपि, एज्रा ४, मा अभिलेख गरिएको विरोधको कारण पर्खालहरू पूरा भएनन्। नतिजा स्वरूपमा, शहर शत्रुहरूबाट निरन्तर खतरामा थियो।

नहेम्याहले पुनर्निर्माण परियोजनालाई व्यवस्थित गरे, मानिसहरूलाई काम गर्न प्रेरित गर्दै, विरोधको सामना गर्दै, र उल्लेखनीय बाउन्न दिनमा कार्य पूरा गरे। नहेम्याहको पुस्तकले बाइबलीय अगुवापनलाई बहुमूल्य पाठ्यपुस्तक प्रदान गर्दछ।

प्रार्थना नहेम्याहको सेवकाइको महत्त्वपूर्ण भाग थियो। बारम्बार, नहेम्याहको पुस्तकले संकटको समयमा उनको प्रार्थनाको अभिलेख गर्दछ। जब नहेम्याहले यरूशलेमको अवस्थाको खबर सुने, तब उनी बसे र रोए, र केही दिन शोक गरे, र उपवास बसे, र स्वर्गका परमेश्वरको अगाडि प्रार्थना गरे।[१५३] राजाकहाँ आफ्नो निवेदन ल्याउनुअघि नहेम्याहले स्वर्गका परमेश्वरलाई प्रार्थना गरे।[१५४] जब सन्बलत र तिनका सहयोगीहरूले पर्खालहरूको पुनर्निर्माणको विरोध गरे, नहेम्याहले परमेश्वरको

१५३ नहेम्याह १:४

१५४ नहेम्याह २:४

सुरक्षाको लागि प्रार्थना गरे ।[१५५] दबाबको समयमा, नहेम्याह बारम्बार प्रार्थनामा जान्थे ।

### मानिसहरूको पुनर्निर्माण (नहेम्याह ७-१३)

नहेम्याहको दोस्रो भाग, एज्रा र नहेम्याहको नेतृत्वमा भएका आत्मिक सुधारहरूमा केन्द्रित छ । फर्किएका निर्वासितहरूको सूची एज्रा २ मा जनगणनासँग समानान्तर छ । इतिहासको पुस्तकमा वंशावलीहरू जस्तै, एज्रा र नहेम्याहको पुस्तकमा निर्वासितहरूको सूचीले आफ्ना प्रजाहरूलाई परमेश्वरको सुरक्षा देखाउँछ ।

नहेम्याहको अन्तिम खण्ड आत्मिक सुधारहरूमा केन्द्रित छ । नहेम्याह १-६ ले परमेश्वरको शहर वरिपरि भौतिक पर्खालको पुनर्निर्माण देखाउँछ; नहेम्याह ७-१३ ले परमेश्वरका मानिसहरू वरिपरि आत्मिक पर्खालको पुनर्निर्माण देखाउँछ । यदि परमेश्वरका मानिसहरू उहाँको व्यवस्थाप्रति अविश्वासी हुन्छन् भने भौतिक पर्खालले कुनै सुरक्षा दिँदैन भन्ने यरूशलेमको इतिहासले देखाउँछ ।

नहेम्याह ८-१० ले एज्राको सेवकाइको समीक्षा गर्दछ । मोशाले आज्ञा गरेझैं, करार पुनर्नवीकरण समारोहमा मानिसहरूलाई व्यवस्था पढाइयो ।[१५६] मानिसहरूले आफ्नो राष्ट्रिय दोषलाई स्वीकार गरे र करारप्रति इमानदार रहने वाचा गरे । नहेम्याह ११ र १२ ले पर्खालको समर्पणको अभिलेखको लगत्तै अर्को जनगणनाको विषयमा बताउँछ ।

कुनै बिन्दुमा, नहेम्याह केही समयको लागि सुसामा फर्के । जब उनी यरूशलेममा फर्के उनले मानिसहरूले शबाथलाई अपवित्र गरिरहेको भेट्टाए, जुन समस्यालाई मलाकीले उही समयमा सम्बोधन गरेका थिए । थप रूपमा, केही मानिसहरूले वरपरका (अविश्वासी) मानिसहरूका पत्नीहरूसँग विवाह गरेका थिए, यो मुद्दा एज्राले दुई दशक अघि सम्बोधन गरेका थिए । नहेम्याह १३ ले नहेम्याहले यी समस्याहरूलाई सम्हालेको जानकारी दिन्छ ।

## नजिकबाट आत्मिक अगुवापनको अवलोकन

आत्मिक अगुवापन अन्तर्गतका धेरै पुस्तकहरू नहेम्याहमा सिकाइएका सिद्धान्तहरूमा आधारित छन् ।[१५७] नहेम्याहबाट समावेश गरिएको अगुवापनका पाठहरूः

### १. आत्मिक अगुवाहरू दर्शन भएका व्यक्तिहरू हुनुपर्छ ।

नहेम्याहसँग लक्ष्यलाई हेर्ने र लक्ष्य हासिल गर्ने र आवश्यक कदमहरू हेर्ने क्षमता थियो । राती यरूशलेम हुँदै यात्रा गरिसकेपछि, उनले अगुवाहरूलाई भने, "आउनुहोस्, हामी यरूशलेमको पर्खाल निर्माण गरौं ।"[१५८] जहाँ अरूले भग्नावशेष मात्र देखे, नहेम्याहले पर्खाल देखे ।

एक आत्मिक अगुवाले **परमेश्वरको दर्शन खोज्छ** । प्रार्थनामा नहेम्याहको जोड महत्वपूर्ण छ, किनकि यसले देखाउँछ कि उनले परमेश्वरको योजना खोजिरहेका थिए । परमेश्वरमा निरन्तर भरोसा नगरी नहेम्याहले आफ्नै दर्शनलाई प्रतिस्थापन गर्न

---

१५५ नहेम्याह ४:४-५, ९; ६:९

१५६ व्यवस्था ३१:१०-११

१५७ नहेम्याह र अगुवापनबारेमा थप अध्ययनको लागि, निम्न पुस्तकहरू उपयोगी छनः
जीन गेट्ज । *नेहेम्याहः अनुशासित अगुवा बन्नु ।* (नासभिलः ब्रोडम्यान एण्ड होलम्यान पब्लिसर्स, १९९५).
जे. आई. प्याकर. *विश्वासयोग्यताको लागि जोशः नहेम्याहको पुस्तकबाट बुद्धि ।* (ह्वीटनः क्रसवे, १९९५) ।
डेविड म्याकेन्ना *नहेम्याह बन्नुः महत्वका साथ अगुवाइ गर्दै ।* (केन्सस् सिटिः बेकन हिल प्रस, २००५)
जे. ओसवलड स्यानडर । *आत्मिक अगुवापन ।* (सिकागोः मुडि पब्लिशर्स, २००७) ।

१५८ नहेम्याह २:१७

सक्थे । एउटा आत्मिक अगुवाले उसलाई नेतृत्व गर्न बोलाइएको संगठनको लागि परमेश्वरको दर्शन खोज्नुपर्छ ।

पुस्तकभरि, **नहेम्याहले आफ्नो दर्शन अरूलाई प्रसार गर्न सक्ने क्षमता देखाउँछन्** । दोस्रो विश्वयुद्धको सबैभन्दा कालो दिनहरू मध्ये एकमा, विन्स्टन चर्चिल क्याबिनेट कोठामा गए र भने, "सज्जनहरू, मलाई यो धेरै प्रेरणादायक लाग्छ ।" चर्चिललाई थाहा थियो कि कसरी आफ्ना अनुयायीहरूलाई दर्शन दिने र उनीहरूलाई अगाडि बढ्न प्रेरित गर्ने । ठूला अगुवारूले आफ्ना अनुयायीहरूलाई कठिन समयमा दृढ रहन चुनौती दिन जान्दछन् ।

### २. आत्मिक अगुवाहरूले सावधानीपूर्वक योजना बनाउनुपर्छ ।

एक दर्शन देख्ने अगुवा जो सावधानीपूर्वक योजना गर्न असफल हुन्छ उसले विरलै आफ्नो दर्शनलाई वास्तविकतामा ल्याउन सक्छ । नहेम्याह योजना बनाउनमा निपुण थिए । जब राजाले उनको अनुरोध सोधे, नहेम्याहले विशेष अनुरोधहरू दिएः आफ्नो दरबारको कर्तव्यबाट टाढा रहने समय, पर्खालहरूको लागि सामग्री, यात्राको लागि अधिकार पत्र ।[१५९] नहेम्याहले केवल यसो भनेनन्, "यो परमेश्वरको काम हो, त्यसैले परमेश्वरले सबैथोकहरूको हेरचाह गर्नुहुनेछ ।"

नहेम्याहले परियोजनाको प्रत्येक पाइलालाई मानिसहरूको बीचमा काम बाँड्ने गरी सावधानीपूर्वक योजना बनाए । उनले कामदारहरूलाई ती क्षेत्रहरूमा नियुक्त गरे जुन उनीहरूका लागि सबैभन्दा अर्थपूर्ण थियो, एक महत्त्वपूर्ण प्रेरणात्मक रणनीति ।[१६०]आत्मिक अगुवाहरूले परमेश्वरको दर्शन खोज्छन्, र त्यसपछि तिनीहरूले परियोजनाको लागि योजना बनाउन परमेश्वरको निर्देशन खोज्छन् ।

### ३. आत्मिक अगुवाहरू साहसी मानिसहरू हुनु जरूरी छ ।

इस्राएलललले निर्माण गर्न थालेपछि विरोध भयो । सन्बलत र तोबियाले योजनाको खिल्ली उडाए । तिनीहरूले पछि नहेम्याहलाई धम्की दिए । तिनीहरूले नहेम्याहलाई हानि पुर्याउन सक्ने सभामा निम्तो दिने योजना बनाए । नहेम्याहको प्रतिक्रिया विपक्षको सामना गर्दा दर्शनमा ध्यान केन्द्रित गर्ने अगुवाको क्षमताको एक उत्कृष्ट उदाहरण होः "म राम्रो काम गर्दैछु र म तल आउन सक्दिनँ । काम छोडेर तिमीकहाँ आएर काम किन रोकिनुपर्छ ?"[१६१] नहेम्याहले कामबाट निरुत्साहित हुन इन्कार गरे । आफ्नो ज्यान खतरामा पर्दा पनि परमेश्वरले दिनुभएको दर्शनको पछि लागे । एक आत्मिक नेता साहसी व्यक्ति हुनुपर्छ ।

### ४. आत्मिक अगुवाहरूसँग सेवाको भावना हुन्छ, पदको भावना होइन ।

जब कुनै दिनमा अगुवाहरूले प्रायः आफ्नो पद आत्म-विकासको लागि प्रयोग गर्छन्, नहेम्याहको उदाहरण शक्तिशाली छ । यरूशलेमका केही अगुवाहरूले आफ्नो पद व्यक्तिगत लाभको लागि प्रयोग गरे । नहेम्याह भन्छन्, "तर मैले परमेश्वरको भयले गर्दा त्यसो गरिनँ । म पनि यो पर्खालको काममा लागिरहेँ, र हामीले कुनै जग्गा अधिग्रहण गरेनौं ।"[१६२] एक आत्मिक अगुवाले आफ्नो पदलाई उसले सेवा गर्ने मानिसहरूको भलाइको लागि प्रयोग गर्दछ, आफ्नो उन्नतिको लागि होइन ।

चीनका महान् मिसनरी रोबर्ट मोरिसनले यस्तो लेखेः "हाम्रो मिसनहरूमा ठूलो गल्ती यो हो कि कोही पनि दोस्रो हुन मन पराउँदैन ।"[१६३] आत्मिक अगुवाहरूले सेवाको लागि अवसर खोज्छन्, आफ्नो पदोन्नतिको लागि होइन । तिनीहरूले आफ्नो

---

१५९ नहेम्याह २:४-८

१६० उदाहरणका लागि, पुजाहारीहरूले भेडा ढोकामा काम गर्थे, मन्दिरको नजिकको ढोका (३:१) । यदायाहले आफ्नो घर नजिकै मर्मतको काम गरे (३:१०) । नहेम्याहले कामदारहरूलाई महत्वपूर्ण कामहरू दिए; यसले उनीहरूलाई आफ्नो कामको निम्ति स्वामित्व दियो ।

१६१ नहेम्याह ६: ३, *इङ्लिस स्ट्यान्डर्ड भर्जन* ।

१६२ नहेम्याह ५:१५-१६ ।

१६३ जे. ओसवाल्ड स्ट्यान्डर्ड, *आत्मिक नेतृत्व*, मा उद्धृत (सिकागोः मूडी पब्लिशर्स, २००७), ६३

नेतृत्वलाई जनताको भलाइको लागि आफ्नो पद प्रयोग गर्छन्।

## ५.  आत्मिक अगुवाहरूलाई प्रार्थनाको महत्व थाहा हुन्छ।

नहेम्याहको नेतृत्वमा प्रार्थना केन्द्रिकृत थियो। उनले प्रार्थना विना कुनै प्रमुख निणर्य गरेनन्। यहोशूको पुस्तकमा, जब यहोशूले परमेश्वरको निर्देशन खोज्नु अघि गिबोनसँग सन्धि गरे हामीले त्यसको परिणाम देख्यौं।[१६४] नहेम्याह यो गल्तीबाट टाढा रहे; हरेक निणर्य प्रार्थना पछि गरिएको थियो।

लूकाको सुसमाचारले आत्मिक अगुवाहरूको लागि प्रार्थनाको महत्त्वको शक्तिशाली व्याख्या दिन्छ। "अनि ती दिनहरूमा यस्तो हुन गयो, कि उहाँ (येशु) प्रार्थना गर्न डाँडामा जानुभयो, र रातभरि परमेश्वरसँग प्रार्थना गरिरहनुभयो। अनि जब दिन भयो, उहाँले आफ्ना चेलाहरूलाई बोलाउनुभयोः र तिनीहरूमध्ये उहाँले बाह्र जनालाई छान्नुभयो, जसलाई उहाँले प्रेरितहरूको नाम पनि दिनुभयो।"[१६५] बाह्र जनालाई छान्नु अघि, येशुले प्रार्थनामा रात बिताउनुभयो। यदि परमेश्वरको पुत्रले प्रमुख निणर्य गर्नु अघि प्रार्थनाको महत्व देख्नुभयो भने, हामीले नेतृत्वको निणर्यहरू लिनु अघि कत्ति धेरै प्रार्थना गर्नु पर्ला !

## ६.  आत्मिक अगुवाहरू प्रत्येक परिस्थितिको आवश्यकताहरू अनुरूप मिल्दो हुनुपर्छ।

एक महान् युद्धकालीन नेता शान्तिको समयमा एक विनाशकारी नेता हुन सक्छ। एउटा नयाँ मण्डली निर्माण गर्न सक्ने पास्टरले अझ परिपक्व मण्डलीको नेतृत्व गर्न संघर्ष गर्न सक्छ। संगठनहरूलाई उनीहरूको विकासको विभिन्न चरणहरूमा विभिन्न प्रकारको नेतृत्व चाहिन्छ।

नहेम्याहले यो चुनौती सामना गरिरहेका अगुवाहरूका लागि एउटा नमुना प्रदान गर्दछन्। आत्मिक अगुवाहरूसँग प्रत्येक परिस्थितिको आवश्यकताहरू अनुकूल गर्न विवेक हुनुपर्छ। "एक प्रभावकारी अगुवा त्यो हो जसले परिस्थितिले कसरी निर्देशन दिन्छ त्यस अनुसार नेतृत्व गर्दछ। एउटा परिस्थितिको लागि एउटा तरिकाले नेतृत्व गर्ने व्यक्तिले अर्को परिस्थितिको लागि पनि त्यही तरिकाले अगुवाइ गर्दैन।" [१६६]

मद्य टक्र्याउनेको रूपमा रूपमा, नहेम्याह एउटा प्रभाव पार्ने ठाउँमा थिए। त्यहाँ, उनको प्रभाव राजालाई सुन्ने र सल्लाह दिने क्षमतामा आधारित थियो। राजाले नहेम्याहको सुझावलाई आदर गर्न सक्थे; तिनले नहेम्याहका आज्ञाहरू स्वीकार गर्न सक्थे।

यरूशलेमको पर्खाल पुनर्निर्माण गर्दा, नहेम्याहले फरक दृष्टिकोण अपनाउनुपर्छ। यहाँ, उनको नेतृत्व संगठित र प्रेरित गर्ने क्षमतामा आधारित थियो। उनले शान्त सुझावहरू दिन सक्दैनन्; उसले यरूशलेमका निरुत्साहित मानिसहरूलाई आज्ञा र प्रोत्साहन दिनुपर्छ।

पछि, नहेम्याहले राज्यपालको रूपमा सेवा गरे (नहेम्याह ७-१३)। मानिसहरूले करार तोडेका थिए र नहेम्याहले अख्तियार र विश्वासको आधारमा नेतृत्व गर्नुपरेको थियो। हामी यसलाई नहेम्याह १३ मा देख्छौं; "मैले आज्ञा दिएँ"; "मैले शासकहरूसँग संघर्ष गरें"; "मैले तिनीहरूलाई तिनीहरूको ठाउँमा राखें।" यो मद्य टक्र्याउने वा निर्माणकर्ताको भन्दा फरक नेतृत्व शैली थियो। प्रत्येक परिस्थितिमा संगठनको नेतृत्व कसरी गर्ने भनेर जान्नको लागि आत्मिक नेताहरूसँग विवेक हुनु जरूरी छ।

मण्डली वा सेवकाइको अगुवाको रूपमा, तपाईंले नहेम्याहको पुस्तकको सावधानीपूर्वक अध्ययन र नेतृत्वप्रतिको उनको दृष्टिकोणबाट लाभ उठाउनुहुनेछ। नहेम्याहले साँचो आत्मिक नेतृत्वको नमुना देखाउँछन्।

---

१६४  यहोशू ९

१६५  लूका ६: १२-१३

१६६  अल लङ, *लिडरसिप ट्राइपड*, (इन्डियानापोलिसः पावर पब्लिसिङ, २००५), ३३

## एस्तर

*मुख्य विषयवस्तुः परमेश्वर नियन्त्रणमा हुनुहुन्छ*
*सम्भावित मितिः ४८३-४७३ इ.पू.*

» एस्तरको पुस्तकले आफ्ना मानिसहरूलाई परमेश्वरको सुरक्षाको प्रबन्ध भइरहेको देखाउँछ। के तपाईं, आफ्नो जीवनमा वा आफ्नो मण्डलीको जीवनमा परमेश्वरको प्रबन्धको उदाहरण देखाउन सक्नुहुन्छ ?

एस्तरको पुस्तकका घटनाहरू एज्रा ६ र ७ को बीचमा घटेका छन्। जब परमेश्वरले यरूशलेममा आफ्ना मानिसहरूलाई सुरक्षा दिनुभएको थियो, उहाँले फारसमा रहेका आफ्ना मानिसहरूलाई पनि सुरक्षा दिनुभएको थियो। चाहे यरूशलेममा होस् वा फारसमा, परमेश्वरको नियन्त्रणमा छ।

एस्तरको लेखक अज्ञात छन्। कसै-कसैले मोर्दकैलाई लेखकको रूपमा प्रस्ताव गरेका छन्, तर एस्तरको पुस्तकले लेखकको पहिचान गर्दैन।

एस्तरको घटनाहरू अहासूरसको शासनकालमा सम्भवतः ४८३-४७३ ई.पू मा भएको थियो। [१६७] त्यतिबेला फारसको राजधानी सुसामा स्थापित गरिएको छ।

रूथको पुस्तक जस्तै, एस्तरको पुस्तक पनि एक युवतीलाई चित्रण गर्ने छोटो कथा हो जसले प्रतिकूलताको सामना गर्दा पनि इमानदारीता देखाउँछ। रूथ इस्राएलमा रहँदा यहोवाप्रति वफादार रहने मोआबी हुन्; एस्तर फारसमा बस्दा यहोवाप्रति वफादार रहने यहूदी हुन्। रूथको विश्वासनीयताले उनलाई मसीहको वंशमा स्थान मिल्छ; एस्तरको वफादारीले परमेश्वरका जनहरूलाई विनाशबाट बचाउँछ।

## एस्तरका पुस्तकको विषयवस्तु

केही लेखकहरूले एस्तरको पुस्तकको मूल्यमाथि प्रश्न उठाएका छन्। तिनीहरूले यसलाई सांसारिक यहूदी पर्वको दिन, पुरिमसँग जोडिएको सांसारिक पुस्तकको रूपमा हेर्दछन्।[१६८] एस्तरको पुस्तकले कहीँ पनि परमेश्वर, प्रार्थना वा करारको उल्लेख गर्दैन। यो नयाँ करार कहिल्यै उद्धृत गरिएको छैन, न त यो मृत सागरमा भेटिएको चर्मपत्रको मुठ्ठाहरूमा फेला परेको छ। यद्यपि, यो विश्वासीहरूलाई ठूलो प्रोत्साहनको पुस्तक हो। एस्तरको पुस्तकले परमेश्वरका मानिसहरूलाई आशाको शक्तिशाली सन्देश प्रस्तुत गर्छ। एस्तरको पुस्तकले यो सिकाउँछः

### परमेश्वरको सार्वभौमिकता

परमेश्वरको नाउँ उल्लेख गरिएको नभए तापनि, उहाँ एस्तरको पुस्तकको अज्ञात मुख्य पात्र हुनुहुन्छ। जसलाई केही मानिसहरूले मौका वा संयोग भन्न सक्छन् वास्तवमा यो प्रवन्ध हो, परमेश्वरको हातको काम। यस कथामा भएका केही संयोगहरू विचार गर्नुहोस्ः

- राज्यका सबै केटीहरू मध्ये, एस्तर, एक यहूदी, रानी चुनिन्छिन्। [१६९]

---

१६७ अहासूरस सामान्यतया उनको ग्रीक नाम, जारसेसद्वारा चिनिन्छन्। उनले ४८६-४६५ इ.पू. फारसमा शासन गरे।

१६८ पुरिम आज पनि मार्च महिनामा मनाइन्छ। यो *पुर*, वा "धेरै" शब्दबाट आएको हो। हामानले चिट्ठा हालेर यहूदीहरूको विनाशको दिन रोज्यो। पुरिममा, यहूदीहरूले आफ्ना शत्रुहरूबाट छुटकाराको उत्सव मनाउँछन्।

१६९ एस्तर २:१-१८

- राजा अहासूरसलाई मार्ने षड्यन्त्र सुन्नको लागि मोर्दकै सही समयमा सही ठाउँमा पुग्छन्। उसले एस्तरलाई षड्यन्त्र प्रकट गर्छ, जसले राजालाई बताउँछिन्। [१७०]
- एस्तरले राजालाई हामानको षड्यन्त्र प्रकट गर्ने योजनाको अघिल्लो रात अहासूरस अनिद्राबाट पीडित हुन्छन्। [१७१]
- अहासूरसलाई सुत्न मद्दत गर्न पढ्न सक्ने सबै अभिलेखहरू मध्ये, पाठकले राजालाई मोर्दकैको सेवाको अभिलेख खोल्छन्। [१७२]
- जसै अहासूरसले मोर्दकैलाई कसरी इनाम दिन सकिन्छ भनेर विचार गरिरहेको हुन्छन्, त्यत्तिनै खेर हामान राजाको कोठामा पस्छ। [१७३]

जसरी सार्वभौम परमेश्वरले रूथलाई बोअजको खेतमा ल्याउनुभयो, त्यसरी नै सार्वभौम परमेश्वरले फारसमा आफ्ना जनहरूलाई रक्षा गर्नुभयो। मोर्दकैले परमेश्वरको हातले काम गरिरहेका देखेः "यस्तै बेलाको लागि तिमी राज्यमा आएकी हौ कि कसलाई थाहा छ र ?" [१७४]

## विश्वासयोग्यताको महत्व

एस्तरको पुस्तकभरि, परमेश्वरका सेवकहरूको विश्वासनीयतालाई मुख्य मुख्य गरी प्रकाश पारिएको छ। एस्तरको कथाले योसेफको कथासँग धेरै समानताहरू समावेश गर्दछ। दुवैले विदेशी भूमिमा विश्वासी युवा व्यक्तिलाई देखाउँछन्। दुवै पात्र सरकारमा प्रभावशाली पदसम्म माथि पुगेका छन्। दुवै चरित्रहरू खतराको समयमा उहाँका मानिसहरूलाई बचाउनको लागि परमेश्वरद्वारा प्रयोग गरिन्छन्।

एस्तरको परमेश्वरप्रतिको विश्वासयोग्यता सम्पूर्ण कथामा देखिन्छ। देखिन्छ। उनको भनाइ, "यदि म नष्ट हुनुपरेपनि, म नष्ट हुन्छु," [१७५] नतिजाको पर्वाह नगरी आफ्नो जिम्मेवारीलाई इमानदारीपूर्वक पालन गर्ने प्रतिबद्धता हो।

एस्तरको पुस्तकले मोर्दकैको वफादारीतालाई देखाउँछ। योसेफ र दानिएल जस्तै, मोर्दकैलाई अरू माथि प्रभाव पार्ने स्थिति सम्म उठाइयो, एक स्थिति जसले उसलाई परमेश्वरको उद्देश्यहरू प्राप्त गर्न अनुमति दिन्छ। [१७६]

## दुष्टताको मूर्खता

पुरिमको आधुनिक अवलोकनको क्रममा, नाटकहरूले एस्तरको कथालाई पुनः प्रस्तुत गर्दछ। प्रत्येक चोटि हामानको नाउँ सुनेपछि श्रोताहरूले परमेश्वरका जनहरूको यो शत्रुलाई गिल्ला र खिल्ली उडाउँछन्। चाडपर्व प्रकृतिमा सांसारिक हुँदा, र पुरिम मनाउने धेरैले कथामा परमेश्वरको सार्वभौमिकता बिर्सेका हुन सक्छन्, मनाउने तरिकाले पनि एस्तरको सन्देशको अंश झल्काउँछ - दुष्टताको अज्ञानता वा मूर्खता।

अहासूरस र हामान दुवै कथामा उपहासको पात्र बन्छन्। अहासूरस १२७ प्रान्तहरूमा एक शक्तिशाली शासक हो। उनले आफ्नो धन र शक्तिको उत्सवलाई मनाउन १८० दिनसम्म चाड मनाउँछन्, तर उनले आफ्नी पत्नीलाई नियन्त्रण गर्न सक्दैन।

---

१७० एस्तर २:१९-२३

१७१ एस्तर ६:१

१७२ एस्तर ६:१-३

१७३ एस्तर ६:६

१७४ एस्तर ४:१४, *इङ्लिस स्ट्याण्डर्ड भर्सन*

१७५ एस्तर ४:१६

१७६ एस्तर १०:३

हामानले आफ्ना दुष्ट षड्यन्त्रहरू आफ्नै विरुद्धमा फर्केको पाए । हामानले आफूलाई सम्मान गर्ने प्रयास गर्छ, तर आफ्नो शत्रु मोर्दकैलाई नै सम्मान गर्न नियुक्त गरिन्छ ।[१७७] हामानले यहूदीहरूलाई नष्ट गर्न खोज्छ, तर आफू र आफ्नो परिवारलाई नष्ट गर्छ ।[१७८] हितोपदेशले सिकाएझैं, परमेश्वरले "तिरस्कार गर्नेहरूलाई उहाँले तिरस्कार गर्नुहुन्छ ।" [१७९]

## नयाँ करारमा एज्रा, नहेम्याह र एस्तर

२ राजाहरूको पुस्तक यहूदीहरूको निर्वासन सँगै अन्त्य हुन्छ, मन्दिर ध्वस्त भयो, सिंहासनमा बस्ने कुनै राजा भएन, र मसीहको कुनै चिन्ह थिएन । अब्राहामलाई गरेको प्रतिज्ञा रित्तो भएको जस्तै देखिन्थ्यो । एज्रा र नहेम्याहले त्यो प्रतिज्ञालाई फेरी जन्मेको देखाउँछन् । यद्यपि त्यहाँ कुनै राजा छैन, इस्राएल आफ्नो मातृभूमिमा फर्किएको छ र मसीहको आगमनको लागि चरण तयार भएको छ । एस्तर महत्त्वपूर्ण छ किनभने, उत्पत्तिको अन्त्यमा योसेफले जस्तै, उनको कथाले देखाउँछ कि कसरी परमेश्वरले मसीही वंशलाई जोगाउनुभयो । यद्यपि यी पुस्तकहरूको नयाँ करारमा कुनै महत्व छैन, तिनीहरू मसीहको जन्मको लागि आवश्यक छन् । एज्रा (एक पूजाहारी), नहेम्याह (एक पियाउने), र एस्तर (एक मूर्तिपूजक देशमा रानी) मार्फत, परमेश्वरले आफ्नो पुत्रको जन्मको लागि बाटो तयार गर्नुभयो ।

## ऐतिहासिक पुस्तकहरू आज बोल्छन्

पाठ ४ मा हामीले हिब्रू बाइबलले ऐतिहासिक पुस्तकहरूको लागि "पूर्व अगमवक्ताहरू" शीर्षक प्रयोग गरेको देख्यौं । यसले परमेश्वरका मानिसहरूमा उहाँको सन्देश ल्याउने तिनीहरूको उद्देश्यलाई देखाउँछ । प्रत्येक ऐतिहासिक पुस्तकमा आज हाम्रो लागि सन्देश छ ।

न्यायकर्ताहरू, शमूएल र राजाहरूले **छर्ने र कटनी गर्ने सिद्धान्त देखाउँछन्** । परमेश्वरका जनहरू करारप्रति विश्वासयोग्य भएकाले तिनीहरूले परमेश्वरको आशिष् अनुभव गरे; जब तिनीहरूले करार तोडे, तिनीहरूले परमेश्वरको न्यायको अनुभव गरे । यो सिद्धान्तलाई कहिलेकाहीँ मण्डलीमा गलत प्रयोग गरिएको छ । इस्राएल राष्ट्रको इतिहासलाई अर्को परिस्थितिमा लागू गर्दा हामी होसियार हुनुपर्दछ । केही अनुवादकहरूले यी पुस्तकहरू सिकाउनको लागि प्रयोग गरेका छन् कि विश्वासी भई परमेश्वरको आज्ञा पालन गर्ने ख्रीष्टियनलाई आर्थिक समृद्धि र शारीरिक स्वास्थ्यको सुनिश्चितता छ । अय्यूबको पुस्तक र विलापको भजनले ईश्वरीय मानिसहरूले दुःख भोग्नुपर्छ भनी देखाउँछ । यद्यपि, आधारभूत सिद्धान्त सत्य रहन्छ; परमेश्वरको अनुमोदन र आशिष् उहाँप्रति विश्वासयोग्य हुनेहरूमा निर्भर हुन्छ ।

यहोशू, रूथ, नहेम्याह र एस्तरले **परमेश्वरप्रति विश्वासयोग्यताको महत्व देखाउँछन्** । परमेश्वर सार्वभौम हुनुहुन्छ, तर परमेश्वरले मानव साधनहरूद्वारा काम गर्नुहुन्छ । यदि हामी परमेश्वरको वचनको शिक्षामा सत्यतामा रहन चाहन्छौं भने दुवै सत्यलाई स्वीकार गर्नुपर्छ । मोर्दकैले यो सत्यता व्यक्त गरे जब उनले एस्तरलाई भने, "यदि तिमी यस समयमा चुप लाग्यौ भने, यहूदीहरूको लागि अर्को ठाउँबाट उद्धार र छुटकारा आउनेछ, तर तिमी र तिम्रो बुबाको घर नष्ट हुनेछ । अनि तिमी यस्तै समयको लागि राज्यमा आएकि हौ कि कसलाई थाहा छ ?"[१८०] मोर्दकैले परमेश्वरको सार्वभौमिकतालाई स्वीकार गरे; परमेश्वरले आफ्ना मानिसहरूलाई कुनै न कुनै तरिकाले बचाउनुहुनेछ । तथापि, मोर्दकैले एस्तरको इमान्दारीपनको जिम्मेवारी पनि बुझे । इग्नाटियसलाई श्रेय दिइएको एउटा उद्धरणले भन्छ कि तपाईंले "सबै कुरा परमेश्वरमा निर्भर छ भन्ने जसरी गरी प्रार्थना गर्नुपर्छ, र सबै कुरा तपाईंमा निर्भर छ भन्ने जसरी गरी काम गर्नुहोस् ।"

यसले आज हामीलाई के भन्छ ? यहोशू, रूथ, नहेम्याह र एस्तरले जस्तै हामी पनि परमेश्वरको सेवामा कुनै पनि कुरालाई

१७७ एस्तर ६:१-११

१७८ एस्तर ७:७-१०; ९:१०

१७९ हितोपदेश ३:३४

१८० एस्तर ४:१४

नरोकि पूर्ण हृदयले प्रतिबद्ध हुनुपर्छ। त्यसोभए, उही सन्तहरू जस्तै, हामी उहाँको इच्छामा आफू त्यागी हुर्नुपर्छ। एस्तरले जस्तै, हामी पनि परमेश्वरका उद्देश्यहरूप्रति आत्मसमर्पण गर्ने भावना कायम राख्छौंः "यदि म नष्ट हुनुपरेपनि भने, म नष्ट हुन्छु।"[१८१]

अन्तमा, ऐतिहासिक पुस्तकहरूले **आशाको सन्देश ल्याउँछ**। एज्रा, नहेम्याह र इतिहासले देखाउँछ कि निर्वासनमा पनि परमेश्वर आफ्ना जनहरू प्रति समाप्त हुनुभएन। परमेश्वरले अझै पनि आफ्ना उद्देश्यहरू पूरा गरिरहनुभएको छ भनी थाह पाउन आज हामी प्रोत्साहन पाउन सक्छौं। ऐतिहासिक पुस्तकहरूले हामीलाई उहाँको ईश्वरीय इच्छा पूरा गर्नमा परमेश्वरको सार्वभौमिकताको स्मरण गराउँदछ। हामी आत्मविश्वासका साथ भविष्यको सामना गर्न सक्छौं; परमेश्वर नियन्त्रणमा हुनुहुन्छ।

## पाठ ६ को गर्नुपर्ने कार्यहरू

**१.** निम्न गर्नुपर्ने कार्यहरू मध्ये **एउटालाई** छान्नुहोस्ः

विकल्प १: समूहमा गर्नुपर्ने कार्य

नहेम्याहको पुस्तक पढ्नुहोस् र अगुवापन सम्बन्धि सिद्धान्तहरूको सूची बनाउनुहोस्। तपाईंले यस अध्यायमा दिइएका सिद्धान्तहरूबाट सुरु गर्न सक्नुहुन्छ, तर नहेम्याहमा अरू धेरै छन्। एक समूहको रूपमा, तपाईंले फेला पार्नुहुने सिद्धान्तहरू छलफल गर्नुहोस्। तपाईंले आफ्नो सेवकाइ यी सिद्धान्तहरू कसरी लागू गर्नुहुन्छ भनी देखाउनुहोस्।

विकल्प २: व्यक्तिगत गर्नुपर्ने कार्य।

एउटा चुन्नुहोस्:

- एज्रा र उनले यरूशलेममा ल्याएको जागृतिमा आधारित "जागृति" को विषयमा १–२ पृष्ठसम्म (४५०–८०० शब्द) निबन्ध लेख्नुहोस्।
- नहेम्याहमा आधारित "आत्मिक नेतृत्व" विषयमा १–२ पृष्ठ (४५०–८०० शब्द) निबन्ध लेख्नुहोस्। यस अध्यायमा सूचीबद्ध गरिएका भन्दा बाहिर कम्तिमा १–२ अगुवापन सम्बन्धि सिद्धान्तहरू फेला पार्नुहोस्। तपाईंले आफ्नो सेवकाइमा यी सिद्धान्तहरू कसरी लागू गर्नुहुन्छ भनी देखाउनुहोस्।
- एस्तरमा आधारित "परमेश्वरको सुरक्षात्मक हेरविचार" को विषयमा १–२ पृष्ठ (४५०–८०० शब्द) निबन्ध लेख्नुहोस्।

**२.** यस पाठको परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ।

---

१८१ एस्तर ४:१६

# पाठ ६ परीक्षा

१. पुनः स्थापना अवधिको प्राथमिक घटनाहरूको लागि मितिहरू सूचीबद्ध गर्नुहोस्।

- यरूबाबेलको नेतृत्वमा पहिलो पटकको फर्काइः _______________
- मन्दिरको निर्माणको पूर्णताः _______________
- एस्तरको घटनाहरूः _______________
- एज्रद्वाराको अगुवाइमा दोस्रो पटकको फर्काइः _______________
- नहेम्याहको फर्काइः _______________

२. प्रत्येक पुस्तकको मुख्य विषयवस्तुलाई सूचीबद्ध गर्नुहोस्ः _______________

- एज्राः _______________
- नहेम्याहः _______________
- एस्तरः _______________

३. एज्रा र नहेम्याहका पुस्तकहरू बीच दुई समानताहरू सूचीबद्ध गर्नुहोस्।

४. _______________साम्राज्यले विजय प्राप्त राष्ट्रहरूलाई आफ्नो मातृभूमिमा रहन अनुमति दियो।

५. _______________र_______________ लाई "मन्दिरका अगमवक्ताहरू" भनिन्छ किनभने तिनीहरूले मन्दिरको पुनर्निर्माण गर्नलाई प्रोत्साहन दिए।

६. एज्रा र नहेम्याहमा यहूदीहरू र तिनीहरूका छिमेकीहरूबीचको अन्तरविवाह किन गम्भीर मुद्दा थियो ?

७. कुन सानो अगमवक्ताले नहेम्याहको जस्तै मुद्दाहरूलाई सम्बोधन गर्छन् ?

८. नहेम्याहका तीनवटा नेतृत्व सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस्।

९. एस्तरको पुस्तकले सिकाएको तीनवटा प्रमुख पाठहरूको सूची बनाउनुहोस्।

१०. एस्तरको पुस्तकसँग जोडिएको यहूदी बिदाको पर्व_______________हो।

११. आफूले कण्ठ गरेको नहेम्याह २:१७ र एस्तर ४:१४ लाई लेख्नुहोस्।

## पाठ ७

# अय्यूब र भजनसंग्रह

### पाठका उद्देश्यहरू

१. अय्यूबको मुख्य विषयवस्तु र सन्देशलाई जान्नु ।

२. अय्यूबलाई दिइएको परमेश्वरको आत्म–प्रकाशलाई बुझ्नु ।

३. बाइबलीय कविताको प्रकृतिलाई चिन्नु ।

४. भजनसंग्रहको पुस्तकको संरचनाको वर्णन गर्नु ।

५. ख्रीष्टियनको लागि श्रापको प्रार्थना सम्बन्धी भजनसंग्रहको उपयोगीताको मूल्यांकन गर्नुह ।

६. अय्यूब र भजनसंग्रहको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नु ।

## यस पाठको लागि तयारी

*अय्यूब र भजनसंग्रह १–२९, ५१–९२, र ११९–१५० ।*

*भजनसंग्रह ११९: १–८ कण्ठ गर्नुहोस् ।*

## हिब्रू कविता पढ्नु

पुरानो नियमका काव्यात्मक पुस्तकहरूमा अय्यूब, भजनसंग्रह, हितोपदेश, उपदेशक, र श्रेष्ठगीतहरू समावेश छन् । पुरानो करार धेरै अन्य पुस्तकहरूमा केही कविताहरू समावेश छन्, तर यी पुस्तकहरू मुख्य रूपमा काव्यात्मक छन् ।

अंग्रेजी कविताको विपरीत, हिब्रू कविता कवितामा आधारित छैन । हिब्रू कविताका विशेषताहरू बुझ्नाले तपाईंलाई काव्यात्मक पुस्तकहरूको सुन्दरतालाई अझ राम्ररी बुझ्न मद्दत गर्न सक्छ ।

### समानान्तरता

हिब्रू कवितामा समानान्तरता एउटा सबैभन्दा महत्वपूर्ण तत्व हो । समानान्तरमा, दुई पंक्तिहरूले एउटै विचार व्यक्त गर्न

फरक शब्दहरू प्रयोग गर्दछन्। एक हिब्रू कविले केही भन्छन् र त्यसपछि यसलाई अलि फरक दृष्टिकोणबाट दोहोऱ्याउँछन्। समानान्तरता तीन प्रकारका छन्ः

***समानार्थी समानान्तरता***: दोस्रो पङ्क्ति समान शब्दहरूसँग पहिलो पङ्क्ति बलियो बनाउँछ।

- "हे परमप्रभु, मलाई तपाईंको मार्ग देखाउनुहोस्; मलाई तपाईंको बाटो सिकाउनुहोस्।"[१८२]
- "धार्मिकताको मार्गमा जीवन हुन्छ; र त्यसको बाटोमा मृत्यु छैन।"[१८३]

***विरोधात्मक समानान्तरता***: पहिलो पङ्क्ति दोस्रो पङ्क्तिसँग विपरित छ। यो संरचना हितोपदेशमा बुद्धिमानको र मूर्खको बाटोको भिन्नतामा प्रयोग गरिएको छ।

- "बुद्धिमान छोराले बाबुलाई खुसी बनाउँछ, तर मुर्ख छोरा आमालाई पिरोल्छ।"[१८४]
- "धर्मीको सम्झना धन्यको हुन्छ, तर दुष्टको नाम सड्नेछ।"[१८५]

***संयोगात्मक समानान्तरता***: दोस्रो पङ्क्तिले पहिलो रेखाको विचारलाई थप्छ।

- "परमप्रभु मेरो गोठालो हुनुहुन्छ; म खाँचोमा पर्ने छैन।"[१८६]
- "आफ्नो हृदयलाई सबै लगनशीलताका साथ सुरक्षित राख्; किनभने त्यो सारा जीवनको मूल हो।"[१८७]

## भाषाको रूपरेखा

सबै बाइबलीय पुस्तकहरूमा भाषाको रूपरेखाहरू भए तापनि, यो चित्रण विशेष गरी काव्य पुस्तकहरूमा महत्त्वपूर्ण छ। यी पुस्तकहरूमा पाइने भाषाको रूपरेखाहरू समावेश छन्ः

- एउटा **रूपक अलङ्कारले** उस्तै दुइटा कुराहरूको तुलना गर्छ। "परमेश्वरले मेरो राम्रो हेरचाह गर्नुहुन्छ" भन्ने वाक्यांश भन्दा "परमप्रभु मेरो गोठालो हुनुहुन्छ"[१८८] भन्ने वाक्यांश धेरै स्मरणीय र अभिव्यक्त छ।

- **अत्युक्ति** बिन्दुलाई जोड दिन योजनाबद्ध अतिशयोक्ति प्रयोग गर्दछ। विलापको एक भजनमा, दाऊद आफ्नो पीडाको वर्णन गर्दछन्, "हरेक रात म मेरो ओछ्यान आँसुले भिजाउछुँ।" [१८९]

- **व्यक्तिकरणले** मानवीय विशेषताहरू प्रदान गर्दछ जुन मानव होइन। "पहाडहरू थुमाहरूँझै र साना पहाडहरू भेडाहरूँझै उफ्रे।"[१९०]

- **मानविकरणले** परमेश्वरको चरित्रको बारेमा सत्य संवाद गर्न मानव विशेषताहरू प्रयोग गर्दछ। परमेश्वरका "आँखाले

१८२ भजनसंग्रह २५:४
१८३ हितोपदेश १२ :२८
१८४ हितोपदेश १०:१
१८५ हितोपदेश १०: ७
१८६ भजनसंग्रह २३:१
१८७ हितोपदेश ४:२३
१८८ भजनसंग्रह २३:१
१८९ भजनसंग्रह ६:६, *इङलिस स्ट्यान्डर्ड भर्जन*
१९० भजनसंग्रह ११४:४

देख्छन्, उहाँका पलकहरूले मानिसका सन्तानहरूलाई जाँच्छन्।" [१९१]

## विलोमकाव्य

विलोमकाव्यमा, प्रत्येक श्लोक वर्णमालाको पछि आउने अक्षरबाट सुरु हुन्छ। यो संरचनाले पूर्णतालाई अभिव्यक्त गर्दछ ("क देखि ज्ञ...") भजनसंग्रह ११९ , परमेश्वरको व्यवस्थामा, र हितोपदेश ३१, दुई सबैभन्दा प्रख्यात हिब्रू विलोमहरू हुन् जुन सदगुणी महिलामाथि आधारित छ। भजनसंग्रह ११९, प्रत्येक श्लोकमा हिब्रू वर्णमालाको एउटै अक्षरबाट सुरु हुने ८ पदहरू समावेश छन्। हितोपदेश ३१ मा, प्रत्येक पद हिब्रू वर्णमालाको पछिल्लो अक्षरबाट सुरु हुन्छ।

## अय्यूबको पृष्ठभूमि

» आफ्नो कष्टको ईश्वरशास्त्रको चर्चा गर्नुहोस्। ईश्वरशास्त्रीय प्रश्नहरू छलफल गर्नुहोस् जस्तै, "परमेश्वरले निर्दोषहरूलाई किन दुःख भोग्न दिनुहुन्छ ? "पास्टरसँग सम्बन्धित प्रश्न जस्तै, "हामी कसरी निर्दोष व्यक्तिलाई तिनीहरूको पीडाको सामना गर्न मद्दत गर्न सक्छौं ?"

## अय्यूबको पुस्तकको मिति र लेखक

अय्यूबको पुस्तकले मिति दिँदैन, तर घटनाहरू सम्भवतः कुलपिताहरूको युगमा भएको थियो। बुबाले आफ्नो परिवारको लागि बलिदान दिन्छन्; त्यतिखेर धनलाई पशुहरूको संख्याको आधारमा मापन गरिन्थ्यो; र अय्यूबको आयु लामो थियो। यी तथ्यहरूले अय्यूबमा भएका घटनाहरूको लागि पितृसत्तात्मक मिति सुझाव दिन्छ।

मितिको रूपमा, त्यहाँ लेखकको कुनै संकेत छैन। सुझाव गरिएका लेखकहरूमा अय्यूब, एलीहु, मोशा, सोलोमन र यशैयाको समयका कोही पर्छन्।

## अय्यूबको मुख्य विषयवस्तु

सतहिमा, अय्यूबको विषयवस्तु कष्टप्रद भएको जस्तो देखिन्छ। पुस्तकको प्रमुख घटना भनेको नै अय्यूबले आफ्नो सम्पत्ति, परिवार र स्वास्थ्य गुमाउनु हो। अय्यूबको पीडाको प्रश्नको वरिपरि संवाद घुम्छ। अझ भन्दा, पीडाको प्रश्नको जाँच गर्ने त्यहाँ अन्य पुरातन पूर्वको आसपासका अय्यूबसँग मिल्दोजुल्दो कथाहरू छन्। [१९२]

यद्यपि, अय्यूब आफैले दुःखकष्टलाई यसको विषयवस्तुको रूपमा संकेत दिँदैनन्। अय्यूब आफैले आफ्नो दुःखको कारणको बारेमा सोध्दैनन्, र परमेश्वरले पनि आफ्नो जवाफमा अय्यूबको पीडालाई कहिल्यै सम्बोधन गर्नु हुन्न। यदि यो पुस्तक मुख्य रूपमा दुःखकष्टको बारेमा थियो भने, हामी परमेश्वरले दुःखकष्टको अभिप्रायको जवाफ दिनुहुनेछ भन्ने आशा गर्नसक्थ्यौं। यसको सट्टामा, परमेश्वरले अय्यूबको पीडालाई कहिल्यै उल्लेख गर्नुभएन।

अय्यूबको सन्देशको दुःखकष्टको बीचमा पनि सत्यनिष्ठामा रहनु हो। अय्यूबले आफ्नो सत्यनिष्ठाको साक्षी दिन्छन्। [१९३] परमेश्वरले

---

१९१ भजनसंग्रह ११:४, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

१९२ दुःखकष्टको बारेमा दुई प्राचीन पूर्व नजिकका संवादहरू १३००–१००० इ.पू. आउँछन्। "म बुद्धिको प्रभुको प्रशंसा गर्नेछु" यो एउटा मेसोपोटामियन मोनोलोग हो जसमा एक महान् बेबिलोनीले ठूलो कठिनाइ भोगे र त्यसपछि मार्डुक देवताले उनको पुनः स्थापित गरे। *बेबिलोनियन थिओडिसी* पीडा भोग्ने र दुःखको बयान दिन प्रयास गर्ने साथीबीचको एक संवाद हो।

१९३ अय्यूब २७:५ र ३१:६

शैतानलाई दिएको बयानमा अय्यूबको सत्यनिष्ठाको साक्षी दिनुहुन्छ ।[१९४] अय्यूबको सत्यनिष्ठा पुस्तकको महत्वपूर्ण पक्ष हो ।

अय्यूबको मुख्य विषयवस्तु नै "परमेश्वरको खोजी हो" । अय्यूबले आफ्नो सम्पत्तिको पुनः स्थापना वा चङ्गाइको लागि पनि आग्रह गर्दैनन् । उसको अनुरोध छ, “ओह, म उहाँलाई कहाँ भेट्टाउन सक्छु भनेर मलाई थाहा भएको भएपनि हुन्थ्यो ! कि म उहाँको सिंहासनमा जान सकूँ ।”[१९५] अय्यूबले परमेश्वरलाई नजिकबाट चिनेका थिए; अनि अब उनले परमेश्वरबाट आफू अलग भएको महसुस गर्छन् । उनको खोज पीडाको व्याख्या गर्नको लागि होइन, तर परमेश्वरको प्रकाशको लागि हो ।

यो विषय परमेश्वरको प्रकाश पछि अय्यूबको प्रतिक्रिया द्वारा पुष्टि हुन्छः “मैले कानले तपाईंको बारेमा सुनेको थिएँ, तर अब म मेरो आँखाले तपाईंलाई देख्छ ।"[१९६] जब उनले परमेश्वरलाई देख्छन्, तब अय्यूब सन्तुष्ट हुन्छन् । अय्यूबको जवाफ दुःखको बयान होइन; अय्यूबको जवाफ परमेश्वर आफै हुनुहुन्छ ।

## अय्यूबको पुस्तको सिंहावलोकन

अय्यूबको पुस्तकलाई तीन ठूला खण्डहरूमा विभाजन गरिएको छः

१. (अय्यूब १ –२)
२. काव्यात्मक संवाद(अय्यूब ३:१–४२:६)
३. उपसंहार (अय्यूब ४२:७–१७)

## प्राक्कथन (अय्यूब १–२)

प्राक्कथनमा, हामी अय्यूब एक निर्दोष मानिस हो भनेर सिक्छौं; उनी सिद्ध र निर्दोष छन् । अय्यूबले भोगेको दुःखकष्ट कुनै पापले गर्दा भएको होइन । उनी निष्ठावान् मानिस हुन् जसलाई परमेश्वरले विश्वासको नमूनाको रूपमा औंल्याउन सक्नुहुन्छ । आफ्नो सम्पत्ति र परिवार गुमाउनु, आफ्नो शारीरिक पीडा र आफ्नी पत्नीको निराशाजनक सल्लाहको बाबजुद पनि अय्यूबले आफ्नो ओठले पाप गरेनन् ।

प्राक्कथनमा, हामी शैतानको शक्तिको सीमाहरू सिक्छौं । अय्यूबमाथिको आक्रमणमा, परमेश्वरले अनुमति दिनुभएको सीमाभन्दा शैतान अगाडि जान सक्दैन । धेरै लोकप्रिय विश्वासको विपरीत, शैतान र परमेश्वर बराबर प्रतिद्वन्द्वी होइनन्; शैतान परमेश्वरले तोक्नु भएको सीमाभन्दा बाहिर जान सक्दैन ।

प्राक्कथनमा, हामीले देखेको भौतिक संसार र हामीले नदेखेको आत्मिक संसार बीचको सम्बन्ध छ भनेर हामीले सिक्छौं । अय्यूबलाई परमेश्वर र शैतान बीचको वार्तालापको बारेमा थाहा नभए तापनि अय्यूबको परीक्षाहरूको पछाडि त्यहाँ आध्यात्मिक द्वन्द्व छ ।

## अय्यूब र तिनका तीन साथीहरू बीचको संवाद (अय्यूब ३–२७)

प्राक्कथनको अन्त्यमा, अय्यूबलाई सान्त्वना दिन आउने तीन जना साथीहरूसँग हामीलाई परिचय गराइन्छ । तिनीहरू अय्यूबसँग शोक गर्दै एक हप्तासम्म चुपचाप बस्छन् । हप्ताको अन्त्यमा, अय्यूबले गुनासोको साथ मौनता तोड्छन् जसमा उनले आफ्नो जन्मको दिनलाई सराप्दछन् र मृत्युको माध्यमद्वारा आराम पाउनको लागि माग गर्दछन् । प्रतिक्रिया स्वरूप,

१९४ अय्यूब २:३

१९५ अय्यूब २३:३

१९६ अय्यूब ४२: ५

साथीहरूले संसारमा परमेश्वरको कार्य गर्ने तरिकाको व्याख्या गर्ने प्रयास गर्छन्।[१९७]

अय्यूब र उनका साथीहरू बीचको संवाद कवितात्मक रूपमा छ। त्यो शैलीको कारण, यसलाई पढ्न गाह्रो हुन सक्छ। त्यहाँ धेरै दोहोरिने र विस्तारित संवाद छ। यद्यपि, मूल रूपमा यसको संवाद सरल छः साथीहरू जोड दिन्छन् कि अय्यूबको पीडा उसको जीवनमा पापको कारण गर्दा आएको हो; अय्यूबले आफू जुनसुकै गल्तीबाट निर्दोष छु भनी जोड दिन्छन्।

जबकि प्रत्येक साथीहरूले फरक तरिकाले तर्क बनाउँछन्, तिनीहरूको आधारभूत तर्क यो हो किः

- दुःखकष्ट चाहिँ पापको सजाय वा सुधारको रूपमा आउँछ।
- परमेश्वर न्यायी परमेश्वर हुनुहुन्छ।
- यसकारण, अय्यूब पक्का पनि कुनै न कुनै पापको दोषी हुनुपर्दछ जसको लागि परमेश्वरले उनलाई सजाय दिनुभइरहेको छ।

प्रत्येक साथीले फरक फरक तरिकाले तर्क गर्छन्। एलीपज सबैभन्दा होसियार वक्ता हुन्। उनले अय्यूबलाई परमेश्वरको ताडना स्वीकार गर्न प्रोत्साहन दिन्छन्। परमेश्वरले पश्चात्तापी अय्यूबलाई पुनः स्थापित गर्नुहुनेछ भन्नेमा एलीपज पक्का छन्। बिल्ददले न्यायी परमेश्वरले पापलाई दण्ड दिनै पर्छ भन्ने परम्परागत रूढीवादलाई औंल्याउँछन्; त्यसकारण, अय्यूब पक्कै पनि कुनै पापको कारण दोषी हुनुपर्छ। अय्यूबले "बकबक" बोल्छन् भन्दै सोपर सबै साथीहरूको भन्दा कम सहानुभूतिपूर्ण हुन्छन्।[१९८] निस्सन्देह, उनी जोड दिन्छन् कि परमेश्वर अय्यूबप्रति दयालु हुनुभएको छ; यद्यपि अय्यूबले अहिले पाएको दुःख भन्दा पनि उनी अझ ठूलो सजायको योग्य छन्।

प्रत्येक साथीको जवाफमा, अय्यूबले आफ्नो निर्दोषतामा जोड दिन्छ। अय्यूब यो विश्वास गर्छन् कि परमेश्वरले उनलाई अन्यायपूर्ण तवरले सताइ रहनुभएको छ; तर उनले यो पनि विश्वास गर्छन् कि, यदि उनले परमेश्वरको सामु आफ्नो रक्षा गर्न सक्छन् भने, परमेश्वरले सुन्नुहुन्छ र अय्यूबलाई न्याय दिनुहुनेछ।

यो वार्तालाप अय्यूब र तिनका साथीहरू बीचको संवादको तीन चक्रहरूमा फैलिएको छ। अय्यूबले गल्ती स्वीकार गर्न इन्कार गरेपछि साथीहरू झनझन रिसाउँछन्; अय्यूबले आफ्नो निर्दोषतामा जिद्दी गरिरहन्छन्।

## अय्यूबको अभिव्यक्ति (अय्यूब २८–३१)

अध्याय २८ मा, पुस्तकको शैली परिवर्तन हुन्छ। अय्यूब २८–३१ को चारवटा अभिव्यक्तिहरू समावेश छन्।

१. **अय्यूब २८ बुद्धिको विषयमा लेखिएको कविता हो। अय्यूबले बुद्धिको मूल्यको प्रशंसा गर्छन्,** बुद्धि खोज्नलाई मानिसको प्रयास व्यर्थ छ भनी उनी देखाउँछन्, र साँचो बुद्धि प्राप्त गर्नको लागि परमेश्वर मात्र त्यो मार्ग हुनुहुन्छ भनी जोड दिन्छन्। अय्यूबले परमेश्वरको जवाफ खोज्ने क्रममा यो एउटा महत्वपूर्ण कदम हो।

२. **अय्यूब २९ अय्यूबको विगतको जीवनको चित्र हो,** प्राक्कथनका घटनाहरू अघिको उनको जीवन। उनी सबै प्रकारले आशिषित् थिए र समुदायमा सम्मानित थिए।

३. अय्यूब ३० अय्यूबको वर्तमान दुःखको चित्रण हो। विगतमा उनलाई सम्मान गर्नेहरूले अहिले उनको खिल्ली उडाउँछन्।

१९७ *ईश्वरसिद्धान्त* भनेको संसारमा परमेश्वरको मार्गलाई सही ठहराउने प्रयास हो। अय्यूबको पुस्तक बाइबलको सबैभन्दा ठूलो ईश्वरसिद्धान्त हो। हबकूकले पनि अगमवक्ता र परमेश्वर बीचको संवादमा यस मुद्दालाई सम्बोधन गर्दछन्।

१९८ अय्यूब ११:३

४. **अय्यूब ३१ अय्यूबको सत्यनष्ठाको प्रमाण हो। आफ्ना साथीहरूको आरोपको जवाफमा,** अय्यूबले आफू कुनैपनि गल्तीबाट निर्दोष छु भनी जोड दिन्छन्। उनले आफ्नो निर्दोषता प्रकट गर्दै आफ्नो सहीक्षापको साथ आफ्नो घोषणा समाप्त गर्दछन्: "ओह, मेरो कुरा सुन्ने एकजना हुनुहुन्छ! (यहाँ मेरो सहीक्षाप छ! [१९९]सर्वशक्तिमानले मलाई जवाफ दिनु भएको होस्!) " अय्यूब ३१ पढ्दा, हामीले यो याद गर्नुपर्छ कि परमेश्वरले आफैले अय्यूब १:८ मा अय्यूबको निर्दोषताको गवाही दिनुभएको छ। अय्यूबले मूर्खतापूर्ण कुरा गरिरहेका छैनन्; उनले साँच्चै होसियार र धार्मिक जीवन बिताएका छन्।

## एलीहूको अभिव्यक्ति (अय्यूब ३२–३७)

एलीहु एक जवान मानिस हुन् जसले पहिलेका प्रत्येक वक्तव्य सुनेको हुन्छन्। उनी अय्यूबसँग रिसाएका छन् किनभने अय्यूबले आफूलाई धर्मी ठहराउन खोज्छन्। तिनी साथीहरूसँग रिसाउँछन् किनभने तिनीहरूले अय्यूबलाई आफ्नो दोषको बारेमा विश्वस्त गराएका छैनन्।

एलीहू तर्क गर्छन् कि परमेश्वरले दुःख र पीडा मार्फत बोल्नुहुन्छ; अय्यूबले परमेश्वरको ताडनालाई नम्रतासाथ स्वीकार गर्नुपर्छ। एलीहुले जोड दिए कि परमेश्वर न्यायी हुनुहुन्छ र अय्यूबले परमेश्वरलाई प्रश्न गर्नु गलत हो। आफ्नो अन्तिम वक्तव्यमा, एलिहुले तर्क गर्छन् कि परमेश्वर मानवजातिभन्दा धेरै माथि हुनुहुन्छ कि उहाँ पृथ्वीमा हुने घटनाहरूबाट अप्रभावित हुनुहुन्छ। विनम्रता साथ समर्पण गर्नु हाम्रो भूमिका हो।

एलीहूका वक्तव्यका केही पक्षहरूले परमेश्वरको जवाफसँग (विशेष गरी प्रकृतिमाथिको परमेश्वरको सार्वभौमिकताको चित्रण) समानान्तर छन्, एलीहुले कुनै नयाँ कुरा भनेनन्। परमेश्वर सार्वभौम हुनुहुन्छ भनी अय्यूबलाई पहिल्यै थाह थियो। अय्यूबलाई पहिल्यै थाहा थियो कि परमेश्वरले दुःखको माध्यमबाट बोल्नुहुन्छ; बुद्धिको बारेमा अय्यूबको वक्तव्यले पहिले नै बताइसकेको छ कि परमेश्वर नै साँचो बुद्धिको स्रोत हुनुहुन्छ। एलीहूले सत्यका केही पक्षहरूलाई औंल्याए तापनि, अन्य साथीहरू जस्तै, उनी अय्यूबको मुख्य सङ्घर्षलाई चिन्न असफल भएः अय्यूबले आफू दोषी नभएको पापको सजाय पाएको विश्वास गर्छन्।

## परमेश्वर बोल्नुहुन्छ (अय्यूब ३८–४२)

यदि हामीले अय्यूबको पुस्तकलाई मुख्य रूपमा दुःखकष्टको अध्ययनको रूपमा पढ्यौं भने, परमेश्वरको जवाफले थोरै अर्थ राख्छ। उनले अय्यूबको दुःखकष्टलाई कहिल्यै उल्लेख गरेनन्। उनले अय्यूबका प्रश्नहरूको जवाफ कहिल्यै दिँदैन। यसको सट्टामा, परमेश्वरले अय्यूबलाई आफैलाई प्रकट गराउने प्रश्नहरूको शृङ्खला सोध्नुहुन्छ। ती प्रश्नहरूले अय्यूबलाई आफ्नो सीमित ज्ञानको सम्झना गराउँछ। परमेश्वरका प्रश्नहरूले अय्यूबलाई संसारको व्यवस्थापन गर्नको लागि परमेश्वरको शक्ति र बुद्धिलाई औंल्याउँछ। तिनीहरूले यो देखाउँछन् कि अय्यूबले परमेश्वरको मार्गलाई नबुझ्दा पनि परमेश्वरमा भरोसा गर्न सक्छन्। जवाफमा, अय्यूबले आफ्नो सन्तुष्टि बताउँछन्, "मैले कानले तपाईंको बारेमा सुनेको थिएँ, तर अब मेरो आँखाले म तपाईंलाई देख्दछु।"[२००] अय्यूबले परमेश्वरको विरुद्ध लगाएका आरोपहरूप्रति पश्चात्ताप गर्छन् र परमेश्वरको गहिरो, निपुण ज्ञानबाट सान्त्वना पाउँछन्।

## उपसंहार (अय्यूब ४२:७–१७)

उपसंहारमा, परमेश्वरले अय्यूबका साथीहरूलाई तिनीहरूका झूटा तर्कहरूको लागि हप्काउनुहुन्छ र अय्यूबको भविष्यलाई पुनः स्थापित गर्नुहुन्छ। शैतानलाई उपसंहारमा उल्लेख गरिएको छैन; उसको मुद्दा गलत साबित भएको छ। साँच्चै, त्यहाँ

१९९ अय्यूब ३१:३५, *इङलिस स्ट्यान्डर्ड भर्जन*

२०० अय्यूब ४२:५

एक व्यक्ति छ जसले एक्लै प्रेमले परमेश्वरको सेवा गर्छ।

## नयाँ करारमा अय्यूब

नयाँ करारमा, अय्यूब दृढताको उदाहरणको रूपमा खडा छन्।[२०१] अय्यूबमा उठेका प्रश्नहरूले नयाँ करारका मानिसहरूलाई अलमल्लमा पार्छ। चेलाहरूले अन्धो जन्मिएको मानिसलाई पापको लागि सजाय दिइएको हो कि भनेर सोध्छन्; [२०२] पावल शरीरमा काँडासँग सङ्घर्ष गर्दछन् जुन परमेश्वरले हटाउनुहुनेछैन; विश्वासका[२०३] नायकहरूको हिब्रू ११ मा प्रतिज्ञा प्राप्त नगरी मृत्यु हुन्छ।

दुःखकष्ट विश्वासीहरूको लागि निरन्तर आइरहने समस्या हो। यद्यपि, रोमी ८:२८–२९ ले हामीलाई आश्वस्त पार्छ कि परमेश्वरले आफ्ना सन्तानको जीवनमा आउने सबै कुरा मार्फत आफ्नो भलाइ प्रकट गरिरहनुभएको छ। उहाँको अन्तिम उद्देश्य हामीलाई उहाँको पुत्रको स्वरूप अनुरूप बनाउनु हो। परमेश्वरलाई प्रेम गर्ने र उहाँको उद्देश्य अनुसार बोलाइएका सबैमा यो प्राप्त भइरहेको छ।

## अय्यूब आज बोल्छन्

अय्यूबका पाठकहरू अक्सर यस प्रश्नमा केन्द्रित हुन्छन्,“धर्मीहरूले किन दुःख पाउँछन् ?” अय्यूबको पुस्तकले यो प्रश्नको जवाफ दिँदैन। एउटा अझ महत्वपूर्ण प्रश्न यो हो कि, “धर्मीहरूले किन परमेश्वरको सेवा गर्छन् ?” शैतानको सँग, यो जवाफ थियो, “उसले पाएको आषिशको कारण अय्यूबले तपाइंको सेवा गर्छ। आषिशलाई फिर्ता लिनुहोस् र उसले तिमीलाई इन्कार गर्नेछ।” साथीहरूका लागि, परमेश्वरको सेवा गर्ने प्रेरणा भनेको समस्याबाट बच्नु हो। परमेश्वरप्रतिको विश्वासयोग्य आज्ञाकारिताले दुःखकष्टबाट जोगाउँछ भनी तिनीहरू अनुमान गर्छन्।

अय्यूबको लागि, यसको जवाफ धेरै फरक छ। उनले केवल प्रेमद्वारा मात्र परमेश्वरको सेवा गर्दछन्। अय्यूबले आफूलाई के भएको हो भनी बुझ्दैनन् तापनि अय्यूबले आफ्नो विश्वासलाई त्याग्न इन्कार गरे। यस कुरामा परमेश्वरप्रतिको साँचो प्रेमको लागि नमूना अय्यूबले प्रदान गर्दछ। दानिएलका साथीहरूले गवाही दिए, “हामीले सेवा गर्ने हाम्रा परमेश्वर हामीलाई दन्किरहेको आगोको भट्टीबाट छुटकारा दिन सक्षम हुनुहुन्छ। **यदि त्यसो भएन भने पनि**, हे राजा, तपाईंलाई थाहा होस् कि हामी तपाईंलाई देवताहरूको सेवा गर्नेछैनौं।”[२०४] परमेश्वरले हामीलाई छुटकारा दिनुभएन भने पनि, हामी उहाँलाई अस्वीकार गर्दैनौं।

हिब्रू ११ ले विश्वासका नायकेहरूको बारेमा बताउँछ जसले तिनीहरूको तर्फबाट परमेश्वरको शक्ति देखेः हनोक, अब्राहाम, मोशा र राहाब। यसले अरूको बारेमा पनि बताउँछ जो परीक्षाबाट मुक्त भएनन्। “अनि अरूलाई क्रूर गिल्ला र कोर्राको सजाय दिइएको थियो। हो, बन्धन र कैदको अतिरिक्तः ढुङ्गाले हानिएको थियो, तिनीहरूलाई काटियो, प्रलोभनमा पारियो, तरबारले मारिएः तिनीहरू भेडाको छाला र बाख्राको छाला लगाएर घुमिहिडे; निराधार, पीडित, यातनामा परेका।” यी मानिसहरू पनि विश्वासका मानिसहरू थिए, तर तिनीहरूले करार प्राप्त गरेनन्। [२०५]

यी पवित्रशास्त्रहरूले हामीलाई विचार गर्न दबाब दिन्छन्, “मैले किन परमेश्वरको सेवा गर्नु ?” के मैले उहाँको आशीर्वादको कारण सेवा गरिरहेछु ? के म दुःखकष्टबाट बच्न उहाँको सेवा गर्दैछु ? वा, म केवल प्रेमले उहाँको सेवा गर्दैछु ? अय्यूब, दानिएलका साथीहरू, र हिब्रू ११ का अरूहरूले देखाउँछन् जसले केवल प्रेमले मात्र परमेश्वरको सेवा गरे। आज, तिनीहरूको

---

२०१ याकूब ५:११

२०२ यूहन्ना ९:२

२०३ २ कोरिन्थी १२ :७–९

२०४ दानिएल ३:१७-१८

२०५ हिब्रू ११:३६-३८

दिनमा जस्तै, परमेश्वरले निःस्वार्थ प्रेमले उहाँको सेवा गर्ने मानिसहरूलाई खोज्दै हुनुहुन्छ, ती मानिसहरू जसले परमेश्वरलाई आफ्नो सारा हृदयले प्रेम गर्छन्।

## भजनसंग्रहको पुस्तकको पृष्ठभूमि

*भजन* शब्द ग्रीक शब्दबाट आएको हो जसको अर्थ "गीत" हुन्छ। यस पुस्तकको हिब्रू शीर्षकको अर्थ "प्रशंसा" हो, जसले पुस्तकको उद्देश्यलाई देखाउँछ। विलापका भजनहरू पनि प्रशंसाको साथ समाप्त हुन्छन्। भजनसंग्रहको पुस्तकले परमेश्वरका जनहरूले परमेश्वरप्रति आफ्नो प्रशंसा व्यक्त गर्न सक्ने शब्दहरू प्रदान गर्दछ।

## भजनसंग्रहमा शीर्षकहरू

१०० भन्दा बढी भजनहरूमा भजनको बारेमा जानकारी दिने शीर्षक छ। यी शीर्षकहरूमा लेखक, ऐतिहासिक वर्गीकरण, र संगीत निर्देशनहरूका बारेमा विवरणहरू समावेश छन्। यद्यपि हामीलाई थाहा छैन कि शीर्षकहरू मूल पाण्डुलिपिहरूमा समावेश गरिएको थियो, तिनीहरू धेरै प्रारम्भिक प्रतिलिपिहरूमा पाइन्छ।

धेरै भजनसंग्रहरूमा **लेखकको नाम**समावेश छ। भजनसंग्रह त्रिहत्तरको शीर्षक "दाऊदको भजन" राखिएको छ। भजनसंग्रह ५० र ७३–८३ को श्रेय आसापलाई दिइएको छ, जो दाऊद अन्तर्गत सार्वजनिक उपासनाका लागि प्रमुख संगीतकार थिए। यस्तो देखिन्छ कि कोरहका छोराहरू, दश भजनको शीर्षकमा उल्लेख गरिएको छ, जो मन्दिर गायकहरूको समूहका सदस्यहरू थिए। सोलोमनलाई दुईवटा भजनहरू दिइन्छ। भजनसंग्रह ९० मोशाको प्रार्थना हो।

अन्य शीर्षकहरूले भजनको **ऐतिहासिक मेल** बारे जानकारी दिन्छ। भजनसंग्रह ३ दाऊद आफ्नो छोरा अब्शालोमबाट भाग्दा लेखिएको थियो। जब धेरैले अब्शालोमको विद्रोहलाई समर्थन गरिरहेका थिए, दाऊद सम्झे: “हे परमप्रभु, तपाईं मेरो निम्ति ढाल हुनुहुन्छ। मेरो महिमा, र मेरो शिर उठाउने व्यक्ति।"[२०६] दाऊद शाऊलबाट भागेर हिँड्दाखेरिको समयमा भजनसंग्रह ५२, ५४, ५६, ५७ र ५९ लेखे।[२०७] सबैभन्दा प्रख्यात रूपमा, दाऊदले भजन ५१ मा पश्चात्तापको महान् प्रार्थना लेखे जब नातानले बतशेबासँगको दाऊदले गरेको व्यभिचारको बारेमा उनीसँग मुकाबिला गरे।

आधुनिक पाठकहरूका लागि, सबैभन्दा अस्पष्ट शीर्षकहरू ती हुन् जसले **संगीत र धार्मिक निर्देशनहरू** दिन्छन्। “अपन शेमिनिथ,”[२०८] “अपन अलामोथ,” [२०९] र “अपन मुथलाबेन”[२१०] जस्ता शीर्षकहरू संगीत निर्देशनहरू थिए। केही शीर्षकहरूले प्रयोग गरिने निर्दिष्टलाई जनाउँछ। अन्य शीर्षकहरूले भजन गाएको धुनलाई जनाउँछ: "गितिथमा,"[२११] "अल्टासिथ,"[२१२] र "टू द डो अफ द डन।"[२१३]

## भजनसंग्रहको पुस्तकको संरचना

धेरै तरिकामा, भजनसंग्रहको पुस्तक आधुनिक भजन जस्तै छ। यो मन्दिरमा संयुक्त र व्यक्तिगत आराधनाको लागि प्रयोग

---

२०६ भजन ३:३

२०७ यी भजनहरूको ऐतिहासिक मेल १ शमूएल १९-२३ मा पाइन्छ।

२०८ भजनसंग्रह ६ र १२

२०९ भजनसंग्रह ४६

२१० भजनसंग्रह ९

२११ भजनसंग्रह ८, ८१, ८४

२१२ भजनसंग्रह ५७ - ५९, ७५

२१३ भजनसंग्रह २२, *इङलिश स्ट्यान्डर्ड भर्जन*

गरिने इस्राएलीहरूको निजी गीतहरू र प्रार्थनाहरूको संग्रह थियो ।

भजनसंग्रहको पुस्तकलाई पाँच भागमा विभाजन गरिएको छ । प्रत्येक खण्ड आराधना संगै समाप्त हुन्छ ।

पुस्तक १( भजनसंग्रह १–४१), "परमप्रभु इस्राएलका परमेश्वर अनादिदेखि अनन्तसम्मै धन्यका होऊन्, भन्दै समाप्त हुन्छ । आमिन, अनि आमिन ।"

पुस्तक २ (४२–७२), "धन्य होस् परमप्रभु परमेश्वर, इस्राएलका परमेश्वर, जसले अचम्मका कामहरू मात्र गर्नुहुन्छ ... भन्दै समाप्त हुन्छ । आमिन, अनि आमिन । यिशैका छोरा दाऊदको प्रार्थना समाप्त भयो ।"

पुस्तक ३ (७३–८९) "परमप्रभुलाई सदासर्वदा धन्य होस् भन्दै समाप्त हुन्छ । आमिन, अनि आमिन ।"

पुस्तक ४ (९०–१०६), "परमप्रभु इस्राएलका परमेश्वरलाई अनन्तदेखि अनन्तसम्म धन्यको होस्ः र सबै मानिसहरूले भनून्, आमिन भन्दै समाप्त हुन्छ । परमप्रभुको प्रशंसा गर ।"

पुस्तक ५ (१०७–१५०) भजन १५०, सँगै समाप्त हुन्छ, यो एक आराधना हो जसले भजनसंग्रहलाई प्रशंसाको साथ अन्त गर्दछ ।

यस्तो देखिन्छ कि यी पाँचवटा संग्रहहरूमध्ये प्रत्येक इस्राएलको इतिहासमा फरक समयमा जम्मा गरिएको थियो । केही (जस्तै पुस्तक १ र २) मुख्य रूपमा दाऊदद्वारा तयार गरिएको भजनहरू हुन् जुन धेरै प्रारम्भिक संग्रह थियो । पुस्तक ५ ले निर्वासनलाई जनाउँछ र सायद यो धेरै पछि संकलन गरिएको थियो ।[२१४] सँगै यी संग्रहहरूले हामीलाई प्राचीन इस्राएलमा जस्तै हामीलाई परमेश्वरको प्रशंसा गर्न, संकष्टको समयमा उहाँलाई पुकार्न र उहाँलाई हाम्रो सृष्टिकर्ता र उद्धारकर्ताको रूपमा आराधना गर्न सामेल हुन अनुमति दिन्छ ।

## भजनसंग्रहका प्रकारहरू

भजनसंग्रहको पुस्तकमा विभिन्न प्रकारका (वा विधाहरूका) गीतहरू छन् । जबकि भजनसंग्रहको समग्र विषयवस्तु प्रशंसाको विषयमा छ भने, सबै भजनसंग्रह प्रशंसाका गीतहरूको विषयमा छैन । त्यहाँ भजन शैलीहरूको एक ठूलो विविधता छ । भजनसंग्रहमा भजनहरू समावेश छन्ः

- सामूहिक प्रशंसाको लागि (भजन १३६)
- व्यक्तिगत विलापको लागि (भजन ५६)
- निर्देशनको लागि (भजन १-११९)
- राजाको सम्मान गर्न (भजन ७२)
- शाही विवाह उत्सवको लागि (भजन ४५)
- यरूशलेमको तीर्थयात्राका लागि (भजन १२०–१३४)

भजनसंग्रहको यस संक्षिप्त विवरणमा, हामी भजनको केही प्रमुख श्रेणीहरूको जाँच गर्नेछौं ।

**"भजनसंग्रहको पुस्तक किन सबै सन्तहरूको मनपर्ने पुस्तक हो भनेर बुझ्न सजिलो छ । किनकि हरेक अवसरमा हरेक मानिसले आफ्ना आवश्यकताहरू मिल्ने भजनहरू भेट्टाउन सक्छ, जुन त्यहाँ केवल उसकै खातिर राखिएका हुन् कि जस्तो देखिएको कारण उसलाई यो उपयुक्त भएको महसुस हुन्छ ।"**

**मार्टिन लुथर**
*भजनसंग्रहको भूमिका*

२१४ हेर्नुहोस् भजनसंग्रह १३७

## प्रशंसाका भजनहरू

केही भजन व्यक्तिगत प्रशंसाको लागि हो; केही सामुहिक प्रशंसाको लागि हो। भजनरचयिताहरूले कसरी परमेश्वरको प्रशंसा गर्छन् भनेर दुईवटा उदाहरणहरूले देखाउँछन्।

### उदाहरण १

भजनसंग्रह १९ एउटा व्यक्तिगत प्रशंसाको भजन हो। भजन तीन श्लोकमा अगाडि बढ्छ।

#### श्लोक १ (१–६): परमेवश्वर सृष्टिमा प्रकटित हुनुभयो

सृष्टिले सृष्टिकर्ताको शक्ति र महिमाको गवाही दिन्छ। स्वर्ग आफैले परमेश्वरको महिमाको गवाही दिन्छ। यी पदहरूमा दाऊदले हिब्रू भाषामा एलोहिम अर्थात् "परमेश्वर" नाउँ प्रयोग गर्छन् जसले परमेश्वरको महानता र महिमाको कुरा गर्छ।

#### श्लोक २ (७–१०): प्रभुले आफ्नो व्यवस्थाबाट आफैलाई प्रकट गर्नुभयो

परमेश्वरको थप व्यक्तिगत प्रकाश उहाँको वचनमा देखिन्छ। व्यवस्था, गवाही, नियम, आज्ञा, डर, र प्रभुको न्यायद्वारा, हामी उहाँ स्वयंको प्रकटीकरण देख्छौं। यस खण्डमा, दाऊदले "परमप्रभु" (*हिब्रूमा, यहोवे*) नाउँ प्रयोग गर्छन्। *यहोवे* व्यक्तिगत, करारको नाम हो जसद्वारा परमेश्वरले प्रस्थान ३:१४ मा इस्राएलमा आफूलाई प्रकट गर्नुभयो। परमेश्वरको व्यवस्था विश्वासीहरूको लागि बोझ होइन; यो मह भन्दा मीठो र सुन भन्दा धेरै आनन्ददायक छ।

#### श्लोक ३ (११–१४): उद्धारकर्तालाई आराधकको प्रतिक्रिया

परमेश्वरको प्रकाशको जवाफमा, दाऊदले पापबाट शुद्धि र मुक्तिको लागि प्रार्थना गर्दछन्। उनी प्रार्थना गर्छन् कि उनका शब्दहरू र उनका विचारहरू "मेरो शक्ति र मेरो उद्धारकर्तालाई स्वीकार्य होस्।"

### उदाहरण २

भजन १३६ प्रशंसाको सामूहिक भजन हो। यसलाई उत्तरप्रद भजनको रूपमा गाइयो। अगुवाले प्रत्येक पदको पहिलो आधा भाग गाए; मानिसहरूले जवाफ दिए, "किनकि उहाँको करूणा सदासर्वदा रहिरहन्छ।" सृष्टि (१–९) र इस्राएल (१०–२६) को लागि उहाँको भलाइको माध्यमबाट परमेश्वरको अनन्त कृपा प्रकट हुन्छ।

## धन्यवादको भजन

धन्यवादका भजनहरू परमेश्वरको छुटकाराको विशेष उदाहरणहरूसँग सम्बन्धित छन्। धन्यवादको भजनमा, भजनरचयिताले विगतको संकटको वर्णन गर्दछ र त्यसपछि संकटबाट छुटकाराको लागि परमेश्वरलाई धन्यवाद दिन्छ। धन्यवादको भजनको उदाहरणको लागि भजनसंग्रह ८ पढ्नुहोस् जसमा।

## विलापका भजनहरू

लगभग पचास भजनहरू विलापका भजनहरू हुन्। विलापमा सामान्यतया चार तत्वहरू हुन्छन्, यद्यपि तिनीहरू सधैं एउटै क्रममा हुँदैनन्ः

- **उजुरीको विवरण**। धेरै विलापहरूले शत्रुलाई उल्लेख गर्छन्; अरूले भजनरचयिताले सामना गरेको समस्याको वर्णन गर्छन्। भजन १३: १–३ ले गुनासो गर्छ किनभने दाऊदका शत्रुहरू हाबी भएको समयमा परमेश्वरले आफ्नो अनुहार लुकाउनुभएको जस्तो देखिन्छ।

- **परमेश्वरलाई अर्जीबिन्ति**। यहाँ भजनरचयिता मुक्तिको लागि रुन्छन्। अक्सर त्यहाँ एक विशेष अनुरोध छ। भजन १३:३ मा, दाऊदले परमेश्वरलाई सुन्न र "मेरो आँखालाई उज्यालो बनाउन अनुरोध गर्दछ।"

- **परमेश्वरमा विश्वासको बयान**। भजन १३:५ मा, परमेश्वरको सहायताको लागि पुकारा गरिसकेपछि, दाऊद भन्छन्, "मैले तपाईंको कृपामा भरोसा राखेको छु।" यस वाक्यांशको साथ, भजनले आशाहीन अवस्थाबाट विश्वासको बयानमा उल्टाउँछ।

- **परमेश्वरलाई प्रशंसा**। धेरैजसो विलापहरू परमेश्वरको प्रशंसामा समाप्त हुन्छन्। भजन १३:६ ले भन्छ, "म परमप्रभुको लागि गाउनेछु, किनकि उहाँले मसँग उदारतापूर्वक व्यवहार गर्नुभएको छ।" समापनको प्रशंसा बाइबलीय विलापको एक आवश्यक तत्व हो, र परमेश्वरलाई हाम्रो पुकाराको लागि एक नमूना प्रदान गर्दछ।

हाम्रा गुनासो र आवश्यकताहरू व्यक्त गर्दा, हामीले परमेश्वरको उद्देश्यको प्रतिरोध गर्नु हुँदैन। परमेश्वरमा विश्वासको कथन र परमेश्वरप्रति समापनको प्रशंसाले हामी परमेश्वरको सार्वभौमिकतामा समर्पित रहन्छौं भनेर सुनिश्चित गर्दछ। भजन १३ मा, दाऊदको जीवनमा पद ४ र ५ बीचमा कुनै पनि बदलाव हुँदैन। उनको बाहिरी परिस्थितिहरू पद १–२ मा उस्तै नै रहन्छ। उनमा भित्री परिवर्तन छ; दाऊद परमेश्वरको कृपामा भरोसा गर्न र प्रभुको लागि गाउन कटिबद्ध छन्। यो नमूनाले हाम्रो प्रार्थनालाई डोऱ्याउनुपर्छ: **पूर्ण इमानदारीमा** हाम्रो आवश्यकतालाई अभिव्यक्त गरी हाम्रो जीवनमा परमेश्वरको आधारभूत उद्देश्यहरूप्रति **पूर्ण समर्पणता** हुनुपर्छ।

विलापका भजनहरूले त्यहाँ संसारमा सही र गलत छ भन्ने अनुमान लगाउँछन् र परमेश्वरले सहीलाई प्रमाणित गर्नुहुने भएकोले उहाँमा भरोसा गर्न सकिन्छ, जसकारण उहाँ भजनरचियताको सही पक्षमा हुनुहुन्छ। । यसकारण, भजनरचयिता विश्वस्त छन् कि परमेश्वरले आफ्नो तर्फबाट हस्तक्षेप गर्नुहुनेछ।

पश्चातापका भजनहरू विलापका भजनहरूसँग सम्बन्धित छन्। जसरी भएपनि, यी भजनहरूमा, भजनरचयिताले पापको लागि परमेश्वरको क्षमा खोज्छन्। सबैभन्दा प्रख्यात पश्चात्तापी भजन, भजन ५१ हो ५१ हो जसमा दाऊदले बतशेबासँग गरेको पापपछि परमेश्वरको कृपाको लागि प्रार्थना गर्छन्। अन्य पश्चात्तापी भजनहरूमा भजन ६, ३२, ३८, र १३० समावेश छन्।

## नजिकबाट श्रापको भजनको अवलोकन

| येशुको आज्ञाभन्दा विपरीत श्रापको प्रार्थना | |
|---|---|
| "विनाश निश्चित भएकी हे बेबिलोनकी छोरी, तैंले हामीमाथि जे गरिस्, त्यसको लागि तँमाथि प्रतिशोध लिने धन्यको हो। त्यो जसले तेरा ससाना बच्चाहरूलाई समातेर चट्टानमा पछार्दछ।"<br>(भजनसंग्रह १३७ :८-९) | "तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई सराप्नेहरूलाई आशीर्वाद देओ, तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर, र तिमीहरूलाई प्रयोग गर्ने र सताउनेहरूका लागि प्रार्थना गर।"<br>(मत्ती ५:४४)। |

## समस्या

भजनसंग्रहको पुस्तकमा कम्तिमा पैंतीसवटा प्रार्थनाहरू समावेश छन्, भजनहरू जसले भजनरचयिताका शत्रुहरूमाथि न्याय गर्न परमेश्वरलाई माग गर्छन्। ख्रीष्टियनहरूले यी प्रार्थनाहरूसँग संघर्ष गरेका छन्। कसरी यी प्रार्थनाहरू आफ्ना शत्रुहरूलाई प्रेम गर्ने येशुको आज्ञासँग मेल खान्छ ?

केही टिप्पणीकारहरूले भनेका छन् कि यसले पुरानो करार र नयाँ करार बीचको भिन्नता देखाउँछ। यद्यपि, पुरानो करार पनि हामीले हाम्रा शत्रुहरूलाई प्रेम गर्नुपर्छ भनेर सिकाउँछ।[२१५] यसबाहेक, नयाँ नियममा गलत काम गर्नेहरूमाथिको श्रापको प्रार्थनाको उदाहरणहरू पनि छन्।[२१६] ख्रीष्टियनहरूको हैसियतमा हामी कसरी श्रापका भजनहरू पढ्न सक्छौं ?

## श्रापको प्रार्थनाका भजनहरू पढ्नका लागि सिद्धान्तहरू

१. **तिनीहरू रोप्ने र काट्ने सिद्धान्तमा आधारित छन्। व्यवस्था,** हितोपदेश र गलातीका पुस्तकहरूले "मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ" भनी सिकाउँछ।[२१७] यो सिद्धान्त ऐतिहासिक पुस्तकहरूमा चित्रण गरिएको छ र अगमवक्तका पुस्तकहरूमा प्रचार गरिएको छ। श्रापका प्रार्थनाको भजनहरूले परमेश्वरलाई उहाँको न्याय देखाउन अनुरोध गर्दछ। फर्केर आएका निर्वासितहरूले बेबिलोनलाई बेबिलोनीहरूले न्यायिक रूपमा पाउनुपर्ने परिणाम दिन परमेश्वरसँग आग्रह गर्छन्। [२१८]

२. **इस्राएलका शत्रुहरू अन्ततः परमेश्वरकै शत्रुहरू हुन्। राजाको रूपमा,** दाऊद परमेश्वरको अभिषिक्त प्रतिनिधि हुन्। उनका शत्रुहरूले इस्राएलको लागि परमेश्वरको उद्देश्यको विरोध गर्छन्। श्रापको प्रार्थनाले परमेश्वरको धार्मिकताको प्रमाण खोज्छ।

३. **भजन रचयिताहरूले मामिलाहरूलाई आफ्नै हातमा लिँदैनन्। दाऊदले आफ्ना शत्रुहरूमाथि परमेश्वरको बदला लिन प्रार्थना गरे,** तर उनले शाऊलमाथि व्यक्तिगत बदला लिन इन्कार गरे। दाऊदले आफ्ना शत्रुहरूलाई परमेश्वरको हातमा छोडे।

## के हामी आज श्रापको भजनहरूलाई प्रार्थनाको रूपमा गर्न सक्छौं ?

भजनहरू बाइबलीय न्यायसँग मिल्दोजुल्दो छन् भनी हामीले बुझ्दा पनि, हामीले यी भजनहरूलाई आज उपासनामा कसरी प्रयोग गर्न सक्छौं भनेर सोध्नै पर्छ। न्यायको भजनमा दुई विरोधी प्रतिक्रियाहरू छन्:

१. केही ख्रीष्टियनहरूले यो विश्वास गर्छन् कि डाँडाको उपदेशमा येशुको शिक्षाले नयाँ करारका विश्वासीहरूलाई पापको प्रार्थना गर्न निषेध गर्दछ।

२. कोही–कोही ख्रीष्टियनहरूले आत्मिक युद्धको एउटा तत्वको रूपमा न्यायको प्रार्थनाहरू बारम्बार प्रयोग गर्छन्।

दुवै दृष्टिकोणले सत्यको केही पक्ष देखाउँछन्। यी भजनहरूले बाइबलीय सत्यलाई प्रतिबिम्बित गर्दछ, तर येशूले हामीलाई हाम्रा शत्रुहरूलाई प्रेम गर्न सिकाउनुभयो। न्यायको भजनलाई लिएर प्रार्थना गर्न खोज्ने जो कोहीले पनि न्यायको लागि प्रेरणा निर्धारण गर्न तीन प्रश्नहरू सोध्नु पर्छ।

---

२१५ प्रस्थान २३:४–५ उदाहरणको लागि

२१६ २ तिमोथी ४:१४ उदाहरणको लागि

२१७ गलाति ६:७

२१८ भजनसंग्रह १३७:८

१. **के म परमेश्वरको धार्मिकताबाट उत्प्रेरित छु कि मेरो क्रोधबाट ?** भजन रचयिताहरू परमेश्वर र उहाँको राज्यको लागि चिन्तित थिए । पावलले लेखे, "तिमीहरू रिस गर तर पाप नगर ।"[२१९] धार्मिक क्रोधले परमेश्वरको विरुद्धमा पापको प्रतिक्रिया दिन्छ; स्वार्थपूर्ण क्रोधले व्यक्तिगत कमजोरीहरूको प्रतिक्रिया दिन्छ । मेरो क्रोधलाई उत्प्रेरित गर्ने चीजहरू परमेश्वरको राज्यको विरुद्धमा पापहरू हुन्, मेरो आफ्नै "राज्य" विरुद्ध होइन ।

२. **के म परमेश्वरको न्याय वा व्यक्तिगत बदला खोज्दै छु ?** न्यायको लागि बाइबलीय प्रार्थनाहरूले धार्मिकतालाई बढावा दिन खोज्छ, [२२०] साथै परमेश्वरको सार्वभौमिकतालाई देखाउन, [२२१] र दुष्टहरूलाई परमेश्वरको खोजी गर्न प्रेरित गर्छ ।[२२२] आधुनिक दिनका न्यायका प्रार्थनाहरू कहिलेकाहीं बदलाको इच्छाबाट प्रेरित हुन्छन् ।

३. **कुन कुराले मलाई बढी आनन्द दिनेछः मेरो शत्रुद्वारा गरेको पश्चात्ताप वा मेरो शत्रुलाई गरिएको न्यायले ?** योनाले पश्चात्ताप र परमेश्वरको कृपाको लागि ठाउँ प्रदान नगरी न्यायको खोजे । बाइबलीय प्रार्थनाले शत्रुलाई परमेश्वरको सार्वभौमिकतामा छोड्छ । यसको कारणले गर्दा, हाम्रा शत्रुले पश्चात्ताप गरेमा र परमेश्वरको क्षमा पाएमा हामी आनन्दित हुन सक्छौं ।

जब कि यी दिशानिर्देशहरूले बाइबलीय प्रार्थनाहरूको लागि ठाउँ राखी छोड्छ, तिनीहरूले हाम्रो आफ्नै जीवनमा यी प्रार्थनाहरूको प्रयोगलाई धेरै सीमित गर्दछ । जब हामीमाथि अन्याय हुन्छ, बाइबलले (न्यायको भजनमा, येशुको शिक्षामा, र दाऊद जस्ता मानिसहरूको व्यक्तिगत उदाहरणमा) हामीलाई परिस्थितिलाई परमेश्वरमा फर्काउन सिकाउँछ, जसले आफ्ना छोराछोरीहरूको लागि सबै कुराहरूमा । भलाइको काम गर्दैहुनुहुन्छ । [२२३]

## भजनहरूका प्रकारहरू (निरन्तरता)

## बुद्धि सम्बन्धीका भजनहरू

बुद्धिका भजनहरू दैनिक जीवनको लागि व्यावहारिक सल्लाह दिनमा हितोपदेशहरू जस्तै समान छन् । तिनीहरूले पाठकलाई कसरी परमेश्वरलाई प्रसन्न तुल्याउन भन्ने तरिकामा जिउन सिकाउँछन् । हितोपदेशले जस्तै, भजनसंग्रहको पुस्तकले पनि उस्तै कुरा सिकाउँछ, "परमप्रभुको भय बुद्धिको सुरुवात हो ।"[२२४]

बुद्धिमत्ताका भजनहरूले प्रायः दुईवटा मार्गहरूलाई भिन्न पार्छन्, दुष्टको मार्ग र धर्मीहरूको मार्ग । भजनसंग्रह १ बुद्धिको भजनको उदाहरण हो ।

उपदेशक र अय्यूबजस्तै, बुद्धिमत्तापूर्ण भजनका लेखकहरूले दुष्टको समृद्धि र धर्मीहरूको दुःखसँग संघर्ष गर्छन् । भजनसंग्रह ७३ मा, आसापले दुष्टहरूको समृद्धिको कारणले लगभग विश्वास गुमाए । आसापको जवाफ अय्यूबको लागि, परमेश्वरलाई हेर्नु थियो । आसापले पवित्रस्थानमा उभिएपछि, दुष्टहरूको अन्त विनाश र उजाड हो भनी बुझे । उनले भजनको अन्त्य विश्वासको बयानको साथ गर्छन्: "तर परमेश्वरको नजिक आउनु मेरो लागि राम्रो छः मैले परमप्रभु परमेश्वरमा मेरो भरोसा राखेको छु, कि म तपाईंका सबै कामहरू घोषणा गर्न सकूँ ।"[२२५]

---

२१९ एफिसी ४:२६

२२० भजनसंग्रह ७:६–११

२२१ भजनसंग्रह ५९:१३

२२२ भजनसंग्रह ८३:१६–१८

२२३ रोमी ८:२८

२२४ भजनसंग्रह १११:१०

२२५ भजनसंग्रह ७३:२८

## शाही भजनहरू

शाही भजनहरूले इस्राएलका राजालाई परमेश्वरको अभिषिक्त शासकको रूपमा देखाउँछन्। इस्राएलका शासक वरपरका राष्ट्रहरूका राजाहरू जस्तै थिएनन्। उनी परमेश्वरको शासनको प्रतिनिधित्व गर्ने परमेश्वरको सेवक थिए।[२२६]

भजन २ नयाँ राजाको लागि राज्याभिषेक भजन हुन सक्छ। पृथ्वीका राजाहरूले आफूलाई परमेश्वर र उहाँका अभिषिक्तहरूको विरुद्धमा खडा गर्छन्, तर परमेश्वरले आफ्नो राजालाई उहाँको पवित्र पहाड सियोनमा स्थापित गर्नुभएको छ। परमेश्वरले राजालाई स्थापित गर्नुहुनेछ; उहाँले राजालाई आफ्नो छोरा जस्तै व्यवहार गर्नुहुनेछ। र उनलाई इस्राएलका शत्रुहरूमाथि विजय दिनुहुनेछ। इस्राएलका ईश्वरीय राजाहरूलाई शक्ति दिने परमेश्वर नै हुनुहुन्छ।

## मसीह सम्बन्धी भजनहरू

धेरै उदाहरणहरूमा, शाही भजनहरूले इस्राएलको इतिहासमा कहिल्यै पूरा नभएको विश्वव्यापी नियमको वर्णन गर्दछ। इस्राएलका कुनै पनि राजाले पृथ्वीको सम्पूर्ण भागको अधिकार गरेका थिएनन्।[२२७]

मसीही भजनहरूले इस्राएलका सांसारिक राजाहरूमा आंशिक रूपमा पूरा भएको शासनलाई पूर्ण रूपमा पूरा गर्ने राजाको आगमनको भविष्यवाणी गर्दछ। इस्राएलका राजा अभिषिक्त व्यक्ति थिए जसले इस्राएलमाथि शासन गर्थे; येशु अभिषिक्त व्यक्ति (मसीह) को रूपमा आउनुभयो जसले इस्राएलको राजाको उद्देश्यलाई पूर्ण रूपमा पूरा गर्नुभयो।

भजन २२ येशुको जीवनमा पूरा भएको भजनको उदाहरण हो। जब दाऊदले मूल रूपमा यो भजन आफ्नो व्यक्तिगत निराशाबाट लेखेका थिए, येशुले क्रुसमा आफ्नो पीडामा यी भविष्यसूचक शब्दहरू पूरा गर्नुभयो।[२२८]

## भजनहरू आज बोल्छन्

भजनहरूले आज ख्रीष्टियन उपासनाको लागि नमूना प्रदान गर्दछ। ख्रीष्टियनहरूलाई विभाजित गर्ने आराधना सम्बन्धी धेरै मुद्दाहरूको जवाफमा, भजनहरूले सन्तुलन प्रदान गर्दछ।

भजनहरूले देखाउँछन् कि हाम्रो आराधनामा परमेश्वरको प्रशंसा (प्रशंसाका भजनहरू) र परमेश्वरका मानिसहरूको निर्देशन (बुद्धिका भजनहरू) दुवै समावेश हुनुपर्छ। हाम्रो आराधनामा व्यक्तिगत आराधना र सामूहिक आराधना दुवै समावेश हुनुपर्दछ। हाम्रो आराधनामा परमेश्वरले हाम्रो लागि व्यक्तिगत रूपमा गर्नुभएको कामको लागि धन्यवाद दिन र सबै मानिसहरूका लागि परमेश्वर हुनुहुन्छ भनेर प्रशंसा गर्नु दुवै कुरा समावेश भएको हुन्छ।

भजनहरूले विलाप र प्रशंसाको सन्तुलन देखाउँछन्। तिनीहरूले देखाउँछन् कि हाम्रो आराधनामा हामी स्वतन्त्र रूपमा आफ्ना गुनासोहरू र समस्याहरू परमेश्वरमा ल्याउन सक्छौं। तिनीहरूले यो पनि देखाउँछन् कि हामीले ती गुनासोहरू परमेश्वरको सार्वभौम उद्देश्यहरूमा समर्पण गर्नुपर्छ। विलापका भजनहरू प्रशंसामा अन्त्य हुन्छन्। परमेश्वरले आफ्ना जनहरूलाई पूर्ण इमानदारी र आफ्ना उद्देश्यहरूप्रति पूर्ण समर्पण गर्न बोलाउनुहुन्छ।

---

२२६ व्यवस्था १७:१४–२०

२२७ भजनसंग्रह २:८

२२८ भजनसंग्रह २२:१; मत्ती २७:४६

## पाठ ७ गर्नुपर्ने कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठबाट तपाईंको बुझाइ देखाउनुहोस्ः

**१.** निम्न गर्नुपर्ने कार्यहरू मध्ये **एउटा** छान्नुहोस्ः

विकल्प १: समूहमा गर्नुपर्ने कार्य

तपाईंको समूहको प्रत्येक सदस्यलाई अय्यूब (एलिपज, बिल्दद, सोपर र एलीहू) को रूपमा नियुक्त गर्नुहोस्। तपाईंको तोकिएको चरित्रको वक्तव्यहरू पढ्नुहोस् र त्यो पात्रको तर्कको बल र कमजोरीहरू छलफल गर्नुहोस्।

विकल्प २: व्यक्तिगत गर्नुपर्ने कार्य

तपाईंलाई तोकिएका भजनहरू पढ्दा, भजनहरूमा देखिएका परमेश्वरका गुणहरूको सूची बनाउनुहोस्। प्रत्येक विशेषताको लागि, विशेषता देखाउने ८–१० पदहरू सूचीबद्ध गर्नुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षणमा कण्ठ गनको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ।

## पाठ ७ परीक्षा

१. तीन प्रकारका हिब्रू समानान्तरता परिभाषित गर्नुहोस्।

२. विलोम कविताको व्याख्या गर्नुहोस्।

३. अय्यूबको पुस्तकको मुख्य विषयवस्तु के हो ?

४. अय्यूबका साथीहरूको तर्कमा तीनवटा मुख्य बुँदाहरू के हुन् ?

५. अय्यूब २८–३१ मा अय्यूबका वक्तव्यका विषयहरू के–के हुन् ?

६. व्यक्तिगत भजनका शीर्षकहरूमा पाइने तीन प्रकारका जानकारीहरू के–के हुन् ?

७. विलापका धेरैजसो भजनहरूमा समावेश गरिएका चार तत्वहरू के–के हुन् ?

८. न्यायको भजन बुझ्नको लागि तीन सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस्।

९. शाही र मसीही भजनहरू बीचको सम्बन्ध के हो ?

१०. आफूले कण्ठ गरेको भजनसंग्रह ११९:१–८ लाई लेख्नुहोस्।

## पाठ ८

# हितोपदेश–श्रेष्ठगीत

### पाठको उद्देश्यहरू

१. सोलोमनको प्रत्येक पुस्तकको प्राथमिक सन्देश जान्नु ।

२. बाइबलमा भएको बुद्धि र मूर्खताको स्वभावलाई चिन्नु ।

३. हितोपदेश र उपदेशकमा दुईवटा मार्गको चित्रणलाई बुझ्नु ।

४. सोलोमनको पुस्तकहरूको साहित्यिक शैलीको प्रशंसा गर्नु ।

५. सोलोमनको पुस्तकहरूको सन्देशलाई आजको संसारको आवश्यकताहरूसँग जोड्नु ।

## यस पाठको लागि तयारी

*हितोपदेश, उपदेशक र श्रेष्ठगीत पढ्नुहोस् ।*

*हितोपदेश १:७; उपदेशक १२:१३–१४ कण्ठ गर्नुहोस् ।*

## हिब्रू बुद्धि पढ्नुहोस् ।

अय्यूब, हितोपदेश, उपदेशक, र भजनसंग्रहका अंशहरू दुवै काव्यात्मक पुस्तकहरू र बौद्धिक साहित्यको रूपमा चिनिन्छन् । बौद्धिक साहित्यले पाठकलाई साँचो बाइबलीय बुद्धि कसरी प्राप्त गर्ने भनेर सिकाउँछ । हितोपदेशले सिकाउँछ कि प्रभुको भय बुद्धिको सुरुवात हो; भजनले सिकाउँछ कि हाम्रो समयको सही सदुपयोग र हाम्रो आयुको गणनाले हामी बुद्धिको हृदय प्राप्त गर्छौं ।[२२९] बुद्धि प्राप्त गर्नु प्रत्येक व्यक्तिको लागि महत्वपूर्ण खोज हो । निर्देशन, अवलोकन, र अनुभवद्वारा साँचो बुद्धि प्राप्त हुन्छ । [२३०]

२२९ हितोपदेश ९:१०; भजनसंग्रह ९०:१२

२३० हितोपदेश २२:१७–२१;६:६–८; र १२: १

१६ औं शताब्दीका ईश्वरशास्त्री जोन क्याल्भिनले लेखेका थिए कि साँचो बुद्धिमा दुईवटा कुराहरू हुन्छन्: परमेश्वरको ज्ञान र हाम्रो आफ्नै ज्ञान। बुद्धिका पुस्तकहरूले बुद्धिका दुवै पक्षहरूलाई प्रतिबिम्बित गर्दछ। अय्यूबले परमेश्वरको नयाँ ज्ञान प्राप्त गर्छन। हितोपदेशले जवान मानिसलाई आफूलाई चिन्न र परमेश्वरसँग डराउन सिकाउँछ। उपदेशक यो सन्देशको साथ समाप्त हुन्छ, "परमेश्वरसँग डराऊ, र उहाँका आज्ञाहरू पालन गरः किनकि यो मानिसको सम्पूर्ण कर्तव्य हो।"[२३१]

**"साँचो बुद्धिमा लगभग पूर्णतया दुईवटा भागहरू हुन्छन्: परमेश्वरको ज्ञान र हाम्रो आफ्नै ज्ञान।"**

**जोन क्याल्भिनबाट रूपान्तरित**

*ख्रीष्टियान धर्मको संस्थापन*

यी पुस्तकहरूले बुद्धि दुवै तहीय ("परमप्रभुको डर बुद्धिको सुरुवात हो") र समतल हुन्छ भनेर देखाउँछ (हितोपदेशले विवाह, बच्चाहरू, र समुदायसँगको सम्बन्धसँग व्यवहार गर्दछन्)। यी पुस्तकहरू अध्ययन गरेर, हामीले परमेश्वर र आफूबारे गहिरो ज्ञान प्राप्त गर्छौं।

## हितोपदेशको व्याख्या

हितोपदेशले आज्ञाभन्दा फरक तरिकाले सञ्चार गर्छ। जसमा यसको कानुनले भन्छ, "तिमीले नगर्नु...," हितोपदेशले जीवनको सामान्य सिद्धानबारे बताउँछ। हितोपदेश सत्यताको एउटा छोटो तर स्मरणीय भनाइ हो। हितोपदेशको प्रकृति बुझ्दा हितोपदेशको पुस्तकको व्याख्या गर्न मद्दत गर्छ। हितोपदेशले यी विशेषताहरू समावेश गर्दछन्:

१. **एउटा हितोपदेशले एक सामान्य सिद्धान्त बताउँछ जुन धेरै फरक परिस्थितिहरूमा लागू हुन्छ।**

२. **हितोपदेश जीवन अनुभवमा आधारित हुन्छ।** हितोपदेश अक्सर जीवनको अनुभवबाट प्राप्त हुने समय–परीक्षणको सत्य संक्षेप हो।

३. **हितोपदेश प्रतिज्ञा होइन**; यो जीवनको बारेमा सामान्य अवलोकन हो। जबकि केही पाठकहरूले विभिन्न पदहरू जस्तै हितोपदेश २२:६ पूर्ण प्रतिज्ञाहरूको रूपमा लिएका छन्, बाँकी हितोपदेशहरूले सही बाटोमा हुर्काएको बालकले मूर्खको बाटो रोज्न सक्छ भनेर देखाउँछ।

४. **हितोपदेश भनेको आदेश होइन।** हितोपदेशको पुस्तक पालन गर्नको लागि यो नियमहरूको ठेली होइन; यो सिद्धान्तहरूको संग्रह हो जसले व्यक्तिलाई साँचो बुद्धिमा डोऱ्याउँछ।।

जब रब्बीहरूले क्याननमा छलफल गरिरहेका थिए, तिनीहरूले हितोपदेश २६:४–५ मा स्पष्ट विरोधाभासको बहस गरे। "मूर्खलाई उसको मूर्खता अनुसारको जवाफ नदेऊ, नत्रता तिमी पनि ऊ जस्तै हुनेछौ। मूर्खलाई त्यसको मूर्खताअनुसार जवाफ दे, नत्रता त्यो आफ्नै अहङ्कारमा बुद्धिमान् हुनेछ।"पद ४ ले पाठकलाई मूर्खलाई उसको मूर्खता अनुसार जवाफ नदिन बताउँछ; पद ५ ले मूर्खलाई जवाफ दिन्छ।

रब्बीहरूले बुझे कि एक बुद्धिमान व्यक्तिले मूर्खको स्वभाव जान्नु पर्छ। एउटा **साधारण मूर्ख** लाई सिकाउन सकिन्छ र उसलाई आफ्नो अहंकारमा बुद्धिमानी हुनबाट जोगाउने तरिकामा जवाफ दिन सकिन्छ। यद्यपि, **ठट्टा गर्ने मूर्खबाट** जोगिनै पर्छ किनभने उसले सिक्न इन्कार गर्छ; यो मूर्खको जवाफ दिन प्रयास गर्ने व्यक्तिलाई मुर्खको तहमा तानिन्छ। रब्बीहरूले बुझे कि यी कुनै पनि पदहरू निरपेक्ष आदेशहरू होइनन्; बरु, तिनीहरूले एक सिद्धान्त प्रदान गर्छन् जसले बुद्धिमानी व्यक्तिहरूसँग व्यवहार गर्न मार्गदर्शन गर्नेछ।

२३१ उपदेशक १२:१३

पुस्तकको मुख्य पद हो हितोपदेश २५:११: "ठीकसित बोलिएको वचन चाँदीमा जड़ान गरिएको सुनका स्याउहरूजस्तै हुन्छन्।" सही परिस्थितिमा बोलेको सही शब्द चाँदीको लहरमा सुनको गहना जस्तै सुन्दर छ। परिस्थितिको लागि सही शब्द जान्नमा बुद्धि निहित हुन्छ।

» सेवकाइमा तपाईंलाई चुनौती दिने समस्याको बारेमा छलफल गर्नुहोस् र समस्यालाई बोल्ने हितोपदेशहरूबाट सत्य पत्ता लगाउनुहोस्। तपाईंको परिस्थितिमा लागू हुने सिद्धान्तहरू छलफल गर्नुहोस्।

## हितोपदेशको सन्देश

हितोपदेशको पुस्तकमा पाँचवटा मुख्य संग्रहहरू समावेश छन्। प्रत्येक संग्रह बुद्धिको फरक पक्षसँग केन्द्रित छ।

### संग्रह १: बुद्धिको विषयमा उपदेश (हितोपदेश १–९)

हितोपदेशको उद्देश्यको संक्षेप परिचय पछि, [२३२] पहिलो संग्रहले बुद्धि र मूर्खता बीचको भिन्नता देखाउँछ। यस संग्रहको धेरै जसो प्रवचन हितोपदेशको रूपमा छ, जहाँ बुद्धिको स्वभावमा लामो अनुच्छेदहरू छन्।

हितोपदेश १:७ ले दुईवटा मार्गलाई फरक पार्छः बुद्धि र मूर्खता। बाँकी संग्रहले एक युवालाई बुद्धिको मार्गमा लाग्न र मूर्खताको मार्गबाट टाढा रहन सल्लाह दिन्छ। संग्रह १ ले पाठकलाई यी दुई मार्गहरू परिचय गराउँछ।

### संग्रह २: सोलोमनको हितोपदेश (हितोपदेश १०:१–२२:१६)

हितोपदेश १०:१ ले यस संग्रहलाई "सोलोमनको हितोपदेश" शीर्षकको साथ प्रस्तुत गर्दछ। यस संग्रहमा मुख्यतया दुई–पंक्तिका हितोपदेशहरू छन् जसले पाठकलाई बुद्धिको व्यावहारिक पक्षहरूमा सल्लाह दिन्छ।[२३३] यी हितोपदेशहरूको बहुमत विरोधी समानान्तरहरू छन्; तिनीहरूले बुद्धिमानको मार्गलाई मूर्खको मार्गसँगको भिन्नतालाई देखाउँछन्।

यस संग्रहमा सम्बोधन गरिएका विषयहरूमा जीवनका धेरै व्यावहारिक पक्षहरू समावेश छन्: पैसा, बोली, अनुशासन, र काम। यस खण्डको स्पष्ट रूपको अनियमित संरचनाले हामीले वास्तविक जीवनका समस्याहरूको सामना गर्ने तरिकालाई प्रतिबिम्बित गर्दछ। बुद्धिले व्यक्तिलाई परिस्थितिहरूको सामना गर्न सुसज्जित बनाउँछ।

### संग्रह ३: बुद्धिमानका वचनहरू (हितोपदेश २२:१७–२४:३४)

यो संग्रह एक परिचयात्मक कथनबाट सुरु हुन्छः सही र साँचो के हो भनी तिमीलाई थाहा दिनको लागि के मैले तिम्रो लागि सल्लाह र ज्ञानका तीसवटा वचनहरू लेखेको छैन ?[२३४] यस कथनले यस सङ्ग्रह र *एमेनेमोपीको निर्देशन* भनिने इजिप्शियन ज्ञान सङ्ग्रहबीचको सम्बन्ध देखाउँछ। यस सम्बन्धले हितोपदेशको महत्त्वपूर्ण सिद्धान्त देखाउँछः बुद्धि धेरै स्रोतहरूबाट प्राप्त गर्न सकिन्छ। जब एक यहूदी व्यक्तिले इजिप्शियन स्रोतहरूमा बुद्धि फेला पारे, तिनीहरूले ईश्वरीय सत्यताको दृष्टिबाट पढे र यसलाई दैनिक जीवनमा लागू गरे। तिनीहरूले बुझे कि "सबै सत्य परमेश्वरको सत्य हो।"

इजिप्शियन बुद्धिमा केही तत्वहरू छन् जुन हितोपदेशको बुद्धिसँग मिल्दोजुल्दो छ। तरपनि, बाइबलीय बुद्धि सबै सांसारिक बुद्धिबाट एउटा महत्त्वपूर्ण पक्षमा भिन्न छ; बाइबलीय ज्ञान परमेश्वरको डरमा आधारित छ। एउटा तुलनाले यसको भिन्नता

---

२३२ हितोपदेश १:१–७

२३३ दुई–पंक्तिको हितोपदेशलाई *द्वि-श्लोक* भनिन्छ।

२३४ हितोपदेश २२:२०–२१, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

देखाउनेछ।

> खेती गरिएको जमिनको सिमानामा सिमाना ढुङ्गा नहटाउनुहोस् वा विधवाको साँध सिमाना नफाल्नुहोस् नत्रता कुनै डरलाग्दो कुराले तपाईंलाई लैजानेछ (*एमेनेमोपीको निर्देशन*)। [२३५]
>
> पुरानो साँध सिमाना हटाऊ; र टुहुरा–टुहुरीहरूको खेतबारी नमिच। तिनीहरूको उद्धारकर्ता शक्तिशाली हुनुहुन्छ। उहाँले तिनीहरूको मुद्दा मामिला तिमीसँग लड्नुहुनेछ (हितोपदेश २३:१०)।

दुवै पदहरूले सम्पत्ति चोरी नगर्न चेतावनी दिन्छ। यी कुराहरूमा भिन्नता चाहिँ आज्ञाकारी हुन दिइने प्रेरणामा देखा पर्छ। हितोपदेशहरूमा, यो सिद्धान्त कुनै अस्पष्ट "डरलाग्दो कुरा" मा होइन तर परमेश्वरको स्वभावमा आधारित छ। गरीबहरूलाई छुटकारा दिने परमेश्वर शक्तिशाली हुनुहुन्छ। उहाँले कमजोरहरूको पक्षमा बहस गर्नुहुन्छ। यो लेवी १९ को शिक्षासँग मिल्दोजुल्दो छ। परमेश्वरका मानिसहरूले परमेश्वरको स्वभावलाई प्रतिबिम्बित गर्ने तरिकामा जिउनु पर्छः "तिमीहरू पवित्र होओ, किनभने म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु।"[२३६]

## संग्रह ४: सोलोमनका थप हितोपदेशहरू (हितोपदेश २५–२९)

यस संग्रहमा सोलोमनका हितोपदेशहरू छन्, जुन यहूदाका राजा हिजकियाहका मानिसहरूले नक्कल गरेका थिए।[२३७] यस खण्डले व्यावहारिक अनुभवमा आधारित नेतृत्व दिशानिर्देशहरू प्रदान गर्दछ।

## संग्रह ५: आगूरका भनाइहरू (हितोपदेश ३०) र लेमूएल (हितोपदेश ३१)

हितोपदेशको अन्तिम अध्यायहरूमा संख्यात्मक भनाइहरूको एक शृङ्खला समावेश छ, हितोपदेशहरू जुन ज्ञातबाट सुरु हुन्छ र अज्ञातमा जान्छ। यसले साँचो बुद्धिको प्रकृतिलाई झल्काउँछ; यसले हामीलाई जीवनका अनुभवबाट प्राप्त भएको बुद्धि प्रयोग गरेर नजानेको सामना गर्न अनुमति दिन्छ।

» हितोपदेश ३०:२४–२८ लाई पढ्नुहोस्। आगूरद्वारा दिइएको चार उदाहरणहरू एकताबद्ध गर्ने सिद्धान्त पत्ता लगाउनुहोस्। यो सिद्धान्तद्वारा हाम्रो बुद्धिको प्रयोगलाई कसरी डोऱ्याउनुपर्छ भनेर छलफल गर्नुहोस्।

युवा पुरुषहरूलाई सिकाउनको लागि चित्रित गरिएको पुस्तकको लागि उपयुक्त रूपमा, हितोपदेशहरू असल पत्नीको आशिषहरूमा विलोम कविताको साथ समाप्त हुन्छ। हितोपदेशको पुस्तकभरि, लेखकले मूर्ख महिलाहरूसँगको सम्बन्धको विरुद्धमा चेतावनी दिन्छ। एउटा जवान मानिसले असल पत्नी भेट्टाउँदा कत्तिको आशिष् हुन्छ भनेर पुस्तकको अन्त्य हुन्छ।

## हितोपदेशको पुस्तकको व्याख्या

हितोपदेशको पुस्तक पुरानो करारका अन्य पुस्तकहरू भन्दा फरक शैलीमा लेखिएको हुनाले, तपाईंले यसलाई पेन्टाट्यूक वा अगमवक्ताहरूको पुस्तक भन्दा फरक तरिकाले अध्ययन गर्नुपर्छ।[२३८] हितोपदेश पढ्दा सोध्नु पर्ने केही प्रश्नहरू निम्न हुन्ः

---

२३५ बिल टी. आर्नोल्ड र ब्रायन ई. बेयरमा उद्धृत, *एन्काउन्टिङ द ओल्ड टेस्टामेन्ट,* (एडाः बेकर एकेडेमिक, २०१५), ३१९।

२३६ लेवी १९:२

२३७ हितोपदेश २५:१

२३८ यो खण्ड ट्रेम्पर लङम्यान तेस्रो, *हितोपदेश कसरी पढ्नेबाट अनुकूलित गरिएको हो* (डाउनर्स ग्रोभः इन्टरभ्यारसिटि प्रेस, २००२)।

१. **"के यो हितोपदेशले बुद्धि तर्फ संकेत गर्छ वा मूर्खता तर्फ ?"** हितोपदेशको पुस्तकले यी दुई मार्गहरूलाई फरक पार्छ।

२. **"हितोपदेशको दोस्रो भागले पहिलो भागमा के थप्छ ?"**

३. **"यो हितोपदेशमा बुद्धिको स्रोत के हो ?"** के सत्यता बाइबलीय प्रकाश, व्यक्तिगत अनुभव, पुरातन परम्परा, संसारको अवलोकन, वा यिनीहरूको संयोजनबाट आएको हो ?

४. **"यो हितोपदेश मेरो परिस्थितिमा कसरी लागू हुन्छ ?"** हितोपदेश हरेक परिस्थितिमा लागू हुने प्रतिज्ञा होइन।

५. **"के हितोपदेशमा त्यस्ता पदहरू छन् जुन मैले अध्ययन गरिरहेको विषयसँग सम्बन्धित छ ?"** तपाईंको परिस्थितिमा लागू हुने विविध किसिमका हितोपदेशहरू फेला पार्नुहोस्।

६. **"के मैले अध्ययन गरिरहेको विषयलाई बाइबलका अन्य पुस्तकहरूले सम्बोधन गर्दछ ?"**

७. **"मैले अध्ययन गरिरहेको हितोपदेशलाई चित्रण गर्ने कुनै बाइबलीय चरित्र छ ?"**

## हितोपदेशको व्याख्याः एउटा उदाहरण

"जब घमण्ड आउँछ, तब शर्म आउँछ, तर नम्रसँग बुद्धि हुन्छ" (हितोपदेश ११:२)।

१. हितोपदेश ११:२ ले दुई दिशाहरू औंल्याउँछः घमण्डले शर्ममा पुऱ्याउँछ; नम्रताले बुद्धिमा डोऱ्याउँछ।

२. हितोपदेशको पहिलो भागले घमण्डको फल देखाउँछः शर्म। दोस्रो भागले नम्रताको फल देखाउँछः बुद्धि।

३. यो सत्यता बाइबलीय शिक्षामा, पुरातन परम्परामा देखिन्छ, र घमण्डको जीवनलाई अवलोकन गरेर हेर्न सकिन्छ। तिनीहरूको लाज तुरुन्तै नदेखे तापनि यो हितोपदेश घमण्डको जीवनमा पूरा हुनेछ।

४. हितोपदेशको पुस्तकको व्याख्या

५. हितोपदेशभरि घमण्डको एउटा विषय छ। अन्य हितोपदेशहरू जसले घमण्डलाई सम्बोधन गर्दछ १३:१०; १६:५, १८ ; १८:१२; २९:२३।

६. भजनसंग्रह १०:४ र १३८:६; सहित अन्य धेरै पदहरूमा घमण्डलाई सम्बोधन गरिएको छ; यशैया २:११; १ कोरिन्थी १३:४; र याकूब ४:६।

७. राजा शाऊलको पतनले हितोपदेश ११:२ को सत्यताको दुःखद उदाहरण प्रदान गर्दछ। राजा दाऊदमा परमेश्वरको आशिषले यस पदको अन्तिम भागको दृष्टान्त प्रदान गर्दछ।

## हितोपदेशको पुस्तक आज बोल्छ

के ख्रीष्टियनलाई बुद्धिको अभाव हुदाँ पनि धर्मी हुन सम्भव छ ? यो सम्भव छ भनी बाइबलले सुझाव दिन्छ। लूत धर्मी थिए; तर उनी बुद्धिमान थिएनन।[२३९] लूत स्वर्गमा पुगेका भए तापनि तिनको मूर्खताले तिनको परिवारको ज्यान गयो, अरूहरूमा

---

२३९ २ पत्रुस २:७–८

तिनको प्रभाव नष्ट भयो र उनको जीवनलाई हृदय दुःखे स्थितिमा ल्याएको थियो ।

धेरै पटक, ख्रीष्टियनहरूको साक्षी नष्ट भएको छ किनभने ख्रीष्टियनरूले बुद्धिमानीपूर्वक कार्य गर्न असफल भए । मण्डलीहरू विभाजित भएका छन्; विवाहहरू नष्ट भएका छन्, र मण्डलीका अगुवाहरूको मूर्खतापूर्ण कार्यहरूको कारणले युवाहरूले आफ्नो विश्वासलाई त्यागेका छन् । व्यक्तिगत स्तरमा पारिवारिक समस्याहरू, आर्थिक कठिनाइहरू, र पारस्परिक कठिनाइहरू बुद्धिको अभावले झन् बढ्छ ।

हितोपदेशको पुस्तकले विश्वासीहरूलाई बुद्धिमानी जीवनमा डोऱ्याउन सक्छ । हितोपदेशहरूले भित्री ईश्वरभक्ति र हाम्रो वरपरको संसार बीचको सम्बन्ध देखाउँछ ।[२४०] हितोपदेशले हामीलाई यसरी बाँच्न मद्दत गर्दछ कि संसारले ख्रीष्टियनको जीवनद्वारा आशिष् पाउनेछ ।

## मूर्खलाई नजिकबाट अवलोकन गरौं ।

हितोपदेशमा, *मूर्ख* शब्दले चार फरक हिब्रू शब्दहरूलाई समावेश गर्दछ । प्रत्येक शब्दले फरक प्रकारको मूर्खतालाई वर्णन गर्दछ । यसकारण, हरेक प्रकारको मूर्खलाई हाम्रो प्रतिक्रिया फरक हुनुपर्छ ।

## मूर्खको हिब्रू परिभाषाहरू

### साधारण

हितोपदेशहरूमा, जवानहरूलाई अक्सर "साधारण" भनिन्छ ।[२४१] सोझाहरू अविकसित र केही नजान्ने हुन्छन् । तिनीहरू मूर्ख कामहरू गर्छन् र कहिलेकाहीं मूर्खहरूसँग समूहबद्ध हुन्छन् । तिनीहरू गैरजिम्मेवार र अपरिपक्क छन् । किनभने तिनीहरू आफ्नो निर्णयको खतरा देख्न असमर्थ छन्, [२४२] तिनीहरू सजिलै बहकिन्छन् ।[२४३]

साधारण र मूर्ख बीचको भिन्नतालाई एक शब्दमा गाभिएको छः सिकाउने क्षमता । मूर्खहरूले बुद्धि र निर्देशनलाई घृणा गर्छन्, [२४४] तर साधारण मानिसहरूले सुन्नेछन् । हितोपदेशको लक्ष्य भनेको साधारणलाई बुद्धितर्फ लैजानु हो ।

### मूर्ख

त्यहाँ दुईवटा हिब्रू शब्दहरू छन् जसलाई "मूर्ख" भनेर अनुवाद गरिएको छ । पहिलो शब्दले जिद्दी, अधीर र बुद्धिको खोजी गर्न नचाहने व्यक्तिलाई संकेत गर्छ । उसले ज्ञानलाई घृणा गर्छ [२४५] र मूर्खतामा लागिरहन्छ ।[२४६] किनभने उसले बुद्धिको कदर गर्दैन, मूर्खले कहिल्यै बुद्धि प्राप्त गर्न आफैलाई लागू गर्दैन । [२४७]

---

२४० जी.आर. फ्रेन्च । "हितोपदेशहरू भित्री ईश्वरभक्ति र हाम्रो वरपरको संसार बीचको सीमामा आधारित छ ।"

२४१ हितोपदेश १:४

२४२ "विवेकी मानिसले खतरा देख्छ र आफूलाई लुकाउँछ, तर साधारण मानिसले त्यसको लागि कष्ट भोग्छ ।" हितोपदेश २७:१२, *इङ्लिस स्ट्यान्डर्ड भर्जन ।*

२४३ विशेष गरी हितोपदेश ७: ६–२७ यो जवान मानिसले प्रलोभनलाई खोज्न बाहिर निस्किदैन; प्रलोभनले उसलाई फेला पार्छ ।

२४४ हितोपदेश १:७

२४५ हितोपदेश १:२२

२४६ हितोपदेश २६:११

२४७ हितोपदेश १७:१६

दोस्रो शब्द जसले मूर्खलाई वर्णन गर्दछ जुन अझ बलियो छ । यो मूर्ख नैतिक रूपमा भ्रष्ट छ; उसले परमप्रभुको डरलाई अस्वीकार गरेको छ ।[२४८] उसले पापलाई गिल्ला गर्छ । [२४९]

मूर्खताको जरा नैतिक हो, बौद्धिक होइन । लोकप्रिय कुराकानीमा, *मूर्ख* एक व्यक्ति हो जो बुद्धिमानी हुँदैन । पवित्रशास्त्रमा, *मूर्ख* एक व्यक्ति हो जसले प्रभुको डरलाई अस्वीकार गर्छ ।

### निन्दक

हितोपदेशमा सबैभन्दा गम्भीर प्रकारको मूर्ख भनेको निन्दा गर्ने वा गिल्ला गर्ने हो । यो शब्द हितोपदेशमा सत्र पटक प्रयोग भएको छ । गिल्ला गर्नेले बुद्धिलाई इन्कार मात्र गर्दैन, अरूलाई मूर्खतातर्फ डोऱ्याउनमा रमाउँछ । उसलाई सच्याउनेहरूलाई उसले घृणा गर्छ [२५०] र ऊ जहाँ गए पनि विवाद ल्याउँछ ।[२५१] गिल्ला गर्नेको न्याय कठोरसँग हुन्छ; किनभने गिल्ला गर्नेले बुद्धिलाई अस्वीकार गर्छ, बुद्धिले गिल्ला गर्नेलाई अस्वीकार गर्छ । [२५२]

## मूर्खताको उपचार

मूर्खताको उपचार खोज्न, हामीले मूर्खताको कारण बुझ्नुपर्छः मूर्खले परमेश्वरलाई अविश्वास गर्न र आफ्नै बुद्धिमा भरोसा गर्न रोजेको छ ।[२५३] मुख्य खण्डमा, यी दुई छनोटहरूलाई सँगसँगै राखिएको छ । हामी हाम्रो सारा हृदयले प्रभुमा भरोसा गर्न सक्छौं वा हामी आफ्नै समझमा भर पर्न सक्छौं; हामी दुवै गर्न सक्दैनौं । [२५४] प्रभुमाथिको भरोसाले बुद्धिमा डोऱ्याउँछ; आफैमा विश्वास गर्नु मूर्खतामा जान्छ ।

त्यसोभए, मूर्खको उपचार परमप्रभुको डर हो । मूर्खताको कारण आत्मिक हो; मूर्खताको उपचार पनि आत्मिक नै छ । मूर्खको लागि समस्या एउटा हृदय हो जुन परमेश्वरको विरुद्धमा हुन्छ । मूर्खलाई मद्दत गर्नको लागि, अभिभावक, शिक्षक वा पास्टरले हृदयसँग व्यवहार गर्नुपर्छ । हामी मूर्खलाई सुधार्न सक्दैनौं; यसको सट्टामा, उसको हृदय परमेश्वरले परिवर्तन गर्नुपर्छ ।

## उपदेशकको पृष्ठभूमि

## लेखक र मिति

यद्यपि उपदेशकले सोलोमनलाई लेखकको रूपमा प्रत्यक्ष रूपमा चिन्दैनन्, सुरुको वाक्यांशले सोलोमनलाई संकेत गर्छः "यरूशलेममा राजा दाऊदका छोरा प्रचारकका वचनहरू ।" लेखकको सम्पत्ति र उपलब्धिहरूको विवरण सोलोमनको बारेमा हामीलाई थाहा भएको कुरासँग मेल खान्छ । उपदेशक सोलोमनको जीवनको अन्ततिर सायद तिनको धर्मत्यागबाट फर्कने क्रममा लेखिएको हुन सक्छ । यो पुस्तक ९३५ इ.पू. को नजिकै राखिएको छ ।

---

२४८ हितोपदेश १:७, २९; १२:१५

२४९ हितोपदेश १४:९

२५० हितोपदेश ९:८

२५१ हितोपदेश २२:१०

२५२ हितोपदेश ३:३४

२५३ हितोपदेश १:२२–२५; १२:१५

२५४ हितोपदेश ३:५–७

## बुद्धिको शिक्षा

उपदेशकको विषयवस्तु पत्ता लगाउने प्रयास गर्नु अघि, हिब्रू बुद्धिको शिक्षाको प्रकृति बुझ्न यो उपयोगी छ। आज, हामी शिक्षकले विद्यार्थीका प्रश्नहरूको स्पष्ट जवाफ दिने व्याख्याको अपेक्षा गर्छौं। पुरातन हिब्रू शिक्षकहरूले शिक्षाको फरक शैली प्रयोग गर्थे। तिनीहरूले प्रश्नहरू सोधे र विद्यार्थीले जवाफ खोज्न आवश्यक परिस्थितिहरू वर्णन गरे। हितोपदेश ३० को सङ्ख्यात्मक भनाइहरूमा, वर्णनहरूको एक शृङ्खलाले विद्यार्थीलाई साझा सिद्धान्त फेला पार्न आवश्यक हुन्छ। शिक्षकको उत्तरदायित्व उत्तर दिनु होइन, तर विद्यार्थीलाई उत्तर खोज्न मार्गदर्शन गर्नु हो। [२५५]

अय्यूबलाई परमेश्वरको जवाफले यस प्रकारको शिक्षा प्रयोग गर्दछ। परमेश्वरले अय्यूबलाई यसो भन्नुभएन, "मेरो स्वभावको बारेमा तीन बुँदाको रूपरेखा यहाँ छ।" यसको सट्टा, परमेश्वरले अय्यूबलाई उहाँको स्वभाव प्रकट गर्ने प्रश्नहरूको श्रृंखला सोध्नुहुन्छ। प्रश्नहरू सूचक हुन् जसले अय्यूबलाई सत्यतामा डोऱ्याउँछन्।

उपदेशकले यही शिक्षा शैली प्रयोग गर्छन्। यसले जीवनको तनावलाई प्रकट गर्दछ जुन एक बुद्धिमान व्यक्तिले सामना गर्नुपर्छ। जवाफ दिनुको सट्टा, उपदेशकले प्रश्नहरू सोध्छन् र समस्याहरू खडा गर्छन्। यसले पाठकलाई जीवनका कठिनाइहरूको जवाफ खोज्न चुनौती दिन्छ। अय्यूबलाई परमेश्वरको प्रश्नहरू जस्तै, उपदेशकका कठिनाइहरू पाठकलाई बुद्धिमा डोऱ्याउने उद्देश्यका छन्।

## उपदेशकको सन्देश

उपदेशकको सन्देश लामो समयदेखि बहस गरिएको छ। पुनरावर्ती शब्द *व्यर्थ* को कारण, धेरै व्याख्याकर्ताहरूले पुस्तकलाई नकारात्मक लगभग आशाहीन, पुस्तकको रूपमा हेर्छन्। धेरै पाठकहरूले सोधेका छन्, "बाइबलमा यस्तो निराशाजनक पुस्तक किन छ?" हिब्रू शिक्षाको शैली बुझ्दा उपदेशकलाई बुद्धिको निर्देशित खोजको रूपमा हेर्न मद्दत गर्छ। बुद्धिको लागि यो खोजको भाग दुई धारणाहरू हुन्।

### धारणा १: व्यर्थ

उपदेशकमा पुनरावर्ती धारणा जीवनको व्यर्थता हो। पुस्तक निराशाजनक वाक्यांशबाट सुरु हुन्छ, "उपदेशक भन्छन्, व्यर्थ नै व्यर्थ, पूर्ण रूपमा व्यर्थ, सबै व्यर्थ हुन्।"[२५६] व्यर्थ शब्द पुस्तकभरि दोहोरिएको छ।

व्यर्थ शब्दले केही **अस्थायी** सुझाव दिन्छ। भजनसंग्रह १४४: ४ ले जीवनको संक्षिप्तता देखाउँदछ, "मानिस व्यर्थ जस्तै होः उसको दिन बितेको छाँया जस्तै हो।" उपदेशकमा, सुख, धन, जीवन समेत पनि अस्थायी हो।

व्यर्थ शब्दले कहिलेकाहीं **अतार्किकता वा अन्याय** लाई जनाउँछ। "संसारमा केही अर्को एउटा व्यर्थको कुरा हुँदैछः दुष्टले पाउनुपर्ने दण्ड धर्मीले पाउँछ, र धर्मीले पाउनुपर्ने इनाम दुष्टले पाउँछ। म भन्दछु, यो पनि व्यर्थ हो।"[२५७]

व्यर्थ शब्दले कहिलेकाहीं **अर्थहीनता** लाई बुझाउँछ। उपदेशकका लेखकले आनन्दमा अर्थ खोजे र यो पत्ता लगाए कि सबै व्यर्थ हो। यसको कुनै स्थायी महत्व छैन। [२५८]

---

२५५ यस विषयमा अध्ययन गर्न कर्टिस, एडवर्ड एम. र जोन जे. ब्रूगालेट्टा पढ्नुहोस्। *बुद्धिको बाटो पत्ता लगाउनु*। (एम आईः क्रेगेल एकेडेमिक, २००४)।

२५६ उपदेशक १:२

२५७ उपदेशक ८:१४


२५८ उपदेशक २:१–१२

हिब्रू साहित्यमा, “*x* को *x*” ले उत्कृष्टतालाई जनाउँछ । “पवित्रहरूको पवित्र” महापवित्र स्थान हो; “श्रेष्ठगीत” सबै गीतहरूमा उत्कृष्ट छ । “व्यर्थ माथि व्यर्थ” ले सबै खाली, अर्थहीन चीजहरू मध्ये सबैभन्दा खाली, सबैभन्दा अर्थहीन हो भनेर सुझाव दिन्छ । र, यो सबैभन्दा खाली कुरा के हो ? “ **सबै** कुरा व्यर्थ हो ।” जीवन आफैमा व्यर्थ छ । यसले यो धारणाको पूर्ण निराशालाई देखाउँछ ।

## धारणा २: आनन्द

“व्यर्थ” उपदेशकको मात्र सन्देश होइन । जब मानिसका उपलब्धिहरू व्यर्थ हुन्छन्, उपदेशकले जीवनको सकारात्मक चित्रहरू पनि समावेश गर्दछन् । यो दोस्रो धारणामा देखिन्छ जुन उपदेशकभर देखा पर्दछ, *आनन्द* को धारणा ।

अध्याय १ र २ मा व्यर्थताको चित्र पछि, लेखक निष्कर्षमा पुग्छन्: “मानिसको लागि यो भन्दा राम्रो केही छैन, कि उसले खानु र पिउनु पर्छ, र उसले आफ्नो प्राणलाई आफ्नो परिश्रममा आनन्दित बनाउनु पर्छ । यो पनि मैले देखेको छु, कि यो परमेश्वरको हातबाट भएको हो ।”[२५९] जीवन परमेश्वरको वरदान हो भन्ने सन्देश पुस्तकभर दोहोरिन्छ । आनन्दको सन्देश उपदेशकको लागि ज्यादै महत्वपूर्ण छ । [२६०]




## उपदेशकको मुख्य विषयवस्तु: जीवनको अर्थको खोजी

दुई धारणाहरू, घमण्ड र आनन्द, विरोधाभासी लाग्न सक्छ । यद्यपि, त्यहाँ एक थप जोडी वाक्यांशहरू छन् जुन पुस्तकभर दोहोरिन्छन् । उपदेशकले २९ पटक “सूर्यमुनिको जीवन” लाई जनाउँछ । सूर्य मुनिको जीवन भनेको पार्थिव दृष्टिकोणबाट मात्रै देखिने जीवन हो । बारम्बार, “सूर्य मुनि जीवन” “व्यर्थ” सँग जोडिएको छ ।

पाँच पटक उपदेशकले “परमेश्वरको वरदान” वा “परमेश्वरको हातबाट” दिइएको जीवनलाई जनाउँछ । यो अक्सर “आनन्द” वा “रमाइलो गर्नु ” सँग जोडिएको छ ।

सँगै, यी वाक्यांशहरूले पुस्तकलाई एकताबद्ध गर्ने विषयवस्तुलाई संकेत गर्छ । हितोपदेशहरू जस्तै, उपदेशकले दुईवटा मार्गहरू प्रदान गर्दछ । हितोपदेशमा, छनौटहरू बुद्धि वा मूर्खता हुन् । उपदेशकमा, छनौटहरू व्यर्थका छन् (सूर्यमुनिको जीवन) वा आनन्द (परमेश्वरको उपहारको रूपमा जीवन ।) केवल सांसारिक दृष्टिकोणबाट हेरिएको जीवन अर्थहीन र व्यर्थ छ । परमेश्वरको डरमा जिउनु नै आनन्द हो ।

उपदेशकको बुद्धि यस्तो छः परमेश्वरले “मानिसको हृदयमा अनन्तता राखिदिनुभएको छ, तर पनि परमेश्वरले सुरुदेखि अन्तसम्म के गर्नुभएको छ भनी मानिसले पत्ता लगाउन सक्दैन ।”[२६१] परमेश्वरले मानिसलाई अनन्तता र साँचो आनन्दको चेतना दिनुभएको छ । यद्यपि, हामीले आफ्नै प्रयासमा यो आनन्द कहिल्यै पाउन सक्दैनौं । साँचो आनन्द केवल परमेश्वरसँगको सम्बन्धमा, परमेश्वरको भयमा पाइन्छ ।

दुई मार्गहरूको विषयवस्तुको परिचय (“व्यर्थता माथीको व्यर्थता”) र निष्कर्षमा संक्षेप गरिएको छ (“परमेश्वरको डर राख

---

२५९ उपदेशक २:२४

२६० आनन्दको सन्देश व्यर्थको विषयवस्तुमा एक पटकको अपवाद होइन । आनन्दित हुन आग्रहहरू उपदेशक २:२४–२६; ३:१२,२२ ; ५:१८; ८:१५; ९:७–९; ११:९–१० मा भेटिन्छन् ।

२६१ उपदेशक ३:११, *इङलिस स्ट्यान्डड भर्जन*

र उहाँका आज्ञाहरू पालन गरः किनकि यो मानिसको सम्पूर्ण कर्तव्य हो")। उपदेशक निराशाको पुस्तक होइन; यो साँचो आनन्दलाई संकेत गर्ने बुद्धिको पुस्तक हो।

## नयाँ करारमा उपदेशक

उपदेशकको सन्देश नयाँ करारमा दोहोर्‍याइएको छ। परमेश्वर बाहेक जीवनको व्यर्थता धनको पछि लाग्ने विरुद्ध येशुको चेतावनीमा देखिन्छ।[२६२] त्यसैगरी, येशुले उहाँको राज्यलाई पहिले खोज्नेहरूलाई जीवनको लागि आवश्यक सबै चीजहरू प्रदान गरिनेछ भनी प्रतिज्ञा गर्नुहुन्छ।[२६३] यस पृथ्वीका चीजहरूको लागि जीवन व्यर्थ हो; परमेश्वरको उपहारको रूपमा जीवन जिउनुले साँचो आनन्द ल्याउँछ।

# श्रेष्ठगीत

## शीर्षक

यस पुस्तकलाई या त श्रेष्ठगीत वा सोलोमनको गीत भनिन्छः "श्रेष्ठगीत, जुन सोलोमनको हो।"[२६४] "श्रेष्ठगीत" शीर्षकको अर्थ यो गीत सबै गीतहरूमध्ये उत्कृष्ट छ भन्ने हो। "सोलोमनको गीत" शीर्षकले यस पुस्तकलाई राजा सोलोमनसँग जोड्दछ।

## श्रेष्ठगीतको व्याख्या

श्रेष्ठगीतसँग सम्बन्धित सबैभन्दा ठूलो प्रश्न "हामीले यस पुस्तकलाई कसरी व्याख्या गर्छौं?" यो पुस्तक पढ्ने दुई प्रमुख दृष्टिकोणहरू छन्ः रूपक र काव्यात्मक।

### रूपक व्याख्या

पाठकहरूले प्रायः प्रणय प्रेममा समर्पित पुस्तक किन पवित्रशास्त्रको भाग हो भनेर सोधेका छन्। जसकारण श्रेष्ठगीतलाई रूपकको रूपमा व्याख्या गर्ने चलन लामो समयदेखि छ। तेस्रो शताब्दीमा ओरिगेनदेखि बीसौं शताब्दीमा हडसन टेलरसम्मका. टिप्पणीकारहरूले श्रेष्ठगीतमा रूपक टिप्पणीहरू लेखेका छन्।

श्रेष्ठगीतमा एक रूपकात्मक दृष्टिकोणले कवितालाई आफ्ना मानिसहरूलाई परमेश्वरको प्रेमको चित्रको रूपमा देखाउँछ। यहूदी पाठकहरूले यो पुस्तकलाई इस्राएलको लागि परमेश्वरको प्रेमको चित्रको रूपमा हेरे। ख्रीष्टियन व्याख्याकर्ताहरूले यसलाई मण्डलीको लागि परमेश्वरको प्रेमको चित्रको रूपमा हेर्छन्।

रूपकात्मक दृष्टिकोणलाई अस्वीकार गर्नेहरूले दुईवटा तर्क गर्छन्। पहिलो, श्रेष्ठगीत आफैंले रूपकात्मक व्याख्यालाई संकेत गर्दैन। दोस्रो, रूपकात्मक दृष्टिकोणमा प्रायः स्पष्ट अर्थको अभाव हुन्छ। श्रेष्ठगीतमा टिप्पणीहरू पढ्दा, यो स्पष्ट हुन्छ कि प्रत्येक टिप्पणीकारले काव्यात्मक छविहरूलाई फरक तरिकाले व्याख्या गर्दछन्। रूपकात्मक व्याख्याले प्रत्येक पाठकलाई परमेश्वरको वचनमा आफ्नै अधिकारको रूपमा छोड्न सक्छ।

---

२६२ उदाहरणको लागि लूका १२:१६–२१

२६३ मत्ती ६:३३

२६४ श्रेष्ठगीत १:१

### काव्यात्मक व्याख्या

श्रेष्ठगीतमा काव्यात्मक दृष्टिकोणले यस पुस्तकलाई मानव प्रेमको चित्रको रूपमा हेर्छ।[२६५] चाहे यसलाई विवाहमा परिणत भएको नाटकको रूपमा हेरिएको होस् वा कुनै कथा संरचना बिना प्रेम कविताहरूको संग्रह, यो दृष्टिकोणले पुस्तकलाई प्रेम कविताहरूको संग्रहको रूपमा हेर्दछ।

मण्डलीको धेरै इतिहासको लागि, काव्यात्मक दृष्टिकोण रूपकात्मक व्याख्या भन्दा कम लोकप्रिय थियो। बीसौं शताब्दीमा, शाब्दिक व्याख्या अधिक सामान्य भएको छ।[२६६]

यस दृष्टिकोणमा, गीतको गीतलाई रोमान्टिक प्रेमको काव्यात्मक चित्रको रूपमा हेरिन्छ। ग्रामीण चित्रण प्रयोग गरेर श्रेष्ठगीतले प्रेमी र उसको प्रियजनको प्रेम देखाउँछ; यो एक पुरुष र श्रीमती बीचको प्रेमको चित्र हो। केही लेखकहरूले श्रेष्ठगीतलाई हितोपदेश ३१ को समानान्तर रूपमा हेरेका छन्। हितोपदेश ३१ ले विवाहको व्यावहारिक पक्ष देखाउँछ; श्रेष्ठगीतले विवाहको भावपूर्ण प्रेमलाई देखाउँछ।

पुस्तक रूपक हो भनेर पाठमा कुनै संकेत नभएकोले काव्यात्मक व्याख्यालाई समर्थन गर्नेहरूले पुस्तकलाई शाब्दिक रूपमा व्याख्या गरिनुपर्छ भनी तर्क गर्छन्। काव्यात्मक व्याख्याको विरोध गर्नेहरूले पवित्रशास्त्रमा प्रणय कविताको उपस्थितिमाथि प्रश्न उठाउँछन्। तिनीहरू तर्क गर्छन् कि यो पुस्तक उहाँका मानिसहरूलाई परमेश्वरको प्रेमको रूपकको रूपमा बुझ्न अझ उपयुक्त छ।

## श्रेष्ठगीतको सन्देश

धेरै पाठकहरूले सोधेका छन्, "यो पुस्तक बाइबलमा किन छ ?" कम्तिमा पनि मानवताको मूल्य देखाउने कारण हुन सक्छ। उपदेशकले देखाउँछन् कि जीवनका आशिषहरू परमेश्वरको वरदान हुन्, जो उहाँसँग डराउनेहरूले उपभोग गर्न दिएका हुन्छन्। त्यसै गरी, श्रेष्ठगीतले देखाउँछ कि मानव प्रेम मूल्यवान् हुनको लागि परमेश्वरको उपहार हो।

परमेश्वरले सम्पूर्ण मानिसहरूमा चासो राख्नुहुन्छ। प्लेटो जस्ता केही प्रारम्भिक ग्रीक दार्शनिकहरूले आत्मालाई राम्रो तर शरीरलाई नराम्रो देखे। कहिलेकाहीं, केही विश्वासीहरूले पनि यस्तै दृष्टिकोण अपनाएका हुन्छन्। यो दृष्टिकोणले भन्छ कि शरीर खराब छ; आत्मा असल छ। तथापि, परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएपछि उहाँले "आफूले बनाएका सबै कुरा हेर्नुभयो, र हेर, त्यो धेरै असल थियो" भनी उत्पत्तिले सिकाउँछ।[२६७] पतनले सृष्टिलाई असर गरे तापनि परमेश्वरले अझै पनि आफूले बनाएको संसारको कदर गर्नुहुन्छ। प्रारम्भिक मण्डलीमा विवाह निषेध गर्नेहरूलाई पावलले जवाफ दिए, "किनभने परमेश्वरले सृष्टि गर्नुभएको सबै कुरा असल छ, र धन्यवादका साथ ग्रहण गरिएमा कुनै पनि कुरा अस्वीकार हुँदैन।"[२६८] श्रेष्ठगीत मानव प्रेमको मूल्यको लागि बाइबलीय गवाही हो। विवाहको सीमा भित्र, शारीरिक प्रेमलाई परमेश्वरको उपहारको रूपमा उपभोग गर्नुपर्दछ।

---

२६५ यसलाई *शाब्दिक व्याख्या पनि भन्न सकिन्छ*। यद्यपि, एक शाब्दिक दृष्टिकोणले पनि मान्यता दिन्छ कि कविताले रूपकहरू प्रयोग गर्दछ जुन शाब्दिक रूपमा व्याख्या गर्न सकिँदैन। यसकारण, *काव्यात्मक व्याख्या* एक राम्रो शब्द हो।

२६६ त्यहाँ केही पहिलेका टिप्पणीकारहरू छन् जसले श्रेष्ठगीतको कविता वाचनलाई प्रोत्साहन दिए। यसमा पहिलो शताब्दीमा जोसेफस र चौथौं शताब्दीमा मोप्सुएस्टियाको थियोडोर समावेश छन्। एडम क्लार्क र जोन क्याल्भिन दुवैले काव्यात्मक व्याख्यालाई समर्थन गरे, यद्यपि दुवैले पाठमा केही रूपकात्मक पक्षहरू देखे।

२६७ उत्पत्ति १: ३१

२६८ १ तिमेथी ४:४

## श्रेष्ठगीत आज बोल्छ

दोस्रो विश्वयुद्धको दौडान, एडोल्फ हिटलरको ख्रीष्टियन विरोधको नेतृत्व गर्ने जर्मन पादरी, डिट्रिच बोनहोफर, मारिया भोन वेडेमेयरसँग विवाह गर्नको मगनी गरे। केही सँगी पास्टरहरूले यस्तो राष्ट्रिय उथलपुथलको समयमा विवाह गर्ने उनको निर्णयमाथि प्रश्न उठाए। तिनीहरूले तर्क गरे कि बोनहोफर आत्मिक चिन्ताहरूमा केन्द्रित रहनुपर्छ। यद्यपि, बोनहोफरले विशेष गरी अशान्तिको समयमा विवाह सही थियो भनेर जोड दिए। उनले विश्वास गरे, उत्पत्ति, उपदेशक र श्रेष्ठगीतसँग, परमेश्वरको असल सृष्टिको निम्ति खुशीयाली मनाइनु पर्छ। बोनहोफरले ईश्वर–प्रदत्त आनन्दलाई आत्मिक भनेर खारेज गर्दैनन्। बोनहोफरले भने कि परमेश्वरले सृष्टि गर्नुभएको संसारको असल चीजहरूको लागि हाम्रो "परमेश्वरको लागि हो चाहिँ "हो" हो।[२६९]

आज, विवाह, धेरै पक्षहरूबाट आक्रमणमा छ। धर्मनिरपेक्ष संसारमा, विवाहलाई पुरानो संस्थाको रूपमा व्यवहार गरिन्छ। व्यापक रूपमा सम्बन्धविच्छेद, समलिङ्गी विवाह, र अविवाहित जोडीहरूद्वारा सहवासले विवाहको पवित्रतालाई कमजोर बनाउँछ। धेरै ख्रीष्टियन घरहरूमा, विवाह जीवित रहन्छ – तर यो रमाइलो, आनन्दले भरिएको विवाह हुँदैन। श्रेष्ठगीतले प्रणय प्रेमलाई परमेश्वरको उपहारको रूपमा देखाउँदछ जुनबाट परमेश्वरका छोराछोरीहरूले आनन्द लिन्छन्। ख्रीष्टियन विवाहहरूले हाम्रो संसारमा यो आनन्दलाई उदाहरण दिनुपर्छ। कुनै पनि विवाह चुनौतिरहित नभए तापनि बाइबलीय सिद्धान्तहरूद्वारा बाँचेको विवाह दुवै पति–पत्नीका लागि जीवनभरको आनन्द हुनसक्छ भनी विश्वासीहरू। प्रेमले भरिएको ख्रीष्टियन विवाह हाम्रो संसारको लागि एक शक्तिशाली गवाही हो। यो श्रेष्ठगीतको विरासतको अंश हो।

---

२६९ एरिक मेटाक्सास, *बोनहोफर*, (नाशभिलः थोमस नेल्शन, २०११), ४६८

## पाठ ८ को गर्नुपर्ने कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठको तपाईंको बुझाइ देखाउनुहोस्ः

**१.** निम्न गर्नुपर्ने कार्यहरू मध्ये **एउटा** लाई छान्नुहोस्ः

विकल्प १: सामूहमा गर्नुपर्ने कार्य

तपाईंको समूहको प्रत्येक सदस्यलाई एउटा विषय तोक्नुहोस् (पैसा, वक्तव्य, विवाह, आदि) । तपाईंले हितोपदेशहरू पढ्दै गर्दा, तपाईंको तोकिएको विषयसँग सम्बन्धित सबै पदहरू सूचीबद्ध गर्नुहोस। अन्तमा, समूहलाई "हितोपदेशको शिक्षा ..." मा छोटो प्रस्तुतीकरण दिनुहोस।

विकल्प २: व्यक्तिगत गर्नुपर्ने कार्य

पैसा, वक्तव्य, विवाह, आदि जस्ता विषय छान्नुहोस। तपाईंले हितोपदेशहरू पढ्दै गर्दा, तपाईंको तोकिएको विषयसँग सम्बन्धित सबै पदहरू सूचीबद्ध गर्नुहोस। "कुनै विषयमा हितोपदेशको शिक्षा ..." एक पृष्ठको (४५० शब्द) निबन्ध लेख्नुहोस्,

**२.** यस पाठमा परीक्षा लिनुहोस। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ ।

## पाठ ८ परीक्षा

१. जोन क्याल्भिनका अनुसार साँचो बुद्धिमा कुन दुईवटा कुराहरू समावेश हुन्छन् ?

२. यस पाठमा दिइएको हितोपदेशका चारमध्ये दुईवटा विशेषताहरू सूचीबद्ध गर्नुहोस्।

३. संग्रह १ (हितोपदेश १ –९) मा सबैभन्दा सामान्य प्रकारको हितोपदेश कुन हो ?

४. हितोपदेशको व्याख्या गर्नको लागि यस पाठमा दिइएको सातवटा प्रश्नहरूमध्ये चार वटा सूचीबद्ध गर्नुहोस्।

५. हितोपदेशमा "साधारण" र "मूर्ख" बीचको प्राथमिक भिन्नता के हो ?

६. उपदेशक को मुख्य विषय के हो ?

७. उपदेशक मार्फत पत्ता लगाइएका दुई आकृतिहरू के के हुन् ?

८. श्रेष्ठगीतलाई व्याख्या गर्ने दुई तरिकाहरू के के हुन् ?

९. आफूले कण्ठ गरेकोब हितोपदेश १:७ र उपदेशक १२:१३–१४ लेख्नुहोस्।

# पाठ ९

# यशैया

## पाठको उद्धेश्य

१. यशैयाको सम्भावित मिति र ऐतिहासिक मेललाई जान्नु ।

२. यशैयाको प्राथमिक विषयवस्तु र उद्देश्यहरूको रूपरेखा बनाउन सक्षम हुनु ।

३. बाइबलीय भविष्यवाणीको प्रकृतिलाई चिन्नु ।

४. यशैयाका मसीही प्रतिज्ञाहरूको कदर गर्नु ।

५. यशैयाको पुस्तकको लागि एउटै लेखकका तर्कहरू बुझ्नु ।

६. यशैयाको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नु ।

## यस पाठको लागि तयारी

*यशैयाको पुस्तक पढ्नुहोस् ।*

*यशैया ९: ६–७ कण्ठ गर्नुहोस् ।*

## अगमवक्तहरूको पुस्तकहरूको परिचय

» पुरानो नियमका अगमवक्ताहरूको सेवकाइ कस्तो थियो ? तिनीहरूको सन्देश उनीहरूको श्रोताहरूलाई कति स्पष्ट थियो, र भविष्यसम्म कति लुकेको थियो ?

पुरानो करारका अगमवक्तहरूको पुस्तकहरूमा प्रमुख अगमवक्ताहरू (यशैया, यर्मिया, इजकिएल र दानिएल) साथै बाह्र अगमवक्ताहरू (होशे, योएल, आमोस, ओबदिया, योना, मीका, नहूम, हबकूक, सपन्याह, हाग्गै, जकरिया, र मलाकी) समावेश छन् । व्यक्तिगत पुस्तकहरू अध्ययन गर्नु अघि, पुरानो करारका इस्राएलमा अगमवक्ताको भूमिका अध्ययन गर्न उपयोगी छ ।

लेखन अगमवक्ताहरूले लगभग ८०० इ.पू. बाट सेवा गरे । ४५० इ.पू. एलिया र एलीशा जस्ता पहिलेका अगमवक्ताहरूले आफ्नो प्रचारको लिखित अभिलेख छोडेनन् । सोह्र जना अगमवक्ताहरूलाई तिनीहरूका पुस्तकहरूमा उल्लेख गरिएको

तिनीहरूका नाउँले चिनिन्छ।

हिब्रू बाइबलले अगमवक्तालाई संकेत गर्न तीन वटा शब्दहरू प्रयोग गरेको छ। यी शीर्षकहरूले इस्राएलमा अगमवक्ताको भूमिका देखाउँछन्। पहिलो दुई शब्दहरू (*होजेह* र *रो'एह*) मूलबाट आएका हुन् जसको अर्थ "हेर्नु" हो। यी शब्दहरूले हामीलाई बताउँछन् कि अगमवक्ता एक *दर्शी* थिए, जसले परमेश्वरका कुराहरू देखेका थिए। तेस्रो शब्द ( *नबी* ) को अर्थ "बोलाइएको" हो। यसले त्यस व्यक्तिलाई बुझाउँछ जसलाई अरू मानिसहरूकहाँ परमेश्वरले सन्देश लैजान बोलाइएको छ।

अगमवाणीका पुस्तकहरूले अगमवक्ताहरूको धेरै विशेषताहरू देखाउँछन्ः

१. **अगमवक्ताहरूले आफ्नै सन्देश बोलेनन्। तिनीहरूले परमेश्वरको सन्देश ल्याए**। ३५० भन्दा बढी पटक, अगमवाणीका पुस्तकहरूमा "यहोवा यसो भन्नुहुन्छ" वाक्यांश समावेश छ। अगमवक्ताहरूलाई परमेश्वरको वचन परमेश्वरका जनहरूकहाँ ल्याउन बोलाइएको थियो।

२. **अगमवक्ताहरूले आफ्नै पुस्तालाई परमेश्वरको सन्देश सुनाए**। तिनीहरूको सन्देश पहिले आफ्नै मानिसहरूलाई दिइएको थियो। जब हामी अगमवक्ताहरू पढ्छौं, हामीले सोध्नु पर्छ, "अगमवक्ताका तत्कालिन श्रोताहरूले उनको सन्देश कसरी बुझे ? पहिलो श्रोताले कसरी अगमवक्ताको सन्देश बुझे भन्ने थाहा पाउँदा हामीलाई आजको लागि उहाँको सन्देश अझ राम्रोसँग बुझ्न मद्दत गर्छ।

३. **भविष्यवक्ताहरूले भविष्यका पुस्ताहरूलाई परमेश्वरको सन्देश सुनाए।** अगमवक्ताहरू दर्शी थिए। यशैयाका पहिलो शब्दहरू धेरै अगमवक्ताहरूका जस्तै छन्ः "आमोजका छोरा यशैयाको दर्शन।"[२७०] दर्शन र विशेष प्रकाशको माध्यमबाट, परमेश्वरले भविष्यका सत्यताहरू आफ्ना अगमवक्ताहरूलाई प्रकट गर्नुभयो। भविष्यवक्ताहरूले भविष्यको न्याय र भविष्यको पुनर्स्थापना दुवै देखे।

जब हामी अगमवाणीका पुस्तकहरू अध्ययन गर्छौं, हामी निश्चित विषयवस्तुहरू बारम्बार दोहोऱ्याइएको देख्नेछौं। यी पुस्तकहरूमा तीनवटा विषयवस्तुहरू देखा पर्छन्ः

## करारप्रति विश्वासयोग्यता

बारम्बार, अगमवक्ताहरूले आफ्ना श्रोताहरूलाई इस्राएल एक चुनिएको जाति हुनलाई बोलाइएको थियो भन्ने याद दिलाए। सीनैमा, इस्राएलले परमेश्वरसँग एउटा करार बाँधे। यो करार रीतिरिवाज र बलिदान भन्दा बढी थियो; यसले परमेश्वरसामु व्यक्तिगत पवित्रता र अन्य मानिसहरूप्रति न्याय चाहिन्छ। मीका र आमोस जस्ता अगमवक्ताहरूले करारको आज्ञाकारितामा बाँच्नको लागि राष्ट्रको असफलताको साथ इस्राएलको सामना गरे।

## परमप्रभुको दिन

अगमवक्ताहरूले "परमप्रभुको दिन" लाई बीस भन्दा बढी पटक उल्लेख गरेका छन्। परमप्रभुको दिन अगमवक्ताहरूले तीन तरिकामा प्रयोग गरेको छन्ः

- परमप्रभुको दिन अविश्वासीहरूको न्यायको समय हुनेछ।
- परमप्रभुको दिन परमेश्वरका मानिसहरूलाई शुद्ध गर्ने समय हुनेछ।
- परमप्रभुको दिन विश्वासीहरूका लागि मुक्तिको समय हुनेछ।

---
२७० यशैया १:१

## मसीहको आगमन

अगमवक्ताहरूको महत्त्वपूर्ण सन्देश मसीहको प्रतिज्ञा हो। बाइबल विद्वानहरूले मसीहको आगमनलाई संकेत गर्ने पुरानो करारका ३०० भन्दा बढी भविष्यवाणीहरू फेला पारेका छन्।

## यशैयाको पृष्ठभूमि

### यशैयाको एक झलक

**लेखकः** यशैया
**श्रोताः** यहूदा
**मितिः** ७४०–६८० इ.पू.
**मुख्य विषयवस्तुः** पाँचौं सुसमाचार
**उद्देश्यहरूः**

- यहूदालाई आउँदै गरेको न्यायको चेतावनी दिन
- यहूदाको आउँदै गरेको मुक्तिको प्रतिज्ञा गर्न

**यशैयामा रहेको सुसमाचारः**

- मसीह कन्याबाट जन्मिनुहुनेछ।
- उहाँले अन्यजातिहरूको सेवा गर्नुहुनेछ।
- पापीहरूलाई छुटकारा दिन उहाँ मर्नु हुनेछ।
- मसीह मार्फत, परमेश्वरको राज्य सबै राष्ट्रका मानिसहरूका लागि खुल्ला हुनेछ।

## ऐतिहासिक मेल

आमोजका छोरा यशैया, यहूदाको शाही दरबारमा इ.पू. ८औँ शताब्दीको अन्ततिर सेवा गरे। यशैयाको नामको अर्थ "परमप्रभुले बचाउनुभएको छ" भन्ने हुन्छ जसले यशैयाको सेवकाइको मुख्य विषयवस्तु, परमेश्वरका जनहरूको लागि मुक्तिलाई पूर्वचित्रण गर्छ।

राजा उज्जियाहको मृत्यु भएको वर्षमा भविष्यवाणीको सेवकाइमा यशैयाको बोलावट आएको थियो।[२७१] उनले सनहेरिबको मृत्यु ६८१ इ.पू. मा अभिलेख गरे।[२७२] यो यशैयाको पुस्तक लगभग ७४०–६८० इ.पू. को हो।

यशैयाले योताम, आहाज, हिजकियाह र मनश्शेको शासनकालमा सेवा गरे। यहूदी परम्पराले बताउँछ कि मनश्शेले यशैयालाई आरामा आधा पारेर मारे।

---

२७१ यशैया ६:१ राजा उज्जियाह लगभग ७४० इ.पू. मा मरे।

२७२ यशैया ३७:३८

यशैयाको सेवकाइ प्रारम्भिक वर्षहरूमा, टिग्लथ–पिलेसर तृतीयले अश्शूर साम्राज्यको विस्तार गरे। आहाजले अश्शूर विरुद्धको गठबन्धनमा सामेल हुन अस्वीकार गरेको कारण उत्तरी राज्यका राजा पेकहले यहूदामाथि आक्रमण गरे। यशैयाको विरोधमा आहाजले अश्शूरलाई अपील गरे। यशैयाको सन्देशले निकट भविष्यको लागि चिन्ह र मसीहको जन्मको भविष्यवाणी दियो।[२७३]

आहाजको तृतीयले, उनका छोरा हिजकियाहले अश्शूरको विरुद्धमा विद्रोह गरे र मिश्रसँग गठबन्धनमा प्रवेश गरे। जवाफमा, अश्शूरी शासक सनहेरिबले ७०१ इ.पू. यहूदामाथि आक्रमण गरे। हिजकियाह पहिले पराजित भए र अश्शूरलाई कर दिन बाध्य भए।[२७४] पछि हिजकियाहले सनहेरीबको विरुद्धमा विद्रोह गरे। हिजकियाहको प्रार्थनाको जवाफमा, परमेश्वरका स्वर्गदूतले अश्शूरी सेनालाई आक्रमण गरे, १,८०,००० मानिसहरूलाई मारे र अश्शूरीहरूलाई यहूदाबाट बाहिर निकाले। हिजकियाहको बाँकी शासन शान्तिको समय थियो।[२७५]

## उद्देश्य

उत्तरी राज्यको पतनसँगै, यहूदाले परीक्षाको सामना गर्‍यो। के तिनले धर्मत्यागमा इस्राएललाई पछ्याउनेछिन् वा परमेश्वरप्रति इमानदार हुनेछिन ? यशैयाले यहूदाको पापको लागि न्यायको चेतावनी दिए। यदि उनी करारमा फर्किईन भने उहाँले यहूदालाई मुक्तिको प्रतिज्ञाको साथ प्रोत्साहन दिनुभयो।

## यशैयाको संक्षिप्त विवरण

यशैयालाई कहिलेकाहीं सानो आकारमा बाइबलको रूपमा हेरिन्छ। पहिलो ३९ अध्यायहरू (पुरानो करारका ३९ पुस्तकहरूसँग मिल्दोजुल्दो) ले यहूदा र वरपरका राष्ट्रहरूलाई इन्साफ गर्नमा परमेश्वरको न्यायिक कार्यलाई देखाउँछ। किनभने परमेश्वर एक पवित्र परमेश्वर हुनुहुन्छ, उहाँले पापलाई बेवास्ता गर्न सक्नुहुन्न। किनभने परमेश्वर एक पवित्र परमेश्वर हुनुहुन्छ, अन्तिम सत्ताइस अध्यायहरू (नयाँ करारका सत्ताइस पुस्तकहरूसँग मिल्दोजुल्दो) ले यहूदालाई आउँदै गरेको मसीहको प्रतिज्ञाको साथ सान्त्वना दिन्छ। उहाँले पापलाई बेवास्ता गर्न सक्नुहुन्न।

६० वर्ष, चार राजाहरू, दुई ठूला साम्राज्यहरू (असिरिया र बेबिलोन) समेट्ने र भविष्यमा सयौं वर्षसम्म हुने घटनाहरूको भविष्यवाणी गर्ने पुस्तकलाई केही अनुच्छेदहरूमा संक्षेपमा बताउन गाह्रो छ। जब तपाईं यशैया पढ्नुहुन्छ, यो रूपरेखाले तपाईंलाई पुस्तकभरि मार्गदर्शन गर्नेछ। विषयवस्तुहरूको सारांशले महत्त्वपूर्ण विचारहरू पछ्याउने सुझाव दिन्छ।

## यशैयाको रूपरेखा

**१.** न्यायको अगमवाणीहरू (यशैया १–३५)

- न्यायलाई जोड दिइएको
- मुख्य रूपमा यशैयाको समयका विद्रोही मानिसहरूलाई सम्बोधन गरिएको थियो।
- अश्शूरले इस्राएलको उत्तरी राज्यलाई पराजित गर्ने चेतावनी दिन्छ।

---

२७३ यशैया ७:१०–१७ ले कसरी अगमवक्ताको सन्देशले आफ्नो वर्तमान र भविष्यका लागि बोल्यो भनेर देखाउँछ। ७३५ इ.पू. मा, यशैयाले आहाजलाई भने कि त्यो दिनमा जन्मेको छोरा छनोटको उमेरमा पुग्नु अघि, सिरिया र एफ्राइम (उत्तरी राज्य) नष्ट हुनेछ। एक आंशिक पूर्ति ७३२ इ.पू. मा सिरियाको पतन र ७२२ इ.पू. मा उत्तरी राज्यको पतनसँगै पूरा भयो। कन्याबाट जन्मेको "इम्मानुएल" को अन्तिम पूर्ति येशु मसीहको जन्ममा पूरा भयो (मत्ती १:२०–२३)।

२७४ २ राजा १८: १४–१६

२७५ यशैया ३७

- इस्राएल, अश्शूर, बेबिलोन, पलिश्ती, मोआब, दमस्कस, कुश, मिश्र, एदोम, यहूदा र टायर सहित धेरै राष्ट्रहरूमा न्यायको सन्देशहरू
- विश्वासीहरूको लागि मुक्ति (यशैया ३५)

२. ऐतिहासिक अन्तराल (यशैया ३६–३९)

- सनहेरिबको धम्की र परमेश्वरको छुटकारा (यशैया ३६–३७)

  सनहेरिबको कथाले यशैया १–३५ को अश्शूरी शक्तिको समाप्त गर्छ। यसले ७०१ इ.पू. मा स्थान लिन्छ। र परमेश्वरमा गरिएको विश्वासले परमेश्वरको आशिष् ल्याउँछ भनी देखाउँछ।

- हिजकियाहको रोग र आश्चर्यपूर्ण चङ्गाई (यशैया ३८)
- बेबिलोनबाट मेरोदक–बलदानसँग हिजकियाहको मूर्खताको भ्रमण (यशैया ३९)

  ७११ इ.पू. मेरोदक–बलदानको भ्रमणको कथा। यशैया ४०–६६ को बेबिलोनियन शक्तिको सुरुवात हुन्छ। यहूदाका पापहरूले गर्दा उनीहरूलाई बेबिलोनी निर्वासनमा लगिन्छ। [२७६]

३. सान्त्वनाको मसीही अगमवाणी (यशैया ४०–६६)

- पुनर्स्थापना र प्रतिज्ञामा जोड
- सबै पुस्ताका विश्वासी मानिसहरूलाई सम्बोधन गरियो।
- यहूदाका लागि सान्त्वना र छुटकारा (यशैया ४०–४८)
- आउने सेवकले छुटकारा प्रदान गर्नेछ (यशैया ४९ –५५)
- परमेश्वरले करारमा विश्वासयोग्य सबैलाई पुनर्स्थापित गर्नुहुनेछ (यशैया ५६–६६)

## यशैयाका महत्त्वपूर्ण विषयवस्तुहरू

### बाँकी रहेकाहरू

राष्ट्रको धर्मत्यागको बाबजुद पनि परमेश्वरप्रति वफादार रहने बचेकाहरूलाई परमेश्वरले जोगाउनुहुनेछ।[२७७] यशैयाले आफ्ना छोराहरूमध्ये एकको नाउँ “शेयर–याशुब” राखे जुन अगमवाणीको सन्देशको रूपमा परमेश्वरले बाँकी रहेका विश्वासयोग्यहरूलाई निर्वासन पछि यरूशलेममा फिर्ता ल्याउनुहुनेछ।[२७८]

### परमेश्वर, इस्राएलका पवित्र जन

आफ्नो भविष्यवाणी सेवकाइको प्रारम्भमा, यशैयाले प्रभुलाई सिंहासनमा बसिरहेको, अग्लो र उचालिएको देखे। परमेश्वरलाई

---

२७६ यहूदाका पापहरूले यशैया ३८:६ ले देखाउँछ कि यशैया ३८–३९ का घटनाहरू यशैया ३६–३७ भन्दा पहिले भएको थियो। पुस्तकको क्रम सम्भवतः यशैयाको सामयिक संरचनालाई जोड दिनको लागि हो। यशैया ३६–३७ ले अश्शूरको जोडलाई समाप्त गर्छ; यशैया ३८–३९ ले बेबिलोनी शक्तिको सुरुवात गर्छ। अगमवाणीका पुस्तकहरूमा गैर–कालक्रमिक संरचना सामान्य छ।

२७७ यशैया १:९

२७८ यशैया ७:३ र १०:२०–२१। *शेयर–याशुबको* अर्थ “बाँकी रहेकाहरू फर्किनेछन्।”

सराफहरूले घेरेका थिए, “पवित्र, पवित्र, पवित्र, सेनाहरूका परमप्रभुः सारा पृथ्वी उहाँको महिमाले भरिएको छ।”[२७९] यस दर्शनले यशैयाको जीवन र सेवकाईलाई परिवर्तन गयो। उनन्तीस पटक, यशैयाले “इस्राएलका पवित्र जन” भन्ने अभिव्यक्ति प्रयोग गरे जसले परमेश्वरको पवित्रतालाई देखाउँछ।[२८०] यशैयाको सन्देशको एउटा महत्त्वपूर्ण पक्ष यो हो कि इस्राएलले न्यायको सामना गर्नुपरेको छ किनभने तिनीहरूले आराधना गरेको दाबी गर्ने परमेश्वरको पवित्रतालाई बेवास्ता गरेका थिए।

इस्राएलका शत्रुहरूमाथिको न्यायमा इस्राएलका पवित्रको सार्वभौमिकता देखिन्छ। परमेश्वरले यशैयालाई आफ्ना छोराहरूमध्ये एकको नाउँ “माहेर–शालाल–हश–बाज” राख्न आज्ञा दिनुभयो, जुन नाउँले यहूदाका शत्रुहरू विरुद्ध द्रुत न्यायको प्रतिनिधित्व गर्छ।[२८१] यहूदालाई चकित पार्नको लागि, परमेश्वरको सार्वभौमिकता पनि यहूदाको धर्मत्यागको कारण यहूदामाथिको न्यायमा देखिन्छ।

अन्ततः, इस्राएलका पवित्र परमेश्वरले आफ्ना मानिसहरूलाई पुनर्स्थापित गर्नुहुनेछ। यशैयाले एउटा भविष्यको दिन देखे जब परमेश्वरका जनहरूलाई “त्यागिएका” भनिनेछैन तर “त्यसका मेरो आनन्द छ“ भनिनेछ। उसले एउटा भविष्यको दिन देखे जब देशलाई "उजाड" भनिनेछैन तर “विवाहिता” भनिनेछ।[२८२]धर्मत्यागी राष्ट्रको सट्टा, यहूदालाई “पवित्र जन” भनिनेछ। निर्वासनको सट्टा, तिनीहरू "परमप्रभुको उद्धार" हुनेछन्; अस्वीकार गर्नुको सट्टा, तिनीहरूको "खोजी" हुनेछ; त्याग्नुको सट्टा, यरूशलेमलाई “नत्यागिएको सहर” भनिनेछ। ”[२८३]

### मसीहको आगमन

आउँदै गरेको मसीहमा यस पुस्तकको जोडको कारण, यशैयालाई कहिलेकाहीं “पाँचौं सुसमाचारको पुस्तक“ पनि भनिन्छ। यशैयाले अगमवाणी गरे कि मसीहले यहूदा र विश्वासमा उहाँतिर फर्कने सबैलाई छुटकारा दिनुहुनेछ। नासरतमा आफ्नो पहिलो प्रचारमा, येशुले यशैयाबाट पढ्नुभयो र यो घोषणा गर्नुभयो कि उहाँ अगमवक्ताद्वारा गरिएका प्रतिज्ञाहरू पूरा गर्न आउनुभएको थियो।[२८४]

यशैयाको अन्तिम खण्डमा, अगमवक्ताले मसीह, परमेश्वरको अभिषिक्त व्यक्तिको आगमनको भविष्यवाणी गर्दछन्। उहाँ कुमारीबाट जन्मनु हुनेछ [२८५]; उहाँले खाँचोमा परेकाहरूको सेवा गर्नुहुनेछ [२८६]; उहाँले मानवजातिलाई छुटकारा दिन कष्ट भोग्नुहुनेछ [२८७]; उहाँले कुनै दिन महिमामा शासन गर्नुहुनेछ। [२८८] मसीहको कारण, तिनीहरूको वर्तमान परिस्थितिहरू बाबजुद पनि, परमेश्वरका मानिसहरूको भविष्य उज्जवल छ।

## यशैयाको लेखकलाई नजिकबाट हेर्दा

केही बाइबलीय आलोचकहरूले तर्क गर्छन् कि यो पुस्तक यशैयाले मात्र लेखेको होइन। तिनीहरू भन्छन् कि यशैया १–३९ यशैया आफैबाट आएको हो, जबकि अध्याय ४०–६६, यशैया पछि १०० वर्ष भन्दा बढी बाँचेको दोस्रो लेखकद्वारा लेखिएको

२७९ यशैया ६:१–८

२८० यशैया १:४; ५:१९, २४; १०:१७, २०; १२:६; १७:७; २९:१९, २३ ; ३०:११-१२, १५; ३१:१; ३७:२३; ४०:२५; ४१:१४, १६,२०; ४३:३, १४-१५; ४५:११; ४७:४; ४८:१७; ४९:७; ५४:५; ५५:५; ६०:९

२८१ यशैया ८:१–३

२८२ यशैया ६२:४, *इङलिस स्ट्यान्डर्ड भर्जन*

२८३ यशैया ६२:१२

२८४ लूका ४: १६-३०; यशैया ६१: १-२ र ५८:६

२८५ यशैया ७:१४

२८६ यशैया ६१:१–३

२८७ यशैया ५२:१३–५३:१२

२८८ यशैया ६०–६६

थियो । तिनीहरूले यी लेखकहरूलाई “यरुशलेमका यशैया” र “दोस्रो यशैया” भनी बोलाउँछन् । यी आलोचकहरूले यशैयालाई लेखकको रूपमा नयाँ करारको गवाहीमा शंका गर्छन् । इभान्जेलिकलहरूले विश्वास गर्छन् कि परमेश्वरले यशैयाको सम्पूर्ण पुस्तक आफ्नो अगमवक्तालाई बोलेर दिनुभयो । यो चार्टले आलोचनात्मक विद्वानहरूको तर्क र एक सुसमाचारको प्रतिक्रिया देखाउँछ ।

| मुद्दा | आलोचकहरूको विश्वास | इभान्जेलिकलहरूको विश्वास |
|---|---|---|
| यशैयाले ७४०–६८० इ.पू. सम्म सेवा गरे । उनले निर्वासनबाट फर्कने सन्दर्भलाई बुझाउँछन्, जुन ५३८ इ.पू. मा सुरु भयो । उनले कोरेसको नाम ४४:२८ र ४५:१ मा उल्लेख गरेका छन् । | यशैयाको मृत्युपछि कोरेस १०० वर्ष बाँचेकाले भविष्यवक्ताले भविष्यको शासकको भविष्यवाणी गर्न सकेनन् । | कोरेसको नाम सहित, फारसको भावी शासक सहित परमेश्वरले यशैयालाई भविष्य प्रकट गर्नुभयो । |
| यशैया १ –३९ मुख्यतया अश्शूर र न्यायको बारेमा छ । यशैया ४०–६६ मुख्यतया बेबिलोन र मुक्तिको बारेमा हो । | एउटा लेखकको आफ्नो लेखनमा यस्तो कठोर भिन्नता हुँदैन । यशैया ४०–६६ फरक लेखकको हुनुपर्छ । | यशैयाले आफ्ना तत्कालिन श्रोताहरू (पापको न्याय) र भविष्यका पाठकहरू (विश्वासीहरूको लागि पुनर्स्थापना) दुवैसँग कुरा गरे । यो नै ठूलो भिन्नताको कारण हो । |
| यशैया ४०–६६ मा (विशेष गरी “सान्त्वना” को भाषा) केही भाषा प्रयोग गरिएको छ तर यशैया १–३९ मा प्रयोग गरिएको छैन । | भाषाको भिन्नताले फरक लेखकलाई सुझाव दिन्छ । | १–३९ र ४०–६६ को विभिन्न विषयहरूलाई फरक भाषा आवश्यक पर्छ । यद्यपि, पुस्तकको दुवै भागमा “इस्राएलका पवित्र जन“ जस्ता शब्दहरू प्रयोग गरिएका छन् । |

### यशैयालाई सम्पूर्ण पुस्तकको लेखकको रूपमा स्वीकार गर्ने कारणहरू:

- यशैया १: १ ले आमोजका छोरा यशैयालाई लेखकको रूपमा नाम दिएको छ ।
- यशैयाका सबै प्रारम्भिक हिब्रू प्रतिलिपिहरूले पुस्तकलाई एउटै पुस्तकको रूपमा देखाउँछन् । त्यहाँ कुनै प्रमाण छैन कि यशैया १–३९ र ४०–६६ लाई कहिले पनि दुई अलग पुस्तकको रूपमा व्यवहार गरिएको थियो ।
- नयाँ करार यशैयाको बीस सन्दर्भहरू छन् । यी सन्दर्भहरू यशैयाका दुवै खण्डहरूबाट आउँछन् र यशैयालाई सम्पूर्ण पुस्तकको लेखकको रूपमा व्यवहार गर्छन् ।[२८९]

## यशैया आज बोल्छन्

यशैयाको सन्देश उनको दिन र हाम्रो समयका लागि सान्दर्भिक थियो । इस्राएललाई धर्मत्यागलाई पछ्याउने वा परमेश्वरप्रति वफादार रहने छनौटको सामना गर्नुपर्ने राष्ट्रको रूपमा रहनुपर्यो । यशैयाले परमेश्वरप्रति विश्वासयोग्य नरहनेहरूलाई आउने न्यायको बारेमा बताए । उहाँले यहूदा र अन्य राष्ट्रहरू दुवैलाई चेतावनी दिनुभयो कि इस्राएलका पवित्र परमेश्वरले पापलाई बेवास्ता गर्न सक्नुहुन्न । आजको अनुमोदनात्मक संस्कृतिमा, हामीले याद गर्नैपर्छ कि परमेश्वरले पापको न्याय गर्नुहुन्छ ।

२८९ उदाहरणहरूमा मत्ती ३:३, प्रेरित ८:२८, र रोमी ९:२७-२९ समावेश छन् । यूहन्ना १२:३८-४१ विशेष गरी महत्त्वपूर्ण छ किनभने यूहन्नाले यशैया ६:१० र ५३:१ लगातार पदहरूमा उद्धृत गरेका छन् । यूहन्नाले दुवै सन्दर्भलाई यशैयाबाट आएको मान्छन् ।

छिट्टै बेबिलोनी निर्वासनको सामना गर्ने राष्ट्रलाई यशैयाले परमेश्वरप्रति वफादार रहने बाँकी रहेकाहरूलाई परमेश्वरको आशिषबारे बताउनुभयो। ख्रीष्टियनहरूले आजको दिनहरूमा जोखिमको सामना गर्नुपर्दा, हामीले यो याद गर्नैपर्छ कि परमेश्वरले विश्वासयोग्य रहनेहरूलाई आदर गर्नुहुन्छ। उहाँले पश्चात्ताप गर्नेहरूलाई सुन्ने र पुनर्स्थापित गर्ने प्रतिज्ञा गर्नुहुन्छ। यशैयाले २१ औं शताब्दीका आवश्यकताहरूलाई शक्तिशाली रूपमा व्यक्त गर्छन्।

## निष्कर्ष: नयाँ करार यशैया

यशैया पुरानो करार पुस्तकहरू मध्ये एक हो जुन नयाँ करार प्रायः उद्धृत गरिएको छ। यशैयाका मुख्य विषयवस्तुहरू जुन नयाँ नियममा प्रयोग गरिएकोछः

- बप्तिस्मा–दिने यूहन्ना मरुभूमिमा कराइरहेको आवाजको रूपमा (यशैया ४०:३; मत्ती ३:३)
- येशुको जन्म कुमारीबाट भयो (यशैया ७:१४; मत्ती १:२३)
- येशुले दृष्टान्तहरूको प्रयोग गर्नुहुन्छ (यशैया ६: ९–१०; मत्ती १३ :१३–१५)
- अन्यजातिहरूलाई येशुको सेवा (यशैया ९:१–२ र ६१:१ –३; मत्ती ४:१३– १६ र लूका ४:१४–२१)
- राष्ट्रहरूको रूपान्तरण (यशैया ११:१० ६५:१ ; रोमी १५:१२ र १०:२०)

येशुको सेवकाइभरि, सुसमाचारका लेखकहरूले येशुलाई यशैयाका भविष्यवाणीहरूको पूर्तिको रूपमा हेरे। आफ्ना जनहरूलाई पुनर्स्थापना र छुटकारा दिने परमेश्वरका प्रतिज्ञाहरू बेबिलोनबाट फर्कने क्रममा आंशिक रूपमा पूरा भए; नासरतका येशुको उद्धार कार्यमा प्रतिज्ञाहरू अझ पूर्ण रूपमा पूरा भए। आधारभूत र अन्तिम पूर्ति तब देखिनेछ जब परमेश्वरको परिवार परमेश्वरको सिंहासनको वरिपरि आराधनामा पुनर्मिलन हुन्छ।

## पाठ ९ गर्नुपर्ने कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठमा तपाईंको बुझाइ देखाउनुहोस्ः

१. निम्न गर्नुपर्ने कार्यहरू मध्ये **एउटा** छान्नुहोस्ः

विकल्प १: समूहमा गर्नुपर्ने कार्य

यशैया ५३ मा येशुको वर्णनको चर्चा गर्नुहोस्। येशुले यी भविष्यवाणीहरू कसरी पूरा गर्नुभयो भनी देखाउनुहोस्। तपाईंको समूहको छलफलको संक्षिप्त सारांश लेख्नुहोस्।

विकल्पः२ व्यक्तिगत गर्नुपर्ने कार्य

यशैयाको पुस्तक पढ्दा, आउँदै गर्नुभएको मसीहको बारेमा भविष्यवाणीहरूको सूची बनाउनुहोस्। यशैयाका पवित्रशास्त्रहरू सूचीबद्ध गर्नुहोस् जसमा मसीहको भविष्यवाणी समावेश छ र त्यसपछि भविष्यवाणीको पूर्ति देखाउने नयाँ नियमका पवित्रशास्त्रहरू सूचीबद्ध गर्नुहोस्।

२. यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ।

## पाठ ९ परीक्षा

१. अगमवक्ताहरूले आफ्नो सन्देश होइन, परमेश्वरको वचन ल्याइरहेका थिए भनी कुन वाक्यांशले देखाउँछ ?

२. अगमवक्ताहरूलाई वर्णन गर्न "________" नामको प्रयोगले देखाउँछ कि परमेश्वरले भविष्यका सत्यहरू आफ्ना अगमवक्ताहरूलाई प्रकट गर्नुभयो ।

३. भविष्यसूचक पुस्तकहरूमा देखा पर्ने तीनवटा विषयवस्तुहरू सूचीबद्ध गर्नुहोस् ।

४. परमप्रभुको दिनले तीनवटा पक्षहरूलाई समावेश गर्छन् । तिनीहरू के के हुन्?

५. यशैयाले यहूदाका कुन चार राजाहरूको शासनकालमा सेवा गरे ?

६. यशैयाको पुस्तकको लागि दुईवटा उद्देश्यहरू सूचीबद्ध गर्नुहोस् ।

७. यशैयामा बाँकी रहेकाहरू को हुन्?

८. परमेश्वरको पवित्रता र परमेश्वरको सार्वभौमिकता देखाउनको लागि यशैयामा परमेश्वरको कुन नाम प्रयोग गरिएको छ ?

९. यशैयालाई यशैयाको सम्पूर्ण पुस्तकको लेखकको रूपमा स्वीकार गर्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस् ।

१०. नयाँ नियममा प्रयोग गरिएका यशैयाका दुईवटा चित्रहरू सूचीबद्ध गर्नुहोस् ।

११. आफूले कण्ठ आफूले कण्ठ गरेकव यशैया ९:६-७ लेख्नुहोस् ।

# पाठ १०

# यर्मिया र विलाप

### पाठका उद्देश्यहरू

१. यर्मियाको सम्भावित मिति र ऐतिहासिक स्थिति जान्नु ।

२. यर्मियाको प्राथमिक विषयवस्तु र उद्देश्यहरूलाई रूपरेखांकन गर्न सक्षम हुनु ।

३. अगमवक्ताहरूको लेखोटमा भविष्यसूचक इन्साफ पहिचान गर्नु ।

४. यरूशलेमको पतनको त्रासदीलाई महसुस गर्नु ।

५. यर्मियाको सान्त्वनाको सन्देशको कदर गर्नु ।

६. यर्मियाको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नु ।

## यस पाठको लागि गर्नुपर्ने तयारी

*यर्मिया र विलापल पढ्नुहोस् ।*

*विलाप ३:२१-२४ कण्ठ गर्नुहोस् ।*

## परिचय

बाइबलको दोस्रो सबैभन्दा लामो पुस्तक यर्मियाले यरूशलेमको पतन हुनुअघिको अन्तिम दिनहरूको चित्र दिन्छ । यर्मियालाई परमेश्वरका मानिसहरूको पाप र परमेश्वरको सहरको विनाशको लागि विलापको कारणले "रुन्चे अगमवक्ता" भनेर चिनिन्छ ।

यर्मियाको पुस्तकमा हामी यहूदाका मानिसहरूलाई परमेश्वरको सन्देश पुऱ्याउन अगमवक्ताको सङ्घर्ष देख्छौं । विलापको पुस्तकमा, हामी अगमवक्ताको शोकलाई देख्छौं जब उनले आफ्नो प्यारो सहर यरूशलेम बेबिलोनद्वारा नष्ट भएको देख्छन् ।

## यर्मिया र विलापको पुस्तकको एक झलक

**लेखक:** यर्मिया
**श्रोता:** यहूदा
**मिति:** ६२७-५८० इ.पू.
**विषयवस्तु:** यरूशलेमको पतन
**उद्देश्य:**

- यहूदालाई आउने न्यायको चेतावनी दिन
- यरूशलेमको विनाशलाई अभिलेख गर्न

**यर्मियामा रहेको सुसमाचार** :

- यहूदामा मुक्ति ल्याउने धार्मिक हाँगाको रूपमा येशु. आउनुभयो (यर्मिया २३:१-८)।
- यर्मिया जस्तै येशुलाई पनि उहाँका मानिसहरूले अस्वीकार गरे।
- यर्मिया जस्तै, पावलले कुमाले र माटोको सन्देशमा परमेश्वरको अनुग्रह देखे।

## यर्मियाको पृष्ठभूमि

## यर्मिया र विलापको ऐतिहासिक स्थिति

यर्मिया हिल्कियाहका छोरा थिए, जो यरूशलेमबाट पाँच किलोमिटर उत्तरमा रहेको लेवीहरूको सहर अनातोतका पूजाहारी थिए। आफ्नो बुबालाई पुजाहारीको पदमा पछ्याउनुको सट्टा, यर्मियालाई अगमवक्ताको रूपमा सेवा गर्न बोलाइयो। उनको बाँकी जीवन यहूदा विरुद्धको आसन्न न्यायको परमेश्वरको सन्देश ल्याउनमा समर्पित थियो। यरूशलेममा आउँदै गरेको समस्याको संकेतको रूपमा, परमेश्वरले यर्मियालाई विवाह नगर्न आज्ञा दिनुभयो।[२९०]

यर्मियाले हत्याको प्रयास, कुटपिट, देशद्रोहको आरोप र कैदलगायत ठूलो विरोधको सामना गरे। यरूशलेमको पतन पछि, एक समूहले यर्मियालाई उनको इच्छा विरुद्ध मिश्रमा लगे।[२९१]

यर्मियाले यरूशलेमको पतन अघि चालीस वर्षको दौरान भविष्यवाणी गरे। उनले सम्भवतः यहूदाका अन्तिम असल राजा योशियाहको शासनकालमा आफ्नो सेवकाइ सुरु गरेका थिए। ६०९ इ.पू. मेगिद्दोमा इजिप्टियन फारो नेकोसँग लड्दा जोशियाहको मृत्यु भएको थियो। यसले यहूदाको लागि पतनको अवधि सुरु भयो। योशियाहका छोरा, यहोआहाजले मिश्रमा लगिएको तीन महिनाअघि मात्र सेवा गरे। मिश्रले उसको भाइ यहोयाकिमलाई सिंहासनमा बसायो। ६०५ इ.पू. मा बेबिलोनले यरूशलेममा आक्रमण गर्यो र यहूदी कैदीहरूको पहिलो समूहलाई निर्वासनमा लगे।[२९२]

---

२९० यर्मिया १६:१-४

२९१ यर्मिया ११:१८-२३; २६:१-१५; २०:२; ३७:११-१६; ३८:१-१३; र ४३:१-७

२९२ निर्वासितहरूको पहिलो समूहमा दानिएल र उनका साथीहरू (दानिएल १:१-७) थिए।

५९८ इ.पू. मा यहोयाकिमले बेबिलोनको विरुद्ध विद्रोह गरे तर बेबिलोनले यरूशलेमको घेराबन्दी गर्दा उनको मृत्यु भयो। नबूकदनेसरद्वारा पराजित हुनु अघि उनका छोरा, यहोयाकिनले मात्र तीन महिना शासन गरे। यहोयाकिनलाई ५९७ इ.पू. मा निर्वासितहरूको दोस्रो समूहको साथ बेबिलोन लगियो। [२९३] नबूकदनेसरले योशियाहका अर्को छोरा सिदकियाहलाई सिंहासनमा राखे। सिदकियाहले ५८६ इ.पू., सम्म शासन गरे, तर यो यहूदाको लागि स्थिर गिरावटको अवधि थियो। सिदकियाहले यर्मियाको चेतावनी सुन्न इन्कार गरे, अगमवक्तालाई झ्यालखानामा समेत हालिदिए।

बेबिलोनी शासनलाई ध्वस्त पार्ने प्रयास गर्दै, सिदकियाहले अन्य राजाहरूसँग गठबन्धन गर्ने प्रयास गरे।[२९४] जवाफमा, नबूकदनेसरले ५८७-५८६ इ.पू. मा फेरि यहूदामाथि आक्रमण गरे। यो तेस्रो आक्रमणको समयमा, नबूकदनेसरले यरूशलेमलाई बर्खास्त गरे र गदल्याहलाई राज्यपाल नियुक्त गरे।[२९५] उनको बाँकी राष्ट्रिय इतिहास मार्फत हेर्दा, यहूदाले फेरि कहिल्यै दाऊद जस्तो राजा प्राप्त गर्नेछैन।

यर्मियाको सेवाकाइ तीन चरणमा विभाजन गर्न सकिन्छ:

- ६२७-६०५ इ.पू. मा यहूदालाई अश्शूर र मिश्रले धम्की दिएको बेलामा उनले भविष्यवाणी गरे।
- ६०५-५८६ इ.पू. मा बेबिलोनले यहूदामाथि आक्रमण गर्दा तिनले अगमवाणी गरे।
- ५८६-लगभग ५८० इ.पू. मा यहूदाको पतनपछि तिनले यरूशलेम र मिश्रमा सेवा गरे।

## उद्देश्य

यर्मियाले यहूदालाई परमेश्वरको धीरजी चेतावनीहरू देखाउँछन्। तिनीहरूले पश्चात्ताप गर्न इन्कार गरेकोले, परमेश्वरको न्याय उनीहरू माथि पक्का थियो। यर्मियाले परमेश्वरप्रति वफादार रहेका बाँकी रहेकाहरूलाई पुनर्स्थापना गर्ने प्रतिज्ञा पनि ल्याए। यर्मियालाई सुन्नेहरूले तिनको सन्देशको जवाफ दिएनन् तर तिनले छोडेको पुस्तकले यहूदाको अन्तिम दिनहरूमा परमेश्वरको वफादारीको अभिलेख दिन्छ।

## यर्मियाको संक्षिप्त विवरण

यर्मियाको पुस्तकले कालक्रमलाई पछ्याउदैन। यसमा यर्मियाको जीवनकालको ठूलो तनावसँग सम्बन्धित हुन सक्ने स्पष्ट संरचनाको अभाव छ।

तपाईंले यर्मियाको जीवन र यरूशलेमको पतनको बारेमा निम्न अध्यायहरू पढेर एक संक्षिप्त विवरण प्राप्त गर्न सक्नुहुन्छ:

२९३ निर्वासितहरूको दोस्रो समूहमा इजकिएल (इजकिएल १:१-३) समावेश थिए।

२९४ यर्मिया २७:१-१५

२९५ यर्मिया ३९-४०

| अध्याय | मिति (अनुमा नित) | विषय |
|---|---|---|
| १ | ६२७ इ.पू. | यर्मियाको बोलावट |
| ७ | ६०९-५९७ इ.पू. | मन्दिरको उपदेश |
| ११-१३ | अनिश्चित | यर्मियाको सेवकाइको विरोध |
| २६ | ६०८ इ.पू. | यर्मियालाई मार्ने धम्की |
| २५ | ६०५ इ.पू. | सत्तरी वर्ष कैद |
| ३६ | ६०५ इ.पू. | यहोयाकिमले यर्मियाको मुठा जलाए |
| २९ | ५९७ इ.पू. | निर्वासितहरूलाई पत्र |
| २० | ५९७-५८६ इ.पू. | पशुर पुजाहारी द्वारा विरोध |
| २७-२८ | ५९४ इ.पू. | हनन्याहसँग मतभेद मतभेद |
| ३२ | ५८८ इ.पू. | यर्मियाले खेत किन्छन् |
| ३७-३८ | ५८८ इ.पू. | यर्मिया कैदमा परेका छन् |
| ३९ र ५२ | ५८६ इ.पू. | यरूशलेमको पतन |
| ४०-४१ | ५८६ इ.पू. | गभर्नरको रूपमा गदल्याह |
| ४२-४३ | ५८६/५८५ इ.पू. | यर्मियालाई मिश्रमा लगियो |

बाँकी अध्यायहरूले परमेश्वरका जनहरूलाई यर्मियाका सन्देशहरू अभिलेख गर्दछ, तीसन्देशहरू जसलाई उनका श्रोताहरूले धेरै हदसम्म बेवास्ता गर्छन्।

## यर्मियाको रूपरेखा

### यर्मियाको बोलावट (यर्मिया १)

» सेवकाइमा तपाईंको बोलावटको वर्णन गर्नुहोस्। तपाईंको सेवकाइमा यो बोलावट कसरी पुष्टि भयो ?

यर्मियाको जन्म हुनु अघि, परमेश्वरले उनलाई राष्ट्रहरूको लागि एक अगमवक्ता नियुक्त गर्नुभयो। जब परमेश्वरले उनलाई अगमवक्ता हुन बोलाउनुभयो, यर्मियाले जवाफ दिए कि उनी अझै बालकै थिए र यस्तो जिम्मेवारी लिन तयार थिएनन्। परमेश्वरले यर्मियाको बोलावटलाई पुष्टि गर्नको लागि तीनवटा चिन्हहरूका साथ जवाफ दिनुभयो:

1. परमेश्वरले यर्मियाको मुख छोएर उहाँका शब्दहरू उनको मुखमा हालिदिनु भयो (यर्मिया १:९-१०)।

2. परमेश्वरले यर्मियालाई बादामको रूखको दर्शन दिनुभयो र उनलाई भन्नुभयो कि उहाँले आफ्नो वचन पूरा भएको

हेर्दै हुनुहुन्छ (यर्मिया १:११-१२)।[२९६]

३. देशमा खन्याइएको न्यायको प्रतिनिधित्व गर्दै, परमेश्वरले यर्मियालाई उम्लँदै गरेको भाँडोको दर्शन दिनुभयो। (यर्मिया १:१३-१४)।

## यहूदाको करार प्रति अविश्वास (यर्मिया २–१०)

उपदेशहरू, वस्तु पाठहरू र दृष्टान्तहरू मार्फत, यर्मियाले यहूदाको करारप्रतिको अविश्वासको चित्रण गर्दछ। यहूदा एक विश्वासघाती पत्नी जस्तै हो जसले अरू प्रेमीहरूलाई पछ्याउँछे। यर्मिया ७ को "मन्दिरको उपदेश" मा, अगमवक्ताले मन्दिरको कारणले उद्धार पाउने विश्वास गर्ने उपासकहरूलाई निन्दा गर्छन्। जसरी परमेश्वरले शिलोह (इस्राएलको पहिलेको आराधनास्थल) लाई ध्वस्त हुन दिनुभयो, त्यसरी नै उहाँले मन्दिरलाई पनि नष्ट गर्न अनुमति दिनुहुनेछ।[२९७] परमेश्वरको घर लुटेराहरूको ओडार बनेको छ र अब पवित्र छैन, किनकि आराधना गर्नेहरू पवित्र छैनन्।

## यर्मियाले परमेश्वर र यहूदासँग सङ्घर्ष गर्छन् (यर्मिया ११–२०)

"यर्मियाको स्वीकार" भनिने यस खण्डमा प्रार्थनाहरू समावेश छन् जसमा यर्मियाले आफ्ना श्रोताहरूको जिद्दीपनको बारेमा परमेश्वरलाई गुनासो गर्छन्। यर्मियालाई उनको सन्देश अस्वीकार गर्ने र सन्देशवाहकलाई मार्ने षड्यन्त्र गर्ने मानिसहरूलाई प्रचार गर्न पठाइएको छ।

यस्तो निराशाको सन्देश प्रचार गर्दा यर्मिया निराश हुन्छन्। परमेश्वरले यर्मियालाई भन्नुहुन्छ, "यद्यपि मोशा र शमूएल मेरो सामु उभिए तापनि मेरो हृदय यी मानिसहरूतर्फ फर्किनेछैन।"[२९८] किनकि यहूदाले पश्चात्ताप गर्न अस्वीकार गर्‍यो, त्यहाँ न्याय बाहेक केही बाँकी छैन। झूटा अगमवक्ताहरूले मानिसहरूलाई भनेका छन् कि परमेश्वरले शान्ति ल्याउनुहुनेछ; यसको सट्टामा तिनीहरू मर्नेछन् वा कैदमा जानेछन्।[२९९] धर्मत्यागी यहूदाको लागि कुनै शान्ति हुनेछैन।

## यहूदाका शासकहरू र भविष्यवक्ताहरूसँग यर्मियाको मतभेद (यर्मिया २१–२९)

यर्मियाले राजा यहोयाकिमको सामना गर्छन्, जसले आफ्नो बुबाको परमेश्वरको आज्ञाकारिताको मार्ग पछ्याएनन्। राजाको अन्त्येष्टिसँग सम्बन्धित विस्तृत अनुष्ठानको सट्टा, यर्मियाले यहोयाकिमलाई सहरको ढोकाबाहिर तानेर मरेको गधा जस्तै फ्याँकिनेछ भनी भविष्यवाणी गर्छन्।

यर्मियाले झूटा अगमवक्ताहरूको सामना गर्छन् जसले परमेश्वरको अगाडि दोषी ठहरिएका मानिसहरूलाई आशाको झूटा सन्देशहरू दिइरहेका छन्।

घेराबन्दीको समयमा, यर्मिया न्यायको सन्देश लिएर मानिसहरूको सामना गर्न मन्दिरबाहिर उभिन्छन्। तिनले उनीहरूले सत्तरी वर्षको कैदको सामना गर्नेछन् भनी तिनीहरूलाई बताउँछन्। परमेश्वरको क्रोधको कचौरा भरिएको छ; यरूशलेमले परमेश्वरलाई त्याग्ने सबै राष्ट्रहरूसँगै कचौरा पिउनेछ।

---

२९६ बदामको रूखको चिन्ह हिब्रू शब्दको खेल हो। "बदाम" हिब्रू शब्द *शाकेद हो; "*वाच" शब्द हो *शाकेद।* वसन्त ऋतुमा बदामको रूख पहिलो पटक फुल्ने भएकोले हिब्रू मानिसहरूले बादामको रूखले "वसन्त ऋतुको लागि बाटो हेरेको" भन्थे। त्यसै गरी, परमेश्वरले यर्मियालाई भविष्यसूचक सन्देशको पूर्ति भएको हेर्दै छु भनी बताउनुहुन्छ।

२९७ यर्मिया ७:१४; १ शमूएल १:३ र४:२-११

२९८ यर्मिया १५:१

२९९ यर्मिया १४:३-१६ र१५:२-९

यर्मियाले बेबिलोनमा यरूशलेमको भावी अधीनताको प्रतीकको रूपमा आफ्नो घाँटीमा जुवा लगाउँछन् । एक झूटा अगमवक्ता, हनन्याहले, परमेश्वरले चाँडै नै नबूकदनेसरबाट राष्ट्रलाई मुक्त गर्नुहुनेछ भनी यो जुवा तोड्छन् । न्यायमा, परमेश्वरले हनन्याहको जीवन लिनुहुन्छ ।

यस खण्डमा अन्तिम भविष्यवाणी बेबिलोनमा निर्वासितहरूलाई पत्रको रूपमा आउँछ । यद्यपि हनन्याह र अन्य झूटा अगमवक्ताहरूले बेबिलोनको पराजयको भविष्यवाणी गरिरहेका छन्, यर्मियाले निर्वासितहरूलाई बेबिलोनमा घरहरू बनाउन, बगैंचाहरू रोप्न र शान्तिको लागि प्रार्थना गर्न भन्छन्, किनभने तिनीहरू त्यहाँ सत्तरी वर्षसम्म रहनेछन् ।

## भविष्यको पुनर्स्थापनाको प्रतिज्ञा (यर्मिया ३०–३३)

यी अध्यायहरूलाई प्रायः "सान्त्वनाको पुस्तक" भनिन्छ । यर्मियाको धेरैजसो सन्देश न्यायको सन्देश भए तापनि परमेश्वरले यहूदालाई भूमिमा पुनर्स्थापित गर्नुहुनेछ भनी आफ्ना श्रोताहरूलाई बताउँछन् । यद्यपि इस्राएल करारप्रति अविश्वासी भएको छ, परमेश्वरले तिनीहरूको हृदयमा नयाँ करार लेख्नुहुनेछ र तिनीहरूको पापलाई सम्झनुहुनेछैन । [३००]

परमेश्वरले यर्मियालाई आफ्नो भाइ हनस्थितिबाट एक टुक्रा जग्गा किन्न भन्नुहुन्छ । यरूशलेम चाँडै नष्ट हुनेछ किनभने यो एक आश्चर्यजनक आदेश हो! जब यर्मियाले व्याख्याको लागि सोध्छन्, परमेश्वरले त्यो दिन आउँदैछ भनेर अद्भुत प्रतिज्ञा दिनुहुन्छ जब "पैसामा खेतहरू किनिनेछन्, र कामहरूमा हस्ताक्षर र छाप लगाइनेछ र गवाही दिइनेछ ... किनकि म तिनीहरूको भाग्य पुनर्स्थापित गर्नेछु, परमप्रभु घोषणा गर्नुहुन्छ ।"[३०१] परमेश्वरले आफ्ना मानिसहरूलाई बिर्सनु भएको छैन । न्यायमा पनि, उहाँले भविष्यको पुनर्स्थापनाको प्रतिज्ञा गर्नुहुन्छ ।

## यरूशलेमका अन्तिम दिनहरू (यर्मिया ३४–४५)

अध्याय ३४-४५ ले यरूशलेमको अन्तिम दिनहरू अभिलेख गर्दछ । यहूदाका नेताहरूले अन्तिम घडीसम्म परमेश्वरको वचनलाई अस्वीकार गरिरहन्छन् । घेराबन्दीको समयमा उनको विनाशको सन्देशको कारण यर्मियालाई देशद्रोहीको रूपमा व्यवहार गरिन्छ, र कैद गरिन्छ । यद्यपि, परमेश्वरको न्यायको सन्देश पूरा हुन्छ: यरूशलेमको पतन हुन्छ, राजा सिदकियाहलाई कब्जा गरिन्छ, र सिदकियाह अन्धो हुनु अघि उनका छोराहरूलाई मारिन्छ । सिदकियाहले देखेको अन्तिम कुरा आफ्ना छोराहरूको मृत्यु हो ।

बेबिलोनी कठपुतली गभर्नर, गदलियाहको हत्या भएपछि, यहूदीहरूको एउटा समूह यर्मिया र तिनको सचिव, बारूकलाई लिएर मिश्रतिर भाग्छ । मिश्रमा पनि धेरै यहूदीहरूले मूर्तिपूजा गरिरहन्छन् । यर्मियाले तिनीहरूको निरन्तर मूर्तिपूजाको परिणाम स्वरूप थप दुःखकष्टहरू भोग्नुपर्ने भविष्यवाणी गर्छन् ।

## अन्य राष्ट्रहरूका लागि भविष्यवाणीहरू (यर्मिया ४६–५१)

यर्मियाको अधिकांश भाग यहूदामा न्यायको सन्देशमा समर्पित भए तापनि परमेश्वरको सार्वभौमिकता अन्य राष्ट्रहरूमा फैलिएको छ । भविष्यसूचक वचनहरूको शृङ्खलामा, यर्मियाले मिश्र, पलिश्ती, मोआब, अम्मोन, एदोम, दमस्कस, केदार, हासोर र एलामको विरुद्धमा भविष्यवाणी गरे । अन्ततः, यो हुनुभन्दा पचास वर्ष पहिले, यर्मियाले बेबिलोन मादीहरूमा पतन हुने भविष्यवाणी गरे । [३०२]

---

३०० यर्मिया ३१:३१-३४

३०१ यर्मिया ३२:४४, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

३०२ यर्मिया ५१:११ । ५५० इ.पू. मा, मादीहरूलाई साइरसद्वारा फारसी साम्राज्यमा आत्मसात गरियो । यस साम्राज्यले ५३९ इ.पू. मा बेबिलोनलाई ध्वस्त पारेको थियो । र इस्राएलका मानिसहरूलाई यरूशलेम फर्कन अनुमति दिएको थियो ।

यस खण्डले देखाउँछ कि परमेश्वर सबै मानिसहरूमाथि सार्वभौम हुनुहुन्छ। परमेश्वरले इस्राएलको न्याय गर्न अन्य राष्ट्रहरू प्रयोग गर्नुभयो, तर उहाँले त्यसपछि ती राष्ट्रहरूको न्याय गर्नुहुनेछ र उहाँका मानिसहरूलाई यरूशलेममा पुनर्स्थापित गर्नुहुनेछ। इस्राएललाई दण्ड दिन परमेश्वरले अश्शूरलाई प्रयोग गर्नुभयो; त्यसपछि उहाँले नबूकदनेसरलाई अश्शूरलाई पराजित गर्न अनुमति दिनुभयो। निर्वासन पछि, परमेश्वरले यहूदालाई पुनर्स्थापना र क्षमा गर्नुहुनेछ।[३०३]

### यरूशलेमको पतनको पुनरावृत्ति भयो (यर्मिया ५२)

यर्मियाले यरूशलेमको पतनको पुन: वर्णन गरेर अन्त्य गर्छन्। यर्मिया ५२ ले समानान्तर गर्छ २ राजा २४-२५ र यर्मिया ३९ लाई। पुस्तक आशाको टिप्पणीको साथ समाप्त हुन्छ। नबूकदनेसरका उत्तराधिकारी, दुष्ट-मेरोदकले राजा यहोयाकिनलाई जेलबाट रिहा गरे र राजाको टेबुलबाट खाना खान दिए। यसले यर्मियाका पाठकहरूलाई दाऊदको वंश सुरक्षित गरिएको छ भनेर स्मरण गराउँछ। निर्वासनमा पनि परमेश्वरले आफ्ना मानिसहरूको हेरचाह गर्न जारी राख्नुहुन्छ।

## भविष्यसूचक इन्साफलाई नजिकबाटको अवलोकन

पेन्टाट्यूकमा, हामीले इस्राएलको इतिहासमा करारको महत्त्वलार्इ देख्यौं। मोशाको व्यवस्था इस्राएललाई शासन गर्ने नियमहरूको संकलन भन्दा धेरै थियो। इस्राएलसँगको परमेश्वरको करार प्रेमको सम्बन्धमा आधारित थियो। इस्राएलको अनाज्ञाकारिताले परमेश्वर र इस्राएललाई एकै ठाउँमा बाँधेको करारको उल्लङ्घन गर्यो।

अगमवक्ताहरूले प्रायः मोशाको व्यवस्थालाई देखाउँछन् कि इस्राएलले परमेश्वरसँगको उहाँको करारका शर्तहरूलाई तोडेको छ। हामी यी आरोपहरूलाई "भविष्यवाणी इन्साफ," यहूदा विरुद्धको आरोपहरूको सूची भन्छौं। यर्मियाले यहूदाले करार उल्लङ्घन गरेको देखाउँछ र करारको अंशको रूपमा भएका श्रापहरू भोग्नुपर्छ। तलको चार्टले यर्मियामा भविष्यसूचक इन्साफको तत्वहरू देखाउँछ।

---

३०३ यर्मिया ५०:१७-२०

| भविष्यसूचक इन्साफ | यर्मिया |
|---|---|
| **आहत पुऱ्याउने पक्षलाई सम्बोधन** | "हे याकूबको घराना, र इस्राएलको घरानाका सबै परिवारहरू हो, परमप्रभुको वचन सुन" (यर्मिया २:४)। |
| **यहूदालाई परमेश्वरको भलाइको सम्झना** | "मैले तिमीहरूलाई प्रशस्तताको देशमा ल्याएँ, त्यहाँको फल खान र त्यसको असल कुराको उपभोग गर्न।" (यर्मिया २:५-७)। |
| **इस्राएलको विरुद्धमा आरोप** | "यसैकारण म फेरि तिमीहरू र तिमीहरूका नातिनातिनाका विरुद्धमा दोष लगाउनेछु," परमप्रभु भन्नुहुन्छ। तर मेरो प्रजाले त आफ्नो गौरव व्यर्थका मूर्तिहरूसित साट्यो....। "मेरा प्रजाले दुई वटा पाप गरेका छन्: मलाई, जिउँदो पानीको मूललाई, तिनीहरूले त्यागेका छन्, र पानी नरहने फुटेका कुण्डहरू आफ्ना निम्ति खनेका छन्।" (यर्मिया २:९-१३)। |
| **यहूदाको विरुद्धमा साक्षीहरूको बोलावट** | "हे आकाशमण्डल, यस कुरामा तिमीहरू चकित होओ, र ठूलो डरले थरथर काम, परमप्रभु भन्नुहुन्छ" (यर्मिया २:१२)। |
| **यहूदाको अविश्वासको लागि विलाप** | "के कुमारीले आफ्ना रत्नहरू, दुलहीले आफ्ना विवाहका गरगहनाहरू बिर्सन सक्छे र ? तर मेरो प्रजाले त मलाई गन्नै नसकिने दिनदेखि बिर्सिसक्यो" (यर्मिया २:३१-३२)। |
| **यहूदाले पश्चात्ताप गरेमा पुनर्स्थापनाको प्रतिज्ञा** | "परमप्रभु घोषणा गर्नुहुन्छ, हे अविश्वासी सन्तानहरू, फर्क....। त्यस बेला यरूशलेम 'परमप्रभुको सिंहासन' भनिनेछ, र सबै जातिहरू परमप्रभुको नाउँलाई महिमा दिन यरूशलेममा भेला हुनेछन्" (यर्मिया ३:१३-१७)। |

# विलाप

## विलापको पृष्ठभूमि र संरचना

यद्यपि विलापको पुस्तकले लेखकको पहिचान गर्दैन, यहूदी र ख्रीष्टियन परम्पराले यर्मियालाई यसपुस्तकको लेखकको श्रेय दिन्छ। यो पुस्तकको मुख्य विषय यरूशलेम पतनको पछि तुरुन्तै रचना गरिएको थियो। सम्भवतः यर्मियाले मिश्रमा कैद हुनु अघि विलापको पुस्तक लेखेका थिए।

विलाप पुस्तकमा यरूशलेमको विनाशको विलाप गर्ने पाँचवटा कविताहरू छन्। यी कविताहरूले कविको व्यक्तिगत शोकलाई व्यक्त गरेका छन्।

विलाप ५ बाहेक प्रत्येक अध्याय एक्रोस्टिक भनिने विशेष रूपमा छ। हिब्रू वर्णमालामा २२ अक्षरहरू छन्। विलाप १, २, र ४ मा प्रत्येक अक्षरले एउटा पद सुरु गर्छ। विलाप १:१ *आलेफ*, हिब्रू वर्णमालाको पहिलो अक्षरबाट सुरु हुन्छ। विलाप १:२ *बेथ* बाट सुरु हुन्छ र ढाँचा अध्यायमा जारी रहन्छ। विलाप ३ मा छैंसठ्ठी पदहरू छन्, प्रत्येक तीन पदका बाइस। यस काव्यात्मक रूपको प्रयोगले यर्मियाको शोकको बहावलाई संरचना दिन्छ।

## विलापको उद्देश्य

यी कविताहरूले यरूशलेमको पतनमा लेखकको ठूलो शोक अभिलेख गर्दछ। यरूशलेमको पीडा यहूदाको पापको परिणाम हो, परमेश्वरको असफलता होइन भनी तिनीहरूले स्पष्ट पार्छन्। यर्मियाको पुस्तकले यरूशलेमको आउँदै गरेको पतनलाई अगाडि हेर्छ; विलापको पुस्तकले शहरको पतनलाइ फर्केर हेर्छ।

**यरूशलेमको पतनको दुई दृष्टिकोणहरू**




## विलापको सन्देश

विलाप दुखबाट प्रार्थनामा परिवर्तन हुन्छ। यो यरूशलेमको दुखद अन्त्यको वर्णन गर्दै विलाप संगै सुरु हुन्छ। यो एक समयको महान् सहर विधवा भएको छ। तिनी परमेश्वरप्रति अविश्वासी थिइन्, र अब उहाँले तिनका वहुसंख्यक अपराधहरूको लागि तिनलाई दुःख दिनुभएको छ।[३०४] विलापको धर्मशास्त्र राजाहरू र यर्मियासँग मिल्दोजुल्दो छ। यी पुस्तकहरूले देखाउँछन् कि यरूशलेमको पतन भयो:

- मानिसहरूका पापहरूका कारण (विलाप १:१८)
- झूटा अगमवक्ताहरू र पापी पुजाहारीहरूको कारण (विलाप ४:१३)

विलाप ३ ले यरूशलेमको लागि शोक गर्न जारी राख्छ, तर यसले परमेश्वरको कृपाको विषयवस्तु प्रस्तुत गर्दछ। विलाप ३:१९-३९ परमेश्वरको भलाइ र अटल प्रेमको प्रतिबिम्ब हो।

यरूशलेमको घेराबन्दी (विलाप ४) को समयमा अवस्थाहरूको वर्णन गर्ने अर्को विलापपछि, कवि पुनर्स्थापनाको लागि प्रार्थनाको साथ समाप्त गर्छन्। विलापले यहूदाको एक मात्र आशा भनेको परमेश्वरको कृपा नै हो भनेर बुझ्छ: "हे परमप्रभु, हामीलाई तपाईंमा पुनर्स्थापित गर्नुहोस्, ताकि हामी पुनर्स्थापित हुन सकौं!"[३०५]

## यर्मिया आज बोल्छ।

समकालीन मण्डलीको भाग, आज ख्रीष्टियनहरू, विशेष गरी सेवकहरूलाई स्वास्थ्य र धनको प्रतिज्ञा गर्ने शिक्षाद्वारा बन्दी बनाइएको छ। केही देशहरूमा, समृद्धिको सुसमाचारका प्रचारकहरू राष्ट्रका सबैभन्दा धनी व्यक्तिहरू हुन्; गरिबहरूले यी अगुवाहरूको भव्य जीवनशैलीलाई समर्थन गर्न बलिदान दिन्छन्। यो दृष्टिकोण बाइबलीय आदर्शबाट टाढा छ।

परमेश्वरको सन्देशप्रतिको इमान्दारीता अमूल्य छ भनी यर्मियाले देखाउँछन्। यर्मियाले परमेश्वरको आह्वानप्रतिको आफ्नो प्रतिबद्धताको लागि दुःख भोगे; पिताको उद्देश्य प्रतिको आज्ञाकारिताको लागि येशुले दुःख भोग्नु भयो; आज सेवकहरू विरोधको

---

३०४ विलाप १:५

३०५ विलाप ५:२१, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

सामना गर्दै वफादार हुन बोलाइएकाछन्।

यर्मिया २९:११ को प्रतिज्ञा आसन्न बेबिलोनी निर्वासनको सन्दर्भमा पढ्नैपर्छ। यर्मियाले मानिसहरूलाई प्रतिज्ञा गरे, "किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई हो।" तथापि, परमेश्वरका जनहरूले चाँडै ठूलो दुःखकष्टको सामना गर्नुपर्नेछ। आफ्ना मानिसहरूको लागि परमेश्वरको योजना असल छ; तर यसले पीडामुक्त जीवनको प्रतिबद्धता गर्दैन। पाप र हाम्रो संसारमा यसको प्रभावको कारण, परमेश्वरका जनहरूले समेत दुःख भोग्नुपर्छ।

यद्यपि, विलापले देखाउँदछ कि, दुःखमा पनि परमेश्वर आफ्ना जनहरूप्रति वफादार हुनुहुन्छ। समस्यामा पनि हामी परमेश्वरको भलाइमा भरोसा गर्न सक्छौं। "परमप्रभुको महान् प्रेमले गर्दा हामी भस्म भएका छैनौं, उहाँका कृपाको अन्त कहिल्यै हुँदैन; हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ। तपाईंको विश्वस्तता महान् छ।"[३०६]

## निष्कर्ष: नयाँ करारमा यर्मिया

नयाँ करारका लेखकहरूले यर्मियालाई बारम्बार उद्धृत गरेका थिए। प्रकाशको पुस्तकले परमेश्वरका जनहरूको शत्रु बेबिलोनको आउँदै गरेको विनाशलाई चित्रण गर्न यर्मियाबाट उद्धरण गरेको छ। [३०७]

यर्मियाको सेवकाइ र येशुको पृथ्वीको सेवकाई बीच धेरै समानताहरू छन्। जसरी यर्मियाह यरूशलेमको विनाशमा रोए, त्यसरी नै येशु पनि यरूशलेम शहरको लागि रूनुभयो र मन्दिरको विनाशको भविष्यवाणी गर्नुभयो।[३०८] मन्दिरको सफाइमा, येशुले यर्मियाको भाषा प्रयोग गरी परमेश्वरको घरलाई लुटेराहरूको ओडारमा परिणत गरिएको वर्णन गर्नुभयो।[३०९] तिनीहरू जो सेवा गर्न आएका थिए ती मानिसहरूद्वारा यर्मिया र येशु. दुवैलाई अस्वीकार गरियो।

पावलले अन्यजातिहरूलाई मुक्तिको लागि बोलाउनमा परमेश्वरको सार्वभौमिकताको लेखनमा यर्मियाको भाषा प्रयोग गरे। कुमालेसँग माटोमाथि शक्ति छ र उसले आफ्नो महिमाको धनलाई दयाको भाँडोद्वारा प्रकट गरेको छ। [३१०]

सबैभन्दा महत्त्वपूर्ण कुरा, सुसमाचारलाई परमेश्वरका जनहरूका लागि भविष्यमा पुनर्स्थापना गर्ने यर्मियाको प्रतिज्ञाहरूमा देखिन्छ। इस्राएलको इतिहासमा यो पुनर्स्थापना पूर्णतया कहिले पनि पूरा भएको थिएन। येशुको मृत्यु र पुनरुत्थानद्वारा, यो पुनर्स्थापना मण्डली भित्र र मण्डली मार्फत सम्पन्न हुन्छ।

---

३०६ विलाप ३:२२-२३

३०७ उदाहरणहरू प्रकाश १८:४, ८, र २४ समावेश छन्।

३०८ लूका १९:४१-४४ र मत्ती २४:१-२

३०९ यर्मिया ७:११ र मत्ती २१:१३

३१० रोमी ९:२०-२४

## पाठ १० गर्नुपर्ने कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठमा तपाईंले बुझ्नु भएको कुरा देखाउनुहोस्:

**१.** निम्न कार्यहरू मध्ये **एउटा** छान्नुहोस्:

विकल्प १: समूहमा गर्नुपर्ने कार्यहरू

यर्मिया ११-२० मा यर्मियाका स्वीकारोक्तिहरूलाई छलफल गर्नुहोस्। यर्मियाको गुनासो र परमेश्वरको जवाफहरूको सूची बनाउनुहोस्। यर्मियाका गुनासोहरूलाई तपाईंले सेवाकाइमा सामना गर्ने कठिनाइहरूसँग तुलना गर्नुहोस्। यर्मियाको उदाहरणबाट तपाईंको समूहले के पाठ सिक्न सक्छ ? तपाईंको छलफलको एक पृष्ठ सारांश लेख्नुहोस्।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्यहरू

एउटा छान्नुहोस्:

- यर्मिया र विलापमा आधारित परमेश्वरको विश्वासयोग्य कृपामा वचन प्रचारको लागि विस्तृत रूपरेखा लेख्नुहोस्।
- यर्मिया र विलापमा आधारित परमेश्वरको न्यायमा वचन प्रचारको लागि विस्तृत रूपरेखा लेख्नुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ।

## पाठ १० को परीक्षा

१. यर्मियालाई किन "रुन्चे अगमवक्ता" भनिन्छ ?

२. यर्मियाको पारिवारिक पृष्ठभूमि कस्तो थियो ?

३. निर्वासनमा लगिएका बन्दीहरूको तीन समूहको मितिहरू सूचीबद्ध गर्नुहोस्। पहिलो दुई समूहहरूको लागि, निर्वासनमा लगिएको एक अगमवक्ताको नाम लिनुहोस्।

४. यर्मिया र विलापका मुख्य उद्देश्यहरू के हुन् ?

५. एक भविष्यसूचक इन्साफ भनेको के हो ?

६. यर्मियाको स्वीकारोक्ति के हो ?

७. यर्मियामा "सान्त्वनाको पुस्तक" कुन हो ?

८. विलापका पाँच मध्ये चार अध्यायमा कुन काव्यात्मक रूप प्रयोग गरिएको छ ?

९. आफूले कण्ठ गरेकोबाट विलाप ३:२१-२४ लेख्नुहोस्।

# पाठ ११

# इजकिएल र दानिएल

### पाठ उद्देश्यहरू

१. इजकिएल र दानिएलको सम्भावित मिति र ऐतिहासिक स्थितिललाई जान्नुह ।

२. इजकिएल र दानिएलको प्राथमिक विषयवस्तु र उद्देश्यहरूलाई रूपरेखा दिनुह ।

३. विपत्ति माथिको भविष्यवाणी व्याख्यामा संलग्न इन्साफहरू बुझ्नुह ।

४. मानव इतिहासमा परमेश्वरको सार्वभौमिकताको सम्मान गर्नुह ।

५. इजकिएल र दानिएलको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नुह ।

## यस पाठको लागि तयारी गर्नुहोस् ।

*इजकिएल र दानिएलको पुस्तकल पढ्नुहोस् ।*

*इजकिएल ३६:२५-२७ कण्ठ गर्नुहोस् ।*


## परिचय

इजकिएल र दानिएल यर्मियासँग धेरै समान छन् । सबै तीन पुस्तकहरू यरूशलेमको पतन वरपरका वर्षहरूबाट आएका हुन् । दानिएल र इजकिएल बेबिलोनमा छन् जबकि यर्मिया यरूशलेममा छन् । यर्मियाले यरूशलेमको विनाश आफैले हेरे, इजकिएलले बेबिलोनमा भएको आफ्नो घरबाट विनाशको दर्शन देखे । यर्मिया र इजकिएलभन्दा कान्छो दानिएललाई यरूशलेमको पहिलो घेराबन्दीमा बेबिलोन लगियो ।

यद्यपि यी प्रत्येक पुस्तकमा आशा र पुनर्स्थापनाको सन्देशहरू छन्, भविष्यको पुनर्स्थापनाको सम्बन्धमा यर्मियाको तुलनामा इजकिएल र दानिएलको पुस्तकमा ठूलो ध्यान केन्द्रित छ । यर्मियाको प्राथमिक सन्देश यरूशलेमको न्याय थियो; इजकिएलले पुनर्स्थापनाको प्रेरणादायी दर्शन देखे । दानिएलले टाढाको भविष्यका कुराहरूमा परमेश्वरका उद्देश्यहरूको अन्तिम पूर्ति हुने कुरा पहिल्यै देखेका थिए ।

## इजकिएलको पृष्ठभूमि

### इजकिएल र दानिएलको समयरेखा




### इजकिएलको पुस्तकको एक झलक

**लेखक:** इजकिएल
**श्रोता:** बेबिलोनमा निर्वासनहरू
**मिति:** लगभग. ५९३-५७१ इ.पू.
**विषयवस्तु:** न्याय र पुनर्स्थापना
**उद्देश्य:**

- आगामी न्यायको चेतावनी दिन
- भविष्यको पुनर्स्थापनाको प्रतिज्ञा गर्न

**इजकिएलमा रहेको सुसमाचार:**

- एक दिन परमेश्वरको उपस्थिति उहाँका मानिसहरूसँग हुनेछ भनेर इजकिएलले देखे। यो येशुमा पूरा भयो (यूहन्ना १:१४)।
- इजकिएलले जहाँसुकै बग्दा पनि जीवन ल्याउने एउटा नदीको दर्शन देखे। येशुले आफैलाई यो जीवन दिने पानीको स्रोतको रूपमा चिनाउनुभयो (यूहन्ना ४:१०-१४)।

## इजकिएलको ऐतिहासिक स्थिति

इजकिएलको नामको अर्थ "परमेश्वरले बलियो बनाउनुभएको छ।" उहाँ ६२१ इ.पू. योशियाहले कानुनको खोज हुनुभन्दा केही समय अघि जन्मनुभएको थियो। पुजाहारीको छोराको रूपमा, इजकिएलले योशियाहको सुधारहरूसँगै पुनरुत्थानको साक्षी दिए र सम्भवतः यर्मियाको प्रचार सुने।

यहोयाकिमको विद्रोह पछि, ५९७ इ.पू. को निर्वासनको भागको रूपमा इजकिएललाई बेबिलोन लगियो। उनी निप्पुर सहर नजिकै केबार नहरमा निर्वासित समुदायमा बसे। इजकिएल विवाहित थिए, तर कुनै पनि छोराछोरीको उल्लेख गरिएको छैन।

यरूशलेममा पुजाहारीको रूपमा सेवा गर्नुको सट्टा, इजकिएलले निर्वासितहरूका बीचमा अगमवक्ताको रूपमा सेवा गरे।[३११] एउटा पुजाहारीको सेवकाइ तीस वर्षको उमेरमा सुरु हुन्छ र ५० मा समाप्त हुन्छ।[३१२] इजकिएलको पहिलो दर्शन तीस वर्षको उमेरमा आयो र पुस्तकको अन्त्य गर्ने दर्शन इजकिएल पचास वर्षको हुँदा आयो।[३१३] यर्मिया जस्तै, इजकिएलका सन्देशहरू सधैं कालक्रमानुसार छैनन्। नबूकदनेसरले मिश्रलाई हराउनेछ भन्ने इजकिएललाई दिइएको भविष्यवाणीको दर्शनको दुई वर्ष पछि [३१४] ५७१ इ.पू. मा पुस्तक समाप्त भयो।

यर्मियाका मुख्य श्रोताहरू यरूशलेमका मानिसहरू थिए, तर तिनले बेबिलोनका निर्वासितहरूलाई पत्र लेखे। इजकिएलका मुख्य श्रोताहरू बेबिलोनका यहूदीहरू थिए, तर तिनले यरूशलेमका मानिसहरूलाई पत्रहरू लेखे।

## उद्देश्य

बेबिलोनमा निर्वासनमा धेरै प्रश्नहरू थिए:

- "निर्वासन कहिले सम्म रहन्छ?"
- "हाम्रो सहरलाई के होला?"
- "के त्यहाँ भविष्यको लागि आशा छ?"

इजकिएलले जवाफ दिए कि कैद धेरै वर्षसम्म रहनेछ। तिनले यरूशलेमका मानिसहरूलाई बेबिलोनमा निर्वासनमा परेकाहरूसँगै चाँडै सास्थिति हुन जाने चेतावनी दिन लेखे। सहरको विनाशपछि, इजकिएलले परमेश्वरको पुनर्स्थापनाको प्रतिज्ञा ल्याए। अन्ततः, इजकिएलको पुस्तक आशाको सन्देश हो; परमेश्वरले आफ्ना मानिसहरूलाई त्याग्नु भएकोको छैन।

---

३११ इजकिएल ८:१; १४:१; २०:१

३१२ गन्ती ४:३

३१३ पुस्तकको अन्त्यमा इजकिएलको दर्शन (४०:१) इजकिएल १:२ मा उनको पहिलो दर्शनको बीस वर्षपछि भएको थियो।

३१४ इजकिएल २९:१७-२१

| निर्वासितहरूको प्रश्न | इजकिएलको जवाफ |
|---|---|
| **के बेबिलोन चाँडै पराजित हुनेछ ?** | होइन। बेबिलोनले यहूदामाथि थप विजय हासिल गर्नेछ। यरूशलेममा रहेका धेरैलाई निर्वासित गरिनेछ (इजकिएल १२)। |
| **यरूशलेमलमलाऱ्इ के हुनेछ ?** | यरूशलेम नष्ट हुनेछ (इजकिएल ५)। |
| **हाम्रा पिता-पुर्खाले गरेको कामको सजाय हामी किन भोग्छौं ?** | सबै आफ्नो पापको लागि जिम्मेवार छन्। "त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ" (इजकिएल १८)। |
| **के परमेश्वरका जनहरूको लागि आशा छ ?** | हो ! छ परमेश्वरले गौरवशाली भविष्यको प्रतिज्ञा गर्नुहुन्छ (इजकिएल ४०-४८)। |

## इजकिएलको अवलोकन

## इजकिएलको रूपरेखा

### इजकिएलको बोलावट (इजकिएल १–३)

इजकिएलको बोलावट र उनका धेरैजसो सन्देशहरू परमेश्वरबाट दर्शनको रूपमा आयो। दर्शनमा पाँच प्रसङ्गहरू थिए:

- स्थिति (१:१-३)
    - परमेश्वरको सिंहासनको नजिक (१:४-२८)
        - बोलावट (२:१-३:११)
    - परमेश्वरको सिंहासनबाट प्रस्थान (३:१२-१३)
- स्थिति (३:१४-१५)

यशैया र यर्मिया जस्तै, इजकिएल पनि सुन्न नचाहाने मानिसहरूलाई प्रचार गर्न बोलाइएका थिए। परमेश्वरले इजकिएललाई यहूदाका विद्रोही मानिसहरूलाई भन्दा अर्को भाषाका मानिसहरूसँग बोल्न सजिलो हुन्छ भनी बताउनुभयो। तिनीहरू अटेरी र कठोर हृदयका छन्। तथापि, परमेश्वरले इजकिएललाई आश्वासन दिनुभयो, “तर म तिनीहरूजस्तै तँलाई जिद्दीवाल र हठी तुल्याउनेछु। म तेरो निधार चकमकभन्दा कड़ा पत्थरतुल्य पारिदिनेछु।” [३१५] परमेश्वरले इजकिएललाई आफ्नो कठिन उद्देश्यको लागि बलियो बनाउनुभयो।

### यहूदाको न्याय (इजकिएल ४–२४)

दर्शन र प्रतीकात्मक कार्यहरूको एक शृङ्खला मार्फत, इजकिएलले बेबिलोनमा निर्वासितहरूलाई न्यायको सन्देश ल्याए।

---

३१५ इजकिएल ३:७-८, *इङ्‌लिस स्ट्यान्डर्ड भर्जन*

पुस्तकको सन्देशको केन्द्रबिन्दु अध्याय ८–११ मा इजकिएलको दर्शन हो। इजकिएलले मन्दिरमा नै घिनलाग्दा कामहरूको दर्शन देखे। धर्मगुरुहरू मन्दिरमा मूर्तिपूजा गर्दै थिए। जवाफमा, परमेश्वरले छ जना न्यायकर्ताहरूलाई मानिसहरूलाई नाश गर्न र मारिएकाहरूबाट चोकहरू भर्न आज्ञा दिनुभयो।[३१६] इजकिएलले मन्दिरबाट परमेश्वरको महिमा निस्किएको हेरे। यो खण्ड (इजकिएल १०–११) ले यर्मियाको मन्दिरको उपदेश (यर्मिया ७) मन्दिरको न्यायको सन्देशसँग मिल्दोजुल्दो छ।

इजकिएलले यरूशलेमको पतनको भविष्यवाणी गर्ने उपदेश र दृष्टान्तहरूको श्रृंखला दिए। इजकिएलकी पत्नीको मृत्युसँगै न्यायको सन्देशहरू चरम सीमामा पुगे। परमेश्वरले इजकिएललाई शोकको बाहिरी प्रदर्शन नदेखाउन आज्ञा दिनुभयो। जब मानिसहरूले सोधे कि उसले किन आफ्नी पत्नीको मृत्युमा शोक नगरेको, इजकिएलले तिनीहरूलाई भने कि यरूशलेमले यस्तो भयावह पीडा भोग्नेछ कि बचेकाहरूले आफ्ना प्रियजनहरूको लागि शोक अनुष्ठानहरू पनि पालन गर्न सक्दैनन्। [३१७]

## विदेशी राष्ट्रहरूमा न्याय (इजकिएल २५–३२)

भविष्यसूचक पुस्तकहरूमा एउटा महत्त्वपूर्ण विषयवस्तु सबै राष्ट्रहरूमा परमेश्वरको सार्वभौमिकता हो। इस्राएलका छिमेकीहरूका झूटा देवताहरूको विपरीत, यहोवा स्थानीय देवता हुनुहुन्न। सबै मानिसहरूमाथि परमेश्वरको सार्वभौमिकता देखाउँदै इजकिएलले अम्मोन, मोआब, एदोम, पलिश्ती, टायर, सिदोन र मिश्रको विरुद्धमा न्यायको वचन ल्याए। इस्राएलका शत्रुहरूले "म परमप्रभु हुँ भनी थाहा पाउनेछन्, जब मैले त्यसमा न्यायहरू कार्यान्वयन गर्नेछु, र त्यसमा पवित्र हुनेछु।"[३१८]

## इस्राएलको पुनर्स्थापना (इजकिएल ३३–३९)

यरूशलेमको पतन पछि, इजकिएलको सन्देश न्यायबाट पुनर्स्थापनामा परिणत हुन्छ। परमेश्वरको नाउँको खातिर, उहाँले मानिसहरूलाई पुनर्स्थापित गर्नुहुनेछ।[३१९] भौतिक पुनर्स्थापनामा, परमेश्वरले तिनीहरूलाई भूमिमा फिर्ता ल्याउनुहुनेछ; आत्मिक पुनर्स्थापनामा, परमेश्वरले तिनीहरूको हृदयलाई नवीकरण गर्नुहुनेछ। परमेश्वरले इस्राएललाई पानीले शुद्ध पार्ने प्रतिज्ञा गर्नुहुन्छ (उनीहरूलाई बाहिरी रूपमा शुद्ध बनाउने) र उनीहरूलाई नयाँ हृदय र नयाँ आत्मा दिने (उनीहरूलाई भित्री रूपमा शुद्ध बनाउने)।[३२०] इजकिएलको दर्शनमा इस्राएलको नयाँ जीवनलाई परमेश्वरको आत्माको सासले पुनर्स्थापित गरिएको सुख्खा हड्डीहरूको उपत्यकामा चित्रण गरिएको छ।

## इस्राएलको नयाँ मन्दिर (इजकिएल ४०–४८)

इजकिएल पढ्नको लागि प्रेरणादायी, तर व्याख्या गर्न गाह्रो हुने दर्शनको साथ समाप्त हुन्छ। परमेश्वरले इजकिएललाई अग्लो पहाडमा लैजानुभयो र नयाँ मन्दिरको दर्शन देखाउनुभयो। इजकिएलले नयाँ मन्दिर, वेदी र भेटीहरू, जातिहरूलाई निको पार्न मन्दिरबाट बगेको नदी, पुनर्स्थापित जातिको आदिवासी सीमाहरू र यरूशलेमका बाह्रवटा ढोकाहरू देखे। सबैभन्दा महत्त्वपूर्ण कुरा, इजकिएलले यरूशलेममा परमेश्वरको महिमा फर्केको देखे। [३२१]

बाइबल अनुवादकहरू यस दर्शनको सही अर्थको सन्दर्भमा असहमत छन्। किनभने पवित्रशास्त्रको सत्यतामा प्रतिबद्ध ईश्वरीय ख्रीष्टियनहरू दर्शनको विवरणमा असहमत छन्, हामीले विश्वासीहरूप्रति परोपकारी हुनुपर्छ जो यस दर्शनको अर्थमा हामीसँग

३१६ इजकिएल ९:७

३१७ इजकिएल २४:१५-२७

३१८ इजकिएल २८: २२

३१९ इजकिएल ३६:१६-२३

३२० इजकिएल ३६:२४-२५ बाहिरी शुद्धताको लागि पानीले सफा गर्दा गन्ती १९:१९-२१ लाई ओ फर्किन्छ। यूहन्ना ३:५ मा, येशुले निकोदेमससँगको कुराकानीमा यो भाषा प्रयोग गर्नुभयो।

३२१ परमेश्वरको महिमा इजकिएल ११ मा हटेर जान्छ; यो इजकिएल ४३ मा फर्केर आउँछ

भिन्न हुन सक्छन। दर्शनको व्याख्या गर्नका लागि केही विकल्पहरू समावेश छन्:

१. कसै-कसैले यो दर्शनलाई यहूदा यरूशलेम फर्केपछि मन्दिर पुनर्निर्माण गरिने प्रतिज्ञाको रूपमा हेर्छन। यस दृष्टिकोणमा, विश्वासको कमीले मानिसहरूलाई परमेश्वरले इजकिएललाई देखाउनुभएको सबै प्राप्त गर्नबाट बन्चित गरायो।

२. कसै-कसैले यो दर्शनलाई पृथ्वीको सहस्राब्दीको चित्रको रूपमा हेर्छन। यस दृष्टिकोणमा, पृथ्वीमा ख्रीष्टको एक हजार वर्षको शासनकालमा, मन्दिरको पुनर्निर्माण हुनेछ र ख्रीष्टको प्रायश्चित मृत्युको सम्झनाको रूपमा बलिदानहरू पुनर्स्थापित हुनेछन।

३. कसै-कसैले यो दर्शनलाई आज मण्डलीमार्फत परमेश्वरको कामको चित्रको रूपमा हेर्छन। यस दृष्टिकोणमा, परमेश्वरले मण्डली मार्फत आफ्नो प्रतिज्ञा पूरा गरिरहनुभएको छ।

४. कसै-कसैले यो दर्शनलाई नयाँ स्वर्ग र नयाँ पृथ्वीमा उहाँका जनहरूका बीचमा परमेश्वरको उपस्थितिको रूपकको दृश्यको रूपमा हेर्छन। यस दृष्टिकोणमा, मन्दिर र बलिदानहरू स्वर्गमा हुने आराधनाको चित्र हुन्; तिनीहरू शाब्दिक रूपमा पुनर्स्थापित हुनेछैनन।

५. अन्तमा, कसै-कसैले दर्शनलाई शाब्दिक र प्रतीकात्मक दुवै तत्वहरू समावेश भएको देख्छन। यस दृष्टिकोणमा, इजकिएल ४०–४८ यरूशलेममा फर्किंदा आंशिक रूपमा पूरा भएको थियो र अन्तिम दिनहरूमा पूर्ण रूपमा पूरा हुनेछ।

## इजकिएलको भविष्यसूचक शैली

इजकिएलको सबैभन्दा मनमोहक पक्षहरू मध्ये एक अगमवक्ताले आफ्ना श्रोताहरूलाई परमेश्वरको सन्देश सुनाउने तरिका हो। पुस्तक बुझ्नको लागि इजकिएलका भविष्यवाणीका दुई पक्ष महत्त्वपूर्ण छन्: इजकिएलको नाटक र तिनको दर्शनको प्रयोग।

इजकिएललाई आफ्ना केही सन्देशहरूलाइ्इ अभिनयद्वारा देखाउँन आदेश दिइएको छ। उसले माटोको इट्टामा "यरूशलेम" नाम लेख्छ र नबूकदनेसरको यरूशलेमको घेराबन्दीको भविष्यवाणी गर्न इट्टामा घेरा हाल्छ।[३२२] उनी इस्राएलको अधर्मको प्रतिनिधित्व गर्न ३९० दिनसम्म आफ्नो बायाँपट्टि फर्केर सुत्छन्; उनी यहूदाको अधर्मको प्रतिनिधित्व गर्न चालीस दिनसम्म आफ्नो दाहिनेपट्टि फर्केर सुत्छन। [३२३]

इजकिएलले आफ्नो टाउको खौरन्छन् र कपाललाई भाग-भाग पार्छन। १/३ जलाइन्छ जसले यरूशलेममा लागेको आगोको प्रतिनिधित्व गर्दछ; १/३ तरवारद्वारा टुक्रा-टुक्रा पारिएर काटिएको छ, युद्धमा मृत्यु भएको प्रतिनिधित्व गर्दछ; १/३ हावामा फ्याँकिएको छ, निर्वासनमा यहूदीहरू तितरबितर भएको प्रतिनिधित्व गर्दछ। परमेश्वरले इजकिएललाई कपालका केही टुक्राहरू राख्न र आफ्नो पेटीमा बाँध्न भन्नुहुन्छ। यी यरूशलेममा बचेका भागहरू हुन। [३२४]

इजकिएलका दर्शनहरू व्याख्या गर्न गाह्रो हुन सक्छ। केही पाठकहरू दर्शनहरूको विवरणबाट यति मग्न हुन्छन् कि उनीहरूले समग्र सन्देशलाई बुझ्न छुटेका हुन्छन। इजकिएलले आफूले देखेको कुराको सही प्रतिनिधित्व गर्ने प्रयास नगरेको देखाउने भाषा प्रयोग गर्दछन। १५ पटक उनले कुनै कुराको "समानता" लाई जनाउँछन् र ३ पटक उनले कुनै कुरालाई "भएको जस्तै" देखाउँछन। उनले मानवीय भाषा प्रयोग गरी मानवीय वर्णन शक्तिभन्दा बाहिरको कुरालाई वर्णन गर्दछन।

---

३२२ इजकिएल ४:१-३

३२३ इजकिएल ४:४-८

३२४ इजकिएल ५:१-१२

यद्यपि हामीले इजकिएलका दर्शनहरूको प्रत्येक विवरण बुझ्न सक्दैनौं, तर यसको समग्र सन्देश स्पष्ट छ: परमेश्वरले आफ्ना मानिसहरूलाई तिनीहरूको पापको लागि न्याय गर्नुहुनेछ। अनि, न्याय पूरा भएपछि, परमेश्वरले आफ्ना मानिसहरूलाई पुनर्स्थापित गर्नुहुनेछ। उहाँको महिमा उहाँका मानिसहरू माझ फेरि वास गर्नेछ।

## दानिएलको पृष्ठभूमि

### दानिएलको ऐतिहासिक स्थिति

दानिएललाई ६०५ इ.पू. मा यहूदी निर्वासितहरूको पहिलो समूहसँग बेबिलोन लगिएको थियो। सायद, त्यतिबेला उनी किशोरावस्थामा थिए। तिनले आफ्नो बाँकी लामो जीवन अगमवक्ताको रूपमा बेबिलोनमा बिताए। दानिएलको पुस्तकले राजा साइरसको फारसमाथिको शासनको तेस्रो वर्ष इ.पू. ५३६ सम्मका घटनाहरू अभिलेख गर्दछ।[३२५] दानिएलले प्रत्यक्ष रूपमा यहूदाको पतन, बेबिलोनियन साम्राज्यको पतन, र फारसी साम्राज्यको उदय देखे।

#### दानिएलको पुस्तकको एक झलक

**लेखक:** दानिएल
**श्रोता:** सबै समयका परमेश्वरका जनहरूलाई
**मिति:** लगभग. ६०५-५३६ इ.पू.
**विषयवस्तु:** परमेश्वरको राज्य
**उद्देश्य:**

- परमेश्वरप्रति आफ्नो विश्वासयोग्यतालाई देखाउन (दानिएल १-६)
- इतिहासमा परमेश्वरको सार्वभौमिकताललाई देखाउन (दानिएल ७-१२)

**दानिएलमा रहेको सुसमाचार:**

- ख्रीष्टको मृत्यु र पुनरुत्थानमा परमेश्वरको विजयको प्रतिज्ञा आंशिक रूपमा पूरा हुन्छ।
- यो प्रतिज्ञा ख्रीष्टको दोस्रो आगमनमा पूर्ण रूपमा पूरा हुनेछ।

दानिएल नामको अर्थ "परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ" भन्ने हो, जुन सारा संसारमा परमेश्वरको सार्वभौमिकताको सन्देश प्रचार गर्ने अगमवक्ताको लागि उपयुक्त नाम हो। दानिएलले देखाउँछन् कि परमेश्वर संसारको न्यायकर्ता हुनुहुन्छ। परमेश्वरले इतिहासमा आफ्नो उद्देश्य पूरा गर्नुहुनेछ।

### उद्देश्य

उत्पीडन र उथलपुथलको समयमा लेख्दै, दानिएलले दुई महत्त्वपूर्ण सत्यहरूलाई सञ्चार गर्छन्: परमेश्वरप्रतिको विश्वासको

---

३२५ दानिएल १०:१

महत्त्व र मानव इतिहासमा परमेश्वरको सार्वभौमिकताको वास्तविकता। वर्तमान परिस्थितिहरूको बावजुद, परमेश्वरले अन्ततः आफ्ना मानिसहरूलाई न्याय दिनुहुनेछ। इस्राएलको इतिहासले मात्र नभई सम्पूर्ण विश्व इतिहासले परमेश्वरको उद्देश्यहरू पूरा गर्छ भनी दानिएलले देखाउँछन्।

## दानिएलको अवलोकन

## दानिएलको संरचना

### बेबिलोनी अदालतमा विश्वासयोग्यता (दानिएल १–६)

दानिएल र तिनका तीन साथीहरूको कथाहरूले निर्वासनको समयमा इमान्दारीताको नमूना दिन्छ। मूर्तिपूजक संसारमा पनि इमान्दार रहन सम्भव छ भनी उनीहरूले देखाउँछन्।

दानिएलको सुरुका वाक्यहरूले परमेश्वरको सार्वभौमिकताको विषयवस्तु स्थापित गर्दछ:

> यहूदाका राजा यहोयाकिमको शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आए र त्यसलाई घेरा हाले। अनि परमप्रभुले यहूदाका राजा यहोयाकिमलाई परमेश्वरको मन्दिरका केही भाँडाहरूसहित उनको हातमा सुम्पिदिनुभयो।[३२६]

नबूकदनेसरले यरूशलेमलाई घेरे; तर यो परमप्रभु नै हुनुहुन्थ्यो जसले "यहूदाका राजालाई नबूकदनेसरको हातमा सुम्पिदिनुभयो।" बेबिलोनलाई विजय दिनुहुने परमेश्वर हुनुहुन्छ।

परमेश्वर सार्वभौम हुनुहुन्छ, परमेश्वरका शत्रुहरू नियन्त्रणमा छन् जस्तो लाग्दा पनि परमेश्वरका जनहरू उहाँप्रति वफादार हुनुपर्छ। दानिएलको पुस्तकले दृष्टान्तहरूको एक शृङ्खलाको साथ परमेश्वरप्रति विश्वासयोग्यता देखाउँदछ:

- दानिएल र तिनका साथीहरूले बेबिलोनी अभ्यासहरूबाट आफूलाई अशुद्ध पार्न अस्वीकार गर्छन्। परमेश्वरले तिनीहरूलाई मूर्तिपूजक राजाको अघि अनुग्रह दिनु भएर तिनीहरूको विश्वासयोग्यताको सम्मान गर्नुहुन्छ। (दानिएल १)
- परमेश्वरले दानिएललाई नबूकदनेसरको सपनाको अर्थ दिनुहुन्छ। परमेश्वरले दानिएल र तिनका साथीहरूलाई बेबिलोनमा प्रभावशाली पदमा उचाल्नुहुन्छ (दानिएल २)।
- दानिएलका साथीहरूले अन्यजातीको मूर्तिलाई दण्डवत् गर्न अस्वीकार गर्छन्।[३२७] परमेश्वरले आगोको भट्टीमा आफ्नो ज्यान जोगाएर तिनीहरूको विश्वासयोग्यताको सम्मान गर्नुहुन्छ। परमेश्वरको पुत्र (दानिएल ३) जस्तै चौथो मानिसले तीन जना मानिसलाई सँगै देखेर राजा छक्क पर्छन्।
- नबूकदनेसरलाई नम्र पारेर परमेश्वरले आफ्नो सार्वभौमिकता देखाउनुहुन्छ (दानिएल ४)।
- बेलसजरबाट राज्य लिएर मादी दारालाई दिनु भएर परमेश्वरले आफ्नो सार्वभौमिकता देखाउनुहुन्छ (दानिएल ५)।
- जब दानिएललाई परमेश्वरप्रतिको विश्वासको लागि, सिंहको ओडारमा फ्याँकिन्छ तब परमेश्वरले उनलाई तत्कालको मृत्युबाट छुटकारा दिनुहुन्छ (दानिएल ६)।

---

३२६ दानिएल १:१-२, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

३२७ यो मान्न सकिन्छ कि जब प्रतिमालाई दण्डवत गर्ने आदेश दिइएको थियो त्यतिबेला दानिएल उपस्थित थिएनन्।

यी बालबालिकाका कथा मात्र होइनन्; तिनीहरूले सबै परिस्थितिहरूमा विश्वासयोग्यताको शक्तिशाली दृष्टान्तहरू प्रदान गर्दछन्। जब दानिएल र तिनका साथीहरू परमेश्वरप्रति इमान्दार रहे, परमेश्वर तिनीहरूप्रति इमान्दार हुनुहुन्थ्यो।

## परमेश्वरको सार्वभौमिकताको दर्शन (दानिएल ७–१२)

यो खण्ड सावधानीपूर्वक पुस्तकको पहिलो भागसँग जोडिएको छ। दुई खण्डहरू भाषाद्वारा जोडिएका छन् (अध्याय २–७ अरामीमा छन्, हिब्रू होइन)। दुई खण्डहरू पनि परमेश्वरको सार्वभौमिकतामा विषयगत महत्त्वद्वारा जोडिएका छन्।

दानिएलले मानव इतिहासमा परमेश्वरको सार्वभौमिकताको गवाही दिने दर्शनहरू देख्छन्। परमेश्वर यहूदीहरूका मात्र परमेश्वर होइन; उहाँ सारा पृथ्वीका परमेश्वर हुनुहुन्छ।

दानिएल ७–१२ मा भएका दर्शनहरू कालानुक्रमिक होइनन्। बरु, तिनीहरूले एउटै सामग्री धेरै पटक समेट्छन्। एउटा लेखकले अध्याय ७-१२ घुमाउरो सिँढी जस्तै छन् भनेर सुझाव दिन्छन्; प्रत्येक अध्यायले हामीलाई मानव इतिहासमा परमेश्वरको कामको बढ्दो स्पष्ट दृष्टिकोण दिँदै उच्च बिन्दुमा ल्याउँछ।[३२८]

### चार जनावरहरूको दर्शन (दानिएल ७)

समुद्रबाट निस्केका चारवटा ठूला जनावरहरू उहाँको सिंहासनमा रहेको प्राचीन कालका परमेश्वरको महिमासँग भिन्न छन्। सबैभन्दा डरलाग्दो चौथो जनावर थियो; त्यसका दश वटा सिङ र फलामका दाँतहरू थिए र अरू जन्तुहरूबाट बाँकी रहेका सबै कुराहरू यसले निल्दथ्यो। जनावरहरू परास्त भएपछि, मानिसको पुत्रलाई प्राचीन कालका परमेश्वरद्वारा महिमा र शक्ति दिइएको थियो।

जब दानिएलले व्याख्याको लागि सोधे, उनलाई भनियो कि चार ठूला जनावरहरू पृथ्वीबाट खडा हुने चार राज्यहरू हुन्। चौथो राज्यले अरूलाई निल्नेछ। दश सिङहरू दश राजाहरू हुन् जो यस चौथो राज्यबाट आउनेछन्। सबैभन्दा सानोले तीन राजाहरूलाई वशमा पार्नेछ र सर्वोच्चको विरुद्धमा बोल्नेछ। उसले साढे तीन वर्ष सन्तहरूको विरोध गर्नेछ, त्यसपछि सन्तहरू अनन्त राज्यमा बस्नेछन्।

### थुमा र बोकाको दर्शन (दानिएल ८)

यस दर्शनमा, दुईवटा सीङ भएको भेडा (एउटा अर्कोभन्दा ठूलो) शक्तिमान् थियो। एउटा बीचमा सीङ भएको बोकाले भेडालाई जित्यो, तर उसको सिङ भाँचियो र त्यसको सट्टा चारवटा स-साना सिङ पलायो। यिनीहरूमध्ये एउटा ठूलो सिङ निस्क्यो जुन स्वर्गसम्म पुग्यो। यसले केही तारागणहरूलाई पृथ्वीमा फ्याँक्यो, तिनीहरूलाई कुल्च्यो र आफूलाई राजकुमारको रूपमा स्थापित गर्यो। गाब्रिएलले दानिएललाई दुई सिङ्गे भेडाले मादी र फारसका राजाहरूलाई प्रतिनिधित्व गर्छ भनी बताए। बाख्रा ग्रीस राज्य थियो; ठूलो सीङ यसको राजा थियो। साना सिङहरू ग्रीसबाट उत्पन्न साना राज्यहरू थिए; स्वर्गमा बढेको सीङ एक दुष्ट राजा थियो जसले पवित्र मानिसहरूलाई नष्ट गर्नेछ। यो राजा नष्ट हुनेछ, तर मानव शक्तिद्वारा होइन।

### सत्तरी हप्ताको दर्शन (दानिएल ९)

जब दानिएलले पीडित यहूदीहरूको लागि मध्यस्थता गर्दै थिए, गाब्रिएलले तिनलाई भने कि इस्राएलले आफ्नो पापको लागि सत्तरी हप्ताको लागि कष्ट भोग्नुपर्छ। त्यसपछि तिनीहरूले यरूशलेमको पुनर्निर्माण गर्नेछन् र अभिषिक्त जन नआउन्जेल उन्साठी हप्ता पर्खनेछन्। अर्को शासकले यरूशलेमलाई ध्वस्त पार्नेछ, इस्राएलसँग एक हप्ताको करार बाँध्नेछ, र उसमाथि

३२८ डी.ए. कार्सन र डोनाल्ड गुथरी। *न्यू बाइबल कमेन्टरी*। (डाउनर्स ग्रोभ: इन्टरभर्सिटी प्रेस, १९९४)।

अन्त नहोउञ्जेल उजाडको घिनलाग्दो कुरा खडा गर्नेछ ।

### इस्राएलको भविष्यको दर्शन (दानिएल १०–११)

दानिएलले सुनको पेटी लगाएको, सुती कपडा लगाएको, बिजुली चम्केको जस्तै अनुहार, बलिरहेको ज्वालाको जस्तै आँखा र काँसाजस्ता हात र खुट्टा भएको मानिसललाई देखे । एउटा सन्देशवाहकले दानिएललाई भने कि तीन राजाहरू फारसमा देखा पर्नेछन् र चौथोले ग्रीस विरुद्धको लडाईललाई नेतृत्व गर्नेछ । एक शक्तिशाली राजाको उपस्थिति पछि, उनको राज्य चार भागमा विभाजित हुनेछ । दक्षिण र उत्तरका राजाहरू बीचको युद्ध उत्तरका राजाले सत्ता प्राप्त गरेपछि समाप्त हुनेछ । उसले विश्वासीहरूलाई सताउनेछ र उजाडको घिनलाग्दो कुरा स्थापना गर्नेछ ।

### दानिएलको दर्शनको निष्कर्ष (दानिएल १२)

अन्ततः, प्रधान दूत माइकल महासङ्कष्टको समयमा सबैलाई उद्धार गर्न खडा हुनेछन् जसको नाम पुस्तकमा लेखिएको छ । यो समय, समयहरू, र आधा समय पछि हुनेछ ।[३२९] स्वर्गदूतले उनलाई भने कि यो उजाडको घृणित खडा भएकोबाट १,२९० दिन हुनेछ ।

## दानिएलको दर्शनमा साम्राज्यहरू

दानिएलको दर्शनमा साम्राज्यहरूको सामान्य बुझाइ तलको तालिकामा देखिन्छ ।

| दानिएलको दर्शनमा साम्राज्यहरू | | | |
|---|---|---|---|
| **राज्य** | **मुर्ति दानिएल २ मा** | **जनावर दानिएल ७ मा** | **जनावर दानिएल ८ मा** |
| बेबिलोन | निखुर सुनको टाउको | चीलको पखेटा भएको जस्तै सिंह | |
| मादी-फारसी | चाँदीको छाती र हात | भालु जस्तै | दुईवटा सिङ भएको थुमा |
| ग्रीस | काँसाको पेट र तिघ्रा | चार पखेटा र चार टाउको भएको जस्तै चितुवा | एउटा ठूलो सिङ, चार सिङहरू र सानो सिङ भएको बोका |
| रोम | फलामको खुट्टा, फलाम र माटोको खुट्टा | दस सिङ र सानो सिङ भएको अतुलनीय जनावर | |
| परमेश्वरको राज्य | ढुङ्गा जो ठूलो पहाड बन्छ | मसीह र सन्तहरूले राज्य प्राप्त गर्छन् | |

---

३२९ दानिएल १२:७

## दानिएलको विषयवस्तुहरू

दानिएलको दर्शनको विवरणबारे विद्वानहरू असहमत भए तापनि पुस्तकभरि तीनवटा विषयवस्तुहरू देखिन्छन्।

### परमेश्वरको सार्वभौमिकता

अध्याय १–६ मा परमेश्वरको सुरक्षाका कथाहरू र अध्याय ७–१२ को दर्शनहरू मार्फत, दानिएलले परमेश्वर यरूशलेममा मात्र होइन तर सारा संसारमा सार्वभौम हुनुहुन्छ भनेर देखाए। विदेशी भूमिमा बसोबास गर्नेहरूका लागि यो एउटा सशक्त सन्देश थियो। नबूकदनेसरलाई यहूदा दिनुमा परमेश्वरको सार्वभौमिकताको शुरुवातको गवाहीसँगै प्राचीन कालका परमेश्वरको भविष्यसूचक दर्शन मार्फत जसले आफ्ना मानिसहरूको लागि अनन्त राज्य स्थापना गर्नुहुन्छ, दानिएलले यो देखाउँदछन् कि परमेश्वर मानव इतिहासको मालिक हुनुहुन्छ।

### मानवजातिको घमण्ड

दानिएलले सिकाउँछन् कि परमेश्वरले विश्वासीहरूलाई बचाउनु हुन्छ र घमण्डीहरूलाई न्याय गर्नुहुन्छ। अध्याय १–६ मा, बेबिलोनका शासकहरूले आफूलाई परमेश्वर र उहाँका मानिसहरूको विरुद्धमा राख्छन्। नबूकदनेसरको अपमान (दानिएल ४) र बेलसजर (दानिएल ५) मा परमेश्वरको न्यायको कथाहरूले देखाउँछ कि परमेश्वरले घमण्डीहरूलाई नम्र बनाउनुहुन्छ।[३३०]

दानिएल ७–१२ मा, विश्वका नेताहरूको एक शृङ्खलाले परमेश्वरको उद्देश्यको विरोध गर्दछ। अन्ततः यी प्रत्येक पराजित हुन्छन्। दिनको प्राचीन र मानिसको पुत्रले यी पार्थिव शासकहरूलाई प्रतिस्थापन गर्दछ। दानिएलको अन्तिम अध्यायहरूमा, स्वर्गका सेनाहरूले परमेश्वरका शत्रुहरूलाई कुचल्छन्।

### परमेश्वरका मानिसहरूको अन्तिम विजय

दानिएलको दर्शनमा राज्यहरूलाई कसैले विभिन्न तरिकाले व्याख्या गरे तापनि, परमेश्वरका मानिसहरूको अन्तिम विजय स्पष्ट छ। दानिएलले परमेश्वरको अनन्त राज्यको आगमनमा ढिलाइको वर्णन गर्दछन्, त्यस्तो ढिलाइ जसको समयमा परमेश्वरका जनहरूले परीक्षा र सतावट भोग्नेछन्। यद्यपि, जो विश्वासयोग्य छन् उनीहरूले अन्तिम विजयको आनन्द लिनेछन्।

दानिएलको प्राथमिक सन्देश आजको विश्वासयोग्यताको लागि चुनौती हो। परमेश्वर र उहाँका जनहरूको अन्तिम विजयको कारणले गर्दा, विश्वासीहरूले आज विश्वासयोग्य भई बाँच्नु पर्छ।

## इजकिएल र दानिएल आज बोल्छन्

मण्डलीलाई कहिलेकाहीं जीवनका अन्य भागहरूलाई एक्लै छोडेर आत्मिक चिन्ताहरूको बस्तीमा संसारबाट अलग्ग हुन आमन्त्रण गरिएको छ। अब्राहम कुइपरले भने, **"हाम्रो मानव अस्तित्वको सम्पूर्ण क्षेत्रफलको एक वर्ग इन्चमा पनि सबैमाथि सार्वभौम ख्रीष्ट रुनुभएको छैन: मेरो!"** यो १९औं शताब्दीका डच विद्वान, राजनीतिज्ञ र ख्रीष्टियनले बुझे कि परमेश्वर सबैमाथि सार्वभौम हुनुहुन्छ।

इजकिएलको अन्तिम अध्याय र दानिएलको अन्तिम भागले सम्पूर्ण मानव इतिहासमा परमेश्वरको सार्वभौमिकताको घोषणा गर्छ। परमेश्वरले आफ्नो उद्देश्य पूरा गरिरहनुभएको छ। यो दुई कारणहरूको लागि महत्त्वपूर्ण छ:

---

३३० परमेश्वर जसले आफ्नो बुबा नबूकदनेसरलाई नम्र तुल्याउनुभयो उहाँलाई समर्पण गर्न बेलसजरले इन्कार गरेको घटनाललाई कसरी दानिएलले नाटकीय ढंगमा जोडे त्यसलाई ध्यान दिनुहोस् (दानिएल ५:१७-२८)।

१. **यसले विश्वको विरोधको सामना गर्दा आत्मविश्वास दिन्छ।** विदेशी भूमिमा निर्वासित हुँदा दानिएल र इजकिएलले आफ्ना उद्देश्यहरू पूरा गर्न परमेश्वरमा भरोसा राखे। दानिएल ती उद्देश्यहरू पूरा भएको हेर्न बाँचे। निर्वासनबाट फर्केको हेर्न इजकिएल लामो समयसम्म बाँचेका थिएनन्। तथापि, परमेश्वरले आफ्ना उद्देश्यहरू पूरा गर्नुहुनेछ भनी तिनीहरू दुवैलाई थाहा थियो। २१ औं शताब्दीका ख्रीष्टियनहरूको रूपमा, हामी विश्वासमा बाँचिरहेका छौं कि परमेश्वर हाम्रो संसारको नियन्त्रणकर्ता हुनुहुन्छ। कुनै पनि कुराले उहाँको उद्देश्यलाई पराजित गर्न सक्दैन।

२. **यसले हामीलाई दैनिक जीवनमा विश्वासयोग्य भई जिउने हाम्रो जिम्मेवारीलाई स्मरण गराउँछ।** ख्रीष्टियानहरूले राजनीतिक प्रक्रिया, शैक्षिक प्रणाली, सांस्कृतिक प्रयासहरू, वा प्रभावको कुनै पनि अन्य क्षेत्र शैतानलाई सुम्पनु हुँदैन। परमेश्वरले हामीलाई जहाँसुकै राखेपनि, हामीले सार्वभौम परमेश्वरको प्रतिनिधिको रूपमा जिउनुपर्दछ। इजकिएलको लागि, यसको अर्थ निर्वासनमा हुँदा अगमवक्ताको रूपमा विश्वासयोग्यता थियो। दानिएलको लागि, यसको अर्थ सरकारको प्रभावशाली सदस्यको रूपमा विश्वासयोग्य हुनु थियो। परमेश्वरले तपाईंलाई उहाँको राज्यमा कहाँ प्रयोग गर्न चाहनुहुन्छ?

## निष्कर्ष: नयाँ करारमा इजकिएल र दानिएल

नयाँ करारमा इजकिएलको कम्तिमा पनि ६५ पटक उल्लेख गरिएको छ। यी मध्ये लगभग ५० पटक प्रकाशको पुस्तकमा छन्।

परमेश्वरले दुष्टतालाई परास्त गर्नुहुनेछ र संसारमा शासन गर्नुहुनेछ भनी दानिएलले प्रतिज्ञा गरे; यद्यपि ५३८ ई. पू. मा यरूशलेमको फिर्तीले पनि दुष्टतामाथि पार ल्याएन। दुष्टताको हार ल्याएन। नयाँ नियमले यस प्रतिज्ञाको पूर्ति देखाउँछ। पावलले देखाउँछन् कि क्रुसमा येशुले दुष्टको शक्तिलाई पराजित गर्नुभयो।[३३१]

दानिएलको प्रतिज्ञा अन्ततः प्रकाशमा पूरा हुन्छ। प्रकाशको पुस्तकले शैतानमाथि परमेश्वरको अन्तिम विजय देखाउँछ। दानिएल ७ मा, चारवटा जनावरहरू समुद्रबाट निस्किन्छन्; प्रकाश १३ मा, समुद्रबाट एउटा जनावर निस्कन्छ। प्रकाश १९:११-२१ मा, येशु अलौकिक योद्धा हुनुहुन्छ जसले दुष्टको शक्तिलाई पराजित गर्नुहुन्छ।

## एपोकेलिप्टिकको साहित्यमा नजिकबाटको अवलोकन

दानिएल, प्रकाश, इजकिएल र जकरियाका अंशहरूलाई एपोकेलिप्टिकको साहित्य भनिन्छ। एपोकेलिप्टिकको साहित्य लेखन यहूदी संसारमा राम्रोसँग प्रचलित थियो; यस प्रकारको धेरै गैर-बाइबलीय उदाहरणहरू छन्। एपोकेलिप्टिकको साहित्य बाइबलीय लेखनको अन्य शैलीहरू भन्दा फरक हुन्छ र सावधानीपूर्वक व्याख्याको आवश्यकता पर्छ।

एपोकेलिप्टिकको लेखनले लुकेको सत्यलाई प्रकट गर्दछ। बाइबलीय एपोकेलिप्टिक साहित्यले विश्व इतिहासका घटनाहरूलाई परमेश्वरको उद्देश्यको प्रकाशमा हेर्छ। यो विशेष गरी समयको अन्त्यमा परमेश्वरको अन्तिम उद्देश्यहरूको पूर्तिमा केन्द्रित छ। जहाँ पुरानो नियमका अधिकांश अगमवक्ताहरूले इस्राएल र करारमा ध्यान केन्द्रित गर्छन्, दानिएलले धर्मनिरपेक्ष विश्व साम्राज्यहरूलाई परमेश्वरको अन्तिम उद्देश्यहरूको प्रकाशमा हेर्छन्।

एपोकेलिप्टिक साहित्य दर्शन मार्फत भविष्यसूचक सत्यको चित्रण हुँदछ। दानिएलले *दर्शन* शब्द ३० पटक भन्दा बढी प्रयोग गर्दछन्। दर्शनहरू प्रायः मिल्दाजुल्दा हुन्छन्, त्यसैले यो एक सटीक कालक्रमको अनुक्रम सिर्जना गर्न गाह्रो छ। घटनामा वैकल्पिक परिप्रेक्ष्यहरू प्रस्तुत गर्नको लागि विविध दर्शनहरूले एउटै घटनाको मिल्दाजुल्दा दृश्यहरू प्रस्तुत गर्न सक्छन्। यी दर्शनहरूद्वारा, दानिएल (र पछि यूहन्नाको प्रकाश) ले आत्मिक संसारमा एउटा झ्याल खोल्छन्। एपोकेलिप्टिक लेखनले देखाउँछ कि आत्मिक संसार भौतिक संसार जस्तै वास्तविक छ।

---

३३१ कलस्सी १:१३-१५

एपोकेलिप्टिक साहित्यले सत्य संवाद गर्न नाटकीय प्रतीकहरू प्रयोग गर्दछ। दानिएल र प्रकाशले धेरै प्रतीकहरू साझेदारी गर्छन्। दानिएल र प्रकाश दुवैमा, विचित्र जनावरहरूले दुष्ट राज्यहरूलाई प्रतिनिधित्व गर्दछ। जनावरहरू प्रायः विभिन्न प्रजातिका हाइब्रिड हुन्छन्, जसले तिनीहरूलाई इस्राएलको लागि घृणित बनाउँछ। [३३२]

एपोकेलिप्टिक लेखन दमनको समयमा विशेष गरी महत्त्वपूर्ण छ। एन्टिओकस एपिफेन्सद्वारा सतावटको समयमा दानिएलले यहूदी मानिसहरूलाई प्रोत्साहन दिए। मण्डलीको रोमी सतावटको समयमा प्रकाशको पुस्तक लेखिएको थियो। यी समयहरूमा, एपोकेलिप्टिक साहित्यले देखाएको छ कि परमेश्वर ईश्वरीय योद्धा हुनुहुन्छ जसले आफ्ना मानिसहरूको तर्फबाट लड्नुहुन्छ। बाइबलीय एपोकेलिप्टिक लेखनको मुख्य उद्देश्य भनेको भविष्यको लागि परमेश्वरको योजनामा हाम्रो विश्वासको कारणले आजको विश्वासयोग्यतालाई प्रोत्साहन दिनु हो।

एपोकेलिप्टिक साहित्यको एक पाठक विवरणहरुद्वारा अभिभूत नभई प्रमुख विषयवस्तुहरुमा ध्यान केन्द्रित गर्नुपर्छ। दानिएलमा, ठूलो विषयवस्तु भनेको मानव इतिहासमा परमेश्वरको सार्वभौमिकता हो। यद्यपि धेरै साम्राज्यहरूले परमेश्वरको विरोध गरे तापनि उहाँको अन्तिम विजय निश्चित छ। दानिएलले आफ्ना पाठकहरूलाई परमेश्वरले अन्तिम विजय ल्याउनुहुनेछ भनी आश्वासन दिएर विश्वासयोग्य हुन प्रेरित गर्छन्।

---

३३२ उदाहरणका लागि, दानिएल ७ को पहिलो जनावर सिंह जस्तै थियो, र चीलका पखेटाहरू थिए।

## पाठ ११ गर्नुपर्न कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठको तपाईंको बुझाइ देखाउनुहोस्:

**१.** निम्न गर्नुपर्न कार्यहरू मध्ये **एउटा** छान्नुहोस्:

विकल्प १: समूहमा गर्नुपर्न कार्यहरू

इजकिएलको नयाँ मन्दिरको दर्शनलाई इजकिएल ४०–४८ मा पढ्नुहोस्। तपाईंको समूहको प्रत्येक सदस्यलाई यस पाठमा छलफल गरिएको व्याख्या विकल्पहरू मध्ये एउटा गर्नुपर्न कार्य गर्नुहोस्। प्रत्येक सदस्यले इजकिएल ४०–४८ अध्ययन गर्नुपर्छ र इजकिएलको दर्शनलाई उनीहरूको तोकिएको दृष्टिकोणबाट कसरी व्याख्या गरिन्छ भनेर व्याख्या गर्नुपर्छ।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्न कार्यहरू

एउटाल छान्नुहोस् :

- नयाँ मन्दिरको इजकिएलको दर्शनमा एक पृष्ठ (४५०-शब्द) निबन्ध लेख्नुहोस्। यस पाठमा छलफल गरिएको व्याख्या विकल्पहरू मध्ये एउटा छान्नुहोस् र त्यो व्याख्याको प्रकाशमा दर्शनको व्याख्या गर्नुहोस्।
- दानिएल ७–१२ मा आधारित मानव इतिहासको लागि परमेश्वरको योजनामा वचनको सन्देशको लागि एक पृष्ठ (४५०-शब्द) विस्तृत रूपरेखा लेख्नुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पदहरू समावेश हुनेछ।

## पाठ ११ परीक्षा

१. "इजकिएल" नामको अर्थ के हो ?

२. इजकिएलको पुस्तकको उद्देश्य के हो ?

३. यर्मियाको मन्दिरको उपदेशसँग इजकिएलको मिल्दो रूप के हो ?

४. नयाँ मन्दिरको इजकिएलको दर्शनको व्याख्या गर्न पाँचवटा विकल्पहरू सूचीबद्ध गर्नुहोस्।

५. इजकिएललाई _________ इ.पू. मा बेबिलोन लगियो। दानिएललाई _________ इ.पू. मा बेबिलोन लगिएको थियो।

६. दानिएलको पुस्तकमा कुन तीनवटा विषयवस्तुहरू केन्द्रित छन् ?

७. दानिएलको पुस्तकमा कुन दुई भाषाहरू प्रयोग गरिएको छ ?

८. परम्परागत व्याख्यामा, यी प्रत्येक दर्शनहरूद्वारा कुन साम्राज्यको प्रतिनिधित्व हुन्छ ?

- चीलको पखेटा भएको सिंह: _______________
- भालु: _______________
- एउटा ठूलो सीङ भएको बोका: ____________________
- फलामको खुट्टा, फलाम र माटोको गोडा: ____________________
- एउटा ढुङ्गा जो ठूलो पहाड बन्छ: _____________________

९. कुन बाइबलीय पुस्तकहरू मुख्य रूपमा वा आंशिक रूपमा एपोकेलिप्टिक लेखनबाट बनेका छन् ?

१०. कुन नयाँ करारको पुस्तकले इजकिएल र दानिएललाई धेरै पटक उद्धृत गरेको छ ?

११. आफूले कण्ठ गरेको इजकिएल ३६:२६-२७ लेख्नुहोस्।

# पाठ १२

# होशे, योएल र आमोस

### पाठको उद्देश्य

१. होशे, योएल र आमोसको सम्भावित मिति र ऐतिहासिक स्थिति जान्नुह ।

२. होशे, योएल र आमोसको प्राथमिक विषयवस्तु र उद्देश्यहरू रूप रेखाङ्कन गर्न सक्षम हुनुह ।

३. साना अगमवक्ताहरूको पुस्तकमा धार्मिकताको विषयवस्तुलाई बुझ्नुह ।

४. परमेश्वरको हृदयलाई महसुस गर्नुहोस् जसै उहाँले आफ्ना मानिसहरूको अविश्वास देख्नुभ ।

५. होशे, योएल र आमोसको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नुह ।

## यस पाठको लागि तयारी गर्नुहोस् ।

*होशे, योएल र आमोसको पुस्तक पढ्नुहोस् ।*

*होशे १०:१२; योएल २:१३; आमोस ५:२४ कण्ठ गर्नुहोस् ।*

## परिचय

पुरानो करारका अन्तिम बाह्र पुस्तकहरूलाई साना अगमवक्ताहरू भनिन्छ । हिब्रू बाइबलमा, यी पुस्तकहरू "बाह्र जनाको पुस्तक" भनिने एउटै मुठ्ठामा समावेश छन् ।

किनकि साना अगमवक्ताहरू ठूला अगमवक्ताहरू भन्दा साना छन्, केही पाठकहरूले यी पुस्तकहरू महत्त्वहीन छन् भनी ठान्छन् । यद्यपि, यी अगमवक्ताहरू तिनीहरूको सन्देश वा प्रभावको हिसाबले सानो थिएनन । "साना" ले पुस्तकहरूको आकार वा नापलाई बुझाउँछ, सन्देशको आकार वा नापलाई होइन । यी अगमवक्ताहरूको सन्देशले पुरातन इस्राएल र यहूदाको संसारमा ठूलो प्रभाव पारेको थियो र आज पनि मण्डलीमा बोल्न जारी छ ।

| साना अगमवक्ताहरूको अनुमानित मितिहरू | |
|---|---|
| **८ औं शताब्दी इ.पू.** | योना, आमोस, होशे, मीका |
| **७ औं शताब्दी इ.पू.** | नहुम, सपन्याह, हबकूक |
| **६ औं शताब्दी इ.पू.** | ओबदिया, हाग्गै, जकरिया |
| **५ औं शताब्दी इ.पू.** | मलाकी, योएल (सम्भवतः) |

## होशे: परमेश्वरको मन दुख्ने कुरा

### होशेको पुस्तकको एक झलक

**लेखक:** होशे
**श्रोता:** उत्तरी राज्य
**मिति:** ८ औं शताब्दीको पछिल्लो आधा समय
**विषयवस्तु:** परमेश्वरको मन दुख्ने कुरा
**उद्देश्य:** आफ्नो आत्मिक व्यभिचारसँग इस्राएललाई सामना गर्नको लागि
**होशेमा रहेको सुसमाचार**: इस्राएलको आत्मिक व्यभिचारको जवाफ परमेश्वर र दाऊद राजातिर फर्किनु हो (होशे ३:५)। यो मसीहको समयमा हुनेछ जब अनन्त राजा, येशुले आफ्नो शासन अन्तर्गत सबै विश्वासीहरूलाई पुनर्मिलन गर्नुहुनेछ।

## होशेको ऐतिहासिक स्थिति

होशे र आमोस उत्तरी राज्यका ८ औं शताब्दीका अगमवक्ताहरू थिए।[३३३] तिनीहरू यहूदामा यशैयाका समकालीनहरू थिए।

इ.पू. ८ औं शताब्दीको प्रारम्भमा, यारोबाम द्वितीय उत्तरी राज्यका राजा थिए। यो इस्राएलमा समृद्धिको समय थियो। गृह युद्धको कारण अश्शूरको शक्ति अस्थायी रूपमा घटेको थियो। इस्राएलले आफ्नो सिमाना विस्तार गऱ्यो र छिमेकीहरूसँगको व्यापारबाट फाइदा उठायो। इस्राएल र यहूदाले राजा दाऊदको समयमा इस्राएलले जत्तिको इलाकालाई अब नियन्त्रण गर्यो।

दुर्भाग्यवश, इस्राएल आर्थिक रूपमा समृद्ध भए तापनि आत्मिक रूपमा समृद्ध हुन सकेन। आत्मिक रूपमा, इस्राएल धर्मत्यागी थियो; उत्तरी राज्यका मानिसहरूले यहोवासँगसँगै बालको पूजा गर्थे।[३३४]

होशेले सम्भवतः यारोबाम द्वितीयको शासनकालमा आफ्नो सेवाकाइ सुरु गरेका थिए। अश्शूरले शक्ति पुन: प्राप्त गर्दै थियो

---

३३३ होशेले इस्राएलको उत्तरी राज्यलाई "एफ्राइम" भनेर पैंतीस पटक उल्लेख गरेको छ।

३३४ यहोवा र अन्य देवताहरूको उपासनालाई जोड्ने शब्द *सिंक्रेटिज्म* हो। यो इस्राएलको लागि बारम्बारको समस्या थियो, जसमा प्रस्थान ३२ मा सुनको बाछोको पूजा र फेरि सोलोमनले आफ्ना विदेशी पत्नीहरूको देवताहरूको पूजा गर्न थालेको कुरा समाविष्ट छ।

र चाँडै तिग्लत-पिलेसेर तृतीय अन्तर्गत प्रमुख विश्व साम्राज्य बन्दै थियो । केही वर्षभित्रै, अश्शूरले सामरियालाई जित्नेछ र उत्तरी राज्यलाई नष्ट गर्नेछ ।

## होशेको उद्देश्य

होशेले इस्राएलको आत्मिक व्यभिचारको विरुद्धमा प्रचार गरे । उनले बाललाई गरेको उपासनाले परमेश्वरको न्याय ल्याउनेछ भनी चेतावनी दिए । इस्राएलको अविश्वासयोग्यताले परमेश्वरलाई निम्त्याएको पीडा उनले देखाए ।

» परमेश्वर र उहाँका जनहरू बीचको सम्बन्धलाई वर्णन गर्न बाइबलले प्रायः विवाहको रूपकको प्रयोग गरेको छ । यदि मानव विवाह उहाँका जनहरूसँगको परमेश्वरको सम्बन्धमा आधारित छ भने, यसले हामीलाई विवाहको बारेमा के सिकाउँछ ?

## होशेको विषयवस्तुहरू

### आत्मिक व्यभिचार

सम्पूर्ण पवित्रशास्त्रमा, विवाह भनेको उहाँका मानिसहरूसँगको परमेश्वरको सम्बन्धको चित्र हो । विवाह पुरुष र महिलाबीचको आजीवन प्रतिबद्धता हो । त्यसै गरी, परमेश्वरले इस्राएलसँग अनन्त करार स्थापना गर्नुभयो । विवाह र परमेश्वरसँगको करार अनन्य सम्बन्धहरू हुन् । जसरी पति वा पत्नीले आफ्नो जीवनसाथीप्रति कहिल्यै अविश्वासी हुनुहुँदैन, त्यसरी नै परमेश्वरका जनहरू पनि परमेश्वरप्रति अविश्वासी हुनुहुँदैन । होशेमा, परमेश्वरले देखाउनुभयो कि इस्राएल अन्य देवताहरूसँग आत्मिक व्यभिचारको दोषी थियो जसरी अन्य प्रेमीहरूतर्फ फर्कने पत्नी व्यभिचारको दोषी हुन्छन् ।

होशेको भाषा चित्रण इस्राएलको मूर्तिपूजाको प्रकृतिसँग राम्रोसँग उपयुक्त छ । बाल, सिरिया-प्यालेस्टाइनको मौसम देवता थियो । उसले वर्षा, कृषि र प्रजनन क्षमतालाई नियन्त्रण गर्ने मानिन्थ्यो । मूर्तिपूजाको तीर्थहरूमा, मानिसहरूले धार्मिक वेश्यावृत्तिको साथ बालको पूजा गर्थे । तिनीहरूले विश्वास गरे कि तिनीहरूको यौन व्यवहारले बाललाई भूमिको लागि उर्वर बीउ र वर्षा दिनको लागि मद्दत गर्यो । होशेको चित्रणले देखाउँछ कि इस्राएलले मुर्तिपूजाको सांस्कृतिक वेश्यावृत्ति गरेको पाप तिनीहरूको आत्मिक वेश्यावृत्तिको प्रतिबिम्ब हो ।

परमेश्वरले होशेलाई गोमेरसँग विवाह गर्न आज्ञा दिनुभयो जो एक वेश्या थिइन् ।[३३५] केही टिप्पणीकारहरू विश्वास गर्छन् कि गोमेर विवाह गर्नु अघि नै वेश्या थिइन् । परमेश्वरले यस्तो कार्यको आज्ञा दिनुहुनेछ भनी स्वीकार गर्न गाह्रो भएकोले, अरूहरूले यो विश्वास गर्छन् कि परमेश्वरले होशेलाई त्यो स्त्रीसँग विवाह गर्न भनी आज्ञा दिनुभयो जो पछि गएर अविश्वासयोग्य भइन् । अन्तमा, कोही-कोही विश्वास गर्छन् कि गोमेर एक मूर्ति-पूजक थिइन् जसले राष्ट्रको आत्मिक व्यभिचारलाई प्रतिनिधित्व गर्थिन् । वाक्यांशको विशिष्ट व्याख्याको बावजुद, होशेप्रति गोमेरको अविश्वास भनेको इस्राएलको यहोवाप्रतिको अविश्वासको चित्रण हो ।

होशेका छोराछोरीहरूको नाम भविष्यसूचक थियो । यिजरेल नाम त्यतिखेर नामाकरण गरिएको थियो जुनबेला अश्शूरले चाँडै इस्राएलमाथि यिजरेलको बैंसीमा ठूलो विजय हासिल गर्ने थियो । लो-रूहामाहको अर्थ "निर्दयी" हो किनभने परमेश्वरले विद्रोही राष्ट्रलाई दया देखाउनुहुने छैन । लो-अम्मीको अर्थ "मेरा प्रजाहरू होइन," किनभने परमेश्वरले अन्य देवताहरूमा फर्कने राष्ट्रलाई अस्वीकार गर्नुहुनेछ ।

---

३३५ होशे १:२ पुरानो करारको बाँकी भागमा, यो वाक्यांशले वर्तमान वा विगतको अविश्वासलाई संकेत गर्छ; यसले भविष्यको अविश्वासलाई कहिल्यै पनि संकेत गर्दैन । यसले परमेश्वरको आज्ञाको पहिलो व्याख्याको लागि केही समर्थन प्रदान गर्दछ ।

| होशेको परिवार | |
|---|---|
| **गोमेर** | इस्राएलको आत्मिक व्यभिचार देखाउँछ |
| **यिजरेल** | त्यो बैँसी जहाँ अश्शूरले इस्राएललाई पराजित गर्छ |
| **लो-रूहामाह** | "निर्दयी" |
| **लो-अम्मी** | "मेरा प्रजाहरू होइन" |

उनको अविश्वासको कारणले गर्दा गोमेरलाई दासको रूपमा अपमानजनक रूपमा बेच्न लगिएपछि, परमेश्वरले होशेलाई उसलाई फिर्ता किन्न भन्नुभयो । त्यसै गरी, इस्राएललाई उसका झूटा देवताहरूले त्यागिसकेपछि, परमेश्वरले उसलाई घरमा ल्याउनुहुनेछ ।

### परमेश्वरको इस्राएल विरुद्ध इन्साफ

पाठ १० मा, हामीले भविष्यसूचक इन्साफ हेर्यौं जसमा परमेश्वरले इस्राएललाई उसको करारप्रति अविश्वासको आरोप लगाउनुभयो । उही भाषा होशे ४-५ मा प्रयोग गरिएको छ जब परमेश्वरले इस्राएल विरुद्ध आरोपहरू ल्याउनुहुन्छ ।

होशेले चेतावनी दिन्छन् कि इस्राएलले परमेश्वरलाई साँच्चै चिन्दैन । हिब्रूमा, *ज्ञान* बौद्धिक जागरूकता भन्दा बढी हो; यो सम्बन्धको शब्द हो । कसैलाई चिन्नु भनेको उ सँग अनुभवात्मक सम्बन्ध राख्नु हो । इस्राएलले परमेश्वरलाई चिन्न छोड्यो । तिनीहरूले परमेश्वरको व्यवस्था र अगमवक्ताहरूलाई अस्वीकार गरे; तिनीहरू ज्ञानको कमीको कारण नष्ट भए ।[३३६] तिनीहरूले परमेश्वरको ज्ञानलाई बालको ज्ञानसँग साटे ।

### पुनर्स्थापनाको आशा

अन्य अगमवक्ताहरू जस्तै, होशेले यदि इस्राएलले आफ्नो आत्मिक व्यभिचार छोडेर यहोवातिर फर्के भने उनीहरूको पुनर्स्थापना हुन्छ भनेर प्रतिज्ञाका साथ आफ्नो सेवकाइ समाप्त गरे । परमेश्वरले इस्राएललाई प्रेम गर्नुभयो र उसलाई मिश्रबाट बाहिर ल्याउनुभयो । अब, उहाँले उसलाई आफैंमा पुनर्स्थापित गर्न खोज्नुभयो ।

होशे १४ मा पश्चात्तापको आह्वान र निको पार्ने प्रतिज्ञा समावेश छ । इस्राएलले अश्शूर उसको सहयोगी बन्ने आशा गरे तापनि अश्शूर उसको मित्र नभई शत्रु बन्यो । यद्यपि, यदि इस्राएलले पश्चात्ताप गर्यो भने, परमेश्वरले प्रतिज्ञा गर्नुभयो, "तिनीहरू मबाट तर्किगएकामा म तिनीहरूलाई निको पार्नेछु । म तिनीहरूलाई सिँत्तैमा प्रेम देखाउनेछु ।"[३३७] परमेश्वरले इस्राएललाई उसको पापको लागि न्याय गर्नुपर्छ, तर उहाँले पुनर्स्थापनाको आशा पनि राख्नुहुन्छ ।

## नयाँ करारको होशे

होशेलाई नयाँ करारमा बारम्बार उल्लेख गरिएको छ । मत्तीले देखाए कि येशु मिश्रबाट फर्कनु होशेको अगमवाणीको पूर्ति

---

३३६ होशे ४:६

३३७ होशे १४:४

थियो ।[३३८] होशेका शब्दहरू प्रयोग गर्दै, येशुले आफ्ना शत्रुहरूलाई सम्झाउनुभयो कि बलिदान भन्दा दया महत्त्वपूर्ण छ ।[३३९] परमेश्वरले यहूदी र अन्यजाति दुवैलाई समावेश गर्ने मानिसहरू सृष्टि गर्दै हुनुहुन्छ भनेर सिकाउँदा पावलले होशेलाई औंल्याए ।[३४०] परमेश्वरको ज्ञान (इस्राएलले त्यागेको ज्ञान) चाँडै अन्यजातिहरूमा आउनेछ ।

## योएल: परमप्रभुको दिन

### योएलको पुस्तकको एक झलक

**लेखक:** योएल
**श्रोता:** यहूदा
**मिति:** सम्भवत: ५००-४५० इ.पू.
**विषयवस्तु:** परमप्रभुको दिन
**उद्देश्य:**

- न्यायको आगामी दिनको भविष्यवाणी
- पुनर्स्थापनाको आगामी दिनको भविष्यवाणी

**योएलमा रहेको सुसमाचार:** योएलको प्रतिज्ञा पेन्तिकोसमा पूरा भयो ।

## योएलको ऐतिहासिक स्थिति

योएलले सलहको भयानक विपत्तिपछि तुरुन्तै सेवा गरे । योएलले यस प्राकृतिक विपत्तिलाई भविष्यको न्यायको दिन, प्रभुको दिनको लागि रूपकको रूपमा प्रयोग गरे ।

अगमवक्ता योएलको नाम (यसको अर्थ "यहोवा परमेश्वर हुनुहुन्छ") र तिनका बुबा (उनी पेथुएलका छोरा थिए) बाहेक अरूको बारेमा थोरै जानकारी छ ।

पुस्तकको मिति पनि अनिश्चित छ; मिति पुष्टि गर्ने कुनै घटनाहरू छैनन् । किनभने योएलले उत्तरी राज्य वा यहूदाका राजाको उल्लेख गर्दैनन्, योएलले निर्वासनबाट फर्केपछि प्रचार गरेको हुन सक्छ । यद्यपि, बाइबलका विद्वानहरू बीच यसबारे धेरै असहमति छ ।

## योएलको उद्देश्य

योएलले यहूदालाई परमेश्वरमा फर्कन आह्वान गरे । सलहको विपत्तिले अनाज्ञाकारीहरूमाथि आउने न्यायको प्रतीकको रूपमा काम गर्यो । यद्यपि, योएलले विश्वासीहरूको लागि पुनर्स्थापनाको आउने दिनको भविष्यवाणी पनि गरे ।

---

३३८ मत्ती २:१५; होशे ११:१

३३९ मत्ती ९:१३; होशे ६:६

३४० रोमी ९:२५-२६; होशे १:१०-११ र २:२३

## योएलका विषयवस्तुहरू

### सलहको विपत्ति र परमप्रभुको दिन (योएल १:१–२:१७)

योएल १:२–२:१७ सलहको प्रकोपको बारेमा विलाप हो । यो विपत्ति कसैले देखेको भन्दा खराब थियो । यो भूमि नष्ट गर्ने सेना जस्तै थियो ।

सलहको विपत्ति आउँदै गरेको नराम्रो कुराहरूको संकेत थियो । पुनर्स्थापनाको समयको सट्टा, परमप्रभुको दिन परमेश्वरका मानिसहरूको न्यायको समय हुनेछ यदि तिनीहरूले पश्चात्ताप गरेनन् भने । बाह्य चिन्हहरूमा "आफ्ना लुगाहरू च्यात्नु" पर्याप्त थिएन; साँचो पश्चात्ताप हृदयबाट आउनु पर्छ । परमेश्वरले यहूदालाई "तिमीहरूको हृदय च्यात्नु" भन्नुभयो । यदि मानिसहरू परमेश्वरतिर फर्के भने, तिनीहरूले भेट्टाउनेछन् कि "उहाँ अनुग्रहकारी, दयामा भरपूर, रीस गर्नमा ढीला र प्रेममा भरिपूर्ण हुनुहुन्छ, र विपत्ति ल्याउनुहुँदा उहाँ दु:खित हुनुहुन्छ ।"[३४१]

### भविष्यको लागि भविष्यसूचक सन्देश (योएल २:१८–३:२१)

न्यायको साथमा, परमेश्वरले पुनर्स्थापनाको प्रतिज्ञा गर्नुभयो । पहिलो, परमेश्वरले भूमिलाई पुनर्स्थापित गर्नुहुनेछ । उहाँले सलहले खाएका वर्षहरूलाई पुनर्स्थापित गर्नुहुनेछ ।[३४२] त्यसपछि, परमेश्वरले आत्मिक पुनर्स्थापनाको प्रतिज्ञा गर्नुभयो ।

जसरी भौतिक सलहको विपत्ति आत्मिक प्रकोपको प्रतीक थियो, त्यसरी नै भूमिको पुनर्स्थापना आउँदै गरेको आध्यात्मिक जागरणको प्रतीक थियो । परमेश्वरले समाजका सबै तहका मानिसहरूमा आफ्नो आत्मा खन्याउनुहुनेछ ।

त्यस समयमा, सारा पृथ्वीले परमेश्वरको सार्वभौमिकताबारे थाहा पाउने छ । परमेश्वरका जनका शत्रुहरूलाई दण्ड दिइनेछ जबकि यहूदाले परमेश्वरको विशेष आशिष् पाउनेछ ।

## नयाँ करारमा योएल

योएलले प्रतिज्ञा गरे कि परमेश्वरले आफ्नो आत्मा सबै शरीरमा खन्याउनुहुनेछ । यो इस्राएलको इतिहासमा आवधिक रूपमा भएका पुनरुत्थानहरू भन्दा बढी थियो । यी जागृतिहरूले परमेश्वरको योजनाबाट इस्राएलको स्थिर गिरावटलाई ढिलाइ गर्‍यो, तर तिनीहरू स्थायी परिवर्तनहरूको सट्टा अस्थायी साबित भए । थप रूपमा, तिनीहरू इस्राएलमा सीमित थिए ।

योएल परमेश्वरको आत्मा सबै शरीरमा खन्याइने समयको पर्खाइमा थिए । पेन्तिकोसमा, पत्रुसले योएलको भविष्यवाणी पूरा हुँदैछ भनेर घोषणा गरे ।[३४३] माथिल्लो कोठामा पवित्र आत्मा खन्याइएपछि, प्रेरितहरूले सुसमाचारलाई यरूशलेम, यहूदिया र सामरिया र पृथ्वीको छेउसम्म लगे ।

यो अस्थायी जागृति थिएन बरु, परमप्रभुको दिनको प्रतिज्ञा अझै पनि मण्डलीको सेवकाई मार्फत पूरा भइरहेको छ । जब हामी सुसमाचार प्रचार गर्छौं र चेलाहरू बनाउँछौं, हामी यो आश्वासनमा गर्छौं कि परमेश्वरको आत्माले मानिसजातिको लागि परमेश्वरको उद्देश्य पूरा गर्न हामी मार्फत काम गरिरहनुभएको छ । उहाँको आत्मा अझै पनि मण्डलीको कामद्वारा सबै शरीरमा खन्याइएको छ ।

---

३४१ योएल २:१३

३४२ योएल २:२५

३४३ योएल २:२८-३२; प्रेरित २:१४-२१

## आमोस: साँचो धार्मिकताको लागि गोठालो

### आमोसको पुस्तकको एक झलक

**लेखक:** आमोस
**श्रोता:** उत्तरी राज्य
**मिति:** मध्य-८ औं शताब्दी इ.पू.
**विषयवस्तु:** साँचो धार्मिकताको लागि गोठालो
**उद्देश्य:** इस्राएलमा उसको अधर्मी व्यवहारको कारण परमेश्वरको न्यायको भविष्यवाणी गर्न - दुवै परमेश्वर र उसको सँगी मानिस प्रति ।
**आमोसमा रहेको सुसमाचार:** आमोस जस्तै, येशुले देखाउनुहुन्छ कि परमेश्वरको लागि प्रेम (पहिलो महान आज्ञा) हाम्रो सँगी मानिसको लागी प्रेम (दोस्रो महान आज्ञा) मा देखिनु पर्छ । याकूबको पत्रले आमोससँग धेरै विषयवस्तुहरू साझा गर्दछन् ।

## आमोसको ऐतिहासिक स्थिति

आमोस यरूशलेमको दक्षिणमा एउटा सानो सहर तकोका गोठाला थिए । गर्मीमा, गोठालाहरूले आफ्ना भेडाहरूलाई तल्लो उचाइमा सार्छन् । यी महिनाहरूमा, आमोसले नेभारा फल्ने अन्जीरका रूखहरूको हेरचाह गरे ।

परमेश्वरले आमोसलाई उत्तरी राज्यमा यात्रा गर्न आदेश दिनुभयो । गोठालोको रूपमा, आमोससँग अगमवक्ताको प्रमाणको अभाव थियो । नराम्रो कुरा, यहूदाबाट अगमवक्ताको रूपमा, आमोसलाई उत्तरी राज्यमा जनताको विश्वास थिएन । [३४४]

आफ्नो सन्देशमा प्रतिकार थप्दै, आमोसले उत्तरी राज्यले अभूतपूर्व आर्थिक र राजनीतिक सफलताको अनुभव गरिरहेको समयमा न्यायको सन्देश प्रचार गरे । धेरै इस्राएलीहरूले समृद्धिलाई परमेश्वरको आशिषको चिन्ह हो भनी ठाने । तिनीहरूको नजरमा, आमोसको न्यायको सन्देश इस्राएलको समृद्धिको दृश्यद्वारा अमान्य भयो । जे होस्, आमोस न्यायको सन्देश ल्याएर परमेश्वरको आह्वानप्रति इमानदार थिए ।

## आमोसको उद्देश्य

समृद्धिको अनुभव गरिरहेको राष्ट्रलाई आमोसले न्यायको भविष्यवाणी गरे । सम्बृद्धिको सट्टा, इस्राएलले न्यायको दिन सामना गरिरहेको थियो । इस्राएलले समाजका तल्लो सदस्यहरूप्रति न्यायको साथ काम गर्न अस्वीकार गरेको कारणले परमेश्वरको इन्साफ उनीहरूमथि उत्पन्न भयो । आमोसले प्रचार गरे कि धार्मिकता चाहिँ मन्दिरका धर्मविधिहरू पालन गर्नु भन्दा बढी हो; धार्मिकताले हाम्रो सँगी मानिसप्रति सही व्यवहार गर्न माग गर्दछ ।

---

३४४ आमोस ७:१०-१३

## आमोसमा विषयवस्तुहरू

### न्याय (आमोस १:१–९:१०)

अधिकांश आमोसको पुस्तक न्यायको सन्देश हो। आमोसले तीनवटा प्रश्नको जवाफ दिन्छन्:

१. **कसले पठाइरहेको छ न्याय ?** पुस्तकमा अश्शूरको उल्लेख छैन; आमोसले देखाउँछन् कि आउँदै गरेको न्याय परमेश्वरबाट हो। बारम्बार, उनले यो सन्देश आफ्नो जातिकहाँ प्रवाह गर्छन्: "परमप्रभु गर्जनु हुनेछ... परमप्रभु यसो भन्नुहुन्छ... म दण्ड फिर्ता गर्दिन... म आगो पठाउनेछु... म दमस्कसको बार पनि भत्काउनेछु।"[३४५]


२. **न्याय कसरी आउँछ ?** अनिकाल, खडेरी, विपत्ति र महामारी परमेश्वरको न्यायको साधन हुनेछ।[३४६] अश्शूरले भूमिमा आक्रमण गर्नेछ र भूमिलाई पूर्ण रूपमा नष्ट गर्नेछ जसरी सिंहले भेडालाई नष्ट गर्छ, केवल एउटा खुट्टा वा कानको टुक्रा छोडेर।[३४७] राष्ट्रका अगुवाहरूलाई लगिनेछ [३४८] र भूमि कब्जा गरिनेछ। [३४९]

३. **परमेश्वरले किन न्याय पठाउनुहुन्छ ?** परमेश्वरको न्याय इस्राएलको पापको परिणाम हो। सबै राष्ट्रहरू मध्ये, केवल इस्राएल र यहूदालाई मात्र परमेश्वरले चिन्नुहुन्थ्यो। इस्राएलले करारका विशेषाधिकारहरूको आनन्द उठायो; उसले करारका जिम्मेवारीहरूलाई बिर्सियो। किनभने उ परमेश्वरद्वारा चिनिन्छि, इस्राएलले परमेश्वरको दण्डको सामना गर्छ।[३५०] करारले विशेषाधिकार र जिम्मेवारी दुवै ल्यायो।

न्यायको घोषणा भविष्यसूचक सन्देशहरूको शृङ्खला मार्फत दिइएको छ। आमोसको प्रत्येक खण्डले यो सन्देश फरक तरिकामा ल्याउँछ। आमोसको सन्देशमा यी कुराहरू समावेश छन्:

### राष्ट्रहरूको विरूद्धमा न्याय (आमोस १–२)

आमोसले अन्य राष्ट्रहरू विरुद्ध न्यायको भाषण साथ सुरु गरे: दमस्कस, पलिश्ती र टुरोस। त्यसपछि तिनी इस्राएलका रगतका नातेदार राष्ट्रहरूको बारेमा भन्छन्: एदोम, अम्मोन र मोआब। यी राष्ट्रहरूले इस्राएल विरुद्ध क्रूर अपराध गरेका थिए। आमोस त्यसपछि यहूदाका आत्मिक पापहरू, जस्तै- व्यवस्थालाई त्यागेर झूटा देवताहरू पछ्याएको बारेमा बोल्छन्।




घ = अन्य राष्ट्रहरू: दमस्कस, फिलिस्टिया, टुरोस
ग = इस्राएलका रगतका नातेदारहरू: एदोम, अम्मोन, मोआब
ख = यहूदा (दक्षिणी राज्य)
क = इस्राएल (उत्तरी राज्य)

इस्राएललाई घेरेका राष्ट्रहरूसँग बोलिसकेपछि, आमोसले उत्तरी राज्यका पापहरूलाई सम्बोधन गरे। यस बिन्दुमा, आमोसका श्रोताहरू उनको सन्देशसँग सहमत हुने थिए। यद्यपि, एक अप्रत्याशित मोडमा, आमोस भन्छन् कि प्रभुको दिन पनि इस्राएलको

---

३४५ आमोस १:२-८

३४६ आमोस ४:६-११

३४७ आमोस ३:११-१२

३४८ आमोस ४:२-३ र ५:२ ७

३४९ आमोस ६:१४

३५० आमोस ३:१-२ होशेबाट सम्झनुहोस् कि *जान्नुहोस्* भन्ने शब्दले सम्बन्धलाई बुझाउँछ, केवल मानसिक ज्ञान होइन।

न्यायको दिन हुनेछ। इस्राएललाई उसको पापको कारण न्याय गरिनेछ: कमजोरहरूलाई दमन गर्ने (तिनीहरूले गरिबहरूलाई एक जोडी जुत्ताको लागि बेच्छन् [३५१]), यौनका पापहरू, र मूर्तिपूजक उत्सवहरू।

## इस्राएल विरुद्ध भविष्यवाणीहरू (आमोस ३–६)

आमोसले इस्राएलमा परमेश्वरको दण्डको इन्साफ देखाउन प्रश्नहरूको शृङ्खला सोधे।[३५२] उनले इस्राएलको पापलाई पलिश्ती र मिश्रीहरूसँग तुलना गरे।[३५३] उनले इस्राएलीहरूका विशेष समूहका पापहरूलाई सम्बोधन गरे: सामरियाका भोगी महिलाहरू, जसले पापमा रहँदा बलिदानहरू ल्याए, र अगुवाहरू जो आफ्नो सम्पत्ति र स्पष्ट सुरक्षामा घमण्डी थिए। [३५४]

आमोसले इस्राएलमा मृतकहरूका लागि शोक गर्ने गीतद्वारा अन्त्येष्टिको विलाप गरे।[३५५] चेतावनीको बावजुद, इस्राएलले पश्चात्ताप गर्न अस्वीकार गऱ्यो। तिनीहरूले परमेश्वरले अरू राष्ट्रहरूको न्याय गर्नुहुनेछ भनी आशा गरे। परमेश्वरले इस्राएललाई उसको पापको लागि न्याय गर्नुहुनेछ भनेर तिनीहरूले बुझेका थिएनन्।

## न्यायको दर्शन (आमोस ७:१-९:१०)

परमेश्वरले आमोसलाई आउँदै गरेको न्यायको चित्रण गर्ने पाँचवटा दर्शनहरूको शृङ्खला दिनुभयो। आमोसले देखे:

१. सलहको विपत्ति जसले जमिनलाई नष्ट गर्ने चेतावनी दियो। यसले इस्राएलमा परमेश्वरको न्यायलाई देखाएको थियो। आमोसले इस्राएलको लागि मध्यस्थता गरे र परमेश्वर नरम हुनुभयो।

२. आगो यति तातो भयो कि यसले भूमध्यसागरलाई भस्म गर्‍यो। फेरि, आमोसले इस्राएलको लागि मध्यस्थता गरे र परमेश्वरले मन फेरि परिवर्तन गर्नुभयो।

३. पर्खालको सीधापन परीक्षण गर्न शाहुलको प्रयोग। परमेश्वरको धार्मिकताको स्तरले नाप्दा, इस्राएल बाङ्गो थियो। यसकारण, परमेश्वरले पर्खाल भत्काउनुहुनेछ।

४. पाकेको फलको टोकरी। यसले इस्राएलको अवस्थालाई चित्रण गऱ्यो; उ तुरुन्तै न्यायको लागि तयार थियो। मानिसहरूले शबाथ पालन गरे; तर शबाथ समाप्त भएपछि, तिनीहरूले अरू मानिसहरूलाई बेइमानीसँग व्यवहार गरे। साँचो धार्मिकतामा सही व्यवहार समावेश हुन्छ; धार्मिक अनुष्ठान पर्याप्त छैन।

५. परमेश्वर वेदीको छेउमा उभिएर न्यायको निश्चितता घोषणा गर्दै हुनुहुन्छ। उम्कने कुरै थिएन। आफ्ना मानिसहरूलाई हेर्ने आफ्नो अघिल्लो प्रतिज्ञाहरूको डरलाग्दो रूपान्तरणमा, परमेश्वरले भन्नुभयो, "म मेरो नजर उनीहरूलाई हानि गर्नमा राख्नेछु, भलाइको लागि होइन।"[३५६]

## पुनर्स्थापना (आमोस ९:११-१५)

होशे जस्तै आमोसको पुस्तक पनि आशाको सन्देशको साथ समाप्त भयो। परमेश्वरले आफ्ना मानिसहरूलाई बिर्सनु भएको

---

३५१ आमोस २:६

३५२ आमोस ३:३-६

३५३ आमोस ३:९-१५

३५४ आमोस ४:१-११ र ६:१-१४

३५५ आमोस ५:१-३

३५६ आमोस ९:४

छैन । पुस्तक भविष्यको पुनर्स्थापनाको सन्देशको साथ समाप्त हुन्छ ।

| महान उलट पुलट | |
|---|---|
| **न्याय (१:१-९:१०)** | **पुनर्स्थापना (९:११-१५)** |
| **पतन:** इस्राएलको कुमारी पतित छ; उनी फेरि उठ्ने छैनन् (५:२) । | **माथि खडा हुनु:** म ढलेको दाऊदको पाल खडा गर्नेछु (९:११) । |
| **भत्किएको पर्खालहरू:** र तिमीहरू भङ्गहरूमा निस्कनेछौ (४:३) । | **मर्मत गरिएको पर्खालहरू:** म यसको उल्लङ्घनहरू बन्द गर्नेछु (९:११) । |
| **विनाश:** म हिउँदको घर र ग्रीष्मकालीन घरलाई प्रहार गर्नेछु । र हात्तीको दाँतका घरहरू नष्ट हुनेछन्, र ठूला घरहरूको अन्त्य हुनेछ (३:१५) । | **पुनर्निर्माण:** म त्यसको भग्नावशेषहरू उठाउनेछु (९:११) । |
| **अनिकाल:** तिमीहरूले मनमोहक दाखबारीहरू रोपेका छौ, तर तिमीहरूले त्यसको दाखमद्य पिउनेछैनौ (५:११) । | **भोज:** तिनीहरूले दाखबारी रोप्नेछन् र त्यसको दाखमद्य पिउनेछन् । तिनीहरूले बगैंचाहरू पनि बनाउनेछन्, र तिनीहरूका फलहरू खानेछन् (९:१४) । |
| **निर्वासन:** त्यसैले म तिमीहरूलाई दमस्कसभन्दा बाहिर कैदमा लैजानेछु (५:२७) । | **पुनर्वास:** र म तिनीहरूलाई तिनीहरूको भूमिमा रोप्नेछु, र मैले तिनीहरूलाई दिएको भूमिबाट तिनीहरू फेरि बाहिर निकालिने छैनन् (९:१५) । |

## नयाँ नियममा आमोस

डाँडाको उपदेशमा, येशुले आमोसको जस्तै सन्देशको प्रचार गर्नुहुन्छ: हाम्रो सँगी मानिसप्रति हाम्रो कार्यहरूमा धार्मिकता देखिनुपर्दछ । यही सन्देश याकूबको पुस्तकमा पनि देखिन्छ । विश्वासको स्विकारहरू मात्रै पर्याप्त छैनन्; त्यो विश्वास दैनिक जीवनमा बाँच्नुपर्दछ ।

» कहिलेकाहीं मण्डलीले सुसमाचारको पछि लाग्दा समाजका पापहरूलाई बेवास्ता गरेको छ । अन्य समयमा, मण्डलीले सामाजिक विकृतिहरू विरुद्ध प्रचार गर्दा सुसमाचारको सन्देशलाई बेवास्ता गरेको छ ।[३५७] तपाईंको समाजमा, मण्डलीले कसरी प्रभावकारी रूपमा समाजका पापहरू व्यक्त गर्न सक्छ जबकि सुसमाचार प्रचारमा बाइबलीय जोड राख्छ ?

## नजिकबाट अगमवक्ताहरूमा "धार्मिकता"को अवलोकन

आमोसको मुख्य पदहरू मध्ये एउटा ५:२४ हो: "तर न्याय पानीँझै र धार्मिकता चाहिँ शक्तिशाली खोलाँझै बगिरहोस् ।" यो पद धेरै सामाजिक न्याय अभियानहरूको लागि विषयवस्तु भएको छ, जसमध्ये केहीले सामाजिक कार्यको लागि आफ्नो चिन्तामा सुसमाचारलाई बिर्सेका छन् ।

---

३५७ यसलाई प्रायः "सामाजिक सुसमाचार" भनिन्छ ।

जे होस्, आमोसको सन्देश सामाजिक सुसमाचारबाट टाढा छ जसले येशु ख्रीष्टको उद्धार गर्ने सन्देशलाई सामाजिक कार्यमा बदल्दछ । यसको अलावा, आमोसले यो पनि देखाउँछन कि साँचो धार्मिकता परमेश्वरको चरित्रमा आधारित छ । परमेश्वरको सामु साँचो धार्मिकताले हाम्रो छिमेकीप्रति सही व्यवहारको परिणाम दिन्छ । यो सन्देश पवित्रशास्त्र भर दोहोऱ्याइएको छ:

- परमेश्वरले भन्नुभयो, "तिमीहरू पवित्र होओ, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर पवित्र छुँ ।" यो इस्राएलको गरिब, मजदुर, अपाङ्गता भएका, र सँगी इजरायलीहरूको व्यवहारलाई सम्बोधन गर्ने आदेशहरूको एक शृङ्खलाद्वारा सँगसँगै आएको छ । [३५८]
- अय्यूबले परमेश्वरको अगाडि आफ्नो निर्दोषताको घोषणा गरे । आफ्नो रक्षाको एक पाटोको रूपमा उनले साथीहरूलाई आफ्नो धर्मी व्यवहारको गवाही दिए । [३५९]
- फरिसीहरूले पापीहरूसँग खाना खाएकोमा येशुको आलोचना गरे । जवाफमा, येशुले उद्धृत गर्नुभयो होशे ६:६: "तर गएर यसको अर्थ के हो तिमीहरू सिक: 'म बलिदान होइन, दया चाहन्छु ।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ ।"[३६०]
- याकूबले धनी र गरिबहरूप्रति पक्षपात देखाउने, भोकाहरूलाई खुवाउन र नाङ्गोहरूलाई लुगा लगाइदिन ध्यान नदिने र खराब कुरा बोल्ने दोषी ख्रीष्टियनहरूको विरोध गरे । याकूबले शुद्ध धर्मको अर्थ संक्षेप गरे: " परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु । "[३६१]

धार्मिकताले परमेश्वरको चरित्रको वर्णन गर्दछ; हाम्रो छिमेकीलाई न्यायको साथ व्यवहार गर्नु भनेको परमेश्वरको चरित्र प्रतिबिम्बित गर्नु हो । २१ औं शताब्दीमा ख्रीष्टियनहरूको रूपमा, हामीले अविश्वासी संसारमा परमेश्वरको चरित्र देखाउनु पर्छ । परमेश्वरसँगको ठीक सम्बन्धले हाम्रो सँगी मानिससँगको हाम्रो सम्बन्धलाई परिवर्तन गर्नेछ । आमोसमा धार्मिकताको अर्थ यही थियो र यसको साथै आजको संसारमा पनि धार्मिकताको अर्थ यही नै हो ।

## निष्कर्ष

१७५९-१८३३ सम्म बाँचेका अंग्रेजी राजनीतिज्ञ विलियम विल्बरफोर्सको तुलनामा सुसमाचारको प्रसार र ख्रीष्टियन न्यायको सिद्धान्त दुवैप्रतिको प्रतिबद्धतालाई थोरै ख्रीष्टियनहरूले प्रभावकारी रूपमा अवलम्बन गरेका छन् ।

विल्बरफोर्स २१ वर्षको उमेरमा हाउस अफ कमन्समा निर्वाचित भएका थिए । चार वर्षपछि उनी ख्रीष्टियन बने । यस कुलीन वर्गको युवाको सम्पूर्ण जीवन उनको धर्म परिवर्तनले कायापलट गऱ्यो । यो विश्वासको निजी स्वीकार मात्र थिएन । उनको राजनीतिक जीवनचर्या, उनको आत्मकेन्द्रित जीवनशैली, र उनको सम्पत्तिको उपयोग सबै उनको रूपान्तरणले परिवर्तन भयो ।

विलियम विल्बरफोर्सले विश्वास गरे कि ख्रीष्टियनहरूले नाशमा गइरहेका मानिसहरूलाई सुसमाचार प्रचार र भौतिक आवश्यकताहरूको पीडाको लागि दुवै चिन्तित हुनुपर्छ । फलस्वरूप, उहाँले गरिबहरूलाई मद्दत गर्न र सुसमाचार फैलाउन धेरै संस्थाहरूसँग काम गर्नुभयो । उनले भारत र अफ्रिकामा मिसनरीहरूलाई सहयोग गरे । उनले अस्पताल, आश्रम, विद्यालय र जेलहरू राम्रो बनाउनको लागि काम गरे । उनले बालसङ्गतीहरू, शरणार्थीहरू, एकल आमाहरू र काम गर्ने गरिबहरूलाई सहयोग गरे । आफ्नो जीवनको धेरै समयको लागि, विल्बरफोर्सले आफ्नो वार्षिक आयको एक चौथाई गरिबहरूलाई दिए ।

---

३५८ लेवी १९:२

३५९ अय्यूब ३१

३६० मत्ती ९:१३

३६१ याकूब १:२७

राजनीतिक नेताको रूपमा विल्बरफोर्सको सबैभन्दा दिगो योगदान चाहिँ दासत्व विरुद्धको लडाई थियो । दासत्व हाम्रो सँगी मानिसको लागि ख्रीष्टियन प्रेमसँग असुहाउँदो थियो भनेर विश्वस्त भएका, विल्बरफोर्सले आफ्नो क्यारियरको धेरै हिस्सा यस खराब कुरासँग लड्न समर्पित गरे । सुरुमा, थोरै मानिसहरूले सोचेका थिए कि उनीसँग दासत्वको रक्षा गर्ने शक्तिशाली दबावलाई हराउने कुनै मौका छ । अङ्ग्रेजी व्यापारीहरूले अफ्रिकाबाट एक वर्षमा लगभग ५०,००० दासहरू एट्लान्टिक पार गरेर लैजान्थे । व्यापारलाई राजनीतिज्ञहरूले ब्रिटिश अधिकारको रूपमा सुरक्षित गरेका थिए, व्यापारीहरूले आर्थिक आवश्यकताको रूपमा प्रतिरक्षा गरेका थिए । र धेरै ख्रीष्टियनहरूले दुखद तर आवश्यक खराबीको रूपमा स्वीकार गरेका थिए ।

विल्बरफोर्सले यो दुष्टता स्वीकार गर्न सकेनन । उहाँलाई परमेश्वरले प्रभावको स्थानमा राख्नुभएको थियो । उनले यो पदलाई परमेश्वरको सेवा गर्ने अवसरको रूपमा हेरे । तिनी “न्यायलाई पानीँझै र धार्मिकतालाई चाहिँ शक्तिशाली खोलाँझै बगाउन” कटिबद्ध थिए । दासत्वको दुष्टताको बारेमा सिकेर, विल्बरफोर्स यस लाजमर्दो पापको उन्मूलन गर्न प्रतिबद्ध भए । उनले लेखे, " तिनीहरूले चाहे अनुसारको परिणाम तिनीहरूले प्राप्त गरून्: यस समयदेखि नै मैले यसलाई उन्मूलन नगरुन्जेल मैलेकहिल्यै आराम नगर्ने दृढ संकल्प गरें ।”

१७८९ को सुरुमा, विल्बरफोर्सले दासको व्यापार विरुद्ध प्रत्येक वर्ष विधेयकहरू पेश गरे । १७८९ र १८०५ को बीचमा बाह्र दासप्रथा विरुद्ध विधेयकहरू हटाएका थिए । अन्ततः १८०७ मा, संसदले ब्रिटिश साम्राज्यमा दासको व्यापार समाप्त गर्‍यो ।

विल्बरफोर्सले त्यसपछि साम्राज्यभरि दासत्व (नयाँ दासहरूको व्यापार मात्र होइन) उन्मूलन गर्न लडाई सुरु गरे । विल्बरफोर्सले दास प्रथा उन्मूलन गर्न अर्को पच्चीस वर्ष काम गरे । उनको मृत्यु हुनुभन्दा तीन दिन अघि, हाउस अफ कमन्सले ब्रिटिश साम्राज्यमा सबै दासहरूलाई मुक्त गर्ने कानून पारित गर्‍यो ।

## पाठ १२ गर्नुपर्ने कार्यहरू

निम्न गर्नुपर्ने कार्यहरूद्वारा यस पाठमा तपाईंको बुझाइलाई देखाउनुहोस्:

**१.** निम्न कार्यहरू मध्ये **एउटा** पूरा गर्नुहोस्।

विकल्प १: समूहमा गर्नुपर्ने कार्यहरू

तपाईंको समाजमा भएको अन्यायको क्षेत्रमा मण्डलीले बोल्नुपर्छ भनेर छलफल गर्नुहोस्। आमोसको उदाहरण प्रयोग गरेर, मण्डलीले यस अवस्थालाई कसरी सम्बोधन गर्नुपर्छ भनेर देखाउनुहोस्। तपाईंको छलफलको एक पृष्ठ सारांश लेख्नुहोस्।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्यहरू

"अविश्वासी राष्ट्रको लागि परमेश्वरको न्याय र प्रेम" को विषयमा वचन प्रचारको लागि विस्तृत उपदेशको रूपरेखा तयार गर्नुहोस्। होशेको सन्देशले आज हाम्रो संसारलाई कसरी बोल्छ देखाउनुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पदहरू समावेश हुनेछ।

## पाठ १२ परीक्षा

१. हिब्रू बाइबलमा साना अगमवक्ताहरूलाई के भनिन्छ ?

२. प्रमुख अगमवक्ताहरू र साना अगमवक्ताहरू बीच के भिन्नता छ ?

३. ८ँऔं शताब्दी इ.पू. मा उत्तरी राज्यको आर्थिक र आत्मिक अवस्थाको वर्णन गर्नुहोस्।

४. होशेको मुख्य उद्देश्य के हो ?

५. होशेका प्रत्येक सन्तानको नामले इस्राएललाई के भविष्यवाणी गर्छ ?

६. पुरानो करारमा, *जान्नुहोस्* शब्दको अर्थ के हो ?

७. योएलको मुख्य विषयवस्तु के हो ?

८. योएलमा, कस्तो प्राकृतिक प्रकोप आउँदै गरेको न्यायको भविष्यवाणी गरिएको छ ?

९. नयाँ करारअनुसार, आउँदै गरेको आत्मिक जागरणको निम्ति योएलको भविष्यवाणी कहिले पूरा हुन्छ ?

१०. आमोसको पुस्तकको उद्देश्य के हो ?

११. आमोसमा न्यायका पाँच दर्शनहरू सूचीबद्ध गर्नुहोस् र तिनीहरूको अर्थ दिनुहोस्।

१२. आफूले कण्ठ गरेको होशे १०:१२; योएल २:१३; र आमोस ५:२४ लेख्नुहोस्।

# पाठ १३

# ओबदिया-सपन्याह

## पाठ उद्देश्यहरू

१. ओबदिया, योना, मीका, नहुम, हबकूक र सपन्याहको सम्भावित मिति र ऐतिहासिक स्थितिलालाई जान्नुह ।

२. ओबदिया, योना, मीका, नहुम, हबकूक र सपन्याहको प्राथमिक विषयवस्तु र उद्देश्यहरूको रूपरेखा बनाउन सक्षम हुनुह ।

३. पुरानो करारको भविष्यवाणीको व्याख्या गर्ने आधारभूत सिद्धान्तहरू बुझ्नुह ।

४. सबै राष्ट्रहरूमा परमेश्वरको सार्वभौमिकताको कदर गर्नुह ।

५. ओबदिया, योना, मीका, नहूम, हबकूक र सपन्याहको सन्देशलाई आजको संसारको आवश्यकतासँग जोड्नुह ।

## यस पाठको लागि तयारी

*ओबदिया, योना, मीका, नहूम, हबकूक र सपन्याह पढ्नुहोस् ।*

*मीका ६:८; नहुम १:७-८; हबकूक ३:२ कण्ठ गर्नुहोस् ।*

## परिचय

पुरातन संसारका झूटा देवताहरूजस्तै, यहोवा घरेलु देवता हुनुहुन्नथ्यो । यहोवा सारा संसारको सार्वभौम हुनुहुन्थ्यो र हुनुहुन्छ । यो इस्राएल बाहिरका राष्ट्रहरूमा साना अगमवक्ताहरूको सन्देशमा देखिन्छ । यस पाठमा अध्ययन गरिएका पुस्तकहरूमा, परमेश्वरले आफ्ना अगमवक्ताहरूद्वारा एदोम, निनवे, इस्राएल, यहूदा र सपन्याहमा, सारा संसारभरि बोल्नुभयो । यस अध्यायमा, हामी मानिसहरूमाथि परमेश्वरको सार्वभौमिकता देख्छौं जसले उहाँको अख्तियारलाई पनि चिन्दैनन् । परमेश्वर सारा संसारमा सार्वभौम हुनुहुन्छ ।

## ओबदिया: एदोमलाई सन्देश

### ओबादियाको पुस्तकको एक झलक

**लेखक:** ओबदिया
**श्रोता:** एदोम
**मिति:** ५८७ र ५५३ इ.पू. को बीचमा
**विषयवस्तु:** एदोमको पतन
**उद्देश्य:** बेबिलोनी घेराबन्दीको समयमा यहूदामाथिको क्रूरताका कारण एदोमको विनाशको भविष्यवाणी गर्न।
**ओबदियामा रहेको सुसमाचार:** निर्वासनपछि, यहूदा पुनर्स्थापित हुनेछ। ऊद्वारा, सुसमाचार अन्यजातिहरूमा आउनेछ।

## ओबदियाको ऐतिहासिक स्थिति

ओबादियाको पुस्तक एदोम, एसावका सन्तान र इस्राएल, याकूबका सन्तानहरू बीचको लामो समयदेखि चलिरहेको द्वन्द्वको सन्दर्भमा पढ्नुपर्छ। प्रस्थानको समयमा, एदोमले इस्राएल जाने बाटो अस्वीकार गरे।[३६२] बेबिलोनी घेराबन्दीको समयमा, एदोमीहरूले यरूशलेमको विनाशको जयजयकार गरे। ५८७ इ.पू. मा यहूदामा उनीहरूको क्रूरता भजन १३७:७-९ का साथै ओबदियाको भविष्यसूचक सन्देशलाई प्रेरित गर्यो।

हामीलाई अगमवक्ता ओबादियाको नाम बाहेक केही थाहा छैन। उसको नामको अर्थ "यहोवाको सेवा गर्ने" हो र पुरानो करारमा एक सामान्य नाम हो। [३६३]

## ओबदियाको सन्देश

ओबदियाको भविष्यवाणी एदोमको न्यायको सन्देश र यहूदाका लागि सान्त्वनाको सन्देश थियो। पहिलो, ओबदिया एदोमको विरुद्धमा न्यायको सन्देश ल्याउँछ। एदोमले आफ्नो राजधानी, सेला, उच्च, सजिलो सुरक्षित चट्टानमा रहेको स्थानले उसलाई आफ्ना शत्रुहरूबाट जोगाउनेछ भनी विश्वास गर्छ।[३६४] यद्यपि, यहूदा विरुद्धको हिंसाको कारणले, परमेश्वरले एदोमलाई नष्ट गर्नुहुनेछ। न्यायी परमेश्वरले एदोमको पापलाई दण्डहीन हुन दिनुहुनेछैन। इ.पू. ५५३ मा एदोमलाई जित्दा ओबदियाको भविष्यवाणी पूरा भयो।

ओबदियाले पनि सान्त्वनाको सन्देश ल्याउँछ। उनले यहूदालाई आफ्ना जनहरूप्रतिको परमेश्वरको करार प्रेमको सम्झना गराउँछन्। यरूशलेमको विनाश पछि पनि, परमेश्वरले आफ्ना जनहरूको लागि आशाको प्रतिज्ञा गर्नुहुन्छ। ओबदिया (ओबदिया

३६२ गन्ती २०:१४-२१
३६३ ओबदिया साना अगमवक्ता होइनन् जो १ राजा १८ मा आहाबको घरानामा एक अधिकारी थिए।
३६४ ओबदिया १:३

१:१५) को मुख्य पदले सबै राष्ट्रहरूको लागि प्रभुको दिन नजिक छ भनी प्रतिज्ञा गर्दछ ।

## योना: निनवेमा एक अनिच्छुक अगमवक्ता

### योनाको पुस्तकको एक झलक

**लेखक:** योना
**श्रोता:** निनवे
**मिति:** ७९३ र ७५३ इ.पू.
**विषयवरस्तु:** सबै मानिसहरूलाई परमेश्वरको अनुग्रह
**उद्देश्य:** इस्राएलका शत्रुहरूलाई समेत सबै मानिसहरूलाई छुटकारा दिने परमेश्वरको इच्छा देखाउन
**योनामा रहेको सुसमाचार:**

- येशुले योनालाई पुनरुत्थानको चिन्हको रूपमा औंल्याउनुभयो ।
- प्रेरितहरूको सेवकाइ र प्रारम्भिक मण्डली मार्फत, सुसमाचार सबै राष्ट्रहरूलाई प्रचार गरिएको छ ।

## योनाको ऐतिहासिक स्थिति

योनाले अश्शूर साम्राज्यको कमजोरीको समयमा भविष्यवाणी गरे । उनले यारोबाम द्वितीयको दिनहरूमा उत्तरी राज्यको विस्तारको भविष्यवाणी गरे । [३६५]

एक आक्रामक साम्राज्य, अश्शूरीहरू इस्राएलको स्वतन्त्रताको लागि सबैभन्दा ठूलो खतरा थिए । बाँचेको कलाकृतिले अश्शूरीहरू आफ्ना शत्रुहरूप्रति गरेको क्रूरतामा खुसी थिए भनी देखाउँछ । जब योनाले निनवेमा प्रचार गर्न परमेश्वरको आह्वान पाए, तिनी तर्शिशमा भागे ।

तिनले निनवेलाई पश्चात्तापमा ल्याउन सक्ने सन्देश प्रचार गर्न चाहेनन् । निनवेले पश्चात्ताप गरेमा परमेश्वरले सहरलाई बचाउनुहुनेछ भनी तिनलाई थाह थियो ।[३६६] एक इमानदार इस्राएलीको रूपमा योनाको दृष्टिकोणबाट, निनवेको विनाश इस्राएलको लागि आशिष् हुनेछ ।

## योनाको उद्देश्य

योनाको पुस्तकले इस्राएलका शत्रुहरूमाथि समेत परमेश्वरको कृपा रहेको देखाउँछ । योनाले देखाउँछन् कि परमेश्वरको दया हाम्रो (इस्राएल) लागि मात्र होइन; तिनीहरू (निनवे) को लागि पनि छ ।

परमेश्वरको विपरीत, अगमवक्ता योनाले निनवेप्रति कुनै दया देखाउँदैनन् । योनाको पुस्तकले हामीलाई विचार गर्न दबाब

३६५ २ राजा १४:२५
३६६ योना ४:२

दिन्छ, "के म योनाजस्तै छु कि परमेश्वर जस्तै ?"

## के योनाको कथा साँचो हो ?

केही लेखकहरूले तर्क गरेका छन् कि योनाको कथा साँचो कथा होइन, तर राष्ट्रहरूलाई परमेश्वरको उद्देश्य पूरा गर्न इस्राएलको असफलताको बारेमा पाठ सिकाउने दृष्टान्त हो। दृष्टान्त हो। यद्यपि, योनाको पुस्तकमा यो दृष्टान्तको रूपमा अभिप्रेरित भएको सुझाव दिन केही कुरा छैन। यो कथालाई सत्य कथाको रूपमा प्रस्तुत गरिएको छ र यसमा ऐतिहासिक र भौगोलिक विवरणहरू समावेश छन् जुन हामीले एक सत्य कथाको अपेक्षा गर्छौं।

योनाको सन्देशहरू मध्ये एक चाँहि परमेश्वरको सार्वभौमिकता हो। परमेश्वरले ठूलो बतास पठाउनुभयो; योनालाई निल्न उहाँले एउटा ठूलो माछाललाई तयार पार्नुभयो। उहाँले योनालाई आश्रय दिन एउटा लौकाको बोट तयार पार्नुभयो, र यसलाई नाश गर्न एउटा कीरा तयार पार्नुभयो। कथा सत्य नभएको खण्डमा उहाँको सृष्टिमा परमेश्वरको सार्वभौमिकताको सन्देश हराएको ठहरिन्छ।

येशुले योनाको कथालाई इतिहासको रूपमा व्यवहार गर्नुभयो। उहाँले चेताउनी दिनुभयो कि, "निनवेका मानिसहरू यस पुस्तासँग न्यायमा उठ्नेछन्, र यसलाई दोषी ठहराउनेछन्: किनभने तिनीहरूले योनाको प्रचारमा पश्चात्ताप गरे; र, हेर, यहाँ योनाभन्दा महान् हुनुहुन्छ।"[३६७]

हामीलाई थाहा छ कि यी कारणहरूले गर्दा योनाको कथा एक सत्य कथा हो।

## योनाको सन्देश

### भाग १: आज्ञाकारितामा पाठ (योना १-२)

अध्याय १ र २ ले आज्ञापालनको पाठ सिकाउँछ। जब परमेश्वरले योनालाई निनवेमा बोलाउनुहुन्छ, योनाको पहिलो प्रतिक्रिया भनेको विपरीत दिशामा दौडनु हो। "तर योना परमप्रभुबाट भागे र तर्शीशतिर लागे।"[३६८] तिनी प्रभुको उपस्थितिबाट भाग्नको लागि जहाजमा चढे। परमप्रभुका अगमवक्ताले यो विश्वास गर्छन् कि उनी सर्वशक्तिमान परमेश्वरको उपस्थितिबाट उम्कन सक्छन्। यद्यपि, परमेश्वर सार्वभौम हुनुहुन्छ। परमप्रभुले एउटा ठूलो बतास पठाउनुभयो जसले जहाजलाई नष्ट गर्ने खतराको संकेत दियो।

जब नाविकहरूले आँधीको कारण पत्ता लगाउन चिट्ठा हाले, तिनीहरूले योनाको गल्ती भएको पाए। योनाको विपरीत (जसले निनवेको वास्ता गर्दैन), नाविकहरूले योनाको जीवन बचाउने प्रयास गर्न आफ्नो सँगी मानिसको पर्याप्त ख्याल राख्छन्। मूर्तिपूजक नाविकहरूले परमेश्वरको अगमवक्ता भन्दा धेरै दया देखाउँछन्। जब नाविकहरूले योनालाई समुद्रमा फ्याँक्छन्, आँधी तुरुन्तै शान्त हुन्छ। योनाको जीवन जोगिएको छ किनभने परमप्रभुले योनालाई निल्नको लागि ठूलो माछा तयार गर्नुभएको थियो।

यो पहिलो खण्ड परमेश्वरको कृपाको निम्ति योनाको धन्यवादको प्रार्थनाको साथ समाप्त हुन्छ। योनाले "मैले भाकल गरेको कुरा पूरा गर्छु भनेर" प्रतिज्ञा गरे; उनले यहाँ आज्ञापालनको पाठ सिकेका छन्।

---

३६७ मत्ती १२:४१

३६८ योना १:३

### भाग दुई: दयाको पाठ (योना ३-४)

योनाको अध्याय १ र ३ परमेश्वरको बोलावटबाट सुरु हुन्छ। यस पटक, योनाले आज्ञा पालन गरे; "यसकारण योना उठे, र निनवेतिर गए।" योनाले आज्ञापालनको पाठ सिकेका छन्; अब परमेश्वरले उनलाई दयाको पाठ सिकाउनुहुन्छ।

योनाले निनवेमा न्यायको सन्देश प्रचार गर्छन्। अध्याय १ मा जस्तै, मूर्तिपूजकहरूले योनाले भन्दा परमेश्वरको दयाको भावना बढी पाएको महसुस गरे। अध्याय १ मा, मूर्तिपूजक नाविकहरूले योनाको जीवन बचाउने प्रयास गरे। अध्याय ३ मा, यो निनवेको मूर्तिपूजक राजा हो जसले यो शहरलाई परमेश्वरले दया देखाउन सक्नुहुनेछ भनी आफ्ना मानिसहरूलाई सल्लाह दिन्छन्। "कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं ?" परमेश्वरका अगमवक्ताले न्यायको मात्र प्रचार गर्छन्; एक मूर्तिपूजक राजाले परमेश्वरको कृपाको प्रचार गर्दछन्।

योनाको अध्याय २ र ४ मा प्रार्थना समावेश छ। योना २ योनामाथि परमेश्वरको कृपाको लागि धन्यवादको प्रार्थना हो; योना ४ मा निनवेमा परमेश्वरको कृपाको लागि गुनासोको प्रार्थना समावेश छ। योनाले गुनासो गरे किनभने परमेश्वरले निनवे सहरलाई बचाउनुभयो। अध्याय ४ योनालाई दिइएको परमेश्वरको शिक्षाको साथ समाप्त हुन्छ, हराएकाहरूप्रति परमेश्वरको महान् दयाको शिक्षाको साथ।

## नयाँ करारमा योना

नयाँ करारमा योनाको पुस्तक दुई तरिकाले प्रतिबिम्बित भएको छ। पहिलो, येशुले माछाको पेटबाट योनाको उद्धारलाई चिहानबाट उहाँको आफ्नै पुनरुत्थानको समानताको रूपमा औंल्याउनुभयो।[३६९]

दोस्रो, योनाको पुस्तकले आफ्नो उद्देश्य पूरा गर्नमा राष्टहरूको असफलतालाई इस्राएको असफलताले चित्रण गर्छन्। उत्पत्ति १२:२-३ को अब्राहामलाऱ्इ गरिएको प्रतिज्ञाबाट, यो स्पष्ट छ कि इस्राएल अरूको लागि आशीषको साधन बन्नको लागि आशीर्वादित थियो। योनाको पुस्तकले इस्राएलले त्यो उद्देश्य पूरा गर्न असफल भएको देखाउँछ। ख्रीष्टको आगमनको माध्यमबाट, यो उद्देश्य नवीकरण हुन्छ जब चेलाहरूलाई यी कार्य गर्न निर्देशित गरिन्छ: "यसकारण जाओ, र सबै देशका जातिहरूलाई सिकाओ।"[३७०]

## २१ औं शताब्दीमा योना

योनाको व्यंग्य गर्न सजिलो छ, एउटा अनिच्छुक अगमवक्ता जो परमेश्वरले निनवेलाई बचाउनु भएको हेर्न चाहेन। यद्यपि, योनाले हामीलाई हाम्रो संसारलाई परमेश्वरको दृष्टिबाट हेर्न बाध्य पार्छन्। जब म योनाको पुस्तकलाई पढ्छु, मैले यो आफैलाई सोध्नु पर्छ कि:

- के कुराले मलाई आनन्द दिन्छ: मेरो शत्रुको विनाश वा मेरो शत्रुको पश्चात्तापले ?
- के मैले परमेश्वरको न्यायको प्रचार गरे जत्तिकै परमेश्वरको कृपालाई जोशका साथ प्रचार गर्छु ?
- के म परमेश्वरका जनहरूका शत्रुहरूकहाँ जान हिचकिचाउँछु ?
- के मसँग योनाको चरित्र छ वा परमेश्वरको चरित्र ?

---

३६९ मत्ती १२:३९-४०

३७० मत्ती २८:१९

## मीका: यहूदा र इस्राएलको लागि सन्देश

### मीकाको पुस्तकको एक झलक

**लेखक:** मीका
**श्रोता:** यहूदा
**मिति:** ७४०-७०० इ.पू.
**विषयवस्तु:** साँचो करार जीवन
**उद्देश्य:** परमेश्वरले यहूदालाई करार तोडेकोमा न्याय गर्नुहुनेछ भनी देखाउन
**मीकाको पुस्तकमा रहेको सुसमाचार:** मीकाले हृदयबाट येशुको धर्मको सन्देशलाई पूर्वचित्रण गर्छन्। साँचो धर्म रीतिरिवाज भन्दा बढी हो; साँचो धर्मलाई मीका ६:८ मा संक्षिप्त छ: "केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नू।"

## मीकाको ऐतिहासिक स्थिति

उत्तरी राज्यको पतन हुनुभन्दा केही समयअघि मोरेशेथका अगमवक्ता मीकाले यहूदामा प्रचार गरे। तिनको सन्देशले हिजकियाहको शासनकालमा पुनर्जागृति ल्यायो।

## मीकाको उद्देश्य

करारको इन्साफको रूप प्रयोग गर्दै, मीकाले यहूदा करारप्रति अविश्वासी भएको देखाए।[३७१] मीकाले करार तोड्नेहरूका लागि न्यायको प्रचार गरे, र पश्चात्ताप गर्नेहरूको लागि आशाको प्रचार गरे। मीकाले देखाए कि धार्मिकता रीतिरिवाजहरूको पालना भन्दा बढी हो; साँचो धार्मिकता भनेको "न्याय गर्नु, र दयालाई प्रेम गर्नु, र आफ्नो परमेश्वरसँग नम्र भएर हिँड्नु।"[३७२]

## मीकाको सन्देश

मीकाले तीनवटा भविष्यवाणीहरूको शृङ्खला ल्याए। प्रत्येक खण्ड *सुन* शब्दबाट सुरु हुन्छ। प्रत्येक सन्देश इन्साफबाट सुरु हुन्छ र त्यसपछि पुनर्स्थापनाको प्रतिज्ञामा जान्छ।

### सन्देश १ (मीका १–२)

मीकाको पहिलो वाणीले सामरिया र यरूशलेम, इस्राएल र यहूदाका राजधानी सहरहरूमा न्यायको भविष्यवाणी गर्छ। परमेश्वरले सामरियालाई भग्नावशेषको थुप्रो बनाउनुहुनेछ र त्यसका मूर्तिहरूलाई नष्ट गर्नुहुनेछ। यरूशलेमलाई, यहूदालाई निर्वासनमा लगिएको बेला परमेश्वरले नाङ्गोपनको शर्मको प्रतिज्ञा गर्नुहुन्छ।

---

३७१ करारको इन्साफको संरचनाको लागि, यस पाठ्यक्रमको पाठ १० हेर्नुहोस्।

३७२ मीका ६:८

मीका १:१०-१५ मा, अगमवक्ताले सनहेरिबले ७०१ इ.पू. मा यरूशलेमतिर यात्रा गरे पछि पछ्याएको बाटो पत्ता लगाउँछन्। यहूदामाथिको आफ्नो आक्रमणमा, सनहेरीबले गात, अप्राह, सफिर, ज़ानान, बेथ-एजेल, मारोथ, लाकीश, मोरेशेथ-गाथ र अक्जिब सहरहरू कब्जा गरे। मीकाको भविष्यवाणी परमेश्वरको न्यायको भविष्यवाणीमा विशिष्ट छ।

यो न्यायको अगमवाणी बचेको भागकाहरूलाई पुनर्स्थापना गर्ने प्रतिज्ञाको साथ अन्त्य हुन्छ। परमप्रभुले आफ्ना मानिसहरूलाई युद्धमा लैजानुहुनेछ।

## सन्देश २ (मीका ३–५)

मीकाको दोस्रो सन्देश यहूदाका भ्रष्ट अगुवाहरूप्रतिको अलोचनाबाट सुरु हुन्छ। जनताका अगुवाहरूलाई नरभक्षीको रूपमा वर्णन गरिएको छ जसले आफ्ना अनुयायीहरूलाई उपभोग गर्दछन् (३:१-४)। अगमवक्ताहरू "भाडाका लागि सन्देशवाहकहरू" हुन् जसले राम्रो पैसा तिर्न सक्नेहरूलाई आशीर्वादको अगमवाणी बोल्छन्। र केही तिर्न नसक्नेहरूलाई दण्डको अगमवाणी बोल्छन्। (३:५-८)। शासकहरू, पुजाहारीहरू र अगमवक्ताहरू सबै दण्डको भागेदारी हुन्छन्।

पहिलो सन्देश जस्तै, यो सन्देश पनि न्यायबाट आशामा परिणत हुन्छ। एक दिन आउँदैछ जब परमप्रभुको मन्दिरको पहाड स्थापित हुनेछ। धेरै राष्ट्रहरूका मानिसहरू सेनाहरूका परमप्रभुको मार्गहरू सिक्न आउनेछन्। परमेश्वरले विश्वासयोग्य बचेका भागहरूलाई बचाउनुहुनेछ र तिनीहरूमाथि राज्य गर्नुहुनेछ। उहाँले सियोनलाई बेबिलोनबाट छुटकारा दिनुहुनेछ र आफ्नो बगालको हेरविचार गर्नुहुनेछ।

यहूदाको लागि अन्तिम छुटकारा तब आउनेछ जब इस्राएलमा एक शासक जसको यात्रा पुरानो समयबाट भएको थियो उहाँ बेथलेहेमको एफ्राताबाट निस्कि आउनुहुनेछ। मत्तीको सुसमाचारले मीकालाई येशु ख्रीष्टको जन्मको भविष्यवाणीको रूपमा औंल्याउँछ। [३७३]

## सन्देश ३ (मीका ६–७)

| यहूदा विरुद्ध परमेश्वरको आरोप<br>(मीका ६:१-८) | |
|---|---|
| ६:१-२ | साक्षीहरूको लागि आह्वान (पहाड र पहाडहरू यहूदाको विश्वासघातका साक्षी हुन्) |
| ६:३ | यहूदालाई जवाफ दिने मौका |
| ६:४-५ | विगतमा<br>यहूदालाई परमेश्वरको अनुग्रहको सम्झना |
| ६:६-७ | मानिसहरूबाट खिल्ली उडाउने प्रतिक्रिया |
| ६:८ | परमेश्वरको जवाफ - व्यवस्थाको मागहरूको सारांश: न्याय, दया र नम्रता |

मीकाको अन्तिम सन्देशले करार इन्साफको रूप लिन्छ। परमेश्वरले आफ्ना जनहरूलाई करारप्रति अविश्वासको आरोप लगाउनुहुन्छ। आफ्नो गल्ती स्वीकार गर्नुको सट्टा, मानिसहरूले व्यंग्यात्मक प्रश्नहरूको शृङ्खलाको साथ जवाफ दिन्छन्:

---

३७३ मीका ५:२ र मत्ती २:४-६

- के परमेश्वर एक वर्षको बाछाको होमबलि चाहनुहुन्छ ?
- के परमेश्वरले हजारौं भेडाहरू र तेलका दस हजार नदीहरू चाहनुहुन्छ ?
- के परमेश्वर, हामीले बालबलिहरू ल्याएको चाहनुहुन्छ ?

परमेश्वरले व्यवस्थाको अपरिवर्तनीय आवश्यकताहरूलाई पुनःस्थापना गरेर जवाफ दिनुहुन्छः न्याय, दया, र परमेश्वरसँग नम्र हिँडाइ ।

आरोपहरू पछि, परमेश्वरले यरूशलेममा न्यायको घोषणा गर्नुहुन्छ (६:९–७:७) । यहूदाले आहाबको धर्मत्यागलाई पछ्याएको हुनाले, परमेश्वरले राष्ट्रलाई उजाड बनाउनुहुनेछ ।

मीका फेरि न्यायबाट आशामा अगाडि बढ्छन् । यहूदा (७:१-७) मा ईश्वरीय मानिसहरूको लागि असफल खोजी पछि, मीकाले यो प्रार्थनाको साथ अफ्नो सेवालाई समापन गर्छन् कि परमेश्वरले "तपाईंका मानिसहरूलाई तपाईंको लौरोले हेरचाह गर्नुहुस्" र तिनीहरूलाई राष्ट्रहरूको नजरमा पुनर्स्थापित गर्नुहोस् । उनले आत्मविश्वासको साथ समापन गर्छन्: परमेश्वर, अधर्म क्षमा गर्ने र कृपा गर्नमा रमाउने परमेश्वर हुनुहुन्छ ।

## २१ औं शताब्दीमा मीकाको सन्देश

यर्मिया २६:१७-१९ ले मीकाको सन्देशले पुनरुत्थान ल्यायो भनेर देखाउँछ । फलस्वरूप, यहूदा १०० वर्षभन्दा बढी समयसम्म परमेश्वरको न्यायबाट जोगियो । हामीले हाम्रो दिनमा परमेश्वरको सन्देश ल्याउँदा यसले हामीलाई प्रोत्साहन दिनुपर्छ । धेरैले परमेश्वरको वचनलाई अस्वीकार गरे तापनि बाँकी रहेका भागहरूले प्रतिक्रिया दिनेछन्; परमेश्वरको वचन शून्य फर्किनेछैन । यसले हामीलाई हाम्रो समयमा विश्वासयोग्य हुने घोषणा गर्न प्रोत्साहन दिनुपर्छ ।

## नहूममा निनवेको सन्देश

### नहूम

**लेखक:** नहूम
**श्रोता:** निनवे
**मिति:** ६६३ र ६१२ इ.पू. को बीचमा
**विषयवस्तु:** निनवेहको विनाश
**उद्देश्य:** दुष्ट सहर निनेवे र अश्शूर साम्राज्यमा परमेश्वरको न्यायको भविष्यवाणी गर्न ।
**नहूममा रहेको सुसमाचार:** नहूम १:१५ ले यहूदालाई विश्वासयोग्यताको आह्वान गर्छ । उहाँले शान्तिको सुसमाचार ल्याउनुहुन्छ; मसीह आउनुहुनेछ!

## नहूम को ऐतिहासिक स्थिति

नहूमले योनाले प्रचार गर्न चाहेको वचनको प्रचार गरे: निनवेको विनाश। योनाको पुस्तकले निनवेको पश्चात्तापको जवाफमा परमेश्वरको कृपा देखाउँदछ; नहुमको पुस्तकले निनवेको विद्रोहको जवाफमा परमेश्वरको न्यायलाई देखाउँछ।

योनाको निनवे भ्रमणबाट प्रेरित भएको जागृती अल्पकालीन थियो। योनाले ७९३ र ७५३ इ.पू. को बीचमा केही समय प्रचार गरे। ७४५ इ.पू. तिग्लत-पिलेसेर तृतीय सत्तामा आएका थिए र मानव इतिहासको सबैभन्दा क्रूर साम्राज्यको रूपमा अश्शूर साम्राज्य स्थापना गरेका थिए। ७२२ इ.पू. मा, अश्शूरले उत्तरी राज्यलाई नष्ट गर्यो।

सनहेरिब, जसले ७०४-६८१ इ.पू. मा अश्शूर साम्राज्यमा शासन गरे, निनवेलाई राजधानी बनायो। परमेश्वरले यरूशलेमलाई बचाउनुभयो र पछि यहूदालाई अश्शूरको नियन्त्रणबाट मुक्त गर्नुभए तापनि उसले यहूदाको धेरैजसो भागहरू जित्यो। ६६३ इ.पू. पछि, नहूमले निनवे र अश्शूर साम्राज्यमा परमेश्वरको न्यायको भविष्यवाणी गरे।[३७४] जब निनवे नष्ट भयो यो भविष्यवाणी ६१२ इ.पू. मा पूरा भएको थियो। ६०९ इ.पू. मा, अश्शूर साम्राज्यको अन्तिम बचेका भागहरू विजयी भए र यो साम्राज्य इतिहासबाट गायब भयो। परमेश्वरको न्याय निश्चित छ।

## नहूमको उद्देश्य

ओबदियाले एदोमको पूर्ण र निश्चित विनाशको प्रचार गरे; नहूमले निनवेको पूर्ण र निश्चित विनाशको प्रचार गरे। यस पटक, त्यहाँ कुनै पश्चात्ताप हुनेछैन; "तिम्रो कुनै घाउ निको हुने छैन।"[३७५] नहुमको पुस्तकले निनवेहको विनाशको घोषणा गर्दछ र यहूदाका मानिसहरूलाई आशा दिन्छ कि परमेश्वरले तिनीहरूको शत्रुको न्याय गर्नुहुनेछ।

## नहूमको सन्देश

नहूमको सम्पूर्ण पुस्तक निनवेमा परमेश्वरको न्यायको बारेमा हो। अध्याय १ ले आफ्ना मानिसहरूको तर्फबाट लड्ने ईश्वरीय योद्धाको रूपमा ईश्वरको चित्र दिन्छ। परमेश्वर धर्मी न्यायकर्ता हुनुहुन्छ; उहाँले आफ्ना शत्रुहरूमाथि बदला लिनुहुन्छ, र उहाँले आफ्ना शत्रुहरूका लागि क्रोध सुरक्षित गर्नुहुन्छ। [३७६]

यद्यपि परमेश्वरले पहिले पश्चात्ताप गर्ने निनवेलाई जोगाएर आफ्नो कृपा देखाउनुभएको भए तापनि उहाँ शक्तिमा पनि महान् हुनुहुन्छ र दुष्टहरूलाई मुक्त गर्नुहुनेछैन।[३७७] निनवेले परमेश्वरलाई अस्वीकार गरेको छ, र उहाँले अब तिनीहरूमाथि बदला लिनुहुन्छ।

पुस्तकको केन्द्रीय भिन्नता नहुम १:७-८ मा देखिन्छ। धर्मीहरूको लागि, परमप्रभु असल हुनुहुन्छ, संकटको दिनमा एउटा किल्ला।[३७८] उर्लंदो भलले दुष्टको पूर्ण रूपमा अन्त्य हुनेछ। [३७९]

अध्याय २ ले निनवेहको विनाशलाई सडकमा लडाइँका चित्रहरू र आफ्नो शिकारलाई टुक्रा-टुक्रा पार्ने सिंहको रूपकको साथ वर्णन गर्दछ।

---

३७४ नहूम ३:८ ले मिश्रमा भएको थिब्सको विनाशलाई जनाउँछ (KJV ले सहरको लागि पुरानो नाम "नो" प्रयोग गर्दछ)। यो ६६३ इ.पू. मा भयो। नहूमले थेब्सको पतन (६६३ इ.पू.) र निनवेको पतन (६१२ इ.पू.) बीच प्रचार गरे।

३७५ नहूम ३:१९

३७६ नहूम १:२

३७७ नहूम १:३

३७८ नहूम १:७

३७९ नहूम १:८

अध्याय ३ नहूमको सन्देश धिक्कारको सन्देशको साथ समाप्त हुन्छ जसमा उनले झूट र डकैतीले भरिएको रक्तपातपूर्ण शहरको अपराधको घोषणा गर्दछन्। नहूमले निनवेका अपराधहरू सूचीबद्ध गर्छन् र त्यसपछि परमेश्वरको अन्तिम न्यायको घोषणा गर्छन्: "म राष्ट्रहरूलाई तेरो नग्नता र राज्यहरूलाई तेरो लाज हेर्न लगाउनेछु। म तँमाथि फोहोर फाल्नेछु, म तँलाई नीच व्यवहार देखाउनेछु, र तँलाई हाँसोको पात्र तुल्याउनेछु।"[३८०] विश्वले अश्शूरको पतनको खबरमा रमाहट गर्नेछ। "जति जनाले तेरो विषयमा सुन्छ त्यसले तेरो पतनमा ताली बजाउँछ। किनकि तेरो अन्त्यै नहुने निष्ठुरता कसले भोगेको छैन र?"[३८१]

नहूमले सिकाउँछन् कि पवित्र परमेश्वरले पापलाई दण्डहीन छोड्नुहुन्न। यद्यपि परमेश्वरले अश्शूरलाई इस्राएल र यहूदालाई तिनीहरूको पापको इन्साफ गर्नको निम्ति प्रयोग गर्नुभयो, उहाँले अश्शूरका पापहरूलाई बेवास्ता गर्नुभएन। अन्ततः, उहाँले यहूदामा बाँकी रहेका विश्वासीहरूलाई जोगाउनुभयो र तिनका शत्रुहरूलाई पराजित गर्नुभयो। आफ्ना जनहरूप्रति परमेश्वरको इमानदारीता परिवर्तन भएको छैन।

## हबकूक: परमेश्वर र उहाँका अगमवक्ता बीचको एक संवाद

### हबकूकको पुस्तकको एक झलक

**लेखक:** हबकूक
**श्रोता:** दक्षिणी राज्य
**मिति:** सम्भवतः ६०८ र ६०५ इ.पू.
**विषयवस्तु:** परमेश्वरका मार्गहरू बुझ्नु
**उद्देश्य:** हबकूकलाई परमेश्वरको उद्देश्यहरू प्रकट गर्न
**हबकूकको पुस्तकको एक झलक:** हबकूक २:४ नयाँ करार तीन पटक उद्धृत गरिएको छ। धर्मीहरू आफ्नो विश्वासद्वारा बाँच्न सक्ने उहाँका मानिसहरूको लागि यो परमेश्वरको सधैंको योजना हो।

## हबकूकको ऐतिहासिक स्थिति

हबकूक भविष्यसूचक पुस्तकहरू मध्ये अद्वितीय छ; यसले कुनै विशेष श्रोतालाई सम्बोधन गर्दैन। यसको सट्टा, पुस्तकले परमेश्वर र अगमवक्ता बीचको संवादलाई समावेश गर्दछ।

हबकूकले यरूशलेमको पतनसम्मका वर्षहरूमा सेवा गरे। धेरैजसो विद्वानहरूले विश्वास गर्छन् कि हबकुकको संवाद ६०५ इ.पू. मा नबूकदनेसर सत्तामा आउनुभन्दा केही समय अघि भएको थियो। परमेश्वरबाट हबकूकको प्रकाशको बीस वर्ष भित्र, भविष्यवाणी पूरा हुनेछ।

## हबकूकको उद्देश्य

हबकूकको पुस्तकले अगमवक्तालाई परमेश्वरको उद्देश्यहरू प्रकट गर्दछ। हबकूकका प्रश्नहरू र परमेश्वरका जवाफहरूद्वारा

३८० नहूम ३:५-६ *इङ्लिस स्ट्यान्डर्ड भर्जन*
३८१ नहूम ३:१९ *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

अगमवक्ताले परमेश्वरको सार्वभौम योजनामा भरोसा गर्न सिके।

## हबकूकको सन्देश

### प्रश्न १: दुष्ट यहूदाको उन्नति किन हुन्छ ? (हबकूक १:१-११)

हबकूकले यहूदाको आत्मिक र नैतिक पतन देखेपछि, परमेश्वरको स्पष्ट प्रतिक्रियाको अभावले तिनी चिन्तित भए। हबकूकले सोधे, "तपाईं मलाई किन अन्याय हेर्न लाउनुहुन्छ ? तपाईं किन अनुचित कुरा निष्क्रिय भएर हेर्नुहुन्छ ?"[३८२] हबकूकमा, न्याय विकृत भइरहेको देखिन्छ।

परमेश्वरको प्रतिक्रियाले अगमवक्तालाई छक्क पार्छ। परमेश्वरले हबकूकलाई बताउनुहुन्छ कि उहाँले यहूदाको न्याय गर्न कल्दीहरूलाई खडा गर्दै हुनुहुन्छ।[३८३] तिनीहरूका घोडाहरू चितुवा भन्दा छिटो दगुर्नेछन्; तिनीहरू विजयको लागि भोका चीलहरू जस्तै हुनेछन्।

### प्रश्न २: यहूदाको न्याय गर्न परमेश्वरले बेबिलोनलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ ? (हबकूक १:१२-२:२०)

पहिलो जवाफले परमेश्वरले खराबीलाई बेवास्ता गरिरहनुभएको छैन भनी देखाए तापनि यसले अझ ठूलो प्रश्न खडा गऱ्यो। अझ दुष्ट राष्ट्रद्वारा परमेश्वरले यहूदालाई कसरी न्याय गर्न सक्नुहुन्छ ? यहूदा न्यायको योग्य थियो भन्ने कुरा साँचो भए तापनि बेबिलोन यहूदाभन्दा पनि दुष्ट थियो। हबकूकले परमेश्वरलाई सोधे, "[तपाईं] कसरी चुप लाग्न सक्नुहुन्छ जब दुष्टले आफूभन्दा धर्मी मानिसलाई निल्छ ?"[३८४]

जवाफमा, परमेश्वरले हबकूकलाई एउटा दर्शन लेख्न भन्नुभयो। न्याय निश्चित थियो र परमेश्वरले प्रतिज्ञा गरे जस्तै हुनेछ। हबकूकले दुई प्रतिक्रियाहरू बीचको निर्णय गर्नुपर्छ। उनले घमण्डको साथ प्रतिक्रिया दिन सक्छन् वा उनले परमेश्वरको उद्देश्यहरूप्रति विश्वास गर्न सक्छन्।

यो सन्देश बेबिलोनलाई न्याय गर्ने परमेश्वरको योजनाको प्रकटीकरणद्वारा पछ्याइएको छ। पाँच धिक्कार वचनहरूको शृङ्खला मार्फत, हबकूकले बेबिलोनलाई प्रभुको क्रोधको कचौरा पिउन बाध्य पारिनेछ भनेर देखाउँछन्। तिनीहरू मूर्तिहरूमा भर पर्छन्, तर मूर्तिहरूमा तिनीहरूको भरोसा व्यर्थ हुनेछ। व्यर्थका मूर्तिहरूको विपरीत, प्रभु उहाँको पवित्र मन्दिरमा हुनुहुन्छ।[३८५] उहाँको सार्वभौमिकताको अगाडि मौनता मात्र उचित प्रतिक्रिया हो।

### हबकूकको समर्पणको प्रार्थना (हबकूक ३)

परमेश्वरको प्रकाशको जवाफमा, हबकूकले परमेश्वरका उद्देश्यहरू पूरा गरे। उनले प्रार्थना गरे कि परमेश्वरले उहाँको न्यायसँगै दया देखाउनुहुन्छ; उनले परमेश्वरको शक्ति र सार्वभौमिकताको वर्णन गरे; र उनले आफूलाई परमेश्वरको उद्देश्यमा समर्पण गरे। अगमवक्ताले विश्वासको बयानको साथ समाप्त गरे: "परमप्रभु परमेश्वर मेरो बल हुनुहुन्छ, उहाँले मेरा खुट्टा हरिणका खुट्टाँझै पार्नुहुन्छ, उहाँले मलाई अग्ला-अग्ला स्थानहरूमा जाने योग्यको तुल्याउनुहुन्छ।"[३८६]

---

३८२ हबकूक १:३, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

३८३ बेबिलोनीहरूको अर्को नाम कल्दी हो।

३८४ हबकूक १:१३, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

३८५ हबकूक २:२०

३८६ हबकूक ३:१९

## नयाँ करारमा हबकूक

हबकूकको भनाइ, "धर्मीहरू आफ्नो विश्वासद्वारा जिउनेछन्," नयाँ नियममा तीन पटक उद्धृत गरिएको छ। रोमी १:१७ मा, पावलले हबकूकलाई उद्धृत गरेका छन् कि विश्वासद्वारा नै हामी परमेश्वरमा धर्मी बनेका छौं। गलाती ३:११ मा, यो वाक्यांशलाई व्यवस्थाका कामहरूद्वारा औचित्य प्राप्त गर्ने यहूदीहरूको प्रयाससँग विपरित छ। व्यवस्थाको आज्ञाकारिताद्वारा प्राप्त भएको धार्मिकताको सट्टा, पावलले धर्मीहरूलाई विश्वासद्वारा बाँच्न सिकाउँछन्। हिब्रू १०:३८ मा, यो वाक्यांशले विश्वासको निरन्तर पक्षलाई जोड दिन्छ। पछि हट्नुको सट्टा, धर्मीहरू विश्वासद्वारा बाँचिरहन्छन्। नयाँ नियममा, पुरानो नियममा जस्तै, यो परमेश्वरको उद्देश्यहरूमा विश्वास र भरोसा गर्नु हो जसले उहाँलाई खुशी पार्न हामीलाई सक्षम बनाउँछ।

## सपन्याह: सम्पूर्ण पृथ्वीको लागि सन्देश

### सपन्याहको पुस्तकको एक झलक

**लेखक:** सपन्याह
**श्रोता:** यहूदा र सबै राष्ट्रहरू
**मिति:** ६४० र ६१२ इ.पू. को मध्यमा
**श्रोता:** प्रभुको दिन
**श्रोता:** यहूदा र सबै राष्ट्रहरूलाई परमप्रभुको आउने दिनको चेतावनी दिन
**सपन्याहमा रहेको सुसमाचार:** सपन्याहले सबै राष्ट्रहरूले इस्राएलका परमेश्वरको आराधना समयलाई हेर्दछ। यो यहूदी र अन्यजातिहरू मिलेर बनेको मण्डलीमा पूरा हुन्छ (एफिसी ३:१-६)।

## सपन्याहको ऐतिहासिक स्थिति

सपन्याहको नामको अर्थ "यहोवाले लुकाउनुभएको छ" भन्ने हो जसले राजा आहाजको शासनकालमा यहूदाको धर्मत्यागको समयमा पनि उनका आमाबाबु सम्भवतः परमेश्वरप्रति इमानदार थिए भनेर देखाउँछ। सपन्याहले यहूदाका अन्तिम असल राजा योशियाहको शासनकालमा अगमवाणी गरे। उनी हबकूक र यर्मियाको समकालीन थिए। सपन्याहले भविष्यको घटनाको रूपमा निनवेको पतनलाई उल्लेख गरेको हुनाले, उनको सेवकाइ स्पष्ट रूपमा ६१२ इ.पू. समाप्त भयो।[३८७]

सपन्याहको शुरुवातले आफ्नो पुर्खा राजा हिजकियाहलाई चार पुस्ता पछाडि देखाउँछ।[३८८] उनी शाही परिवारको हिस्सा थिए र राजा योशियाहको नातेदार हुन सक्छ।

## सपन्याहको उद्देश्य

कुनै पनि अन्य अगमवक्ता भन्दा बढी, सपन्याहले परमप्रभुको दिन घोषणा गरे। यस सानो पुस्तकमा छ पटक, अगमवक्ताले प्रभुको दिनलाई जनाउँछन्। योएल, इजकिएल र आमोसले जस्तै, सपन्याहले पनि यो दिन अनाज्ञाकारीहरूमाथि न्याय र

---

३८७ सपन्याह २:१३

३८८ सपन्याह १:१

इमानदारहरूलाई आशिष् ल्याउनेछ भनी देखाए। सपन्याहले देखाए कि प्रभुको दिनले यहूदा र करारका मानिसहरूलाई मात्र नभई सबै मानिसहरूलाई असर गर्नेछ।

## सपन्याहको सन्देश

सपन्याहले यहूदामा पहिले परमेश्वरको न्यायको कुरा बोले। किनभने यहूदा बाल, अकाशका ताराहरू र अन्य देवताहरूको पूजा गर्न फर्केको थियो, परमेश्वरले राष्ट्रलाई दण्ड दिनुहुनेछ। यरूशलेमका घरहरू उजाड हुनेछन्। परमप्रभुको दिन यसरी प्रकट हुनेछ, "त्यो दिन क्रोधको दिन हुनेछ, विपत् र वेदनाका दिन, कष्ट र सर्वनाशको दिन, अँध्यारो र विरक्तको दिन, बादल र घोर अन्धकारको दिन, किल्ला भएका सहरहरू र कुनाका धरहराहरूका विरुद्धमा तुरही र लड़ाइँको सोरको दिन हुनेछ।" [३८९]

त्यसपछि सपन्याहले राष्ट्रहरूको लागि वचन बोले। पलिश्तीहरूले परमेश्वरको न्याय भोग्नेछन्; मोआब र अम्मोन नष्ट हुनेछन्; इथियोपिया (कुश) मारिनेछ; र अश्शूर नाश हुनेछ। परमप्रभुको दिन यी सबै मानिसहरूको न्यायको दिन हुनेछ।

सपन्याहका यहूदी श्रोताहरू आफ्ना शत्रुहरूलाई निन्दा गरेको सुनेर खुसी भएका हुन सक्छन्। तथापि, सपन्याह चाँडै यहूदाको न्यायको विषयमा फर्किए। "धिक्कार त्यसलाई जो फोहोर र प्रदूषित छ, अत्याचारी सहरलाई!"[३९०] दुःखको कुरा, यो प्रदूषित र अपवित्र सहर यरूशलेम थियो। तिनका राजनैतिक नेताहरू, न्यायकर्ताहरू, भविष्यवक्ताहरू र पुजाहारीहरू सबै दोषी छन् किनभने तिनीहरूले परमेश्वरको सुधारलाई स्वीकार गर्न इन्कार गर्छन्। फलस्वरूप, "जातिहरू" माथि खन्याइने न्याय यहूदामा पनि आउनेछ।

परमप्रभुको दिन न्यायको दिन हो। तर यदि मानिसहरूले पश्चात्ताप गरे भने, यो पुनर्स्थापनाको दिन हुन सक्छ। परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ कि यहूदामा बचाइएको भाग बाँकी रहनेछ जसले परमप्रभुको नाउँमा भरोसा गर्नेछन्। तिनीहरूले अधर्म गर्नेछैनन्, न त झूट बोल्नेछन्।[३९१] यस समूहलाई, परमेश्वरले तिनीहरूका शत्रुहरू विरुद्ध सुरक्षाको प्रतिज्ञा गर्नुहुन्छ।

सपन्याहको अन्तिम पदहरूमा, परमेश्वरले यरूशलेमको अन्तिम पुनर्स्थापनाको प्रतिज्ञा गर्नुहुन्छ। उहाँले आफ्ना मानिसहरूलाई पुनर्स्थापित गर्नुहुनेछ र तिनीहरूलाई पृथ्वीका सबै मानिसहरूमा नाउँ र प्रशंसाको पात्र बनाउनुहुनेछ।

» साना अगमवक्ताहरूले सबै राष्ट्रहरूमा परमेश्वरको सन्देश ल्याए। प्राय सन्देश: अगमवक्ताका श्रोताहरूको लागि धेरै विशिष्ट हुन्छ। २ तिमोथी ३:१६ अनुसार, सबै पवित्रशास्त्र सबै ख्रीष्टियनहरूको लागि सधैं उपयोगी छ। सानो अगमवक्ताहरूको सन्देशले हाम्रो संसारसँग कसरी बोल्छ ?

## नजिकबाट पुरानो करारको व्याख्याको अवलोकन

धेरै पाठकहरूका लागि, पुरानो करारको भविष्यसूचक पुस्तकहरू बाइबलका केही कठिन पुस्तकहरू हुन्। केही पाठकहरूले भविष्यवाणीका यी पुरातन पुस्तकहरूमा आज हाम्रो लागि कुनै सन्देश छैन भनी अनुमान लगाउँछन्। अन्य अनुवादकहरूले यी पुस्तकहरूमा लुकेका सन्देशहरू खोज्छन्। यी दुवै दृष्टिकोणले पुरानो करारको अगमवक्ताहरूका मुख्य सत्यताहरूलाई गुमाउँछन्।

पुरानो नियमको भविष्यवाणीले आजका ख्रीष्टियानहरूसँग कसरी बोल्छ ? स्कट डुभल र दानिएल हेजले हाम्रो संसारमा बाइबलको व्याख्या र लागू गर्नको लागि निम्न नमुना सुझाव दिन्छन्।[३९२] यो एक नमुना हो जसले भविष्यसूचक पुस्तकहरूको

---


३८९ सपन्याह १:१५-१६

३९० सपन्याह ३:१

३९१ सपन्याह ३:१२-१३

३९२ इमेज फ्रम *ग्रयास्पिङ गडस् वर्ड*, तेस्रो *संस्करण* जे. स्कट डुवाल, जे. दानिएल हेजद्वारा। प्रतिलिपि अधिकार © २०१२ जे. स्कट डुवाल र जे

व्याख्याको लागि धेरै राम्रोसँग काम गर्दछ। यस नमुनाले बाइबलीय पाठका पाँचवटा प्रश्नहरू सोध्छ।[३९३]




## **१. तिनीहरूको शहर: अगमवक्ताको मूल सन्देश के थियो ?**

मूल श्रोताहरूले अगमवक्तालाई कसरी सुने भनेर यो प्रश्नले सोध्छ। अगमवक्ताको आफ्नो समयको सन्देश के थियो ? यसले हाम्रो व्याख्यालाई मूल सन्देशसँग जोड्न मद्दत गर्दछ। मूल श्रोताहरूले चिन्न नसक्ने गरि सन्देशलाई पवित्रशास्त्रमा पढ्नु खतरनाक छ।[३९४]

उदाहरणको लागि, नहूमले निनवेको लागि दण्डको सन्देश प्रचार गरे। तिनको निर्दयता, तिनको यौन अनैतिकता र तिनले अन्य देवताहरूको उपासना गरेको कारण निनवेलाई नाश गरिने घोषणा तिनका श्रोताहरूले सुने। यो अगमवक्ताको मौलिक सन्देश थियो।

## **२. नदी: आजको मौलिक श्रोताहरूलाई कुन कुराले अलग गर्छ ?**

यो प्रश्नले आजको संस्कृति, भाषा, समय र परिस्थिति बाइबलीय परिवेशबाट कसरी फरक छ भनेर अध्ययन गर्दछ। यसले पुरानो र नयाँ करारहरू बीचको भिन्नतालाई पनि हेर्छ।

नहूममा एक विशेष समयमा एक विशेष शहरलाई सम्बोधन गरिएको छ। नहूम पढ्दा, निनवे सहर अब अवस्थित छैन भनी हामीलाई थाहा छ। आजका अधिकांश पाठकहरू संसारको बाँकी भागलाई निर्ममतापूर्वक कुल्चिने राष्ट्रमा बस्दैनन्। यसबाहेक, हामी नयाँ करारमा बाँचिरहेका छौं जहाँ राष्ट्रहरूमा परमेश्वरको तत्काल न्याय पुरानो करारमा जस्तो स्पष्ट रूपमा देखिँदैन।

---

डेनियल हेजद्वारा। हारपर कोलिनस् ख्रीष्टियन प्रकाशनको अनुमति द्वारा प्रयोग। www.harpercollinschristian.com

३९३ जे. स्कट डुभल र जोन दानिएल हेजबाट रूपान्तरित। *ग्रयस्पिङ गडस् ओर्ड,* तेस्रो *संस्करण* (ग्रान्ड र्यापिड्स: जोण्डरभन, २०१२

३९४ पवित्रशास्त्रको व्याख्या गर्ने प्राविधिक शब्द *एक्सिजिसिस्*– व्याख्या गर्न वा पाठलाई अर्थमा "देखि अगुवाइ" गर्न हो। *एक्सिजिसस्* को विपरीत *एसिजिसस् हो। एसिजिसस्* मेरो आफ्नै विचारबाट सुरु हुन्छ र ती विचारहरूलाई पाठमा पढिन्छ। पवित्रशास्त्रको विद्यार्थीको रूपमा, हामीले आफ्नो विचारबाट होइन, मूल अर्थबाट सुरु गर्नुपर्छ।

**३. पुल: अगमवक्ताको मौलिक सन्देश पछाडिको सिद्धान्त के हो ?**

यो प्रश्नले पाठकलाई अगमवक्ताको तत्कालको स्थिति भन्दा बाहिर गएर सिकाइएको सिद्धान्त पत्ता लगाउन सोध्छ। यो सिद्धान्तले सबै उमेर र सबै संस्कृतिहरू बोक्छ। यो अगमवक्ताको तत्कालका श्रोताहरूमा सीमित छैन।

यद्यपि हाम्रो संसार र नहूमको संसारमा धेरै भिन्नताहरू छन्, परमेश्वरको न्यायको सिद्धान्त विश्वव्यापी छ। एक पवित्र र न्यायी परमेश्वरले अश्शूरका पापहरूलाई बेवास्ता गर्न सक्नुभएन। परमेश्वरको न्याय पवित्रशास्त्र र मानव इतिहासभरि देखिन्छ; सन्देश पुरातन निनवेमा मात्र सीमित छैन।

**४. नक्सा: पवित्रशास्त्रको बाँकी भागमा सिद्धान्तलाई कसरी हेरिएको छ ?**

यो प्रश्नले सबै बाइबलीय प्रकटिकरणको प्रकाशमा अध्ययन भइरहेको खण्डलाई विचार गर्दछ। यसले यो सुनिश्चित गर्न मद्दत गर्दछ कि हामीले कुनै पदलाई यसको बाइबलीय सन्दर्भबाट बाहिर नलिने र पवित्रशास्त्रको बाँकी भागसँग बाझिएको सिद्धान्तको खोजी गर्दैनौं। पुरानो करारका पदहरूका लागि, यो चरणले येशु ख्रीष्टको आगमनले सिद्धान्तको बारेमा के प्रकट गर्छ भनेर विशेष ध्यान दिन्छ।

यदि हामीले पवित्रशास्त्रको बाँकी भागमा परमेश्वरको न्यायको सिद्धान्तलाई जाँच्यौं भने, हामी देख्छौं कि नहूम परमेश्वरको प्रकृतिमा अन्य बाइबलीय शिक्षासँग मिल्छ। पेन्टाटुकले सिकाउँछ कि परमेश्वरले पापलाई दण्ड दिनै पर्छ। ऐतिहासिक पुस्तकहरूले उहाँको न्यायलाई कार्यमा देखाउँछन् - इस्राएलका आफ्नै मानिसहरू विरुद्ध पनि। अगमवक्ताहरूले बारम्बार परमेश्वरको न्यायको गवाही दिन्छन्। नयाँ करारका, येशुले परमेश्वरको प्रेमिलो कृपाको कुरा गर्नुहुन्छ तर उहाँले परमेश्वरको न्यायको बारेमा पनि बोल्नुहुन्छ।[३९५] पावलले हामीलाई सम्झाउनुहुन्छ कि "परमेश्वरको ठट्टा हुदैन: किनकि मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ।"[३९६]

**५. हाम्रो शहर: आजको संसारमा सिद्धान्तको लागू कसरी हुन्छ ?**

यो त्यो बिन्दु हो जसमा पाठक व्याख्याबाट प्रयोगमा जान्छ। यो चरणले आज हामीले सिद्धान्तद्वारा व्यवहारिक रूपमा कसरी जिउने भनेर सोध्छ।

जब हामी नहूम पढ्छौं, हामी सोध्छौं, "परमेश्वरको न्याय आज संसारमा कसरी देखिनेछ ?" र "हामी परमेश्वरको न्यायको प्रकाशमा कसरी जिउनुपर्छ ?" परमेश्वरको न्याय पुरानो करारका देखेको जस्तो तत्काल र नाटकीय रूपमा नदेखिन सक्छ। यद्यपि, परमेश्वरको न्याय अझै पनि उस्तै छ, र उहाँको न्याय निश्चित छ। जब हामी हाम्रो संसारमा परमेश्वरको वचन ल्याउँछौं, हामीले उहाँको कृपाको मात्र होइन, उहाँको न्यायको बारेमा पनि बोल्नुपर्छ। यद्यपि यो सन्देश पुरानो करारका अगमवक्ताहरूको दिनमा भन्दा आज धेरै लोकप्रिय छैन, यो एक मुख्य सत्य हो र परमेश्वरको सम्पूर्ण वचनमा विश्वास गर्नेहरूले प्रचार गर्नुपर्छ।

## साना अगमवक्ताहरूको लागि स्व-अध्ययन निर्देशिका

**१.** अगमवक्ताको सन्देशको एक सिंहावलोकन प्राप्त गर्न एउटै बसाइमा सम्पूर्ण पुस्तक पढ्नुहोस्। [३९७]

**२.** लेखकको अध्ययन गर्नुहोस्। भविष्यसूचक पुस्तकको शुरूवातको जानकारीबाट, अगमवक्ताको बारेमा सकेसम्म यी

३९५ मत्ती ११:२०-२४ येशुको आउँदै गरेको न्यायको सन्देशहरूको धेरै उदाहरणहरू मध्ये एक हो।

३९६ गलाती ६:७

३९७ यो सम्पूर्ण खण्ड ड्यानी म्याककेनबाट लिइएको हो, *ओल्ड टेस्टामेन्टको परिचयको नोटहरू।* (जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००२), ३४७-३४८

प्रश्नहरूको जवाफ दिनुहोस्:

- उहाँ कहाँबाट हुनुहुन्थ्यो ?
- उहाँका आमाबाबुको बारेमा हामीलाई के थाहा छ ?
- उनको पेशा के थियो ?
- उहाँको परिवारको बारेमा हामीलाई के थाहा छ ?
- कहिले र कति समयसम्म सेवक भए ?

३. ऐतिहासिक परिवेशको अध्ययन गर्नुहोस्। यो जानकारी खोज्नुहोस्:

- उहाँले कसलाई भविष्यवाणी गर्नुभयो ?
- उहाँको सेवकाईमा कुन राजाहरूले शासन गरे ?
- उहाँको समयमा आत्मिक र सामाजिक अवस्था कस्तो थियो ?
- अन्य कुन अगमवक्ताहरूले एकै समयमा सेवा गरे ?

४. पुस्तकलाई दोस्रो पटक पढ्नुहोस् र प्रत्येक अध्यायको लागि शीर्षक लेख्नुहोस् जसले यसको सामग्रीहरू संक्षेप गर्दछ। तपाईंले पढ्दा, बारम्बार घट्ने शब्दहरूलाई रेखाङ्कन वा हाइलाइट गर्नुहोस्। जब तपाइँ यी सबै गरिसक्नुहुन्छ, पुस्तकमा महत्त्वपूर्ण विषयवस्तुहरू निर्धारण गर्नुहोस्।

५. पुस्तकमा पाइने प्रमुख पापहरूको सूची बनाउनुहोस्।

६. पुस्तकमा पाइने भविष्यका प्रमुख भविष्यवाणीहरूलाई सूचीबद्ध गर्नुहोस्।

७. माथिका प्रश्नहरूको उत्तरमा आधारित पुस्तकको एक पृष्ठको सारांश लेख्नुहोस्।

## पाठ १३ गर्नुपर्ने कार्यहरू

**१.** निम्न कार्यहरू मध्ये **एउटा** पूरा गर्नुहोस्।

विकल्प १: समूहमा गर्नुपर्ने कार्यहरू

" पुरानो विश्वास भविष्यवाणीलाई नजिकबाट अवलोकन " मा सुझाव गरिएको नमुना प्रयोग गरेर साना अगमवक्ताहरू मध्ये एकलाई विश्लेषण गर्नुहोस्। अगमवक्ताको मौलिक सन्देश, अगमवक्ताको संसार र हाम्रो संसार बीचको भिन्नता र अगमवक्ताले सिकाएको सिद्धान्तबारे छलफल गर्नुहोस्। अगमवक्ताको सन्देशलाई आजको संसारमा लागू गरिनु पर्ने २-३ तरिकाहरू फेला पार्नुहोस्।

विकल्प:२ व्यक्तिगत रूपमा गर्नुपर्ने कार्यहरू

"साना अगमवक्ताहरूका लागि स्व-अध्ययन निर्देशिका" प्रयोग गरेर सानो अगमवक्ताहरू मध्ये एकको विश्लेषण गर्नुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएको पवित्रशास्त्र समावेश हुनेछ।

## पाठ १३ परीक्षा

१. ओबदियाको पुस्तकको उद्देश्य के हो ?

२. योनाको पुस्तकको विषयवस्तु के हो ?

३. योनाको पुस्तकले परमेश्वरको सार्वभौमिकता देखाउने दुइटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

४. योनामा सिकाइएका दुईवटा पाठहरू के हुन् ?

५. मीकाका अनुसार, कुन तीनवटा विशेषताहरूले व्यवस्थाको मागलाई जोड दिन्छ ?

६. मीकामा येशुको जन्मको कस्तो भविष्यवाणी गरिएको छ ?

७. नहूमको पुस्तकका श्रोताहरू को थिए ?

८. हबकूकका दुईवटा प्रश्नहरू र परमेश्वरका जवाफहरूको सूची बनाउनुहोस्।

९. सपन्याहको मुख्य विषयवस्तु के हो ?

१०. पुरानो करारको भविष्यवाणीको व्याख्या गर्नका लागि सुझाव गरिएका पाँचवटा चरणहरू के के हुन् ?

११. आफूले कण्ठ गरेको मीका ६:८; नहूम १:७-८ र हबकूक ३:३ लेख्नुहोस्।

# पाठ १४

# हाग्गै-मलाकी

### पाठका उद्देश्यहरू

१. हाग्गै, जकरिया र मलाकीको सम्भावित मिति र ऐतिहासिक स्थितिलाई जान्नुह ।

२. हाग्गै, जकरिया र मलाकीको प्राथमिक विषयवस्तु र उद्देश्यहरूलाई रूपरेखाङ्कन गर्न सक्षम हुनुह ।

३. परमेश्वरको व्यवस्थामा निरन्तर इमानदार रहनुको महत्त्व बुझ्नुह ।

४. पुरानो करारका मसीहको प्रतिज्ञाहरूको कदर गर्नुह ।

५. हाग्गै, जकरिया र मलाकीको सन्देशलाई आजको संसारसँग सम्बन्धित गर्नुह ।

## यस पाठको लागि गर्नुपर्ने तयारी

*हाग्गै, जकरिया र मलाकी पढ्नुहोस् ।*

*हाग्गै २:७-९ र मलाकी ३:१ कण्ठ गर्नुहोस् ।*

## निर्वासन पछिका भविष्यवक्ताहरूको ऐतिहासिक स्थिति

निर्वासन पछिका अगमवक्ताहरूले निर्वासनबाट फर्किएपछि यहूदाले सामना गरेका समस्याहरूबारे कुरा गरे:

- **राजनीतिक कठिनाइ** : यहूदा फारसद्वारा शासित थियो, त्यहाँ कुनै दाऊद वंशीय राजा थिएनन्, र यरूशलेमका छिमेकीहरूले सहरलाई पुनर्निर्माण गर्ने प्रयासको विरोध गरे ।
- **आत्मिक चुनौतिहरू** : मन्दिरको पुनर्निर्माण भएको थिएन, अविश्वासी अन्यजातिहरूसँगको विवाहले धार्मिक मिश्रणवाद निम्त्यायो, र धेरै यहूदीहरूले शबाथ पालन गर्न असफल भए ।
- **सामाजिक समस्याहरू** : फर्केकाहरू र यरूशलेममा बसेकाहरू बीच तनाव थियो, धनीहरूले गरिबहरूलाई दुर्व्यवहार गर्थे, र सम्बन्धविच्छेद व्यापक थियो ।

५३९ इ.पू. मा, बेबिलोन फारससँग पराजित भयो । फारसी शासक साइरसले यहूदीहरूलाई यहूदा फर्कन अनुमति दिने आदेश

जारी गरे। अर्को वर्ष, यरूबाबेलले बेबिलोनबाट यरूशलेममा ५०,००० मानिसहरूको नेतृत्व गरे। तिनीहरू आइपुगेपछि, तिनीहरूले मन्दिरको पुनर्निर्माण गर्न थाले। यद्यपि, शत्रुहरूले यो परियोजनाको विरोध गरे र मन्दिरको काम चाँडै रोकियो।

५२० इ.पू. मा, हाग्गै र जकरियाले मानिसहरूलाई मन्दिरको काम पुनः सुरु गर्न प्रेरित गरे। यसकारण, तिनीहरू "मन्दिरका अगमवक्ताहरू" भनेर चिनिन्छन्। ५२० इ.पू. मा मन्दिरको काम पुनः सुरु भयो। र मन्दिर ५१६ इ.पू. पूरा भयो।

४५८ इ.पू. मा, एज्राले निर्वासितहरूको समूहलाई यरूशलेम फर्काए। करारमा जोड दिएर, एज्राले उपासना र सामाजिक सुधारको पुनरुत्थानको नेतृत्व गरे।

नहेम्याह ४४४ इ.पू. मा यरूशलेम फर्के र सहरका पर्खालहरू पुनर्निर्माण गर्ने प्रयासहरूको नेतृत्व गरे। उनले एज्राले सामना गरेका धेरै समान समस्याहरूलाई सम्बोधन गरे: विवाहका समस्याहरू, शबाथ पालन गर्न असफलताका कुराहरू, र करारप्रति इमानदारीताको कमी। मलाकीले, त्यही समयको बारेमा सेवा गर्दै, यी धेरै मुद्दाहरूको विषयमा कुरा गरे।

## हाग्गै: मन्दिरको पुनर्निर्माण

### हाग्गैको पुस्तकको एक झलक

**लेखक:** हाग्गै
**श्रोता:** निर्वासन पछिको यहूदा
**मिति:** ५२०इ.पू.
**विषय:** मन्दिरको पुनर्निर्माण
**उद्देश्य:** परमेश्वरका मानिसहरूलाई परमेश्वरको घर पुनर्निर्माण गर्ने काममा प्रेरित गर्न
**हाग्गैमा रहेको सुसमाचार:** हाग्गै २:९ को प्रतिज्ञा लूका २:२८-३२ मा पूरा भएको छ।

## हाग्गैको उद्देश्य

हाग्गैले ५२० इ.पू. को पतनमा प्रचार गर्न थाले। उनले मन्दिरसँग सम्बन्धित चार सन्देशहरूको शृङ्खला ल्याए। यरूशलेममा जीवनका चुनौतीहरूको कारणले गर्दा मानिसहरूले मन्दिरको लागि आफ्नो जोस गुमाएका थिए। यरूबाबेल फर्केको लगभग दुई दशक पछि, मन्दिर अझै भग्नावशेषमा नै थियो। हाग्गै परमेश्वरको घरको तर्फबाट परमेश्वरका सन्देशवाहक थिए।

## हाग्गैको सन्देश

### प्राथमिकताहरूको बारेमा सन्देश (हाग्गै १)

मानिसहरूले आफ्ना घरहरू पुनर्निर्माण गरेका थिए, तर तिनीहरूले परमेश्वरको मन्दिर पुनर्निर्माण गरेका थिएनन्। परमेश्वरले सोध्नुभयो, "यो मन्दिर भग्नावशेष भइरहेको देखेर पनि के तिमीहरू आफूचाहिँ बुट्टादार काठले सजाइएका घरहरूमा बस्ने समय हो र?" [३९८]

---

३९८ हाग्गै १:४, *इङ्लिस स्ट्यान्डर्ड भर्जन*

मानिसहरूले परमेश्वरको घरलाई भन्दा आफ्नै आवश्यकताहरूलाई ठूलो प्राथमिकता दिए । परमेश्वरले चेताउनी दिनुभयो कि उनीहरूले थोरै फसल, खानाको अभाव, अपर्याप्त लुगाहरू, र हराएर जाने ज्यालाको समस्या भोगिरहेका थिए किनभने तिनीहरूले उहाँलाई प्राथमिकता दिएनन ।

परमेश्वरले मानिसहरूलाई उहाँको प्राथमिकतालाई आफ्नो स्वार्थभन्दा माथि राख्न आह्वान गर्नुभयो । जवाफमा, मानिसहरू परमप्रभुको अगाडि डराए र तिनीहरू आएर सेनाहरूका परमप्रभु, तिनीहरूका परमेश्वरको घरमा काम गरे । [३९९]

## के आत्मिक समृद्धिले भौतिक सम्बृद्धिलाई सुनिश्चत गर्छ ?

हाग्गै १ को सन्देश ३ यूहन्ना १:२ मा समानान्तर छ । "प्रिय मित्र, म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस्, र तिम्रो स्वास्थ्य ठीक रहोस् ।" यो व्यवस्था २७-२८ मा पनि देख्न सकिन्छ, आज्ञाकारीहरूलाई भौतिक आशीर्वाद र अवज्ञाकारीहरूलाई भौतिक श्रापको प्रतिज्ञाको साथ ।

यद्यपि यो महत्त्वपूर्ण शिक्षा हो, यो बाइबलको सम्पूर्ण सन्देश होइन । प्रत्येक इमान्दार विश्वासीले आर्थिक समृद्धि र शारीरिक स्वास्थ्यको अनुभव गर्नेछन् भनी सिकाउन केही प्रचारकहरूले हाग्गै १ जस्ता पवित्रशास्त्रहरू लिएका छन् । हामीले हाग्गै १ र ३ यूहन्ना १ लाई अय्यूबको पुस्तक र हिब्रू ११:३७ जस्ता पवित्रशास्त्र लाई यर्मियाजस्ता मानिसहरूका अनुभवहरू जसले कुनै भौतिक आशिष बिना विश्वासी भई परमेश्वरको सेवा गरे यर्मियाको पुस्तकहरूको प्रकाशमा पढ्नै पर्छ । साँच्चै, परमेश्वरप्रतिको आज्ञाकारिताको कारण धेरै मानिसहरूले भौतिक क्षति बेहोरेका छन् । लौकिक आशीर्वाद नदेखी आत्मिक रूपमा समृद्धि सम्भव छ । हाग्गैले एक विशेष परिस्थितिको बारेमा कुरा गरे; उनले परमेश्वरको प्रत्येक विश्वासी सन्तानको समृद्धिललाई सुनिश्चित गर्ने विश्वव्यापी सिद्धान्त बताएका छैनन ।

## निरुत्साहको बारेमा सन्देश (हाग्गै २:१-९)

आफ्नो पहिलो सन्देशको छ हप्ता पछि, हाग्गै परमेश्वरबाट अर्को सन्देश लिएर फर्के । उनले सोधे, "तिमीहरूमध्ये अब यहाँ को बाँकी छ, जसले यो भवनको अघिको महिमा देखेको थियो ? अहिले तिमीहरूले यो कस्तो देख्छौ ? के तिमीहरूको नजरमा यो त केही पनि होइन जस्तो लाग्छ ?" सोलोमनको मन्दिरको महिमा सम्झने केही एल्डरहरू रोए जब उनीहरूले यस नयाँ मन्दिरको सानो आकार र कमसल निर्माण देखे । [४००]

जवाफमा, परमेश्वरले नयाँ मन्दिरको महिमा पहिलो मन्दिरको भन्दा ठूलो हुनेछ भनी प्रतिज्ञा गर्नुभयो । यो प्रतिज्ञा पूरा भएको थियो जब शिशु येशूलाई मन्दिरमा ल्याइयो । शिमोनले प्रार्थना गरे, "मेरो आँखाले तपाईंको मुक्ति ... र तपाईंको प्रजा इस्राएलको महिमा देखेको छ ।"[४०१]

---

३९९ हाग्गै १:१२, १४

४०० एज्रा ३:१२ ले देखाउँछ कि केही मानिसहरू मन्दिरको पुनर्निर्माणमा खुसीले कराए, अरूहरू रोए ।

४०१ लूका २:२८-३२

### अनाज्ञाकारिताको बारेमा सन्देश (हाग्गै २:१०-१९)

दुई महिनापछि, हाग्गै परमेश्वरबाट अर्को सन्देश लिएर फर्के। उनले पुजारीहरूलाई शुद्धता र अशुद्धताका नियमहरू सम्झाए। व्यवस्था अनुसार बलिदानको वस्तु अशुद्ध वस्तुको सम्पर्कमा आएमा अशुद्ध हुन्छ। अशुद्धता संक्रामक थियो।

त्यसपछि हाग्गैले यरूशलेमका मानिसहरूको जीवनलाई औंल्याए। तिनीहरू मन्दिरमा काम गरिरहेका थिए, तर तिनीहरूको अपवित्र जीवनले कामलाई भ्रष्ट बनायो। हाग्गैले आफ्ना श्रोताहरूलाई आज ख्रीष्टियन कामदारहरूका लागि ठूलो महत्त्वको सन्देशको सम्झना गराए; **परमेश्वरको लागि तपाईंको कामभन्दा परमेश्वरसँगको तपाईंको हिँडाइ महत्त्वपूर्ण छ।**

हाग्गैले मानिसहरूलाई आज्ञाकारी हुन चुनौती दिए। उनले आफ्नो सन्देशलाई परमेश्वरको प्रतिज्ञाको साथ समाप्त गरे, "आजदेखि म तिमीलाई आशीर्वाद दिनेछु।"[४०२]

### डरको बारेमा सन्देश (हाग्गै २:२०-२३)

हाग्गै पढ्दा हामीले यरूशलेमलाई शत्रुहरूले घेरेको थियो भनेर सम्झनुपर्छ। यी शत्रुहरू पहिले नै मन्दिरको काम रोक्न सफल भएका थिए।[४०३] परमेश्वरले यहूदाको विरोध गर्नेहरूलाई परास्त गर्ने प्रतिज्ञा गर्नुभयो। यद्यपि यहूदा वरपरका राष्ट्रहरूको तुलनामा नगण्य थियो, त्यो परमेश्वरद्वारा चुनिएको थियो र उहाँकै हो। उहाँले आफ्ना मानिसहरूलाई हानिबाट जोगाउनुहुनेछ। उनीहरूसँग डराउने कुनै कारण थिएन।

## जकरिया: परमेश्वरले आफ्नो राज्य पुनर्स्थापित गर्दै हुनुहुन्छ

### जकरियाको पुस्तकको एक झलक

**लेखक:** जकरिया
**श्रोता:** निर्वासन पछिको यहूदा
**मिति:** ५२० इ.पू.
**विषयवस्तु:** परमेश्वरको राज्यको पुनर्स्थापना
**उद्देश्य:** आउँदै गरेको परमेश्वरको राज्यको पुनर्स्थापनाको भविष्यवाणी गर्ने। एक दिन आउँदैछ जब सबै राष्ट्रहरूले यरूशलेममा आराधना गर्नेछन्।
**जकरियामा रहेको सुसमाचार:** येशुले एक नम्र राजा, एक विश्वासी गोठालो र एक धर्मी हाँगाको प्रतिज्ञा पूरा गर्नुहुन्छ।

## जकरियाको उद्देश्य

जकरिया पुजारी परिवारका सदस्य थिए जो यरुबाबेलसँग यहूदा फर्केका थिए।[४०४] हाग्गै जस्तै, जकरिया एक मन्दिरका

४०२ हाग्गै २:१९

४०३ एज्रा ४

४०४ नहेम्याह १२:४

अगमवक्ता थिए । उनको पहिलो सन्देश हाग्गैको पहिलो सन्देशको लगभग दुई महिना पछि दिइएको थियो । मन्दिरको कुरामा जोड दिनुको साथसाथै, जकरियाले देखाए कि परमेश्वरले आफ्नो राज्यलाई आज अनी भविष्यमा पुनर्स्थापित गर्दै हुनुहुन्छ ।

## जकरियाको सन्देश

### आठ रात दर्शनहरू (जकरिया १:१–६:८)

जकरियाले यहूदालाई परमेश्वरमा फर्कन बोलाएर आफ्नो सेवकाइ सुरु गरे । तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई अस्वीकार गरेकोले, परमेश्वरले तिनीहरूलाई निर्वासनमा पठाउनुभयो । अब तिनीहरू फर्केका छन्, र जकरियाले उनीहरूको विश्वासलाई नविकरण गर्नको लागि बोलाउँछन् ।

यो परिचय आठ रातको दर्शनको एक शृङ्खलापछि आएको छ । आठ पटक, जकरियाले दर्शन देख्छन्, स्वर्गीय दूतलाई व्याख्याको लागि सोध्छन्, र दर्शनको व्याख्या प्राप्त गर्छन् । यी दर्शनहरूले निर्वासनपछिको समुदायसँग सम्बन्धित सरोकारहरूलाई सम्बोधन गर्दछ: यहूदालाई दमन गर्ने राष्ट्रहरूमाथिको न्याय, तिनीहरूका शत्रुहरूबाट सुरक्षा, मन्दिर र समुदायको पाप ।

१. **घोडाहरू पृथ्वीमा गस्ती गर्छन् (**जकरिया १**:७-१७)** । परमेश्वरले आफ्ना जनहरूलाई पुनर्स्थापना गर्न र उनीहरूलाई दमन गर्नेहरूलाई न्याय गर्न तयारी गर्दैहुनुहुन्छ ।

२. **चार सिङ र चार कारीगर (**जकरिया १**:८-२१)** । परमेश्वरले यहूदाका शत्रुहरूको न्याय गर्नुहुनेछ । जसरी तिनीहरूले परमेश्वरका जनहरूलाई छरपष्ट गरेका थिए, तिनीहरू पनि छरपष्ट हुनेछन् ।

३. **नाप्ने डोरी भएको मानिस (**जकरिया २**:१-१३)** । परमेश्वरले यरूशलेमलाई आफ्नो हो भनेर छाप लगाउनु भएको छ । उहाँ सहरको रक्षा गर्ने पर्खाल हुनुहुन्छ ।

४. **यहोशू प्रधान पुजारी (**जकरिया ३**:१-१०) —** पुजारीको पुनर्स्थापना । यर्मिया १३:१-११ मा, पुजाहारीको कपडाहरू मैलिएका थिए । शैतान प्रधान पुजारी यहोशूको दाहिने हात पट्टी उनलाई दोष लगाउन उभिए तापनि परमेश्वरले उनको मैलिएको लुगा हटाउनुभयो र उनलाई सफा लुगा लगाउन दिनुभयो । परमेश्वरले पुजारीत्वलाई पुनर्स्थापित गर्दै हुनुहुन्थ्यो र आउन लागेको हाँगालाई पठाउनुहुनेछ जसले इस्राएलमा शान्तिको नयाँ दिनको सुरुवात गर्नेछ ।

५. **एउटा सामदान र दुईवटा जैतुनका रूखहरू (**जकरिया ४**:१-१४) —** मन्दिरको पुनर्निर्माण । मन्दिरको पुनर्निर्माण परमेश्वरको काम हो र उहाँद्वारा सम्हालिनेछ ।

६. **एउटा उडिरहेको चर्मपत्रको मुठ्ठो (**जकरिया ५**:१-४) —** पापको न्याय । ९ मिटर लामो र साढे ४ मिटर नाप्ने ठूलो मुठ्ठोमा परमेश्वरको व्यवस्था तोड्नेहरूलाई करारको श्राप थियो । निर्वासन पछिको समुदायमा रहेको पापको न्याय निर्वासन अघिको जस्तै हुनेछ ।

७. **टोकरीमा रहेकी एउटी महिला (**जकरिया ५**:५-११) —** निर्वासन पछिको समुदायमा रहेको पाप । पापको प्रतिनिधित्व गर्ने एउटी स्त्रीलाई टोकरीमा राखिएको थियो र सिसाको आवरणले छाप लगाइएको थियो । पखेटा भएका सन्देशवाहकहरूले यरूशलेमबाट पाप हटाउँदै टोकरीलाई बेबिलोनमा उडाए ।

८. **चार रथहरू (**जकरिया ६**:१-८) —** यहूदाका शत्रुहरूमाथिको न्याय । यो दर्शन पहिलो दर्शनसँग मिल्दोजुल्दो छ । संसारमा काम गरिरहेको परमेश्वरको आत्मालाई प्रतिनिधित्व गर्ने चारवटा रथहरूले संसारमा उहाँको सार्वभौमिकतालाई देखाउँछन् । परमेश्वरले यहूदाका शत्रुहरूको न्याय गर्नुभएको छ र उहाँका मानिसहरूलाई पुनर्स्थापित गर्न जारी राख्नुहुनेछ ।

## भविष्यसूचक वचनहरू (जकरिया ६:९-१४:२१)

जकरियाले भविष्यसूचक वचनहरूको शृङ्खला समावेश गर्दछन्। परमेश्वरले जकरियालाई प्रधान पूजाहारी यहोशूको शिरमा मुकुट राख्न पठाउनुहुन्छ। यसले पुजारी र राजाको रूपमा शासन गर्न आउँदै गरेको हाँगालाई प्रतिनिधित्व गर्दछ। यो मसीह सम्बन्धी सन्देशले येशु ख्रीष्टको आगमनलाई औंल्याउँछ।

जकरिया ७-८ मा, अगमवक्ताले बेथेलका मानिसहरूको प्रतिनिधिमण्डलको प्रश्नको जवाफ दिए। निर्वासनको समयमा, मानिसहरूले मन्दिरको विनाशको शोक गर्न वर्षको पाँचौं महिनामा उपवास बसेका थिए। मन्दिरको पुनर्निर्माण लगभग पूरा भइसकेकाले अहिले यो उपवास आवश्यक छ कि छैन भनी सो प्रतिनिधिमण्डलले सोध्यो।

जकरियाको जवाफ प्रारम्भिक प्रश्न भन्दा धेरै फराकिलो थियो। परमेश्वरले सोध्नुभयो, "के तिमीहरूका उपवासहरू साँचो पश्चात्तापको चिन्ह थिए, वा तिनीहरू केवल रीतिथितिहरू मात्र थिए ?" यदि उपवासहरू साँचो पश्चात्तापको चिन्ह थियो, र यदि यहूदाले निर्वासनबाट पाठ सिकेको थियो भने, उपवासहरू अब आवश्यक थिएन। यद्यपि, यदि उपवासहरू रीतिथितिबाहेक अरू केही नभएको भए, तिनीहरू त्यतिबेला र अहिले अर्थहीन थिए।

त्यसपछि परमेश्वरले एक समयको प्रतिज्ञा गर्नुभयो जब उहाँले यहूदाका उपवासहरूलाई भोजहरूमा परिणत गर्नुहुनेछ। त्यो दिन आउनेछ जब यहूदी मानिसहरूलाई पृथ्वीका सबै मानिसहरू भन्दा माथि सम्मान गरिनेछ। "चौथो महिनाको उपवास... यहूदाको घरमा आनन्द र खुसी र हर्षोल्लासका चाडहरू हुनेछन्... हो, धेरै मानिसहरू र बलियो राष्ट्रहरू यरूशलेममा सेनाहरूका परमप्रभुलाई खोज्न र परमप्रभुलाई प्रार्थना गर्न आउनेछन्।" [४०५]

जकरिया ९-१४ मसीहको आगमनलाई हेर्छ। इस्राएलका शत्रुहरू (सिरिया र पलिश्ती) भूमिबाट हटाइनेछन्। चकित पार्ने छविमा, परमेश्वरले अन्यजातिहरूबाट बाँकी रहेकाहरूलाई बचाउने प्रतिज्ञा गर्नुहुन्छ।[४०६] जकरियाले इस्राएलका साँचो राजाले गधामा सवार भएर यरूशलेममा आफ्ना मानिसहरूलाई बचाउने दिनको भविष्यवाणी गरे। यहूदालाई समस्यामा पुर्याउने घमण्डी शासकहरू जस्तो नभई यो शासक नम्र र धर्मी हुनेछ। उहाँले बगालको रक्षा गर्ने असल गोठालोको रूपमा काम गर्नुहुनेछ। जब भेडाहरूले यस गोठालालाई अस्वीकार गर्छन्, तिनीहरू तितरबितर हुनेछन्। यद्यपि, परमेश्वरले अन्ततः आफ्नो बगाललाई छुटकारा दिनुहुनेछ र यरूशलेमलाई बचाउनुहुनेछ। यहूदा पुनर्स्थापित हुनेछ र सबै राष्ट्रहरू यरूशलेममा आराधना गर्न आउनेछन्।

## नयाँ करारमा जकरिया

नयाँ करारमा जकरियालाई बारम्बार उद्धृत गरिएको छ। टिप्पणीकारहरूले जकरियाबाट ६७ वटा नयाँ करारमा उद्धरणहरू उल्लेख गरेका छन्।[४०७] दु:खकष्टको हप्ताको सुसमाचारको पुस्तकहरूमा, जकरिया ९-१४ पुरानो करारमा सबैभन्दा प्रायः उद्धृत गरिएको खण्ड हो। प्रकाशको पुस्तकमा उल्लेख गरिएका इजकिएलपछि जकरिया दोस्रो स्थानमा पर्छ। जकरियामा मसीही भविष्यवाणीहरू समावेश छन्:

- धर्मी हाँगा (जकरिया ३:८; जकरिया ६:१२-१३)
- राजा नम्र र गधामा सवार (जकरिया ९:९-१०)
- गोठालोलाई इन्कार गरियो र तीस शेकेल चाँदीमा बेचियो (जकरिया ११:४-१३; जकरिया १३:७)

---

४०५ जकरिया ८:१९, २२

४०६ जकरिया ९:५-७ अन्यजाति राष्ट्रहरूबाट बाँकी रहेकाहरू परमेश्वरका जनहरूको भाग बन्नेछन्।

४०७ *इङ्लिस स्ट्यान्डर्ड भर्जन अध्ययन बाइबल।*

- जसलाई तिनीहरूले घोचेका छन् (जकरिया १२:१०)
- आउँदै गरेको न्यायाधीश (जकरिया १४)

## मलाकी: परमेश्वरलाई विश्वासयोग्यता चाहिन्छ

### मलाकीको पुस्तकको एक झलक

**लेखक:** मलाकी
**श्रोता:** निर्वासन पछिको यहूदा
**मिति:** सम्भवतः ४७५ र ४२५ इ.पू. को बीचमा
**विषयवस्तु:** परमेश्वरलाई विश्वासयोग्यता चाहिन्छ
**उद्देश्य:** यहूदालाई परमेश्वरप्रति विश्वासयोग्य हुन चुनौती दिने
**मलाकीमा सुसमाचार:** मलाकी प्रभुको मार्ग तयार गर्ने सन्देशवाहकको प्रतिज्ञाको साथ समाप्त हुन्छ; मत्ती र मर्कूस बप्तिस्मा दिने यूहन्नाले मसीहको लागि बाटो तयार गर्दै आफ्नो सेवा सुरु गर्छन्।

## मलाकीको उद्देश्य

मलाकी नामको अर्थ "मेरो सन्देशवाहक" हो। किनभने उनले एज्रा र नेहेम्याहमा सम्बोधन गरिएका धेरै पापहरूलाई सम्बोधन गरे, यो सम्भव छ कि मलाकी यी दुई अगुवाहरूको समकालीन थिए। मलाकीले सम्भवतः ४७५ र ४२५ इ.पू. को बीचमा प्रचार गरेका थिए।

यद्यपि यहूदा मूर्तिपूजामा फर्केको थिएन, तिनीहरूको धार्मिक उत्सव शून्य थियो। यहोवाप्रति इमानदार हुने कामहरूले जीवनमा परिवर्तन ल्याएको थिएन। मलाकीले यहूदा विरुद्ध परमेश्वरको आरोपको घोषणा गर्न लेखे।

मलाकीले पनि यहूदाले यहोवा विरुद्धमा गरेको गुनासोको जवाफ दिए। हाग्गै र जकरियाले मन्दिरको पुनर्निर्माणले शान्ति, समृद्धि र परमेश्वरको उपस्थितिको पुनरागमन ल्याउने वाचा गरे। बरु, यहूदाले खडेरी, आर्थिक सङ्घर्ष र राजनीतिक कमजोरी भोगिरहेको थियो। मानिसहरूले यहोवाले आफ्ना प्रतिज्ञाहरू पूरा नगरेकोमा दोष लगाए। मलाकीले यी गुनासोहरूमा परमेश्वरको प्रतिक्रिया ल्याउन लेखे।

» परमेश्वरका मागहरू पूरा गर्न असफल भएकोमा मलाकीले यहूदाको सामना गरे। यद्यपि तिनीहरूले मन्दिरमा बलिदानहरू ल्याए र व्यवस्थाको विधिहरू पालन गरे तापनि तिनीहरूले परमेश्वरको आदर गरेनन्। मलाकीका आरोपहरू पढ्नु अघि, आजका ख्रीष्टियनहरूले परमेश्वरको अपमान गर्न सक्ने तरिकाहरूबारे छलफल गर्नुहोस्।

## मलाकीको सन्देश

मलाकीको पुस्तकमा छ वटा विवाद वा तर्कहरूको श्रृंखला समावेश छ। प्रत्येक तर्क तीन भागमा भनिएको छ:

१. परमेश्वरले यहूदाको व्यवहारको बारेमा बयान गर्नुहुन्छ ।
२. मानिसहरूले प्रश्नको जवाफ दिन्छन् ।
३. परमेश्वरले प्रश्नको जवाफ दिनुहुन्छ ।

### विवाद १: परमेश्वरको उहाँका मानिसहरूको लागि प्रेम (मलाकी १:२-५)

१. परिचय: “मैले तिमीहरूलाई प्रेम गरेको छु,” परमप्रभु भन्नुहुन्छ ।
२. प्रश्न: "तपाईंले हामीलाई कसरी प्रेम गर्नुभयो ?"
३. उत्तर: एदोम (एसाव) लाई दण्ड दिंदा परमेश्वरले इस्राएल (याकूब) लाई आदर गर्नुभयो । [४०८]

### विवाद १: परमेश्वरको पुजारीहरूको अवहेलना (मलाकी १:६-२:९)

१. परिचय: “छोराले आफ्नो बुबालाई आदर गर्छ । यदि म तिम्रो बाबु हुँ भने, मेरो इज्जत कहाँ छ त ? पुजारीहरूले मेरो नामलाई किन तुच्छ ठान्छन् ?”

२. प्रश्न: "हामीले तपाईंको नामलाई कसरी तुच्छ ठान्यौं ?"

३. उत्तर: “मेरो वेदीमा अशुद्ध भोजन चढाएर । परमप्रभुको वेदीको आदर गर्नुको सट्टा, पुजारीहरूले लङ्गडा र बिरामी पशुहरू बलि चढाए ।”

### विवाद ३: विवाह करारको सम्मान गर्न असफल (मलाकी २:१०-१६)

१. परिचय: यहूदा अविश्वासी भएको छ र करारलाई अपवित्र बनाएको छ ।
२. प्रश्न: "हामीले करारलाई कसरी अपवित्र बनाएका छौं ?"
३. उत्तर: मूर्तिपूजकहरूसँग विवाह गरेर र सम्बन्धविच्छेदद्वारा वैवाहिक करार तोडेर ।

### विवाद ४: परमेश्वरको न्याय (मलाकी २:१७-३:५)

१. परिचय: “तिमीहरूले आफ्ना वचनहरूले परमप्रभुलाई थकित तुल्याएका छौ ।”
२. प्रश्न: "हामीले उहाँलाई कसरी थकित तुल्यायौं?"
३. उत्तर: परमेश्वरले दुष्टलाई बेवास्ता गर्नुभएको आरोप लगाएर ।

परमेश्वरले यहूदालाई आश्वासन दिनुहुन्छ कि उहाँले एक दूत पठाउनुहुनेछ जसले उहाँको मन्दिरमा आउनको लागि मार्ग तयार गर्नेछ । उहाँले जहाँ पाप भेट्टाउनुहुन्छ त्यसको न्याय गर्नुहुन्छ ।

### विवाद ५: परमेश्वरको दशांश चोर्दै (मलाकी ३:६-१२)

१. परिचय: "म परमप्रभु हुँ, म परिवर्तन हुँदिन । मकहाँ फर्क, र म तिमीहरूकहाँ फर्कनेछु ।"
२. प्रश्न: "हामी कसरी फर्कने ?"
३. उत्तर: परमेश्वरलाई दशांश दिएर आफ्नो विश्वासयोग्यता प्रदर्शन गर्ने ।

---

४०८ हेर्नुहोस्, ओबदिया एदोममा परमेश्वरको न्यायको लागि ।

### विवाद ६: प्रभु विरुद्ध कठोर शब्दहरू (मलाकी ३:१३-४:३)

१. परिचय: "तिमीहरूका वचनहरू मेरो विरुद्धमा कठोर भएका छन्, परमप्रभु भन्नुहुन्छ।"
२. प्रश्न: "हामीले तपाईंको विरुद्धमा कसरी बोल्यौं?"
३. उत्तर: तिमीहरूले भनेका छौ, "परमेश्वरको सेवा गर्नु व्यर्थ छ।" मानिसहरूले परमेश्वरलाई आज्ञाकारीहरूलाई आशिष् दिन र अनाज्ञाकारीहरूको न्याय गर्न असफल भएको आरोप लगाउँछन्। जवाफमा, परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ कि प्रभुको दिन आउँदैछ। त्यस दिनमा, परमेश्वरले दुष्टहरूको न्याय गर्नुहुनेछ र विश्वासीहरूलाई बचाउनुहुनेछ।

### निष्कर्ष (मलाकी ४:४-६)

आफ्नो निष्कर्षमा, मलाकीले सम्पूर्ण पुस्तकको सन्देशलाई पुन: बताउँछन्। उहाँले यहूदालाई फर्केर हेर्न ("मोशाको व्यवस्थालालाई सम्झ") र अगाडि हेर्न ("हेर, म तिमीहरूकहाँ एलियालाई पठाउनेछु" प्रभुको महान् र डरलाग्दो दिनको लागि तयारी गर्न) आह्वान गर्नुहुन्छ।

## पुरानो करारमा ख्रीष्टलाई नजिकबाट हेर्दा

जब हामी पुरानो करारमा हाम्रो सर्वेक्षण समाप्त गर्छौं, ख्रीष्टको आगमनमा पूरा हुने धेरै भविष्यवाणीहरू मध्ये केही हेर्नको लागि समय निकाल्नुहोस्। येशुको जन्म हुनुभन्दा सयौं वर्ष अघि, परमेश्वरले उहाँको जीवनको सटीक विवरणहरू प्रकट गर्नुभयो। यी भविष्यवाणीहरूको पूर्तिले येशुलाई प्रतिज्ञा गरिएको मसीहको रूपमा गवाही दिन्छ।

| भविष्यवाणी | पुरानो करारमा भविष्यवाणी | नयाँ करारमा पूर्ति |
|---|---|---|
| बेथलेहेममा मसीहको जन्म हुनेछ । | मीका ५:२ | मत्ती २:१-६;<br>लूका २:१-२० |
| मसीहले मिश्रबाट यात्रा गर्नुहुनेछ । | होशे ११:१ | मत्ती २:१२-१५ |
| मसीहको जन्मको परिणामस्वरूप शिशुहरू मारिनेछन् । | यर्मिया ३१:१५ | मत्ती २:१६-१८ |
| मसीहले गालीलमा सेवा गर्नुहुनेछ ।<br>(यो भविष्यवाणी महत्त्वपूर्ण थियो किनभने यहूदी मानिसहरूले मसीहले यरूशलेममा आफ्नो सेवकाई केन्द्रित गर्ने आशा गरेका थिए ।) | यशैया ९:१-२ | मत्ती ४:१२-१६ |
| मसीह विजयमा यरूशलेम प्रवेश गर्नुहुनेछ । | जकरिया ९:९ | मत्ती २१:१-९;<br>यूहन्ना १२:१२-१६ |
| मसीह आफ्नै मानिसहरूद्वारा अस्वीकार गरिनेछन् । | यशैया ५३:१-३ | मत्ती २६:३-४ |
| मसीह चाँदीका तीस टुक्राहरूमा बेचिनेछ । | जकरिया ११:१२ | मत्ती २६:१४-१५ |
| मसीहलाई उहाँका अनुयायीहरूले त्याग्नेछन् । | जकरिया १३:७ | मत्ती २६:५६ |
| मसीह आफूलार्इ दोष लगाउनेहरूका सामु मौन रहनेछन् । | यशैया ५३:७ | मत्ती २७:१२-१४;<br>लूका २३:८-१० |
| मसीहलाई हिर्काइनेछ र थुकिनेछ । | यशैया ५०:६ | मत्ती २७:३० |
| मसीह क्रुसमा टाँगिएर मर्नेछन् । | भजनसंग्रह २२ :१४-१७ | मत्ती २७ :३१ |
| मसीहले आफूलाई परमेश्वरले त्याग्नुभएको महसुस गर्नुहुनेछ । | भजनसंग्रह २२ :१ | मत्ती २७ :४६ |
| मसीहलाई पिउन सिरका दिइनेछ । | भजनसंग्रह ६९:२१ | यूहन्ना १९ :२८-३० |
| मसीहको हड्डी भाँचिनेछैन । | भजनसंग्रह ३४:२०;<br>प्रस्थान १२:४६ | यूहन्ना १९ :३१-३६ |
| मसीहले अपराधीहरूसँग कष्ट भोग्नेछन् र आफूलाई सताउनेहरूको लागि प्रार्थना गर्नेछन् । | यशैया ५३:१२ | मत्ती २७:३८;<br>लूका २३:३२-३४ |
| मसीहलाई धनी मानिसको चिहानमा गाडिनेछ । | यशैया ५३:९ | मत्ती २७ :५७-६० |
| मसीह मरेकाहरूबाट जीवित हुनेछन् । | भजनसंग्रह १६:८-१० | मत्ती २८:१-१० |

## हाग्गै, जकरिया र मलाकी आज मण्डलीमा बोल्छन्

हाग्गैले हामीलाई सम्झाउँछन् कि हामी परमेश्वरका जन हौं र उहाँले मण्डली मार्फत आफ्नो उद्देश्य पूरा गर्दै हुनुहुन्छ। हाग्गै २:९ को प्रतिज्ञा पुनर्निर्माण गरिएको मन्दिरमा पूर्ण रूपमा पूरा भएन। महा-पवित्रस्थान फेरि कहिल्यै करारको सन्दूक समावेश भएन र पहिलो मन्दिरको समर्पणको साथमा परमेश्वरको महिमा कहिल्यै देखिएन।[४०९]

यद्यपि, शिशु येशुको मन्दिरको भ्रमणबाट सुरु गरेर र आज मण्डलीको सेवकाइमा जारी राख्दै, यो प्रतिज्ञा पूरा भइरहेको छ। येशुको पार्थिव सेवकाइमा, हामीले उहाँको महिमा देख्यौं, पिताको एकमात्र जन्मेको पुत्रको महिमा।[४१०] प्रारम्भिक मण्डलीको सेवकाइमा, रोमन साम्राज्यभरि परमेश्वरको महिमा देखियो। आज, परमेश्वरको मन्दिरको रूपमा,[४११] हामी संसारमा परमेश्वरको महिमा प्रकट गर्न जारी राख्छौं।

### शुद्ध वा अशुद्ध ?

हाग्गैको सन्देशको अंश पुरानो नियमको रितीरिवाजको शुद्धतामा आधारित छ। मोशाको व्यवस्थामा, एउटा अशुद्ध वस्तुको सम्पर्कमा आएको शुद्ध वस्तु धार्मिक रूपमा अशुद्ध हुन्थ्यो। यद्यपि, येशुको आगमनको माध्यमबाट, यो उल्टो भयो। येशुले (शुद्ध) कुष्ठरोगीहरूलाई छुनुहुन्छ (अशुद्ध) र तिनीहरूलाई शुद्ध बनाउनुहुन्छ। ख्रीष्टियनहरूलाई पृथ्वीको नुन हुन् भनिन्छ, अशुद्ध संसारमा शुद्धता ल्याउने। फिलिप्पीमा, पावलले आफ्ना पाठकहरूलाई सम्झाउँछन् कि हामी एक कुटिल र विकृत राष्ट्रको बीचमा बाँचिरहेका छौं, हामी संसारमा ज्योतिको रूपमा चम्कनुपर्छ।[४१२] हामीले अपवित्र संसारको सम्पर्कबाट डराउनु पर्दैन। यसको सट्टा, हामीलाई हाम्रो संसारमा परमेश्वरको पवित्रता ल्याउन र हामीले सम्पर्क गर्नेहरूलाई रूपान्तरण गर्न बोलाइएको छ।

जकरिया र मलाकीले निरन्तर विश्वासयोग्यताको लागि परमेश्वरको माग देखाउँछन्। निर्वासनबाट फर्केपछि लेख्दै, यी अगमवक्ताहरूले देखाउँछन् कि हामी हिजोको आशिषहरूमा विश्राम गर्न सक्दैनौं। निर्वासनका पाठहरूले इस्राएललाई आफ्नो अविश्वासको ढाँचामा फर्कनबाट जोगाउन सक्नेछ भनेर कसैले आशा गरेको हुन सक्छ। यद्यपि, जकरिया ५२० इ.पू. मा र मलाकीले दुई पुस्ता पछि परमेश्वरले हामीलाई सिकाउनुहुने शिक्षालाई हामी कति चाँडो बिर्सन सक्छौं भनेर देखाउँछ। हामीले निरन्तर परमेश्वरको वचनको अधिकारमा फर्किनुपर्छ।

---

४०९ २ इतिहास ५:१३-१४

४१० यूहन्ना १:१४

४११ २ इतिहास ३:१६

४१२ फिलिप्पी २:१५

## पाठ १४ गर्नुपर्ने कार्यहरू

**१.** निम्न कार्यहरू मध्ये **एउटा** पूरा गर्नुहोस्।

विकल्प १: समूहमा गर्नुपर्ने कार्यहरू

पाठ १३ मा प्रस्तुत गरिएको नमूना प्रयोग गर्दै ("उनीहरूको सहर" को मूल सन्देशलाई "हाम्रो शहर" मा भएको प्रयोगमा ल्याउँदै), मलाकीको विवादहरू मध्ये एउटा आज मण्डलीमा लागू गर्नुहोस्। यहूदालाई दिइएको मौलिक सन्देश, यहूदा र आजको मण्डलीबीचको भिन्नता, मलाकीमा सिकाइएको सिद्धान्त र आजको मण्डलीमा लागू हुने विषयमा छलफल गर्नुहोस्।

विकल्प २: व्यक्तिगत रूपमा गर्नुपर्ने कार्यहरू

मलाकीबाट "परमेश्वरप्रतिको विश्वासयोग्यता" मा विस्तृत उपदेश वा बाइबल अध्ययनको रूपरेखा तयार गर्नुहोस्। परमेश्वरले आज मण्डलीसँग कसरी बोल्नुहुन्छ भनेर देखाउनको लागि विवादहरूको संरचना प्रयोग गर्नुहोस्।

**२.** यस पाठमा परीक्षा लिनुहोस्। परीक्षामा कण्ठ गर्नको लागि तोकिएका धर्मशास्त्रहरू समावेश हुनेछन्।

## पाठ १४ परीक्षा

**१.** निर्वासनपछिका अगमवक्ताहरूले कुन तीनवटा आत्मिक समस्याहरूलाई सम्बोधन गरे ?

**२.** हाग्गै र जकरियाको मिति कुन हो ?

**३.** हाग्गैले चारवटा सन्देशहरू ल्याए। प्रत्येक सन्देशको लागि विषय सूचीबद्ध गर्नुहोस्।

**४.** जकरियाको विषयवस्तु के हो ?

**५.** जकरियामा पाइने दुइटा मसीही भविष्यवाणीहरू सूचीबद्ध गर्नुहोस्।

**६.** मलाकीले ४७५ र ४२५ इ.पू. को बीचमा प्रचार गरे भनेर हामी किन विश्वास गर्छौं ?

**७.** मलाकीमा परमेश्वरको प्रत्येक विवादको तीन भागहरू सूचीबद्ध गर्नुहोस्।

**८.** आफूले कण्ठ गरेको हाग्गै २:७-९ र मलाकी ३:१ लेख्नुहोस्।

# सुझाव गरिएका स्रोतहरू

## यस पाठ्यक्रममा प्रयोग गरिएका स्रोतहरू

अर्नोल्ड, बिल टी. र ब्रायन ई. बेयर। *पुरानो करार सामना गर्दैगर्दा।* एडा: बेकर बुक्स, १९९९।

*इ एस् भि अध्ययन बाइबल*। ह्विटन: क्रसवे बाइबल, २००८।

जेन्सन, इरभिङ। *पूरानो करार जेन्सेनको सर्वेक्षण।* शिकागो: मूडी प्रेस, १९७८।

म्याककेन, डेन्नी। *पूरानो करार परिचयमा टिप्पणीहरू*। जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००२।

विल्किन्सन, ब्रुस र केनेथ बोआ। *वाक थ्रू द बाइबल* । न्यासभिल: थोमस नेल्सन, २००२।

## पाठ १

पुरानो करार विश्वसनीयता बारे थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

परमेश्वरको बाइबल स्कूल र कलेज बाइबल संकाय। *म विश्वास गर्छु: ख्रीष्टियन विश्वासको आधारभूत कुराहरू* । सिनसिनाटी: पुनरुत्थानवादी प्रेस, २००६।

म्याकडोवेल, जोश। *नयाँ प्रमाण जसले फैसलाको माग गर्दछ।* न्यासभिल: थोमस नेल्सन, १९९९।

### अनलाइन स्रोतहरू

एपोलोजेटिकस् प्रेस। https://apologeticspress.org

म्याकडोवेल, जोश। *बाइबल: तथ्य, काल्पनिक वा भ्रम।* अनलाइन भिडियो श्रृंखला। https://www.josh.org/resources/apologetics/videos/

"के हामीलाई साँच्चै पुरानो करार चाहिन्छ" https://www.youtube.com/watch?v=gCPyyOKwrUg

वोर्-वीङ, एमी। *पाण्डुलिपिहरूको विश्वसनीयता।* RZIM HQ बाट अनलाइन भिडियो https://www.youtube.com/watch?v=dLI7W4bnVpA

## पाठ २

उत्पत्तिको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

ह्यामिल्टन, भिक्टर पी । *ह्यान्डबुक अन द पेन्टाटूक ।* एडा: बेकर बुक्स, १९८२ ।

किडम्यान, डेरेक । *टिन्डेल पुरानो करार टिप्पणी: उत्पत्ति ।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, २००८ ।

मोरिस, हेनरी एम । *द जेनेसिस रेकर्ड ।* एडा: बेकर बुक्स, १९७६ ।

### अनलाइन स्रोतहरू

उत्पत्तिमा रहेका उत्तरहरू: https://answersingenesis.org

"ख्रीष्टियनहरू र वातावरण" मा https://www.youtube.com/watch?v=s91vvdcytAU मा हेर्नुहोस्

"विज्ञान र ख्रीष्टियन वर्ल्डभ्यू" https://www.youtube.com/watch?v=DHSQfjFSE2U मा हेर्नुहोस्

वेस्ली, जोन । *पुरानो करार वेस्लीको व्याख्यात्मक टिप्पणीहरू ।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ ३

पेन्टाटूक बारे थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस् ।

### मुद्रित स्रोतहरू

फुलर, लोइस । *द पेन्टाटूक ।* जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, १९९५ ।

ह्यामिल्टन, भिक्टर पी. *ह्यान्डबुक अन द पेन्टाटूक ।* एडा: बेकर बुक्स, १९८२ ।

किचेन, केनेथ ए. *पुरानो करार विश्वसनीयतामा ।* ग्रान्ड र्यापिड्स: इर्डम्यानस्, २००३ ।

वाल्टन, जोन एच. र भिक्टर एच. म्याथ्यूज । *आईभीपी बाइबल पृष्ठभूमि टिप्पणी: उत्पत्ति – व्यवस्था ।* डाउनर्स ग्रोभ: इन्टरभ्यार्सिटि प्रेस, १९९७ ।

### अनलाइन स्रोतहरू

बाइबलीय अनुसन्धानका लागि सहयोगीहरू: https://biblearchaeology.org/

व्याख्यान । "डाक्टर जेम्स होफमेयर – इजिप्टोलोजिस्ट ।" अनलाइन भिडियो https://www.youtube.com/watch?v=GBWWO8dCeY0 मा

व्याख्यान । "के प्रस्थानको घटना साँच्चै भएको थियो ?" https://www.youtube.com/watch?v=YdSyrgwwwBE

वेस्ली, जोन। *पुरानो करार वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।*
https://studylight.org/commentaries/eng/wen.html

## पाठ ४

यहोशू - रुथ बारे थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

सिकर्मी, यूजीन ई. र वेन म्याककाउन। *एस्बरी बाइबल कमेन्टरी।* ग्रान्ड र्यापिड्स: जोन्डर्भन, १९९२।

कोपन, पावल। *के परमेश्वर नैतिक राक्षस हुनुहुन्छ: पुरानो करार परमेश्वरको अर्थ बुझ्दै।* एडा: बेकर बुक्स, २०११।

हेस, रिचार्ड एस। *टिन्डेल पुरानो करार टिप्पणी: यहोशू*। डाउनर्स ग्रोभ: इन्टरभर्सिटी प्रेस, २००८।

हावर्ड, डेभिड एम., जूनियर *पुरानो करार ऐतिहासिक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९९३।

हावर्ड, डेभिड एम., जूनियर र माइकल ए. ग्रिसेन्टी। *अर्थ दिँदै: पुरानो करार ऐतिहासिक पाठहरू बुझ्न र प्रयोग गर्न*। ग्रान्ड र्यापिड्स: क्रेगेल प्रकाशन, २००३।

### अनलाइन स्रोतहरू

"पुरानो करार हिंसा" https://www.youtube.com/watch?v=7hotJ7p0f9I मा हेर्नुहोस।

वेस्ली, जोन। *पुरानो करार करार व्याख्यात्मक टिप्पणीहरू।*
https://studylight.org/commentaries/eng/wen.html

## पाठ ५

इस्राएलको राजतन्त्रको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

हावर्ड, डेभिड एम., जूनियर *पुरानो करार ऐतिहासिक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९९३।

लेस्टन, स्टीफन। *विश्व इतिहासमा बाइबल।* यूरेक्सभिल: बारबोअर प्रकाशन, २०११।

प्रोभान, इयान, वी. फिलिप्स लङ, र ट्रेम्पर लङ्म्यान तृतीय। *इस्राएलको बाइबलीय इतिहास।* लुइसभिल: वेस्टमिन्स्टर जोन नक्स प्रेस, २००३।

विल्कक, माइकल। *इतिहासको सन्देश: एउटै मण्डली, एउटै विश्वास, एउटै प्रभु।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९८७।

### अनलाइन स्रोतहरू

"इस्राएलको सरकार कस्तो थियो?" मा https://www.youtube.com/watch?v=DqzKs7rKpOQ

वेस्ली, जोन। *पुरानो करार वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ ६

निर्वासनबाट फिर्ताको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

हावर्ड, डेभिड एम., जूनियर *पुरानो करार ऐतिहासिक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९९३।

जोब्स, करेन। *न्यू इन्टरन्यासनल भर्जन एप्लिकेसन कमेन्टरी: एस्तर।* ग्रान्ड र्यापिड्स: जोन्डर्भन, १९९९।

किडनर, डेरेक। *एज्रा र नहेम्याह: एक परिचय र टिप्पणी। टिन्डेल ओल्ड टेस्टामेन्ट कमेन्टरी।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी प्रेस, १९७९।

प्रोभान, इयान, वी. फिलिप्स लङ, र ट्रेम्पर लङ्म्यान III। *इस्राएलको बाइबलीय इतिहास।* लुइसभिल: वेस्टमिन्स्टर जोन नक्स प्रेस, २००३।

### अनलाइन स्रोतहरू

वेस्ली, जोन। *पुरानो करार वेस्लेको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ ७

अय्यूब र भजनसंग्रहको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

बुल्लक, सी. ह्यासेल। *भजनको पुस्तकको सामना गर्दै।* एडा: बेकर, २००१।

लङ्म्यान, ट्रेम्पर, III. *भजनसंग्रहरू कसरी पढ्ने।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९८८।

यान्सी, फिलिप। *चोट लागेको बेलामा परमेश्वर कहाँ हुनुहुन्छ ?* ग्रान्ड र्यापिड्स: जोनडर्भन, १९७७।

### अनलाइन स्रोतहरू

https://www.youtube.com/watch?v=TQJnnxL8C6k मा हेर्नुहोस् "भजनसंग्रहमा रहेको विलाप"

"दुष्टको समस्या" https://www.youtube.com/watch?v=j1AwDQBvRQQ मा हेर्नुहोस्।

वेस्ली, जोन। *पुरानो करार करार व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ ८

सोलोमनका पुस्तकहरू बारे थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

कर्टिस, एडवर्ड एम. र जोन जे. ब्रुगालेटा। *बुद्धिको बाटो पत्ता लगाउनु।* ग्रान्ड र्यापिड्स: क्रेगेल एकेडेमिक, २००४।

एस्टेस, दानिएल जे. *ह्यान्डबुक अन द उइजडम बुक्स एण्ड साल्मस्*। एडा: बेकर बुक्स, २००५।

ग्याबीलिन, फ्रैंक। *एक्सपोजिटरको बाइबल कमेन्टरी: भजनसंग्रह - श्रेष्ठगीत*। ग्रान्ड र्यापिड्स: जोन्डर्भन, १९९१।

कैसर, वाल्टर सी. *उपदेशक: सम्पूर्ण जीवन*। शिकागो: मूडी प्रेस, १९७९।

लङ्म्यान, ट्रेम्पर, III. *हितोपदेश कसरी पढ्ने।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, २००२।

लङ्म्यान, ट्रेम्पर, III. *पुरानो करार न्यू इन्टरन्यास्नल कमेन्ट्री: श्रेष्ठगीत* ग्रान्ड र्यापिड्स: इर्डम्यानस्, २००५ (लङ्म्यानले श्रेष्ठगीतलाई कवितात्मक रूपमा व्याख्या गर्दछ।)

टेलर, जे. हडसन। *युनियन एण्ड् कम्युनियन*। शिकागो: मूडी प्रेस, एन.डी. (टेलरले श्रेष्ठगीतलाई रूपकात्मक रूपमा व्याख्या गर्छन्।)

## पाठ ९

यशैयाको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

बुल्लक, सी. ह्यासेल *पुरानो करार नियमको भविष्यसूचक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९८६।

मोटियर, जे. एलेक। *टिन्डेल पुरानो करार टिप्पणी: यशैया।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९९९।

ओस्वाल्ट, जोन एन. *यशैया। एन आइभी एप्लीकेशन टिप्पणी।* ग्रान्ड र्यापिड्स: जोनडर्भन, २००३।

### अनलाइन स्रोतहरू

https://www.youtube.com/watch?v=Xp5nwFefWj0 मा "यहोवा र प्राचीन देवताहरू"

वेस्ली, जोन। *पुरानो पुरानोको करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ १०

यर्मियाको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

फ्रेथेम, टेरेन्स ई. *यर्मिया*। म्याकन: स्मिथ र हेल्विस, २००२।

लालम्यान, हेट्टी। *टिन्डेल पुरानोको करारमा वेस्लीको टिप्पणीहरू: यर्मिया र विलाप।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, २०१३।

थम्पसन, जे.ए. *पुरानोको करारमा वेस्लीको न्यू इन्टरन्यासनल टिप्पणी: यर्मिया।* ग्रान्ड र्यापिड्स: इर्डम्यानस् प्रकाशन को, १९८०।

भरुगिज, एलेक्स। *न्यू बीकन बाइबल कमेन्टरी: यर्मिया।* (२ भोल्युम।) बोस्टन: बीकन हिल प्रेस, २००८-२०१०।

### अनलाइन स्रोतहरू

वेस्ली, जोन। *पुरानोको करारमा वेस्लीको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ ११

इजकिएल र दानिएल बारे थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

बुल्लक, सी. ह्यासेल *पुरानोको करारमा वेस्लीकोभविष्यसूचक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९८६।

क्रेगी, पीटर। *दैनिक अध्ययन बाइबल: इजकिएल।* लुइसभिल: वेस्टमिन्स्टर जोन नक्स प्रेस, १९८३।

डुगुइड, इयान। *एन आइभी एप्लीकेशन टिप्पणी: इजकिएल*। ग्रान्ड र्यापिड्स: जोनडर्भन, १९९९।

लङ्म्यान, ट्रेम्पर *एन आइभी एप्लीकेशन टिप्पणी। दानिएल* ग्रान्ड र्यापिड्स: जोनडर्भन, १९९९।

### अनलाइन स्रोतहरू

वेस्ली, जोन। *पुरानोको करारमा वेस्लीको वेस्लेको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ १२

साना अगमवक्ताहरूको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस।

### मुद्रित स्रोतहरू

बुल्लक, सी. ह्यासेल *पुरानोको करारमा वेस्लीको भविष्यसूचक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९८६।

हब्बर्ड, डेभिड एलन। *टिन्डेल पुरानो नियमको टिप्पणी: होशे, योएल र आमोस।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९८९।

म्याककेन, डेन्नी। *पुरानो नियमको परिचयमा टिप्पणीहरू।* जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००२।

### अनलाइन स्रोतहरू

ड्यू, डियान। "हृदयमा पछि हटेकाहरू।" http://www.dianedew.com/backsldg.htm

वेस्ली, जोन। *पुरानो नियममा वेस्लेको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ १३

साना अगमवक्ताहरूको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस।

### मुद्रित स्रोतहरू

बेकर, डेभिड डब्ल्यू., टी. डेसमन्ड अलेक्जेंडर, र ब्रुस के वाल्टक। *टिन्डेल पुरानो नियमको टिप्पणी: ओबदिया, योना, मीका।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९८८।

बेकर, डेभिड डब्ल्यू. *टिन्डेल पुरानो नियमको टिप्पणी: नहुम, हबकूक, सपन्याह।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९८८।

बुल्लक, सी. ह्यासेल *पूरानो नियमको भविष्यसूचक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९८६।

म्याककेन, डेन्नी। *पूरानो नियमको परिचयमा टिप्पणीहरू।* जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००२।

### अनलाइन स्रोतहरू

वेस्ली, जोन। *पुरानो नियममा वेस्लेको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

## पाठ १४

निर्वासन पछिका अगमवक्ताहरूको बारेमा थप जान्नको लागि, कृपया निम्न स्रोतहरू हेर्नुहोस्।

### मुद्रित स्रोतहरू

बाल्डविन, जोइस जी. *टिन्डेल पुरानो नियमको टिप्पणी: हाग्गै, जकरिया, मलाकी।* डाउनर्स ग्रोभ: इन्टरभर्सिटी, १९७२।

बुल्लक, सी. ह्यासेल *पूरानो नियमको भविष्यसूचक पुस्तकहरूको परिचय।* शिकागो: मूडी प्रेस, १९८६।

म्याककेन, डेन्नी। *पूरानो नियमको परिचयमा टिप्पणीहरू*। जोस, नाइजेरिया: अफ्रिका ख्रीष्टियन पाठ्यपुस्तकहरू, २००२।

मेरिल्, यूजीन एच. *हाग्गै, जकरिया, मलाकी: एउटा व्याख्यात्मक कमेन्टरी।* शिकागो: मूडी प्रेस, १९९४।

### अनलाइन स्रोतहरू

वेस्ली, जोन। *पुरानो नियममा वेस्लेको व्याख्यात्मक टिप्पणीहरू।* https://studylight.org/commentaries/eng/wen.html

# गर्नुपर्ने कार्यहरूको अभिलेख

**विद्यार्थीको नाम** ________________________________

प्रत्येक कार्य पूरा भएपछिको सुरुवात। विद्यार्थीले ७०% वा सोभन्दा बढी अंक प्राप्त गर्दा परीक्षाहरूलाई "पूर्ण" मानिन्छ। सेफर्डस ग्लोबल क्लासरूमबाट प्रमाणपत्र प्राप्त गर्नका लागि सबै कार्यहरू सफलतापूर्वक पूरा गरिनुपर्छ।

| पाठ | गर्नुपर्ने कार्य | परिक्षा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |
| १२ | | |
| १३ | | |
| १४ | | |

सेफर्डस ग्लोबल क्लासरूमबाट पूर्णताको प्रमाणपत्रको लागि आवेदन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा गर्न सकिन्छ। प्रमाणपत्रहरू डिजिटल रूपमा एस सी जी का अध्यक्षबाट शिक्षकहरू र सहजकर्ताहरूलाई हस्तान्तरण गरिनेछ जसले आफ्ना विद्यार्थी (हरू) को तर्फबाट आवेदन पूरा गर्छन्।

# धर्मशास्त्र उद्धृत गरिएको


**उत्पत्ति १,** १७, २०, २१, २४, २५, २६, २७, १२५
**उत्पत्ति २,** २०, २१
**उत्पत्ति ३,** १७, १८, २०, २१, २३, २७, ३३, ५२
**उत्पत्ति ४,** ३३
**उत्पत्ति ५,** २२
**उत्पत्ति ९,** २३
**उत्पत्ति ११,** १९, २०, २१
**उत्पत्ति १२,** १८, २०, २१, २२, २३, २४, २६, २७, १८९
**उत्पत्ति १५,** २२
**उत्पत्ति १७,** २२
**उत्पत्ति २२,** ३३
**उत्पत्ति २५,** २१
**उत्पत्ति २७,** २१
**उत्पत्ति ३७,** २१, २२
**उत्पत्ति ४९,** ४२

**प्रस्थान १,** ३०
**प्रस्थान ३,** २९, ४६, १०४
**प्रस्थान १२,** २१५
**प्रस्थान १४-१५,** ४९
**प्रस्थान १६,** ३०, ३१
**प्रस्थान १९,** २३, ३१
**प्रस्थान २०,** ४१, ४४
**प्रस्थान २३,** १०६
**प्रस्थान ३२,** ३४, १७१

**लेवी १,** ११, ३३
**लेवी २,** ३३
**लेवी ३,** ३३
**लेवी ४,** ३४
**लेवी ५,** ३४
**लेवी ८,** ३४
**लेवी १०,** ३४
**लेवी ११,** ३४
**लेवी १७,** ३५
**लेवी १७-२७,** ४६
**लेवी १९,** ३५, ३६, ३७, ४१, ४५, ५७, ११६, १८०
**लेवी २०,** २९, ३२, ३५, ४६

**गन्ती १,** ३७, ३९
**गन्ती १-१४,** ३९
**गन्ती ४,** १५५
**गन्ती ४-९,** ३९
**गन्ती ६,** ६२
**गन्ती १०,** ३८
**गन्ती ११,** ३८
**गन्ती १२,** १९, ३८
**गन्ती १५,** ३४, ६७
**गन्ती १५-२१,** ३८
**गन्ती १९,** १५७
**गन्ती २०,** ४२, १८६
**गन्ती २१,** १८, ३८
**गन्ती २१-३६,** ३९
**गन्ती २२,** ३८
**गन्ती २५,** ३९
**गन्ती २६,** ३९
**गन्ती २८-३०,** ३९
**गन्ती ३५,** ५०

**व्यवस्था १,** ३८, ४३
**व्यवस्था १-४,** ४०
**व्यवस्था ४,** ४०
**व्यवस्था ५,** ४१, ४३
**व्यवस्था ५-११,** ४१
**व्यवस्था ५-२६,** ४१
**व्यवस्था ६,** २९, ४१, ४३, ४६
**व्यवस्था १२,** ७२
**व्यवस्था १२-२६,** ४१
**व्यवस्था १७,** ६२, ६३, ७२, १०८
**व्यवस्था १८,** १८, ४३, ७२
**व्यवस्था २०,** ५१, ५३
**व्यवस्था २२,** ४१
**व्यवस्था २४,** ३६
**व्यवस्था २७,** ४३
**व्यवस्था २७-२८,** ४२, ५३, ६१, २०७
**व्यवस्था २७-३१,** ४१
**व्यवस्था २८,** ५३, ७२
**व्यवस्था २९-३०,** ४२
**व्यवस्था ३०,** ४२
**व्यवस्था ३१,** ४२, ४३, ८६
**व्यवस्था ३२,** ४२, ४३
**व्यवस्था ३२-३४,** ४२
**व्यवस्था ३३,** ४२
**व्यवस्था ३४,** १९, ४२, ४३

**यहोशू १,** ४७, ६०
**यहोशू १-१२,** ४९
**यहोशू १-५,** ४९
**यहोशू २,** ५२
**यहोशू ३-४,** ४९
**यहोशू ४,** ४९
**यहोशू ६-१२,** ४९
**यहोशू ८,** ४२
**यहोशू ९,** ५०, ८८
**यहोशू १०,** ४८, ५०
**यहोशू ११,** ५०
**यहोशू १२,** ५०
**यहोशू १३-२१,** ५०
**यहोशू १३-२४,** ५०
**यहोशू १४-१९,** ५०
**यहोशू २२-२४,** ५१
**यहोशू २३,** ५१
**यहोशू २४,** ४९, ५१

**न्यायकर्ताहरू १,** ५४
**न्यायकर्ताहरू २,** ५३, ५४
**न्यायकर्ताहरू ३,** ५४, ५५
**न्यायकर्ताहरू ४-५,** ५५
**न्यायकर्ताहरू ६-८,** ५५
**न्यायकर्ताहरू ११,** ३०, ५५
**न्यायकर्ताहरू १३-१६,** ५५
**न्यायकर्ताहरू १७,** ५३, ५५
**न्यायकर्ताहरू १७-१८,** ५५
**न्यायकर्ताहरू २१,** ५६

**रूथ १,** ५६
**रूथ २,** ५७
**रूथ ३,** ५७
**रूथ ४,** ५६, ५७

**१ शमूएल १,** ६२, १४५
**१ शमूएल २,** ६२
**१ शमूएल ४,** ६२
**१ शमूएल ५,** ५२
**१ शमूएल ८,** ६२, ६३
**१ शमूएल ९,** ६४
**१ शमूएल १३,** ६३, ६६
**१ शमूएल १४,** ६३
**१ शमूएल १५,** ६३
**१ शमूएल १६,** ६४
**१ शमूएल १७,** ६४
**१ शमूएल १८,** ६४
**१ शमूएल १९,** ६४
**१ शमूएल १९-२३,** १०२

**१ शमूएल २१,** ६४
**१ शमूएल २७,** ६४
**१ शमूएल २८,** ६४
**१ शमूएल २८-३१,** ६४

**२ शमूएल १,** ६५
**२ शमूएल ३,** ६५
**२ शमूएल ५,** ६५
**२ शमूएल ७,** २३, ६५, ६६, ६८
**२ शमूएल ११,** ६६
**२ शमूएल १२,** ६६
**२ शमूएल २१,** ५०

**१ राजाहरू १-११,** ६९
**१ राजाहरू ६,** ३०
**१ राजाहरू ९,** ६१, ७९
**१ राजाहरू १२,** ६९, ७२
**१ राजाहरू १५,** ७१
**१ राजाहरू १६,** ७१
**१ राजाहरू १७,** ७१
**१ राजाहरू १८,** १८६

**२ राजाहरू १४,** १८७
**२ राजाहरू १७,** ६९, ७२
**२ राजाहरू १८,** ६९, ७६, १३२
**२ राजाहरू २१,** ६९, ७६
**२ राजाहरू २४-२५,** १४७

**१ इतिहास १-९,** ७४
**१ इतिहास ४,** ७४
**१ इतिहास १०,** ७४
**१ इतिहास २१,** ७५

**२ इतिहास १,** ७५
**२ इतिहास ३,** ७५
**२ इतिहास ५,** २१६
**२ इतिहास ७,** ६१, ७५, ७९
**२ इतिहास १०,** ७५
**२ इतिहास २९-३१,** ७६
**२ इतिहास ३३,** ७६
**२ इतिहास ३६,** ८१

**एज्रा १,** ८१, ८३
**एज्रा १-२,** ८२
**एज्रा १-४,** ८२
**एज्रा १-६,** ८३
**एज्रा २,** ८६
**एज्रा ३,** ८४, २०८
**एज्रा ३-६,** ८२
**एज्रा ४,** ८४, ८५, २०८
**एज्रा ५,** ८४
**एज्रा ५-६,** ८२
**एज्रा ६,** ८४, ८९
**एज्रा ७,** ८२, ८३, ८४
**एज्रा ७-१०,** ८३, ८४
**एज्रा ७-१२,** ८२
**एज्रा ७-८,** ८४
**एज्रा ९-१०,** ८४
**एज्रा १०,** ८५

**नहेम्याह १,** ८५, ८६
**नहेम्याह १-६,** ८५, ८६
**नहेम्याह २,** ८१, ८६, ८७, ९४
**नहेम्याह ४,** ८६
**नहेम्याह ५,** ८८
**नहेम्याह ६,** ८८
**नहेम्याह ७-१२,** ८२
**नहेम्याह ७-१३,** ८६, ८९
**नहेम्याह ८-१०,** ८६
**नहेम्याह ११,** ८६
**नहेम्याह १२,** ८२, २०९
**नहेम्याह १३,** ८६, ८९

**एस्तर २,** ९०
**एस्तर ४,** ८१, ९१, ९२, ९४
**एस्तर ६,** ९०, ९१
**एस्तर ७,** ९१
**एस्तर १०,** ९१

**अय्यूब १,** ९८, १००
**अय्यूब २,** ९८
**अय्यूब ३,** ९८, ९९
**अय्यूब ११,** ९९
**अय्यूब २३,** ९८
**अय्यूब २७,** ९८
**अय्यूब २८,** ९९
**अय्यूब २८-३१,** १११
**अय्यूब २९,** १००
**अय्यूब ३०,** १००
**अय्यूब ३१,** १००, १८०
**अय्यूब ३२,** १००
**अय्यूब ३८,** १००
**अय्यूब ४२,** ९८, १०१

**भजनसंग्रह १,** १०४, १०८
**भजनसंग्रह २,** १०९
**भजनसंग्रह ३,** १०२
**भजनसंग्रह ६,** ९६
**भजनसंग्रह ७,** १०७
**भजनसंग्रह ८,** २१
**भजनसंग्रह ९,** १०३
**भजनसंग्रह ११,** ९७
**भजनसंग्रह १३,** १०५
**भजनसंग्रह १६,** २१५
**भजनसंग्रह १८,** १०५
**भजनसंग्रह १९,** ९, १५
**भजनसंग्रह २२,** १०३, १०९, २१५
**भजनसंग्रह २३,** ९६
**भजनसंग्रह २५,** ९६
**भजनसंग्रह ३२,** ६७
**भजनसंग्रह ३४,** २१५
**भजनसंग्रह ४५,** १०४
**भजनसंग्रह ४६,** १०३
**भजनसंग्रह ५१,** ३४, ६७, १०२, १०६
**भजनसंग्रह ५६,** १०४
**भजनसंग्रह ५९,** १०७
**भजनसंग्रह ६९,** २१५
**भजनसंग्रह ७२,** १०४
**भजनसंग्रह ७३,** १०८
**भजनसंग्रह ८३,** १०८
**भजनसंग्रह ९०,** १०२, ११३
**भजनसंग्रह १११,** १०८
**भजनसंग्रह ११४,** ९६
**भजनसंग्रह ११९,** ९, ९५, ९७, १११
**भजनसंग्रह १२०-१३४,** १०४
**भजनसंग्रह १३६,** १०४
**भजनसंग्रह १३७,** १०३ १०६, १०७, १८६
**भजनसंग्रह १५०,** १०३

**हितोपदेश १,** ११३, ११५, ११९, १२०, १२७
**हितोपदेश ३,** ९१, १२०
**हितोपदेश ४,** ९६
**हितोपदेश ७,** ११९
**हितोपदेश ९,** ११३, १२०
**हितोपदेश १०,** ९६, ११५
**हितोपदेश ११,** ११७, ११८
**हितोपदेश १२,** ९६
**हितोपदेश १४,** ११९
**हितोपदेश १७,** ११९
**हितोपदेश २२,** ११३, ११४, ११६, १२०
**हितोपदेश २३,** ११६
**हितोपदेश २५,** ११५, ११६
**हितोपदेश २६,** ११४, ११९
**हितोपदेश २७,** ११९
**हितोपदेश ३०,** ११६, ११७, १२०
**हितोपदेश ३१,** ९७, ११६, १२४

**उपदेशक १,** १२१
**उपदेशक २,** १२१, १२२
**उपदेशक ३,** १२३
**उपदेशक ८,** १२१
**उपदेशक १२,** ११३, ११४, १२७

**यशैया १,** १३०, १३३, १३४, १३५, १३६
**यशैया २,** ११८
**यशैया ६,** १३२, १३४, १३६, १३७
**यशैया ७,** १३२, १३४, १३५, १३७
**यशैया ८,** १३४
**यशैया ९,** १२९, १३७, १३९, २१५
**यशैया ११,** १३७
**यशैया ३५,** १३३
**यशैया ३६,** १३३
**यशैया ३७,** १३२
**यशैया ३८,** १३३
**यशैया ३९,** १३३
**यशैया ४०,** १३४, १३६, १३७
**यशैया ४०-६६,** १३३
**यशैया ४९,** १३४
**यशैया ५०,** २१५
**यशैया ५२,** १३५
**यशैया ५३,** १३, १३८, २१५
**यशैया ५६,** १३४
**यशैया ६०,** १३५
**यशैया ६१,** १३५
**यशैया ६२,** १३४, १३५

**यर्मिया १,** १४४, १४५
**यर्मिया २,** १४५, १४८
**यर्मिया ३,** १४८
**यर्मिया ७,** १४५, १५०, १५७
**यर्मिया ११,** १४२, १४५
**यर्मिया ११-२०,** १५१
**यर्मिया १३,** २१०
**यर्मिया १४,** १४५
**यर्मिया १५,** १४५
**यर्मिया १६,** १४२
**यर्मिया २१,** १४५
**यर्मिया २३,** १४२
**यर्मिया २६,** १९२
**यर्मिया २७,** १४३
**यर्मिया २९,** १५०
**यर्मिया ३०,** १४६
**यर्मिया ३१,** १४६, २१५
**यर्मिया ३२,** १४६
**यर्मिया ३४,** १४६
**यर्मिया ३९,** १४७
**यर्मिया ३०-४०,** १४३
**यर्मिया ४६,** १४७
**यर्मिया ५०,** १४७
**यर्मिया ५१,** १४७
**यर्मिया ५२,** १४७

**विलाप १,** १४९
**विलाप २,** ५३
**विलाप ३,** १४१, १४९, १५०, १५२
**विलाप ४,** १४९
**विलाप ५,** १४९

**इजकिएल १,** १४३, १५५, १५६
**इजकिएल ३,** १५६
**इजकिएल ४,** १५७, १५८, १५९
**इजकिएल ५,** १५६, १५९
**इजकिएल ८,** १५५
**इजकिएल ९,** १५७
**इजकिएल १०,** १५७
**इजकिएल ११,** १५८
**इजकिएल १२,** १५६
**इजकिएल १८,** २०, ६७, १५६
**इजकिएल २४,** १५७
**इजकिएल २५,** १५७
**इजकिएल २८,** १५७
**इजकिएल २९,** १५५
**इजकिएल ३३,** १५७
**इजकिएल ३६,** १५३, १५७, १६८
**इजकिएल ४०,** १५८, १६७
**इजकिएल ४०-४८,** १५६
**इजकिएल ४३,** १५८

**दानिएल १,** १४३, १६०, १६१
**दानिएल १-६,** १६०
**दानिएल २,** १६१, १६३
**दानिएल ३,** १०१, १६१
**दानिएल ४,** १६१, १६४
**दानिएल ५,** १६१, १६४
**दानिएल ६,** १६१
**दानिएल ७,** ११, १६१, १६२, १६३ १६४, १६५, १६६, १६७
**दानिएल ७-१२,** १६०
**दानिएल ८,** १६२, १६३
**दानिएल ९,** १६२
**दानिएल १०,** १५९, १६२
**दानिएल १२,** १६३

**होशे १,** १७२, १७३
**होशे ३,** १७०
**होशे ४,** १७२
**होशे ४-५,** १७२
**होशे ६,** १७३, १८०
**होशे १०,** १६९, १८३
**होशे ११,** १७३, २१५
**होशे १४,** १७३

**योएल १,** १७४
**योएल २,** १६९, १७४, १७५, १८३

**आमोस १,** १७६, १७७
**आमोस २,** १७७
**आमोस ३,** १७७
**आमोस ४,** १७६, १७७, १७८
**आमोस ५,** १६९, १७८, १८३
**आमोस ६,** १७७
**आमोस ७,** १७६, १७८
**आमोस ९,** ५३, १७८

**ओबदिया,** १८६, १८७, १९३, २१३

**योना १,** १८८
**योना १-२,** १८८
**योना २,** १८९
**योना ३,** १८९
**योना ३-४,** १८९
**योना ४,** १८७, १८९

**मीका १,** १९१
**मीका ३,** १९१
**मीका ५,** १९१, २१५
**मीका ६,** १८५, १९०, १९२, २०३

**नहूम १,** १८५, १९३, १९४, २०३
**नहूम ३,** १९३, १९४

**हबकूक १,** १९५, १९६
**हबकूक २,** १९५
**हबकूक ३,** १८५, १९६, २०३

**सपन्याह १,** १९७, १९८
**सपन्याह २,** १९७

**हग्गै १,** २०७
**हग्गै २,** २०५, २०६, २०८, २१६ २१८

**जकरिया १,** २०९, २१०
**जकरिया २,** २१०
**जकरिया ३,** २१०, २११
**जकरिया ४,** २१०
**जकरिया ५,** २१०
**जकरिया ६,** २१०, २११
**जकरिया ७-८,** २१०
**जकरिया ८,** २११
**जकरिया ९,** २११, २१५

**जकरिया ९-१४,** २११
**जकरिया ११,** २११, २१५
**जकरिया १२,** २११
**जकरिया १३,** २११, २१५
**जकरिया १४,** २११

**मलाकी १,** २१३
**मलाकी २,** २१३
**मलाकी ३,** २०५, २१४, २१८
**मलाकी ४,** २१४

**मत्ती १,** ४९, ५८, ६६, ६७ १३२, १३७
**मत्ती २,** १७३, १९१, २१५
**मत्ती ३,** १३६, १३७
**मत्ती ४,** ४३, १३७, २१५
**मत्ती ५,** २३, ३५, ४१, १०६
**मत्ती ६,** १२३
**मत्ती ९,** १७३, १८०
**मत्ती ११,** २००
**मत्ती १२,** १८८, १८९
**मत्ती १३,** १३७
**मत्ती २१,** १५०, २१५
**मत्ती २२,** ४१
**मत्ती २४,** १५०
**मत्ती २६,** २१५
**मत्ती २७,** १०९, २१५
**मत्ती २८,** २५, १८९, २१५

**लूका २,** २०६, २०८, २१५
**लूका ४,** १३५, १३७
**लूका ६,** ८८
**लूका १२,** १२३
**लूका १९,** १५०
**लूका २२,** २३
**लूका २३,** २१५

**यूहन्ना १,** ३२, १५४, २१६
**यूहन्ना ३,** १८, ३८, १५७
**यूहन्ना ४,** १५४
**यूहन्ना ६,** ४३
**यूहन्ना ९,** १०१
**यूहन्ना १२,** १३६, २१५
**यूहन्ना १९,** २१५

**प्रेरित २,** १७५
**प्रेरित ७,** १८
**प्रेरित ८,** १३६

**रोमी १,** १९६
**रोमी ४,** २२
**रोमी ५,** २४
**रोमी ८,** १०१, १०८
**रोमी ९,** १३६, १५०, १७३
**रोमी १५,** १३७

**१ कोरिन्थी ३,** २१६
**१ कोरिन्थी ५,** ३२
**१ कोरिन्थी ९,** ३५
**१ कोरिन्थी १०,** ३९
**१ कोरिन्थी १३,** ११८

**२ कोरिन्थी १२,** १०१

**गलाती २,** ३५
**गलाती ३,** २४, १९६
**गलाती ६,** ३५, ४०, ६८, १०६, २००

**एफिसी ३,** १९७
**एफिसी ४,** १०७

**फिलिप्पी २,** २१६

**कलस्सी १,** १६५

**१ तिमोथी १,** ३५
**१ तिमोथी ४,** १२५
**२ तिमोथी २,** ३७
**२ तिमोथी ३,** ११, ३५, १९८
**२ तिमोथी ४,** १०६

**हिब्रू ३,** ३९
**हिब्रू ४,** ५८
**हिब्रू ९,** ३३
**हिब्रू १०,** १९६
**हिब्रू ११,** ५८, १०१, १०२, २०७

**याकूब १,** १८०
**याकूब २,** ३७
**याकूब ४,** ११८
**याकूब ५,** १०१

**१ पत्रुस १,** ३५

**२ पत्रुस १,** १२
**२ पत्रुस २,** ११८

**१ यूहन्ना २,** ६७
**१ यूहन्ना ३,** ३७

**३ यूहन्ना,** २०७

**प्रकाश १३,** १६५
**प्रकाश १८,** १५०
**प्रकाश १९,** १६५

# अनुक्रमणिका


**अगमवक्ताहरू,** ६५, ११७
**अगमवाणी,** ३६
**अन्तर जातिय विवाह,** ७६
**अशुद्ध,** १९७
**अशुद्धता,** १९०
**आज्ञाकारिता,** १७२
**आत्मिक अगुवापन,** ७८
**आनन्द,** १११
**आलङ्कारिक भाषा,** ८८
**आशा,** ६६, १५८
**इजकिएल र दानिएलको समयरेखा,** १४०
**इन्साफ,** १५८
**इन्साफ,** भविष्यसूचक, १७५
**एक्रोस्टिक,** १३४
**एपोकेलिप्टिकको साहित्य,** १५०
**कनानमाथि विजय,** ४३
**करार,** २१, ३८, ११८
**कष्टप्रद भएको,** ८९
**कानुन,** ३६
**काल्पनिक कथा,** २२
**घमण्ड,** १४९
**चुनाउ,** २०
**छुटकारा,** २६
**छुटकारा गराउने नातेदार,** ५०
**जनगणना,** ३४
**डर,** १९०
**दया,** १७३
**दर्शन,** १४६
**दर्शनहरू,** १४८, १६३, १९१
**दुःख पाउनु,** ९३
**दुःख भोग्नु,** १३५
**देखरेख गर्ने व्यक्ति,** २३
**धर्मत्याग,** ४६
**धर्मशास्त्रको अखण्डता,** १२
**धर्मशास्त्रको क्यानन्,** १०
**धर्मशास्त्रको प्रेरणा,** ११
**धर्मशास्त्रको व्याख्या,** १८१
**धार्मिकता,** १६४
**नयाँ मन्दिर,** १४३
**न्याय,** १६२
**न्यायकर्ता,** ४७
**पञ्चपुस्तक,** १५
**परमेश्वरको पवित्रता,** १२१
**परमेश्वरको सार्वभौमिकता,** १६, ८१, १४९
**पवित्रता,** १६, २८, ३०
**पवित्र युद्ध,** ४५
**पाप,** ६०
**पुनर्स्थापना,** १६३
**पुनः स्थापना पुस्तकहरूमा घटनाहरूको समयरेखा,** ७४
**पुरानो करारको संसारको मानचित्र,** ७
**पूजाहारीपद,** २९
**प्राथमिकताहरू,** १८८
**प्रेम,** ३६, ९३, ९७, ११३, १९४
**फारसी शासकहरूको समयरेखा,** ७४
**बलिहरू,** २८
**बुद्धि,** १०५, ११०
**भविष्यसूचक,** १४४, १६०, १९२
**भविष्यसूचक इन्साफ,** १३३
**मसीह सम्बन्धी,** १००
**मसीही अगमवाणी,** ११९, १२१, १२२
**मसीही भविष्यवाणीहरू,** १९२, १९६
**महत्त्वपूर्ण मितिहरू,** राजाहरू र घटनाहरू, ६४
**मानव जीवन बहुमूल्यता,** २२
**मानिसको पापी अवस्था,** १६
**मुक्ति,** १६
**मूर्खहरू,** १०८
**मूलपाठको अखण्डता,** १२
**यर्मियाको समयरेखा,** १३०
**यहोवाको युद्ध,** ४५
**राजतन्त्र,** ५६
**रूपक,** ११२
**वंशावली,** ६८
**विधवाको पुनर्विवाह,** ५०
**विलोमकाव्य,** ८९
**विवाह,** ५०, ११३, १५७, १९४
**विश्वासयोग्य,** १४६
**व्यभिचार,** आत्मिक, १५७
**व्यर्थता,** ११०
**व्यवस्था,** ३१
**शुद्धता,** १९७
**शुद्ध र अशुद्ध थोकहरू,** ३०
**शुद्ध वा अशुद्ध ?,** १९७
**शोक,** १३५
**श्रापको भजन,** ९७
**सत्यनष्ठा,** ९२
**सत्यनिष्ठा,** ८९
**समानान्तरता,** ८७
**समृद्धि,** १८९
**सम्बन्ध,** २७
**साम्राज्यहरू,** १४८
**सुसमाचार प्रचार र चेलापन,** २३
**सृष्टि,** २१
**हिब्रू कविता,** ८७, ९१, १३४

# सेफर्ड्स ग्लोबल क्लासरूम पाठ्यक्रमको विवरण

## धर्मसिद्धान्त सम्बन्धीको आधारभूत पाठ्यक्रमहरू

### ख्रीष्टियान विश्वासहरू

यो एउटा सुव्यवस्थित ईश्वरशास्त्रको पाठ्यपुस्तक हो जसले बाइबल, परमेश्वर, मानिस, पाप, ख्रीष्ट, मुक्ति, पवित्र आत्मा, मण्डली र अन्त्यका समयहरू बारेका ख्रीष्टियान धर्मसिद्धान्तहरूलाई वर्णन गर्छ।

### रोमीको पुस्तक

यो पाठ्यपुस्तकले मण्डलीमा विवादित भएका थुप्रै मुद्दाहरूमाथि छलफल गर्दै रोमीको पुस्तकमा बताइएअनुसार मुक्तिको ईश्वरशास्त्र र मिसनहरूका बारेमा सिकाउँछ।

### युगान्तशास्त्र

यो पाठ्यपुस्तकले बाइबलीय पुस्तकहरू, दानिएल र प्रकाशका साथै अगमवाणीका वचनहरूका अन्य खण्डहरूका बारेमा सिकाउँछ र यसले अत्यावश्यक धर्मसिद्धान्तहरू जस्तो कि ख्रीष्टको दोस्रो आगमन, अन्तिम न्याय र परमेश्वरको अनन्तको राज्यका कुराहरूलाई जोड दिन्छ।

### पवित्र जीवनको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले एउटा ख्रीष्टियानबाट परमेश्वरले गर्नुहुने अपेक्षा र उसलाई सशक्त गर्नुहुने पवित्र जीवनको बाइबलीय वर्णनलाई बताउँछ।

### मण्डलीको धर्मसिद्धान्त र अभ्यास

यो पाठ्यपुस्तकले मण्डलीको सदस्यता, बप्तिस्मा, प्रभु-भोज, दशांस भेटी र आत्मिक नेतृत्व जस्ता बाइबलीय विषयहरू र मण्डलीको लागि परमेश्वरको परिकल्पना र योजनालाई व्याख्या गर्छ।

## बाइबल सर्वेक्षणका पाठ्यपुस्तकहरू

### पुरानो करारको खोज

यो पाठ्यपुस्तकले पुरानो करारका ३९ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तुलाई सिकाउँछ।

### नयाँ करारको खोज

यो पाठ्यपुस्तकले नयाँ करारका २७ वटा पुस्तकहरूका शिक्षाहरू र अत्यावश्यक विषयवस्तुलाई सिकाउँछ।

### बाइबलीय व्याख्याका नियमहरू

यो पाठ्यपुस्तकले हाम्रो जीवन र परमेश्वरसितको हाम्रो सम्बन्धलाई अगुवाइ गर्न बाइबललाई ठीकसँग व्याख्या गर्ने नियमहरू र विधिहरू सिकाउँछ।

## सुसमाचार प्रचार र चेलापन पाठ्यपुस्तकहरू

### विश्वासको रक्षा (एपलोजेटीक) शास्त्रको परिचय

यो पाठ्यपुस्तकले संसारालाई हेर्ने ख्रीष्टियान दृष्टिकोणका लागि वैज्ञानिक, ऐतिहासिक र तात्त्विक आधारको बारेमा सिकाउँछ र  तर्क तथा वास्तविकतासित ख्रीष्टियान विश्वास कसरी अनुरूप छ भन्ने देखाउँछ।

### विश्वका धर्महरू र झुटा शिक्षाहरू

यो पाठ्यपुस्तकले इभान्जिकल विश्वासीलाई अठार वटा धार्मिक समूहहरूका शिक्षालाई बुझ्न र ठीकसँग प्रतिक्रिया दिन सिकाउँछ।

### बाइबलीय सुसमाचार प्रचार र चेलापन

यो पाठ्यपुस्तकले सुसमाचार प्रचारका विधिहरूलाई मार्गदर्शन गर्ने बाइबलीय नियमहरू प्रस्तुत गर्छ। यसले सुसमाचारका स्वरूपहरूको वर्णन गर्छ र नयाँ विश्वासीहरूलाई चेला बनाउनमा उपयोगी पाठहरू प्रदान गर्छ।

### आत्मिक निर्माण

यो पाठ्यपुस्तकमा विद्यार्थीहरूले येशुको मनोभाव राख्न, आफ्नो पितासँग येशु सम्बन्धित हुनुभए जसरी परमेश्वरसँग सम्बन्धित हुन, येशुजस्तै विनम्र हुन, येशुको आत्मिक र व्यक्तिगत अनुशासनहरू अभ्यास गर्न, येशुले जस्तै कष्ट भोगाइ सहन र येशुले निर्माण गर्नुभएको ख्रीष्टियान समुदाय (मण्डली)मा सहभागी हुन सिकाउँछ।

### व्यावहारिक ख्रीष्टियान जीवन

यो पाठ्यपुस्तकले रुपैयाँपैसाको प्रयोगमा, सम्बन्धमा, वातावरणमा, राज्यसँगको सम्बन्धमा, मानव अधिकारमा र अन्य व्यावहारिक क्षेत्रहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ।

### ख्रीष्टियान विवाह र परिवार

यो पाठ्यपुस्तकले जीवनका विभिन्न उमेरहरूमा हुने मानवीय विकासमाथि एउटा ख्रीष्टियान दृष्टिकोण दिन्छ र पारिवारिक भूमिकाहरू र सम्बन्धहरूमा बाइबलीय नियमहरूलाई लागू गर्छ।

## ख्रीष्टियान नेतृत्वका पाठ्यपुस्तकहरू

### सेवकाइमा नेतृत्व

यो पाठ्यपुस्तकले ख्रीष्टियान चरित्रलाई जोड दिँदै अगुवाहरूलाई मूल्य-मान्यताहरू पत्ता लगाउने, उद्देश्यलाई महसुस गर्ने, दर्शन बाँडचूड गर्ने, लक्ष्यहरू निर्धारण गर्ने, रणनीतिको योजना बनाउने, त्यसमाथि कार्य गर्ने र सफलताहरू हासिल गर्ने जस्ता कामहरूद्वारा संस्थाहरूलाई नेतृत्व प्रदान गर्न अगुवाहरूलाई सिकाउँछ।

### येशुको जीवन र सेवाकाइ

यो पाठ्यपुस्तकले २१ औं शताब्दीमा सेवाकाइ र नेतृत्वपनको एउटा नमूनाको रूपमा येशुको जीवनबारे अध्ययन गर्छ।

### संचारका नियमहरू

यो पाठ्यपुस्तकले संचार, प्रभावकारी उद्घोषका विधिहरू र बाइबलीय प्रवचन प्रचारको तयारी र प्रस्तुतिकरणका विधिहरूको ईश्वरशास्त्रलाई सिकाउँछ।

### ख्रीष्टियान आराधनाको परिचय

यो पाठ्यपुस्तकले आराधनाले कसरी विश्वासीको जीवनका सबै पक्षहरूमा प्रभाव पार्छ भन्ने कुरा बताउँछ र व्यक्तिगत तथा सामूहिक आराधनाका अभ्यासहरूलाई अगुवाइ गर्न आवश्यक सिद्धान्तहरू दिन्छ।

## मण्डली इतिहासका पाठ्यपुस्तकहरू

### मण्डली इतिहासको सर्वेक्षण १

यो पाठ्यपुस्तकले कसरी मण्डलीले आफ्नो मिसन पूरा गर्छ र अत्यावश्यक धर्मसिद्धान्तद्वारा प्रारम्भिक मण्डलीदेखि धर्मसुधारको समयसम्मको मण्डली सुरक्षित राख्यो भन्ने वर्णन गर्छ।

### मण्डली इतिहासको सर्वेक्षण २

यो पाठ्यपुस्तकले मण्डलीको वृद्धि-विस्तार कसरी भयो र धर्मसुधारको समयदेखि आधुनिक समयसम्म के कस्ता चुनौतीहरूको सामना गर्यो भन्ने वर्णन गर्छ।